# अध्याय एक
# परिचय खण्ड

## १.१ परिचय

यस अध्ययनको विषय ***"यलध्वाका : (पाटनढोका) सेरोफेरोको साँस्कृतिक तथा पुरातात्विक अध्ययन"*** हो । नेपालभाषामा यलध्वाका भन्नाले ललितपुरको पाटनढोकालाई भनिन्छ । यो काठमाडौं शहर तिर फर्किएको ललितपुरका विविध ढोकाहरू मध्ये एकअति महत्वपूर्ण ढोका हो । यसलाई यलध्वाका भनिनुको तात्पर्य पाटन शहरको भित्र प्रवेश गर्ने मूलद्वार भएकोले हो । नेपाल भाषामा यस पाटन शहरलाई *"यल"* भनिन्छ । ललितकलाका लागि ख्यातिपूर्ण शहर भएको हुनाले यसरी नामाकरण *"ललितपुर"* भनिएको जनविश्वास छ । ललितपुर धार्मिक, साँस्कृतिक तथा पुरातात्विक दृष्टिकोणले अति नै महत्वपूर्ण प्राचीन शहरका रूपमा प्रख्यात छ । यहाँको जनश्रुति ऐतिहासिक तथा पुरातात्विक स्रोतहरूका आधारमा ललितपुर शहर किरातकाल भन्दा अगाडि नै विकसित भएको मानिन्छ । जनश्रृति अनुसार *"यल"* शब्द किराती वंशका प्रथम राजा *"यलम्बर"* को नामसँग सम्बन्धित छ । त्यस्तै *"ललिताख्य"* नामको बनफाँडी आवाढी गरिएको हुनाले यस शहरको नाम *"ललितपुर"* रहन गएको अर्को विश्वास छ । ललितपुरलाई नेपाली भाषामा *"पाटन"* भनिन्छ । जुन संस्कृत शब्द *"पत्तन"* को अपभ्रश *"पाटन"* भएको देखिन्छ ।

शहरको पूर्व दिशामा कर्मनासा खुसी (खोला) उत्तर दिशामा बागमती नदी र मनहरा खोला पश्चिम दिशामा बागमती र दक्षिणमा नखु खेलाले घेरिएको छ । यहाँ भारतीय सम्राट अशोककालिन देखि अन्तिम मल्ल काल सम्ममा बनेका अनेकौं बौद्ध र हिन्दू धर्मका चैत्य स्तुप, मठ मन्दिर, विहारहरूको बाहुल्यता पाइन्छ । यहाँ ३२ वटा प्रमुख मन्दिरहरूर १६७ वटा बौद्ध विहार र स्तुपहरू पाइन्छ ।

प्रमाणिक रूपमा लिच्छवी अभिलेखहरूमा यस क्षेत्रलाई *"युपग्राम"* भनी सम्बोधन गरिएको छ । कालक्रममा यस शहरको नामहरू परिवर्तन भएको पाइन्छ । जस्तै : यल, ललितपट्टन, ललितापुर, पाटन आदि नामहरूले सम्बोधन गरेका अभिलेखहरू पाइन्छ । यो प्राचिन नेवारीशहर विश्वसम्पदा सुचीमा पनि सुचिकृत छ ।

ऐतिहासिक तथ्य अनुसार पाटन शहरलाई गदका रूपमा चारैतिर १८ वटा ढोकाहरू युक्त किल्लाले बाँधिएको थियो । तयसको अवशेषका रुपमा हाल अस्तित्वमा रहेको

ढोकाहरूमध्येमा पश्चिम दिशामा यलध्वाका पर्दछ । यी पाटन शहरको मूल प्रवेश मार्गका रूपमा पूर्वमध्यकालदेखि महत्वपूर्ण रहेको पाइन्छ । यस अध्ययन क्षेत्रको साँस्कृतिक महत्वका रूपमा बौद्ध र हिन्दू धर्मका साँस्कृतिक प्रतिनिधित्व हुने चैत्य, स्तुप, विहार, वहाल, मठ, मन्दिर, पाटिहरूका बाहुल्यता पाइन्छ । त्यस्तै यस क्षेको पुरातात्विक सामाग्रीका रूपमा मध्यकालीन गढ तथा किल्ला बास्तुकलाहरू, ढोकाहरू, खाई, पोखरी, पाटी, ढुङ्गेधारा पर्दछ । जुन हाल अधिकांश रूपमा अस्तित्व सम्मपनि हराइसकेको तर नाममात्र बाँकी रहेको छन् । त्यस्तै यस क्षेत्रमा हिन्दू, बौद्ध, शैव, शाक्त धर्म आस्थाका केन्द्र मठ-मन्दिर, चैत्यहरूद्वारा सुशोभित छन् । यस्ता धार्मिक महत्वका मथमन्दिरहरूमा क्रमशः छायवहालको भिमसेन मन्दिर, कोतलाछीको गणेश मन्दिर, पिम्वहालको चण्डेश्वरी मन्दिर शिवमन्दिर, नास द्यः, नःतोलको गणेश मन्दिरहरू तथा बोद्ध, चैत्य बहालहरूमा अशोक चैत्य, सिःवहालको करुणमय यहाँको महत्वपूर्ण स्थलका रूपमा प्रस्तुत गर्न सकिन्छ । त्यस्तै परम्परागत रूपमा विभिन्न धार्मिक तथा साँस्कृतिक प्रयोजनका लागि बनाइएका चपाट्, ढिगी, इनार, ढुङ्गेधारा (गःहिती), पोखरी जस्ता सामाजिक स्थलहरू विभिन्न कालखण्डका महत्वपूर्ण प्रतिबिम्बका रूपमा रहेको छ । यसको सांस्कृतिक महत्वका स्थलहरूको हालसम्म पनि पूर्ण अध्ययन अनुसन्धान नभएको कारणले गर्दा यस अध्ययनले अति महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरेको छु ।

## १.२ शोध समस्या

- यलध्वाका (पाटनढोका) क्षेत्र (वडा नं. २१) वरपरको साँस्कृतिक तथा पुरातात्विक महत्त्वका कला तथा वास्तुकलागत संरचनाहरूको संगोपंगो अध्ययन लाई मूल शोधको विषय बनाएको छ ।
- यस अध्ययन क्षेत्र अन्तगत रहेका कला, वास्तुकलाहरूको के कस्तो अवस्थम छ र यसको महत्त्व के कस्तो छ भनि अध्ययन यहाँ गरिएको छ ।
- यस अध्ययन क्षेत्र अन्तर्गत रहेका चित्रकला, मूर्तिकला साँस्कृतिक कृयाकलाप, साँस्कृतिक समरचनाहरूको अध्ययन अनुसन्धान यहाँ गरिएको छ ।

## १.३ शोध उद्देश्यहरू

- यलध्वाकाः (पाटनढोका) क्षेत्र वरपरको साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक विषय वस्तुहरूको अध्ययन अनुसन्धान गरेका छ ।
- यस क्षेत्रको वास्तुकला, चित्रकला, मुर्तिकलाहरूको अध्ययन अनुसन्धान गरी त्यसको नेपाली कला वास्तुकलामा के कस्तो भूमिका र स्थान छ भनि अध्ययन गरेको छ ।
- यस क्षेत्रको अभिलेख अध्ययन अनुसन्धानबाट यस ठाउँको एतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्त्व र स्थानको अध्ययन गरेको छ ।
- यस क्षेत्रको सामाजिक, जातीगत, भाषागत संरचना के कस्तो छ भन्ने अध्ययन गरेको छ । साथै सामाजिक संरचनाम वस्ती व्यवस्थापन  पानीको महत्त्वको अध्ययन गरेको छ ।
- यस क्षेत्रमा भएका कला, वास्तुकला, ढोकाहरूको सम्रक्षण सम्बर्धन गर्न सम्बन्धी संस्थामा पहल गर्न र विश्व सम्प्रदा सूचीमा सूचिकृट गर्न ध्यान आकर्षन गरेको छ ।

## १.४ औचित्य र महत्त्व

यलध्वाकाः (पाटनढोका) क्षेत्र सम्बन्धी प्रकाशित अप्रकाशित कृतिहरूले यस क्षेत्रको सम्पूर्ण ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक पक्षहरूलाई पूर्णरूपमा समेट्न सकेको छैन । यस शोध पत्रमा पाटनढोका क्षेत्र वरपरको ऐतिहासिक, परिचय, यसको महत्त्व, यहाँका जातीका परिचय, जात्रा, सँस्कृतिहरू, पोखरी, ढुङ्गेधारा, पुरातात्विक, वास्तुकला, चित्रकला, मूर्तिकलाहरूको पूर्ण परिचय दिनुका साथै मन्दिर, वहा, चैत्यहरूको प्रमाणित विवरण प्रस्तुत गरेको छु । साथै यसको ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक महत्त्व देखाइ त्यसको संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धित संस्थान र सरकारको ध्यान आकर्षन गराउने छ । साथै यस क्षेत्रलाई पनि विश्व सम्प्रदा सूचीमा सूचिकृत गर्न पहल गर्ने छ ।

यस अध्ययनको महत्त्व निम्नानुसार छन् -

क) पाटनढोका ऐतिहासिक, साँस्कृतिक, सामाजिक तथा पुरातात्विक महत्त्व जानकारी लिने,

ख) यस क्षेत्रको वास्तुकला, चित्रकला र मूर्तिकलाहरूको जानकारी लिने,

- यस क्षेत्रको अभिलेख अनुसन्धानका आधारमा यस क्षेत्रको महत्त्व साथै आउदा दिनमा अझै थप अनुसन्धान गर्न सकिने संभावना बढेको छ,
- यस क्षेत्रको साँस्कृति सामाजिक संरचना र एतिहासिकताको जानकरी हुनका साथै हालको अवस्था र समस्याको जानकारी,
- यस क्षेत्रको पुरातात्विक क्षेत्रको महिचान गरी आउँद दिनमा उत्खनन् गरी अझ इतिहास प्रष्ट पार्न र महत्त्व दर्साउने माध्यम हुन सक्छ ।

## १.५ अध्ययन पद्वति वा शोधविधि

प्रस्तुत शोधकार्यले यस यलध्वाकाः (पाटनढोका) क्षेत्र वरपरको ऐतिहासिक, साँस्कृतिक तथ पुरातापत्विक महत्त्वका बारे विस्तुत अध्ययन अनुसन्धान गरेके हुनाले यस कार्यमा निम्नानुसार अध्ययन विधि प्रयोग गरेको छु ।

१) प्राथमिक वा प्रत्यक्ष अध्ययन तथा अबलोकन

यस क्षेत्र अन्तर्गत मुर्त तथा अमुर्त साँस्कृतिक सम्प्रदाहरूको प्रत्यक्ष अवलोकन, मुल्याङ्कन अनुसन्धान गरिएको छ । साथै म आफू यस ठाउँको स्थानीय वासिन्दा भएका कारण वर्षदेखि यहाँको सँस्कृतिहरूको प्रत्यक्ष अवलोकन र महसुसको आधामा अनुसन्धान गरेको छु ।

२) अन्तर्वार्ता

यस क्षेत्रसँग सम्बन्धीत भइ गरेक अनुसन्धान कर्मि, लेखक, विद्धाण वर्गहरू साथै स्थानीय वासीसँग शोधपुछ, अन्तर्वार्ता, अन्तक्रिया गरेको छु । साथै जातीहरूका अधिकारीक प्रतिनिधिहरू नाय, थकली, आजुसँग शोधपुछ, अन्तर्वार्ता लिएको छ ।

३) चित्र तथा अभिलेख संकलन

यस क्षेत्रको हालको अवस्थाहरूको छाँयाचित्र (photo) साथै उपलब्ध भएका प्राचिन छाँयाचित्रहरू सङ्कलन तथा अभिलेखहरूको सङ्कलन  अनुसन्धान गरिएको छु ।

४) आधारभूत वा पुस्तकालय अध्ययन

यस क्षेत्रसँग सम्बन्धीत पुस्तक, लेखहरू, प्रकाशित वा अप्रकाशित लेख, रचना, स्थानीय पत्र पत्रिकाहरूका लेख रचनाहरूको अध्ययन गरेको छु । यस सगँ सम्बन्धीत पुस्तकका लागि देशका विभिन्न पुस्तकालयहरू जस्तै - त्रि.वि. केन्द्रीय पुस्तकालय, केशर-पुस्तकालय, राष्ट्रिय

पुस्तकालय, आशासफु कुठी, मदन पुस्तकालय, सिनास पुस्तकालय, पुरातत्वविभाग, पुस्तकालय आदिका साथै व्यक्तिगत पुस्तकालयहरूको अध्ययन गरेको छ ।

साथै विभिन्न वाहाल, स्थानीय संघ संस्थाबाट निकालीने पत्र पत्रिकाहरूको अध्ययन अनुसन्धान गरेको छु ।

## १.६ पूर्व साहित्य समीक्षा

यलध्वाकाः (पाटनढोका) क्षेत्र वरपरको ऐतिहासिक, साँस्कृति तथा पुरातात्विक महत्त्व अत्यन्तै सबृद्ध र महत्त्वपूर्ण भएर पनि यस क्षेत्रको समुचित र सर्वापरी अध्ययन हुन सकेको छैन । तर पनि यस क्षेत्र सम्बन्धित केही ठाउँ र स्थान अध्ययन केहि मात्रामा भएका छन् । जसले सो क्षेत्रको परिचय दिएको पाइन्छ । साथै स्थानीय पत्र पत्रीका, पुस्तकमा यस क्षेत्रका साँस्कृतिक सम्पदाका केही सीमित उल्लेख पाइएको छ । जसले सो क्षेत्रको केही मात्रामा भएपनि जानकारी राखेको पाइन्छ । ती कृतिका समीक्षा निम्न छन् -

१) **Buddhist Monasteries of Kathmandu valley**[1] पुस्तकमा यस क्षेत्रअन्तर्गत रहेका पिम्बहा, मिखावडा, छायवाहा, सिवाहा, याकवाहा दुरुननी वहा आदि ठाउँको पश्चिम र त्येस समयको छापा चित्र (photo) हरू दिएको छ । साथै त्यस ठाउँको कला वास्तुकलाको चर्चा र निर्माण पूर्णनिमार्णम चर्चा आदि गरेको छ । जुन पुस्तकम बैद्ध धर्म सम्बन्धी बहा र वहिको मात्र उल्लेख गरेको पाइन्छ । जस्ले गर्दा यस क्षेत्रको पूर्ण अध्ययन र्न यहाँको विभिन्न धर्म सम्प्रदायहरूको अध्ययन गरेको छैन ।

२) "**कीर्तिपताका**" पुस्तकमा श्रीनिवास मल्लका समयमा पाटन शहरको सँस्कृतिको चर्चा गरेको छ । ललितपुर (पाटन)लाई स्वर्गको टुक्रा सम्मान राखि यसको मल्लकालीन शहरी वास्तु सौन्दर्य र नागरी वैभवको उल्लेख गरेको छ । मल्ल समयको किल्ला, ढोका, गड आदिको विकास अवस्थाको चर्चा गरेको पाइन्छ ।[२] तर यस पुस्तकले यस्ते महत्त्वपूर्ण यस क्षेत्रका कला, वास्तुकला, स्थनहरूको चर्चा नगरी उपेक्षा गरेको छ । पूर्ण अध्ययन भएको छैन ।

३) "**Medieval Nepal**" पुस्तकमा उपत्यकाको त्यस समयको राजनैतिक इतिहासको चर्चा गरेको छ । ललितपुर महापात्र, पिम्वहालको सामान्य चर्चा र वंगाल सुलतान

[1] F. John K.Lock, **Buddhist Monasteries of Kathmandu valley** (Kathmandu Sahayas press ) 1985 A.D.

[२] शर्मा, कुनु, **कीर्तिपताका** (ललितपुरः जगदम्बा प्रकाशन वि.सं. २०१८) ।

समसुधीनको चर्चा केहिमात्रामा मात्र गरेको पाइन्छ ।[३] यसै समयताका अन्य घटना परिस्थितीहरूको उल्लेख गरेको छैन ।

४) **"पाटनको मध्यकालीन इतिहास"** पुस्तकमा पाटन शहरको पश्चिम, साँस्कृतिक परिचय, केहि इतिहास प्रस्तुत गरेको पाइन्छ । यस पुस्तकमा समग्र ललितपुरको इतिहासको चर्चा त गरिएको छ । तर ललितपुरका पूर्व मध्यकालीन शक्तिशाली महापात्रहरूको त्यति चर्चा गरिएको पाइन्दैन ।[४] पिम्वहाल अभिलेखको राजनैतिक प्रभावको विशलेषण गरिएको छैन । त्यसैले यो पुस्तकले ललितपुरको यस क्षेत्रको अध्ययन गरिएको छैन ।

५) H.M.G. & UNESCO ले छापेको **Kathmandu Valley -2** पुस्तकमा ललितपुर भित्रका मन्दिर, विहारहरूको सामान्य परिचय गरेको पाइन्छ । यस क्षेत्रभित्रका मन्दिर, वाहाकोसामान्य परिचय, स्वरूपको चर्चा र छाँयाचित्र दिएको छ ।[५] तर यस पुस्तकले यम क्षेत्रका सामाजिक संरचना, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिकताको उल्लेख गरेको छैन । साथै मन्दिर, वाहाको यथोचित अध्ययन गरेको पाइन्दैन ।

६) "**ललितपुर**" पुस्तकमा पाटनको पौराणिक तथा इतिहास, स्थान परिचय, प्रमुख मन्दिर, पात्रहरूको परिचय दिएको पाइन्छ । यस क्षेत्र अन्तर्गत चण्डेश्वरी मन्दिरकरुणमय, जलदोणी ढुङ्गेधारा इत्यादीको मात्र सामान्य परिचय दिएको छ ।[६] तर यस पुस्तकले यस क्षेत्रको इतिहास, सँस्कृति, सम्प्रदा, कला, वास्तुकला, पुरातात्विक क्षेत्रहरूको परिचय, वर्णन गरिएको छैन र आधिकारीक प्रमाणित श्रोतहरूको पनि उल्लेख छैन ।

७) **"यल बौद्ध विहार"** पुस्तकमा ललितपुर शहर भित्र रहेका वहा, बही (विहार, महाविकार)हरूको परिचय सहित वर्णन गरेको छ । जुन पुस्तकमा यस अध्ययन क्षेत्र भित्रका श्रीवच्छ महाविहार सिंवहा र गूबाहाःको बारेमा चर्चा गरेको छ।[७] तर यस अध्ययन क्षेत्र भित्रका अतिमहत्त्वपूर्ण वहालहरू पिम्वहाल, मिखावहाल, छायवहाल इत्यादीका साथै त्यतिकै महत्वपूर्ण अन्य चैत्य तथा स्तुपहरूको चर्चा भएको छैन । यस पुस्तकले ललितपुर यस अनुसन्धान क्षेत्र भित्रका बौद्ध विहारको पूर्ण अध्ययन भन्न मिल्दैन ।

८) **"ललितपुरका साँस्कृतिक सम्पदा"** पुस्तकमा ललितपुर भित्रका साँस्कृतिक सम्पदाहरूको नाम सुची तयार गरेको पाइन्छ । यस पुस्तकमा अध्ययन क्षेत्र भित्रका हाल भएका र लोप भइसकेका पोखरीहरू, जालदोणीहरू, पुरानो ढोकाहरू, विहार, चोक, चण्डेशवरी

---

३ Regmi, D.R., **Medieval Nepal.** Part 1 (Calcatta, 1961 A.D.).

४ मनुकर्मी, लिलाभक्त **पाटनको मध्यकालीन इतिहास** (भक्तपुरः लिलाब्रदस, वि.सं.२०२२) ।

५ Dr. Corl Prucha (Editor) H.M.G. & UNESCO, **Kathmandu Valley -2,** Kathmandu , 1975 A.D.

६ बासुपासा **ललितपुर** (कुलेश्वरः पासा प्रकाशन, वि.सं. २०५४) ।

७ बज्राचार्य, हेराकाजी **यलया बौद्ध विहार** (ललितपुरः बौद्ध विकार संघ, वि.सं. २०५७) ।

मन्दिरको सामान्य चर्चा गरेको छ ।[8] तर क्षेत्रमा रहेका महत्त्वपूर्ण हिन्दू र बौद्ध धर्मका मठ-मन्दिर, विहार, चैत्य, किल्ला वास्तुकलाको चर्चा गरको पाइदैन । यस कारण यो पुस्तकले पनि यस शोधको पूर्ण खोजी पूर्ति गर्दैन । तैपनि सहायक ग्रन्थका रूपमा उपयोग गर्न सकिन्छ ।

९) **"मध्यकालीन अभिलेख"** पुस्तकमा यस अध्ययन क्षेत्रभित्रका मध्यकालीन अभिलेखहरू पिम्बहाल, चन्देश्वरीमन्दिर, छायवहाल, मूवहा, सिवहाल गणेशमन्दिर इत्यादी स्थानका ७ वटा अभिलेखहरू र त्यसको नेपाली अनुवाद गरेको पाइन्छ ।[9] तर यस अध्ययन क्षेत्र अन्तरगत रहेको अन्य महत्त्वपूर्ण मध्यकालीन अभिलेखहरू जस्नै पिम्बहाल चैत्यको महापात्र श्री मेघपाल वर्माको अभिलख, नतोल गणेश मन्दिर, पाटनढोका, कोतलाछी गणेशमन्दिर ढुङ्गधाराका अभिलेखको चर्चा भएको छैन । तैपनि आंशिक रूपमा यसको सहायता यस ग्रन्थ सम्पादनमा भएको छ ।

१०) **"नेपालका चाडपर्व"** पुस्तकमा नेपाल भित्र मनाउने प्रमुख चाडपर्वहरूको समग्र अध्ययन गरेको छ । यस पुस्तकमा यस अध्ययन क्षेत्रभित्र मनाउने चाडपर्वहरू मत्स्येन्द्रनाथ जात्रा, मतया, दिपखा, दशै (मोहनी), दिपावली (स्वती), इन्द्रजात्रा, गठामो, भिमसन जात्रा, इत्यादीको अध्ययन गरेको छ ।[10] तर यस अध्ययन क्षेत्रअर्न्तगतका टोलको स्थानीय जात्रापर्व र प्रमुख पूजा परम्पराका साथै महत्त्वको चर्चा पाइन्दैन । जस्तै नरसिंह जात्रा कृष्णपूजा, बसुन्धरा पूजा, गणेश पूजा इत्यादीको चर्चा गरिएको छैन । तैपनि यस ग्रनथको उपयोग यस अनुसनधान प्रवन्धमा भएको छ ।

११) **"The Nepalese Caitya"** नामक पुस्तकमा यस क्षेत्रभित्रका लिच्छवीकालीन, अशोन चैत्य, मल्लकालीन चैत्यहरूको स्वरूको चर्चा र वर्गीकरण गरेको पाइन्छ । चैत्यहरूके इतिहास, वास्तुकला आदिको राम्रो प्रस्तुती गरेको छ ।[११] तर अति महत्त्वपूर्ण पिम्बहाल अशोक चैत्यको चर्चा गरेको पाइदैन । साथै चैत्यमा रहेको अभिलेखहरूको अध्ययन अनुसन्धान पनि गरिएको छैन ।

१२) **"यलया महापात्र जुजुपिनि इतिहास"** पुस्तकमा ललितपुरको नाम यल, लुपग्राम, हुन्दै पाटन भएको चर्चा दिएको छ । त्यस्तै ललितपुरका महापात्रहरूको भूमिका क-कस्तो थियो देखाएको छ ।[12] तर यस अध्ययन क्षेत्रको अति महत्त्वपूर्ण महापात्र मेघपाल वर्माको चर्चा छैन । त्यस्तै ललितपुर नामसँग ललित ज्यापू र ललित्याको सम्बन्ध नभएकोले

[8] मिश्र, मदनमोहन **ललितपुरका साँस्कृतिक सम्पदा** (ललितपुरः रमा प्रकाशन, वि.सं. २०५१) ।

[9] बज्राचार्य, धनवज्र, **मध्यकालीन अभिलेख** (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०५६) ।

[10] जोशी, हरिराम **नेपालका चाडपर्व** (ललितपुरः जोशी रिसर्च इन्ष्टिच्यूट, वि.सं. २०६०)

[११] Gutschow, Niels **The Nepalese Caitya** (London: Axel Meneges: 1997 A.D.).

[12] शाक्य, रवि **यलया महापात्र जुजुपिनि इतिहास** (यलः न्हु हिस पुच : ने.सं. ११२८, वि.सं. २०६५) ।

जनस्तरमा ग्रन्थले चासो राखिएको देखिदैन । तथापि ऐतिहासिकता प्रति यस ग्रन्थ सहायक देखिन्छ ।

१३) **"यलया विहार, चैत्य व धर्मधातु आदिया संक्षिप्त विवरण सूची"** पुस्तकमा यल (पाटन) क्षेत्र भित्रका अधिकांश वहा, वहि, चैत्य, धर्मधातुहरूको लागत दिएको पाइन्छ । यस क्षेत्रभित्र ३० वटा हराहपाका चैत्यहरू, धर्मधातु, मूलदेवताको विवरण दिएको छ ।[13] तर यस पुस्तकमा यस अध्ययन क्षेत्र भित्रका वहा, चैत्य, मूर्त्तिहरूको निर्माण, तिथिमिति, शैलीहरूको वर्णन गरेको छैन । यस पुस्तकमा पुजा ललितपुरको वहा, चैत्य धर्मधातु सामान्य जानकारीका लागि उपयोगी देखिन्छ ।

१४) अप्रकाशित शोधग्रन्थ **"An Analytical study of the Ashokan Stupas of Lalitpur"** भित्र पाटनका अशोक स्तुपाहरूको चर्चा भारतीय सम्राट अशोकको इतिहास, स्तुपाहरूको विकासको चर्चा साथै पञ्चध्यानी बुद्धका स्थान पश्चिम गरेको छ ।[14] तर यस अप्रकाशित शोधग्रन्थमा पाटनमा चार थुर (अशोक स्तुपा) हाराहारी इतिहास, कला यसको मध्यम थुर (पिम्वहाल अशोक स्तुपा)को केही उल्लेख भएको छैन । साथै यी स्तुपाहरू ऐतिहासिक अभिलेख भएको पिम्वहाल स्तुपा र अभिलेखका चर्चा भएको छैन । जसले गर्दा यो थेसिस पाटनका अशोक स्तुपाहरूको पूर्ण अध्ययन भएको देखिदैन ।

१५) लोटस रिसर्च सेन्टरको "**ललितपु चैत्य व धर्मधातु मण्डल विवरणात्मक अध्ययन**" नाम पुस्तक (अनुसन्धान कृतिमा ललिपुर भित्रका अधिकांश चैत्यहरूको विवरण पाइन्छ । त्यस्तै यस क्षेत्रका सबै साथै छापाचित्र (photo) हरू र केही मात्रामा अभिलेखहरूको विवरण पाइन्छ । यस अनुसन्धानभित्र पर्ने अधिकांश बौद्ध चैत्य व धर्मधातुमण्डलहरूको परिचय विवरण दिएको पाइदैन ।[१५] त्यस्तै अशोक चैत्यको अभिलेख पूर्णरूपमा पाइँदैन । यहाँको मिति र बहाबै विवरण दिएको पाइँदैन ।

## १.७ शोधको सीमा

यल ध्वाका (पाटन ढोका) क्षेत्रको वर्तमान अवस्थामा ललितपुर उप-महानगरपालिकाका तीन वठाहरूको बीचमा रहेको छ ।[१६] तर पनि यस अध्ययन क्षेत्रको प्रमुख वडा नं. २१ पर्दछ । यस वडाका प्रमखु टोल र बोद्ध बहालहरूमा मिखावहाल, पाटनढोका, छायवहाल, पिम्वहाल, नतोल, सिँवहाल, (श्रीवहाल), ग:वहाल, चल्खु, सुल्लीम, कुछेननी, यस अध्ययनको क्षेत्रअन्तर्गत पर्दछ ।

---

[13] शाक्य, हेमराज **यलया विहार, चैत्य व धर्मधातु आदिया संक्षिप्त विवरण सूची** (यल, बाबुकाजी शाक्य, २५३३ बु.सं. वि.सं. २०४७)

[14] Thapa, Shree Hari. **"An Analytical study of the Ashokan Stupas of Lalitpur"** (Unpublished M.A. Thesis) (Kathmandu: T.U., NeHCA Center Department, 2001).

[१५] लोटस रिसर्च सेन्टर **ललितपु चैत्य व धर्मधातु मण्डल विवरणात्मक अध्ययन** (ललितपुर, अप्रकाशित) ।

[१६] हालका ती वडाहरूमा पश्चिमदक्षिणमा वडानं. ३, उत्तर पूर्वमा वडा नं. २२ र पूर्व दक्षिणमा वडा नं. २१ पर्दछ।

# अध्याय दुई
## ललितपुर (पाटन) को साँस्कृतिक गरिमा

### २.१ परिचय

यस अध्ययनको विषय **"यलध्वाकाः (पाटन ढोका) सेरोफेरोको एक सांस्कृतिक तथा पुरातात्विक अध्ययन"** हो । यलध्वाका भन्नाले ललितपुरको पाटनढोकालाई भनिन्छ । यो ढोका नेपालका प्राचीन सांस्कृतिक नगरीहरूमध्ये एक सम्मर्क ललितपुरको अर्को संस्कृतिक नगरी काठमाडौं शहर संग सम्पर्क गर्ने एक प्रमुख प्रवेशद्वारका रूपमा हालसम्म पनि प्रयोग भैरहेको छ । यलध्वाकाः भनि नामाकरण गर्नका तात्पर्थ मुख्य रूपमा पाटन शहरको मूल प्रवेशद्वारसंग यसको नाम जोडिएको पाइन्छ । नेपाल भाषामा यस शहरलाई "यल" भनिन्छ । ललितकलाका लागि ख्यातिपूर्ण शहर भएको नाताले यसको परम्परागत नामाकरण "ललितपुर" भनिएको जनविश्वास छ । ललितपुर धार्मिक, सांस्कृति तथा पुरातात्वि दृष्टिकोणले अति नै महत्वपूर्ण प्राचीन शहरका रुपमा प्रख्यात छ ।

ललितपुर काठमाडौं उपत्यकाका तीन प्रमुख शहरहरू मध्यको ललितकला तथा वास्तुकलाका लागि महत्त्वपूर्ण शहर मानिन्छ । वंशावली, ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक श्रोतहरूका अधारमा ललितपुरलाई महत्त्वपूर्ण मान्न सकिन्छ । यी श्रोतहरूका आधारमा ललितपुर शहर किरातकाल भन्दा पहिले नै विकसित रूपमा पुगिसकेको भान हुन्छ । त्यस समयमा तिब्बत र भारतको बीचमा आवत जावत गर्ने मुलबाटो ललितपुर थियो । अनुश्रृति अनुसार "लयलिताख्य" नामक बन फडनी गरी ललित ज्यापूले बस्ती बसालेको कारणले यो शहरको नाम "ललितपट्टन" हुन गयो ।[१७] उक्त ललितपट्टन नामको "ललित" शब्द लुप्ट भई "पट्टन" हुनगयो । संस्कृत भाषामा शहरलाई "पट्टन" भनिन्छ जुन अपभ्रष्ट भइ "पाटन" नामले प्रख्यात भयो । हाल ललितपुर शहरलाई पाटन शहर भनेर बढी चिनिन्छ । ललितपुर शहरको उत्तर र पश्चिम दिशामा वागमती नदी, पूर्व दिशामा कर्मनासा खोला र दक्षिण दिशामा नखु खेलाले घेरीएर बनेको छ । यो शहर समुद्री सतहबाट ४३५० फिटको उचाईमा अवस्थित चक्राकार आकृतिमा बनेको शहर हो । जसको क्षेत्रफल ३ वर्ग मील छ । अनुश्रुतिअनुसार यहाँ इ.पू. तेस्रोशताब्दीका भारतीय सम्राट अशोककालिनदेखि अन्तिम

[१७] देवमाला, वंशावली, योगी, नरहरी नाथ, (मुगस्थली, वि.सं. २०१३), पृ. ११८, भाषा वंशावली २, नयनाथ पौडेल, काठमाडौं पृ. १-३ ।

मल्लकालिनसम्म बनेका अनेकौं स्तुप, चैत्य, विहार, मन्दिरहरू पाइन्छ ।[१८] त्यसतै लिच्छविकाल देखि विभिन्न काल समयका स्तुप, विहार, मन्दिरहरू, दरबार, पोखरीहरूले घेरिएको रमणीय स्थलकारूपमा रहेको 'ललितकलाले भरिपूर्ण सुन्दर यस शहरलाई "ललितपुर" भनिएको हुन सक्छ ।[१९] यहाँ ३२ प्रमुख मन्दिरहरू र १७ बौद्ध स्तुप, विहारहरू पाइन्छ ।[२०]

वंशावली अनुसार भारतीय मौर्य सम्राट अशोकले नेपालको तीर्थ गर्न आउदा यस शहरको वरपर चार दिशामा चारवटा थुर (स्तुप) र विचमा मध्यम स्तुप (पिम्बहाल स्तुप) बनाइ शहरको पूर्णनिर्माण र विस्तार गरेका थिए ।[२१] जुन थुरहरूको विकसित स्वरूप हालसम्म पनि देख्न पाइन्छ । ऐतिहासिक कालक्रममा प्राकृतिक प्रकोपका कारणले यस शहरको रूपरङ्गहरू धेरै परिवर्तन भएको तथ्य अभिलेखहरू, जनश्रुतिमा पाइन्छ । ललितपुर शहरलाई यल, युपग्राम, ललितपट्टन, ललितपुर, ललितपुरी, ललितब्रुम, ललितपतन, ललितभूमि, ललितपुर नगर, ललितापुर, पाटन, ललितपुर नगर आदि नामबाट सम्बोधन गरिएका अभिलेखहरू पाइन्छ ।[२२] हाल यो शहरलाई "ललितपुर उपमहानगरपालीका" भनिन्छ । तिब्बती-बंर्मोली भाषा समूह अन्तर्गत बोल्न नेपाल भाषामा "यल" भनिने यो शहर जनश्रृती अनुसार किराती प्रथम राजा "यलम्बर" सँग सम्बन्धित मानिन्छ । राजा यलम्बरले यो शहरको पूर्ण निर्माण तथा व्यवस्थित गरेको हुनाले यसलाई "यल" भनेको मानिन्छ । जुन हालसम्म पनि स्थानिय मानिसहरू को जनजिब्रोमा "यल" भनिन्छ । नेपाल भाषामा "यल" शब्दको अर्को अर्थ "मन पर्नु" पनि हुन्छ । यो ठाउँ अति व्यवस्थित, उपयुक्त रमणिय भएका कारण मानिस यहाँ बसोवास गरी शहर बसालेको हुनुपर्छ । प्रमाणित अभिलेखका अनुसार मानदेवको अभिलेख सम्बत् ३९९ मा यस शहरलाई "युपग्राम क्षेत्र प्रदेश" भनि सम्बोधन गरेको पाइन्छ ।[२३] लिच्छवीकालका तिनवटा अन्य अभिलेखहरूमा पनि "युपग्राम" उल्लेख भएको पाइन्छ ।[२४] संस्कृत भाषामा "युप" को अर्थ "मौलो"[२५] र "ग्राम"को अर्थ "गाउँ" हुन्छ । त्यस्तै "युप" को अर्थ "ईन्द्रध्वज" पनि हुन्छ । जसलाई नेपाल भाषामा यलसि (य:सिँ.)

---

[१८] मुनकर्मी, पूर्ववत्, पृ. १-५ ।

[१९] श्रेष्ठ, कृष्णप्रकाश **स्थान नाम कोश**" काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०२४ ।

[२०] Seemann, Hemrich, "**Nepal**" 2031, (Stultgart, 1976), p. 11-15.

[२१] शाक्य, हेमराज, **"श्री स्वयम्भू महाचैत्य"** (यें, स्वयम्भू विकास मण्डल, वि.सं. २०३५) ।

[२२] रेग्मी, जगदीशचन्द्र "**लिच्छवी संस्कृति**" (काठमाडौं, २०२६), पृ. ११०-११३ ।

[२३] सम्बत् ३९९ मानदेवको लिच्छवी अभिलेखमा "युपग्राम क्षेत्र प्रदेश" भनि सम्बोधन गरिएको/बजाचार्य, धनबज्र, "लिच्छवीकालीन अभिलेख", (कीर्तिपुर : नेपाल र एशियाली अध्ययन संस्था, त्रि.वि. वि.सं. २०३०), पृ. ५०-५१ ।

[२४] रेग्मी, पूर्ववत्, पृ. ११०/नोली पृ. ९० र ११३ ।

[२५] "मैलो" अर्थ यज्ञ-यज्ञादि विशेष पर्वमा बलि दिन बाँध्ने र मार हान्ने काठको किला वा लिङ्गो (श्रेष्ठ, पूर्ववत्) पृ. १२६ ।

भनिन्छ । जसको अर्थ."य" अर्थ "यल" र सिँ. को अर्थ "काठको किल्लो "वा" "लिङ्गो" हुन्छ ।[२६] तत्तकालीन समयमा पनि इन्द्रजात्राको बेलामा सम्पूर्ण नेवार (नेवाः) बस्ती र टोलहरूमा "यःसिँ." वा "युप" गरी पुजा आजा गछन् । प्राचिन समयमा प्राय सत्रुहरूमाथि विजय प्राप्त गरेपछि विजय स्तम्भका रूपमा "युप" (यःसिँ) अर्थात "ईन्द्रध्वज" गाड्ने चलन चल्दै आएको पाइन्छ । जुन "युप" शब्दको अपभ्रष्ठ भई "यग्ला" र पछि "यल" हुन गएको हो । एतिहासिक स्रोतहरूका अनुसार लिच्छवी राजा धर्मदेवले पाटन लगएत आफ्नो राज्यका विभिन्न ठाउँमा "युप" थापेका थिए ।[२७] त्यस्तै यस शहरलाई कर्कप्याट्रिकले "थुल्लो देसी", राइटले "येलो देसी" र तिब्बतीहरुले "ये-रान", चिनियाहरुले "ये लेङ" र जर्जले ल्याटिनमा "हेला देश" भनि सम्बोधन गरेको पाइन्छ ।[२८] त्यस्तै "यल देश" भनि नेपाल भाषामा होरास द पन्नाको चिहानमा लेखिएको छ ।[२९]

चीनिया यात्री वाङ् हुएनत्सेले नपालको भ्रमण क्रममा नेपालको राजधानीलाई "पोलो-तन" उल्लेख गरेको र जसको दक्षिण पूर्वमा "अकिपेली" भन्ने ताल रहेको उल्लेख गरीएको छ । यहाँ "पोलो-तन" को उच्चारण "पाटन" सँग मिल्ने र ललितपुरको दक्षिण पूर्वमा पोखरी भएका कारणले गर्दा चीनिया यात्रीले-चर्चा गरेको "पोलो-तन" नै पाटन भएको हुन सकिन्छ ।[३०] साथै "पाटन" राज्यको रूपमा रहेको स्पष्ट हुन सकिन्छ । जनश्रुति अनुसार ललिताख्य नामक जंगल फाडी ललित ज्यापूले मच्छिन्द्रनाथ पाटनमा राख्नु पर्छ भन्दा उगः (ओखल)बाट उक्त ज्यापू पट्टन भएको (भासेको) कारणले यस शहरलाई "ललितपट्टन"बाट "पाटन" भनिएको जनविश्वास छ । पाटन शब्द उल्लेख प्राचिन अभिलेख ई. १३७२ प्राप्त भएको छ ।[३१] त्यस समय गोरख र तनहु क्षेत्रका खस वासिन्दाहरूको बोलीमा ललितपुरलाई "पाटन" भनिन्थ्यो । तसर्थः पाटन ढोका भन्नाले काठमाडौंबाट ललितपुर प्रवेश गर्ने प्रमुख ढोकाका रूपमा मानेर संभवत यस क्षेत्रलाई पाटनढोका भनिएको हुन सक्छ । स्थानीय नेवारहरु यस क्षेत्रका लागि "यल ध्वाका" कै रुपमा बहुप्रचलित देखिन्छ । यसको उदाहरण गोरखाली काजी कालु पाण्डेलाई

---

[२६] श्रेष्ठ, पूर्ववत्, पृ. १२७ ।

[२७] श्रेष्ठ, पूर्ववत्, पृ. १२७ (रेग्मी, मानदेवका ३ पुस्ता, "मधुपर्क", वि.सं. २०२७) ।

[२८] लेभी, सिल्याँ "नेपाल-पहिलो खण्ड (पाटनढोकाः हिमाल किताब-२००७ ई.सं.) पृ. ३९

[२९] लेभी पूर्ववत्, पृ. ३९ ।

[३०] श्रेष्ठ, पूर्ववत्, पृ. ८७ ।

[३१] रेग्मी, पूर्ववत्, पृ. ११०/नोली पृ. ९० र ११३।

राजा जयप्रकाश मल्ल ललितपुरका राजा राज्यप्रकाश मल्लले लेखेको पत्रमा उल्लेख गरिएको छ ।[३२]

प्राचीन शहर व्यवस्था अनुरूप मध्यकालीन शहर व्यवस्थ अनुसार शहरलाई सुरक्षीत र व्यवस्थित गर्न चारैतिर किल्ला बाढि ठाउँठाउँमा ढोका (ध्वाका) राखिन्थ्यो । जुन आवश्यकता अनुसार खोल्ने र बन्द गर्न हुने खालका ठूला हुन्थ्यो । मध्यकालमा यल (पाटन) शहरका १८ वटा ढोकाहरू छन् ।[३३] यहाँ पाटन ढोकालाई ञध्वाका भनि सम्बोधन गरिएको छ । नेपाल भाषामा "ञ" को अर्थ जिउको प्रमुख भन्ने हुन्छ । यसकारण प्रमुख ढोकाको रूपमा "यलध्वाका" (पाटन ढोका) लाई लिइन्छ । यलध्वाका बाहिरी शहरसँग सम्पर्क गर्ने र महत्त्वपूर्ण कार्य गर्न प्रवेशद्वारका रूपमा लिइन्छ । जुन हालसम्म अवस्थित छ भने कालक्रममा यसको स्वरूप पविर्तन हुदै गएको पाइन्छ । हालको पाटनढोकाको स्वरूप वि.सं. १९९० महाभूकम्प पछिको रूप हो । मल्लकालमा स-साना तिन अल्ल अल्ल उपत्यकाका राज्य भए पछि आफ्नो राज्य अरु राज्यबाट सुरक्षार्थ शहरलाई किल्लाका रूपमा बधि चारैतिर पर्खाल बनाई ढोका बनाएको थियो ।

यलध्वाकाः (पाटन ढोका) पाटन शहरको एक महत्त्वपूर्ण स्रमारक क्षेत्र हो । जुन ढोका ललितपुर प्रवेश गर्न सांस्कृतिक तथा धार्मिक महत्वमा प्रमुख मार्गको रूपमा पहिले देखि हालसम्म लिइ आएको छ । पाटन ढोका क्षेत्र वरपरको पिम्वहाल चैत्य भारतीय सम्रात अशोकले बनाउन लगाएको हो । यसको जिर्णद्वार ने.स. ४७७ (वि.सं. १४१४) मा नेपालका प्रथम प्रधानमन्त्री (महापात्र) मेघपाल वर्माले गरेको हो । यस पिम्बहाल चैत्यको अभिलेखमा अनुसार जुन वंगालका सुल्तानको आक्रमणमा नष्ट भएपछि जिर्णद्वार गरिएको चर्चा पाइन्छ ।[३४]

यस क्षेत्रको सांस्कृतिक महत्वका रुपमा बौद्ध र हिन्दु धर्मका सांस्कृतिक प्रतिनिधित्व हुने चैत्य, स्तुप, विहार, बहाल, मठ-मन्दिरहरुका बाहुल्यता पाइन्छ । यस्तै यस क्षेत्रको पुरातात्विक सामग्रीका रुपमा शहर वास्तुकलाको प्राचीन पर्खाल पर्दछ । जुन हाल अधिकांश रुपमा अस्तित्वसम्म हराईसकी हाल नाममात्र बाँकी रहेका छन् । साथै मध्यकालीन गद तथा

---

[३२] रेग्मी, पूर्ववत्, पृ. ८७ ।

[३३] कायस्थ, छत्रबहादुर, "नेपाल संस्कृति" वर्ष ७, अङ्क ८, यल, ने.सं. १११७ (वि.सं. २०५३), पृ. १७-२०, (जुजु राज्य प्रकाश मल्लया सुज्यायस जूगु छु छु घटनावली) जम ध्वाका/कल्यबाहा ध्वाका/तेता ध्वाका/सचो ध्वाका/भोर ध्वाका/च्यासर ध्वाका/पंर ध्वाका/पो ध्वाका/आरक्व ध्वाका/ञध्वाका/छायवहा ध्वाका/चागल ध्वाका/तओ ध्वाका/चा ध्वाका/थपु ध्वाका/किनू ध्वाका/तक्षव ध्वाका/द ध्वाका ।

[३४] जोशी, हरिराम "प्रचिन नेपाल" संख्या ५३-५५, वि.सं. २०३६, पृ. ३६-३७/योगी नरहरीनाथ (सं), "संस्कृत सन्देश, प्रथम वर्ष १०, ११, १२ संयुक्ताङ्क, काठमाडौं, मृगस्थली, पृ. ११-१२ ।

किल्लावास्तुकलामा नभई नहुने अंकका रुपमा मानिने ध्वाका (ढोका) यसको प्रमुख अध्ययनको विषय हो । त्यस्तै ढोका वा मूल प्रवेशद्वारसंग नभइ नहुने वा रहने पानीको श्रोतहरु पोखरी, ग्राहिति (ढुङ्गेधारा) हरु, सुरक्षाका रुपमा हुने खाईहरुको विशेष महत्व राख्दछ ।

तर हालसम्म पनि यस प्राचीन पुरातात्विक क्षेत्रको अध्ययन अनुसन्धान नहुनु दुःखको कुरा हो । यस क्षेत्रका लिच्छवी पूवदेखि मल्लकालका अन्त सम्मका विभिन्न समयमा बनेका मठ-मन्दिर, विहार, स्तुपका साथै कला, वास्तुकला, पुरातात्विक महत्वमा वस्तुहरुको सुशोभित यस यलध्वाका (पाटनढोका) क्षेत्रको हालसम्म पनि यथोचित अध्ययन अनुसन्धान भएको पाइदैन । यस क्षेत्रमा पुरातात्विक सर्वेक्षण तथा अध्ययन उत्खनन् गर्ने हो भने यहाँका सांस्कृतिक अवशेषहरुका रुपमा हालसम्म पनि ऐतिहासिक विलुप्त अवस्थामा रहेका वस्तुहरु पाउन सकिन्छ । पाटनढोका देखि उत्तरमा पाटन मा.वि., पाटन क्याम्पस र दक्षिणमा श्री दरबारसम्मका क्षेत्रमा पर्खाल क्षेत्र वरपर मध्यकालीन गड तथा प्राचीन अवशेषहरु प्राप्त हुन सक्दछ । त्यस्तै, छायवहालको ढोका र पुरिएको अवस्थामा रहेको कमल पोखरी पनि पाउन सकिन्छ । यस्तै पाटनढोका बाहिर बसपार्क संगैको सार्वजनिक शौचालयका रुपमा प्रयोग गरिएको ठाउँ एक दुई दशक अगाडि सम्मपनि ढुङ्गेधारा, पोखरी रहेको थियो जुन हाल पुरिएको छ ।

### भौगोलिक स्थिति

ललितपुर जिल्ला २७° २५' देखि २७° ४९' सम्म उक्त अक्षांश र ८५° ११' देखि ८५° ३४' सम्मको पूर्व देशान्तर भित्र रहेको छ । यस जिल्लाको औसत नाप १७ मील र औसत चौडाइ १२ मील छ । यस जिल्लाको उचाई १५०० फिट देखि ८५०० फिट सम्मको छ ।[३५] पाटन शहरको उत्तरमा वागमती नदी, मनहरा खोला र (काठमाडौं जिल्ला), पुर्वमा कर्मनासा खुसी (खोला), दक्षिणमा नखु खेला र पश्चिममा वागमती नदी कीर्तिपुर नगरपालिकाले घेरिएको छ । ललितपुरबाट उत्तरका हिमश्रृङ्खलाहरू पूर्वदेखि पश्चिमसम्म प्रष्ट रूपमा देखिन्छ । यो शहर वागमती नदीबाट धेरै माथिलो भूभागमा अवस्थित छ । यो शहर समुद्री सतहबाट ४३५० फिट उचाइमा रहेको चक्राकार आकृतिमा बसेको छ । जसको क्षेत्रफल ३ वर्ग मिल छ ।[३६]

## २.२ शोधको सीमा

[३५] लक्ष्मी देव श्रेष्ठ, "**ललितपुर जिल्लाको परिचय**", (ललितपुर : २०२५), पृ. १-५ ।

[३६] लिलाभक्त युनाकर्मी, "**पाटनको मल्लकालिन इतिहास**", (भक्तपुर : लिलाबद्रस, २०२२), पृ. क/ख ।

यल ध्वाका (पाटन ढोका) अध्ययन क्षेत्र वर्तमान अवस्थामा ललितपुर उपमहानगरपालिकाका तीन वडाहरुको बीचमा रहेको छ ।[३७] तर पनि यस अध्ययन क्षेत्रको प्रमुख वडा नं. २१ पर्दछ । यस वडामा प्रमुख वहालहरु बस्तिहरुमा मिखावहाल, छायवहाल, पिम्वहाल, श्रीवहाल, नटोल, गाःवहाल, चल्खु, सुल्लीम, पाटनढोका कुछेननी आदि पर्दछ । त्यस्तै यस क्षेत्रमा प्रमुख नेवार जातिहरु जस्तै : महर्जन, डंगोल, प्रजापति, श्रेष्ठ, शाक्य, बज्राचार्य, कर्माचार्य, राजउपाध्याय, भारती, कपाली, चण्डुकार, शुक्ल आदि पर्दछ भने ढोका बाहिर राणाकालीन र त्यस पछि बसेका नयाँ बस्तिहरु छन् ।

यसक्षेत्र वरपर विभिन्न समयमा बनाइएका विभिन्न स्वरुपका बौद्ध, शैव, शक्त, वैष्णव, गाणपत्य् सम्प्रदायका मठ मन्दिर, चैत्य, विहारहरू छन् । साथै प्राचिन जगमदु पुखुः (पोखरी), ढुङ्गेधाराहरू, इनारहरू, जलदेणिहरू, पाटीहरू, चपाहरू, तोल, ननी, बहा आदि सांस्कृतिक र पुरातात्विक क्षेत्रहरू पर्दछ । त्यस्तै यस क्षेत्रका महत्त्वपूर्ण मन्दिरहरूमा गणेश मन्दिर, चण्डेश्वरी मन्दिर, शिव मन्दिर, करुणमय मन्दिर, भिमसेन मन्दिर, नासद्यः छन् । त्यस्तै महत्वपूर्ण स्थानहरुमा पाटन ढोका, गाःबहाल, पिम्वहल, चैत्य, वहा, सिवहा, मिखावहा, छायवहा, प्यगथाहा, चल्खु, कुछेननी आदि पर्दछ । जसको साँस्कृतिक र एतिहासिक महत्त्वले ललितपुरको गरीमा बढाएको छ । ललितपुर उप-महानगर पालिकाअन्तर्गतरहेका २२ वटा वडाहरू मध्यको एक अति महत्त्वपूर्ण वडा नं. २१ हो जसको उत्तरमा वडा नं. २२, दक्षिणमा वडा नं. २०, पूर्वमा वडा नं. १८, पश्चिममा वडा नं. ३ हरुले घेरिएको छ ।

## २.३ यल ध्वाकाः (पाटनढोका) सेरोफेराका सांस्कृतिक महत्त्वपूर्ण स्थल तथा जाति विशेषहरू

यल ध्वाकाः (पाटनढोका) सेरोफेरोअन्तर्गत विभिन्न ऐतिहासिक तथा पुरातात्विक क्षेत्रहरू पर्दछन् । पाटनढोका वडा नं. २१ अन्तर्गतका ठाउँ तथा टोलहरूको नामाकरण ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको विशेष नामहरूबाट रहेको पाइन्छ । जसमा पाटनढोका, मिखाबहाल, सोलिम्ह, पिम्वहाल, छायवहाल, नःटोल, श्री बहाल, कुछेननी, गाः वहाल, चल्खु पर्दछ । यस वडा नं. २१ अन्तर्गत कुल जनसंख्या ५६२० जना छन् । यहाँ ज्यापू (

[३७] हाल ती वडाहरुमा पश्चिम दक्षिण वडा नं. ३, वडा नं. २२ र पूर्व दक्षिण वडा नं. २१ पर्दछ ।

डंगोल र महर्जन) जाति ३१२६ शाक्य र बज्राचार्य जाति १२२६ र श्रेष्ठ (अमात्य, मास्के, नेवा, लाखे, कर्माचार्य, राजभण्डारी) र अन्य ससाना जातिहरू १३६८ छन् ।[३८]

यस क्षेत्रमा वसोवास गर्ने प्रमुख जातिहरूमा नेवार जाति हुन् । यस क्षेत्रका नेवारहरूको साँस्कृतिक तथा धार्मिक विधिता पाइन्छ । उदाहरणका लागि हिन्दू मतका राजोउपाध्याय, शुक्ल, भारती, श्रेष्ठ, नेवा : लाखे, प्रजापति, कर्माचार्य, मास्के, महर्जन, डंगोल, अमात्य, प्रधान, व्यञ्जनकार सिल्पकार, तण्डुकार, जोशी, न्याछय, नापित, कुशले (कपाली) सम्मका छन् । त्यस्त बौद्ध मतका शाक्य, ब्रजार्चाय, महर्जन, डंगोल, चित्रकार आदि छन् । यी दुबै मतहरूका समिश्रण भएको हुनाले यस क्षेत्रमा हिन्दू, बौद्ध धर्मका मठ-मन्दिर, चैत्य, विहार आदि धार्मिक स्थलहरू पाइन्छ ।

नेवारहरूको बसोवास सम्बन्धी प्रमाणित आधार धेरै पुरानो नपाए पनि जनश्रृतिहरूका आधारमा नेवारहरूको साँस्कृतिक सुसंगठन नेपाल सम्बत् शुरु हुनुभन्दा धेरै अगाडि देखि भएको मानिन्छ । जस्को छुट्टै अध्ययन अनुसन्धान हुनु अति आवश्यक छ । राजा जयस्थीति मल्लले बंगालका समसुदिनको आक्रमणबाट[३९] क्षेत्रविछेद भएको मध्यकालिन समाजलाई हिन्दुशास्त्र नारद स्मृतीहरूका आधारमा नेवार संस्कृतिको रूपरेखामा पुर्णगठन गरेर जातिय विविधता भित्रको एकरूपता गरेको पाइन्छ ।

समसुदिनको ववरताले गर्दा जातिहरूको पूर्ण शुद्धि गर्नका लागि जयस्थिति मल्लले छिन्नभिन्न भएका नेवारी समाजको पूर्ण संगठन र पूर्ण संरचना गरेर दुई ठूला वर्गमा विभाजित गरेर जिवीकोपार्जनका आधार र पेशाका आधारमा जातमा वर्गिकरण गरे । ब्रामणलाई अधिका क्षेत्रीभन्दा माथि राखेर नेवार जातियतामा हिन्दू वर्ण व्यावस्था अनुरूप सुसंगठीत गरियो ।[४०] नेवार जातिमा ६४ वर्णमा विभाजन गरियो । नेवारहरू मध्यकै आचार्य, बौद्ध, श्रेष्ठ माथिला जाति मानिए/श्रेष्ठमा ५ थरी र ५ थरी, ज्यापूहरूमा ३२ जाति, मानिए । त्यस्तै तल्लो जातिमा

---

[३८] वि.सं. २०६३ सालको मतदाता नामावली अनुसार ।

[३९] बज्राचार्य, धनबज्र (सं.) "पूर्णिमा" "शमशुदिनको आक्रमर्ण" (काठमाडौं, महाबौद्ध, पूर्णाङ्क-८, वि.सं. २०२१) पृ. ७-२०, ।

[४०] शर्मा, बालचन्द्र "**नेपालको ऐतिहासिक रूपरेखा**" दोस्रो शस्करण (बारणशी बाबु, माधवप्रसाद शर्मा, वि.सं. २०३३), पृ. १३८ ।

पाडेल (पोडे), च्यामे, चम्रकार जस्ता पानी नचल्ने, सुन, जुता, टोपि लगाउन नपाउने । साथै भिगुटोको छाना लगाउन नपाउने व्यवस्था गरेको थियो ।[४१]

तर वर्तमान व्यावस्थाहरूमा आएका परिवर्तनहरूले गर्दा हिजोका नियमहरू परिवर्तन भइसकेका छन् । मुलुकि ऐन, जातपात, छुवाछुटको सवालमा र धर्मनिरपेक्षता साथ आधुनिकताले गर्दा नेवारी समाज र सँस्कृति अति परिमार्जित भइसकेको छ । हाल नेवारी समाजको रवाइखवाई र बसाइले गर्दा कुन जातिको हो भन्न छुट्टउन नसक्ने भइसकेको छ ।

### २.३.१ पाटनढोका

पाटनढोका क्षेत्र पाटनढोका बसपार्कदेखि कोतलाछी गणेश स्थान सम्मको क्षेत्र भनिन्छ । यहाँको महत्वपूर्ण क्षेत्र पाटनढोका हो । जुन वि.सं. १९९१ सालमा पूर्ननिर्मित गरेको ढोका हो ।[४२] यस ढोकाकै नामबाट यस क्षेत्रको नाम पाटनढोका रहन गएको हो । यस क्षेत्रलाई कोतलाछी पनि भनिन्छ । जुन नाम ज्यादै प्रख्यात छ । यस क्षेत्रका अन्य महत्वपूर्ण ऐतिहासिक स्थलहरुमा पिपल बोट (चौतारा), शिवमन्दिर, भिमसेन मन्दिर, सूर्यविनायक, बज्रधातु चैत्य, कोतलाछी गणेश मन्दिर पर्दछ । त्यस्तै महत्वपूर्ण ढुंगाका मूर्तिहरुमा कोतलाछी गणेश मूर्ति, पदमपणि लेकेश्वर मूर्ति, सुखाबती लेकेश्वर मूर्ति र स्थानक बुद्ध मूर्ति पर्दछ । यस क्षेत्रमा सामाजिक महत्वका इनार, जलद्रोणी, पाटीहरु पनि पाइन्छ । यस क्षेत्रमा वसोबास गर्ने प्रमुख जातिमा ज्यापू (महर्जन र डंगोल) हरुको बाहुल्यता छ । ज्यापू जातिहरुको मुख्य परम्परागत कार्य खेती किसान गर्नु हो । तर हाल यी जातिहरु पेसा परिवर्तन भई व्यापार नोकरी आदि कार्यमा लागेको पाइन्छ ।

### २.३.२ मिखाबहाल

मिखाबहाल टोल पाटन कोटलाछी गणेश मन्दिरदेखि सोलिम्हः पिम्बहालको बीचमा पर्ने बहाल हो । “मिखा” को अर्थ आँखा र वहा को अर्थ वहाल हो । शहरको प्रवेशको प्रमुख वहाल भएको कारण मिखावहा भनिएको हो । मिखाबहाल दुई तल्ले बहालमा पूर्वतिर फर्केको ढुंगाको भूस्पर्श मुद्रामा बसेको बुद्धको मूर्ति प्रतिस्थापित छ । यस चारकुने बहालमा ढुंगाको हात्तीमाथि बसेको जोडी सिंहको मूर्ति, ठूलो बज्रधातु चैत्य, ढुंगाका बज्रधातु पदमोपरि जिनालंकर चैत्य, धर्मधातु मण्डल प्रतिस्थापित छ । (हेर्नुस् फोटो नं. १० (II)) त्यस्तै यहाँको सांस्कृतिक महत्वका इनार, पाटीहरु छन् साथै एउटा सानो गणेश मन्दिर पनि रहेको छ । ललितपुर क्षेत्रकै विशेष

---

[४१] शर्मा, उहि, पृ. १३९

[४२] हेर्नुस् फोटो नं. १ (I)

महत्वका रुपमा मिखाबहाल ज्यापू जातिहरुको बाहुल्यता भएको बहाल हो । यस्तो बाहुल्यता अन्यत्रको बौद्धविहारमा भेटिँदैन । मिखाबहाल भित्र पनि व्यक्ति विशेषहरुको बसोवास क्षेत्रका रुपमा ननीहरु, स-साना चोकहरु पाइन्छ । यी मध्ये एक बहाल भगिननी (चुरखा बहा) पनि हो (हेर्नुस् फोटो नं. १८ (I)) भगिननीमा पनि मिखाबहालमा जस्तै पूर्वतिर फर्केको ढुंगाका भुस्पर्श मुद्रामा बसेको बुद्धको मूर्ति प्रतिस्थापित छ । जुन तीन तल्ले विहार वस्तुकलामा अवस्थित छ । यस भगिननीमा ढुंगाका बज्रधातु चैत्य, पदमोपरि पिनालकर चैत्य र धर्मधातु मण्डल पनि प्रतिस्थापित छ । साथै सामाजिक महत्वका इनार र चपा छन् । साथै व्यक्तिगत घरकाभित्रमा भित्तेचित्रहरुले सजाएको पाइन्छ ।

## २.३.३ सोलिम्ह

सोलिम्ह टोल मिखाबहाल र पिम्बहाल पोखरीको बीचको बाटोमा पर्दछ । यो स्थान सोलिम्ह महादेवको नामबाट टोलको नामाकरण भएको मानिन्छ । यो टोलमा कुनै पनि एक जातिको बाहुल्यता नभइ नेवारी जातिहरुको सम्मिश्रण भएको क्षेत्र हो । यहाँ नेवारहरुकै माथिल्लो जातिदेखि तल्लो जाति सँगै मिलेर बसेको पाइन्छ । यहाँ राजोपाध्याय, श्रेष्ठ, नेवाः, मास्के, शर्मा, डंगोल, महर्जनदेखि कुस्ले (कपाली) सम्मका जातिहरुका बसोबास छ । यस टोलभित्र पनि स-साना चोकहरु पाइन्छ । जसमा सबभन्दा महत्वपूर्ण चोक हनुमानको चित्र अंकित मन्दिर भएको हनुमान चोक रहेको छ । साथै यस टोल सोलिम्ह महादेव (शिव मन्दिर), विष्णु र गणेशका मन्दिरहरु भेटिन्छ । त्यस्तै सामाजिक महत्वका इनार, पाटीहरु रहेका छन् । साथै केही अस्तित्व रहेको पाटीहरु नाम मात्र पाइन्छ ।

## २.३.४ पिम्वहाल

पिम्बहाल टोल मिखाबहाल र छायबहालको बीचमा रहेको क्षेत्रलाई भनिन्छ । यो स्थानको नाम पिम्व हाल चैत्यका नामबाट रहन गएको देखिन्छ । पिम्बहाल क्षेत्रमा अति महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्मारक क्षेत्रहरु क्रमशः पिम्बहाल स्तुपा, जगमद् पुखुः ( जमल पोखरी), चण्डेश्वरी मन्दिर, नास द्यः आदि पर्दछ । पिम्बहाल क्षेत्रमा विहार बास्तुकला हाल छैन । यस क्षेत्रभित्र स-साना चोकहरु, ननिहरु पाइन्छ साथै पिम्बहाल मूल चैत्यको पश्चिम दिसामा 'मूबहाल' पनि छ । यो बहाल तीन तल्लो विहार वस्तुकलाबाट निमोट महायानी विहार हो । यहाँ पूर्व दिसा फर्किएको ढुंगाको भुस्पर्श मुद्रामा बसेको बुद्ध मूर्ति छ । साथै दिगी, ढुंगाका बज्रधातु चैत्य, धर्मधातु मण्डल रहेको छ । पिम्बहाल क्षेत्रमा पनि नेवार बाहुन देखि तल्लो जातका कुस्ले सम्मका विभिन्न थरका जातिहरुको बसोवास पाइन्छ । यहाँ शर्मा, राजोपाध्याय, श्रेष्ठ, लाखे, न्याछ्यो, कर्माचार्य, शक्य, बज्राचार्य, अमात्य, महर्जन, डंगोल

सिल्पकार, कपाली, दर्शनधारी जातिहरुको वसोवास पाइन्छ । यस क्षेत्रको सामाजिक महत्वमा चारकुने ठूलो जंगमदु पुखु: (जमल पोखरी), इनार, जलदोग्री छ । त्यस्तै यहाँ अति महत्वपूर्ण १६ खुट्टे पाटी र अन्य धार्मिक र सामाजिक महत्वका पाटीहरु पनि पाइन्छ ।

### २.३.५ छाय्वहाल

छाय्बहाल टोल पिम्बहालको दक्षिण दिशामा रहेको टोल हो । जुन गाबहाल, श्रीबहाल, नटोल र पिम्बहालको बीचमा रहेको छ । छाय्बहाल क्षेत्रमा नेवार बाहुन देखि कुस्ले सम्मका विभिन्न थर र पेशाका जातिहरुको बसोवास पाइन्छ । यहाँ शर्मा, भारती, राजभण्डारी, न्याछ्यो, श्रेष्ठ, अमात्य, बज्राचार्य, शाक्य, डंगोल, महर्जन, प्रधान, तण्डुकार, व्यञ्जनकार, चित्रकार, दर्शनधारी, कपालीहरुका बसोवास पाइन्छ । छाय्बहाल क्षेत्रका प्रमुख धार्मिक क्षेत्रमा विश्वेश्वर महादेव मन्दिर, छाय्बहाल भिमसेन मन्दिर, छाय्बहालको उत्तर दिशा फर्किएको ढुंगाको भूस्पर्श मुद्रामा बसेको बुद्ध मूर्ति र पूर्व दिशा फर्किएको छाय्बहाल "वाहा चा" को ढुंगाको बुद्धको मूर्ति पर्दछ । त्यस्तै ढुंगाका बज्रधातु चैत्यहरु, शिखरकुट चैत्य, पद्मोपरि जिनालंकुट चैत्य, धर्मधातु मण्डल र ठूलो इट्टाको बज्रधातु चैत्यहरु छन् । छाय्बहालमा सामाजिक महत्वका इनार, जलदोग्री, लोह हिटि (ढुंगेधारा) का साथै सामाजिक महत्वका वस्तुकलाहरु चपा: (चपाल), दिगा, पाटीहरु छन् । त्यस्तै यस क्षेत्रमा ठूला साना ननि चोकहरु पनि छ ।

### २.३.६ नःटोल

नःटोल ललितपुर उपमहानगरपालिकाको भवनदेखि पूर्व गाबहाल जाने बाटोमा पर्दछ । नःटोलमा बसोबास गर्ने नेवार जातिमा शाक्य र बज्राचार्यहरु प्रमुख छन् । अन्य जातिमा महर्जनहरु पर्दछन् । यद्यपि यी सबै जात विशेष बौद्ध धर्म अनुयामी हुन् । नःटोल क्षेत्रका महत्वपूर्ण सामाजिक तथा धार्मिक स्थलहरुमा विशेष गरी पूर्व दिशातिर फर्किएको कर्ममा धातुको मूर्ति भएको इष्टदेवता गणेशको मन्दिर, जधु, इट्टाको बज्रधातु चैत्य साथै केही पाटीहरु यहाँको विशेषता हुन् । यहाँ सामाजिक महत्वका ढुंगेधारा, इनार, अवशेष मात्र बाँकी रहेको पोखरी, जलदोग्री (जधु) छ ।

### २.३.७ श्री बहाल

श्रीबहाल टोल छाय्बहालको दक्षिणतिरको नःटोल देखि गाबहाल जाने बाटोमा पर्ने बौद्ध बहाल हो । श्रीबहाल ललितपुरका महतवपूर्ण लगभग १८ महत्वपूर्ण बौद्ध बिहारहरु मध्येका एक हो । यो वहालमा काठ वा सिं को देवता भएका कारण सिबहालबाट अपभ्रंश भई श्रीबहाल

भएको मानिन्छ । श्रीबहाल तीन तल्ले बहालको गर्भगृहमा धातुको स्थानक रत्नपानी बोधिसत्वको मूर्ति छ । जुन पूर्व दिसा फर्किएको छ । त्यस्तै यसबहालका सहायक बहालहरुमा उत्तर र पश्चिम दिशा फर्किएको ढुंगाका भूस्पर्श मुद्रामा बसेको बुद्धका मूर्तिहरु छन् । त्यस्तै यस बहाल परिषद्भित्र ढुंगाको शिखार शैली करुणामयको मन्दिर, नास द्यःको मन्दिर, बसुन्धरा, पदमपाणी, लोकेश्वर, गणेशका मूर्तिहरु भेटिन्छ । यस क्षेत्रमा अति महत्वपूर्ण ढुंगाको अशोक चैत्य छन् । त्यस्तै ढुंगाका धर्मधातु मण्डलहरु, बज्रधातु चैत्य, पदमोपरि जिनालंकृत चैत्य, शिखराकूट चैत्यहरु पनि भेटिन्छ । श्रीबहालको विहार संघका प्रमुख जाति शाक्यहरु छन् । त्यस्तै यस क्षेत्रका अन्य जातिमा बज्राचार्य, डंगोल, जोशी, श्रेष्ठ, अमात्य, महर्जन आदि बसोबास पाइन्छ । यस क्षेत्रमा पनि सामाजिक महत्वका इनार, दिग्री र पाटीहरु छ ।

### २.३.८ कुछेनननी

कुछेननी टोल नःटोल देखि गाबहाल जाने बाटोमा पर्ने ननी हो । कुछेननीको नामाकरण कुना घर भएको ननी भन्ने बाट आएको मानिन्छ । कुछेननी स-साना ननी र चोकले भरिपूर्ण छ । कुछेननी भित्र ढुंगाको शिखाराकूट चैत्य छ । यस कुछेननी क्षेत्र भित्रपनि नेपाली भाषी ( नेवार) हरुका विभिन्न जातिहरुको बसोबास पाइन्छ । यहाँ महर्जन र प्रजापतिहरुको बाहुल्यता छ । त्यस्तै शाक्य, डंगोल, बज्राचार्य, श्रेष्ठ, नापित, दर्शनधारी थरका वासिन्दाहरुको बसोबास छ । कुछेननी भित्रको सामाजिक महत्वका इनार, पाटी, चपा छ ।

### २.३.९ गा : वहाल

गाः बहाल टोल पुल्चोकबाट मंगलबजार जाने बाटोमा पर्ने क्षेत्र हो । यहाँ रातो मछिन्द्रनाथको रथ तानि एक दिन राखी पूजा गर्ने ठाउँ हो । गाःवहालको अर्थ खेल्डोको वहाल भन्ने हुन्छ । गाःबहालमा प्रष्ट रुपमा बहाल देखिँदैन । तर चोक, ननीहरु भने प्राप्त पाइन्छ । गाःबहालमा नेवार जातिहरुको विविधता पाइन्छ । जसमा शर्मा, राजोपाध्याय, शुक्ल, श्रेष्ठ, बज्राचार्य, तुलाधर, दर्शनधारीहरुको बसोबास पाइन्छ । यस ठाउँको प्रमुख स्मारक क्षेत्रमा प्याङ थां (चारवटा ढलीन भएको पाटी) र सिजवहा पर्दछ । सिजवहा भित्र महत्वपूर्ण इट्टाले मात्र बनाइएको बज्रधातु चैत्य र ढुंगाको धर्मधातु मण्डल छ । प्याङ्ग थाः को महत्व मछिन्द्रनाथको जात्राको बेलामा समय खार्नु पर्दछ । यस टोलको भित्र नाममात्र बाँकी रहेको हनुमानको मन्दिर र पाटीहरु भेटिन्छ ।

### २.३.१० चल्खु

पिम्बहालको जमल पोखरीबाट गाःबहाल जाने बाटोमा चल्खु टोल पर्दछ । नेपाल भाषामा चल्खुको अर्थ बाढि आएको स्थान भन्ने हुन्छ । यहाँको महत्वपूर्ण पुरातात्विक महत्वका क्षेत्रहरुमा चल्खुको भैरव मन्दिर पर्दछ । चल्खुको भैरव, पूर्वभिमुख अवस्थामा रहेको स्थान हो । प्रत्येक वर्ष इन्द्रजात्राका दिन यहाँ "प्यंग थाँ' (चल्खु टोलका श्रेष्ठ घरको मानिसहरुले पूजा गर्ने गर्दछ । चल्खु टोलमा विशेषगरी हिन्दू धार्मिक नेवारहरुको बाहुल्यता छ । जसमा श्रेष्ठ, प्रधान, महर्जन, कुराले, दर्शनधारीका साथै शाक्य र शुक्ल (राजउपाध्याय) को बसोवास पाइन्छ । यस क्षेत्रमा ढुंगामा अष्ट कोणकृत पदम चैत्य र धर्मधातु मण्डल छ । साथै पिंग द्यः वा पिठ देवस्थल रहेको छ ।

## २.४ महत्त्वपूर्ण जात्रा पर्वहरू

साँस्कृतिक र सभ्यतामा अति धनि मानिएका नेवार समुदायभित्र हरेक महिनाको पूर्णीमा र औंशीमा वा १२ महिनामा कुनै न कुनै जात्रा पर्व कुनै न कुनै ठाउँमा भइनै रहेको हुन्छ । नेवार समुदाय भित्रका विभिन्न जातिहरूको आ-आफ्नो स्वतन्त्र पर्व र जात्राहरू पनि समयसमयमा भइरहेको पाइन्छ । यी तमाम जात्रा मनाइने नेवार समुदायका जात्रापर्वहरू मध्य पनि यस पाटनढोका (यल ध्वाका) अध्ययन क्षेत्र अन्तर्गत मनाइने जात्रापर्वहरूको निम्न छन् :

मच्छिन्द्रनाथको जात्रा, मतया जात्रा, सापारु, नसिंह जात्रा, इन्द्रजात्रा, गाईजात्रा, भिमसेन जात्रा, चण्डेश्वरी जात्रा छन् । त्यस्तै पिठ पूजा, गणेश पूजा, भिमसेन पूजा, कृष्णपूजा, बसुन्धरा पूजा इत्यादि छन् ।

### २.४.१ मत्स्येन्द्रनाथ जात्रा (मच्छिन्द्रनाथ जात्रा)

मच्छिन्द्रनाथ वा करुणमयको जात्रा पाटनको सबभन्दा महत्वपूर्ण ठूलो जात्रा हो । यो जात्रा हिन्दू र बौद्ध दुवै सम्प्रदायले अति नै प्रमुखताका साथ मानिन्छ । मच्छिन्द्रनाथलाई करुणमय पनि भनिन्छ । स्थानीय तर्क अनुसार जगतलाई करुणका दृष्टिले हेर्ने भएका कारण र अन्नका देवताका रुपमा मानिन्छ । यस जात्रामा मच्छिन्द्रनाथ र मीननाथ (चुकाद्यः) को ठूला रथहरू पाटनका बासिन्दाहरूले पालोपालो मानिन्छ । गोपाल राजवंशवलीको अनुसार राजा नरेन्द्रदेवका

पालादेखि मत्स्येन्द्रनाथ जात्रा प्रारम्भ भएको भनिन्छ ।[४३] यो रथ यात्रा १४ औं शताब्दीदेखि मात्र बसन्त ऋृतुमा संचालन भएको हो ।[४४] मत्स्येन्द्रथानको रथयात्रा बीचबीचमा कहिलेकाँही रोकिए [४५]पनि प्रत्यक वर्ष निरन्तर चलिनै रहेको छ । प्रत्यक वर्ष वैशाख अक्षय तृतीया देखि मत्स्येन्द्रनाथको रथयात्रा प्रारम्भ हुन्छ । यस दिन पुच्चो (पुल्चोक) बाट यस क्षेत्रमा नटोल, सिँवहाल, गवहालसम्म रथ तान्छ । यस जात्रा यी ठाउँहरूका वरिपरिका बासीन्दाहरूको ठूलो जात्रा हुन्छ । अर्को दिन भुव्या (देवताको पूजागर्ने, भजनर्कितन गर्न) मा टोल टोल र घरघरबाट देवताको पूजा गरिन्छ ।

### २.४.२ भिमसेन जात्रा र पूजा

वैश्य व्यापारीहरूका पुजिय देवता भिमसेनको मन्दिर पाटनमा मल्लकालदेखि बनेका देखिन्छ ।[४६] पाटनका चार किल्लामा प्रमुख चार भिमसेन मन्दिरको स्थापना गरिएको छ । नेपाल भाषामा भिमसेनलाई अमद्यः पनि भनिन्छ । जसको अर्थ असल वा शुभ हुने देवता हुन्छ ।[४७] ललितपुरमा भिमसेन जात्रा र पूजा प्रत्यक वर्षभाद्र कृष्ण नवमि सञ्चालन भइरहेको छ । भमद्यः वा भिमसेन पूजा दिउँसो पाटन शहर भित्रका ठूला साना २४ वटा मन्दिर वा मूर्तिको परिक्रमा गरी पूजाआजा गर्ने चलन छ ।

त्यस्तै भिमसेन पूजा दिउँसो गवहाल, चल्खु, पिम्वहाल, छायवहाल, मिँखावहाल, पाटनढोका, कोटलाछि गणेश स्थाबाट घुम्छ । त्यसैदिन राती पाटनका प्रमुख भिमसेन मंगलबजारको भिमसेन देवताको मूर्तिलाई खातमा राखि प्राचिन मल्लकालिन प्रमुख बाटोबाट शहरको परिक्रमा गरी जात्रा धुमधामका साथ मनाइन्छ । यस जात्रामा यस क्षेत्रको गवहाल, चल्खु, पिम्वहाल सुलिन्ह स्थानबाट घुमाइन्छ ।

### २.४.३ कृष्ण जात्रा र पूजा

---

[४३] गोपाल राजवंशवली, पत्र २३ ।

[४४] जोशी, हरिराम, "नेपालमा चाडपर्व" (ललितपुर, जोशी रिसर्च इन्स्टिच्यूट, २०६० वि.सं.), पृ. ३३ ।

[४५] लेभि, सिल्भाँ "नेपाल - II" पाटनढोका, हिमाल किताब - २००५ इ.सं.), पृ. १७५ ।

[४६] ऐजन, जोशी, पृ. ९६-९८ ।

[४७] शाक्य, मिलन "भिमसेन" गोरखापत्र दैनिकः माघ २७ गते, सोमबार, वि.सं. २०५९, पृ. २ ।

प्रत्यक वर्ष गाईजात्राको आठौं दिन वा भाद्र कृष्ण अष्टमीका दिन श्रीकृष्णको जन्म मानि पूजा आजा गर्दछ । यस दिन पिम्वहाल कृष्ण मन्दिरमा अगाडि भजन किर्तन गर्ने राधाकृष्ण भई नाच्ने, कथा वाचन गर्ने गर्दछ । कृष्ण अष्टमीको एक दिन पछाडी पिम्वहाल पुखु (पोखरी)बाट कृष्ण पुजा नगर परिक्रमा गर्न निष्किन्छ ।[४८] यसदिन पाटन शहर भित्रका प्रत्यक कृष्ण मन्दिर र मुर्तिहरूको पूजा आजा गर्दछ । यस जात्रा र पूजामा यस अध्ययन क्षेत्रका गावहाल, चल्खु पिम्वहाल, सुलिन्छ लगायत मल्लकालिन प्रमुख बाटोबाट शहर परिक्रमा र्गछ ।

### २.४.४ इन्द्र जात्रा

भाद्र शुक्ल द्वादशी देखि आश्विन कृष्ण चैत्थी सम्म दिन उपत्यकाका नेवार समुदायले धुमधामका साथ इन्द्रजात्रा मनाइन्छ । यस दिन प्रत्यक टोल, चोकमा इन्द्र ध्वजा (लिङ्ग) वा यसि गाड्ने गरिन्छ । साथै इन्द्र गणेश, भैरवका मूर्ति प्रतिस्थापना गरी पूजा आजा गर्ने गर्दछ । यस दिन समयबजि र थ्वः (जाँड) प्रसादका रुपमा बाँड्ने चलन छ । यस अध्ययन क्षेत्रभित्र इन्द्रजात्रा पर्व पूर्णिमाको एकदिन पछि पारु वा पुर्णचन्दी भुजाका दिन मनाइन्छ । पहिला यस दिन पिम्वहालको २ तल्ले पार्टिमा इन्द्रदेवता राखिन्थियो । साथै पोखरीमा जसी (धातुको ठूलो खाना पकाउने भाडा) मा बसि रातभर भजनकिर्तन गर्ने चलन थियो । जुन हाल अस्तित्वमा छैन । साथै यस दिन चन्देश्वरी देवीको जात्रा पनि हुन्छ । यस दिन मिखाँवहालमा ठूलो यसिं गाडिन्छ । कोटलाछि गणेश मिखाँवहा गणेश, छायवहाल गणेश, नटोल गणेशमा गणेश देवताको मूर्ति प्रतिस्थापित गरि भजन किर्तन गरी पूजा गरिन्छ । त्यस्तै श्रीवहाल, कोटलाछि, पिम्वहालमा बुद्ध र कृष्णका धार्मिक कथामा आधारित चित्र र फोटोहरू पनि प्रर्दशन गर्दछ ।

### २.४.५ चन्देश्वरी जात्रा

आश्विन पारुका दिन पाटन पिम्वहालस्थित चन्देश्वरीको जात्रा हुन्छ । यस दिन चन्देश्वरीको मन्दिरमा चन्देश्वरी र गणेशका धातुका मूर्तिहरू प्रतिस्थापीत गरिन्छ । यसदिन प्रसादका रूपमा समयबजि र जाँड (थ्वंः) बाढ्ने गरिन्छ । यस दिन चाँदीमा कुडिएका नागका

---

[४८] ऐजन, जोशी, पृ. ९३ ।

मूर्तिहरूलाई चन्देश्वरीका रुपमा मानि बाजागाजाका साथ पूजा गरिन्छ ।[४९] यस दिन देवीलाई खतमा राखि बाजागाजाका साथ धुमधामका साथ पिम्वहाल घुमाइ जात्रा गरिन्छ ।

### २.४.६ गाईत्राजा

नेवारी परम्पराअनुसार जात्रापर्व चाड जस्ता महत्वपूर्ण अवस्थाहरू मृतक एवम् जीवित मानवहरूको साँस्कृतिक विशुद्ध वा शुद्धिकरण गर्न अभिप्रायले मनाइने गरिन्छ । यसैक्रममा प्रत्येक वर्ष दिर्वगत भइसकेका व्यक्तिहरूको नाममा मल्लकाल देखि मनाउदै आएको प्रख्यात जात्रा गाईजात्रा (गोयत्रा) हो ।[५०] यो जात्रा हिन्दु र बौद्ध सम्प्रदायहरूले भाद्र कृष्ण प्रतिपदा देखि जनै पूर्णिमाको भोलि सम्म विभिन्न किसिमले मनाइन्छ । गाईजात्राको दिन गाई वा वर्तवन्द नगरेका केटालाई गाईको प्रतिक मुकुट लगाई दान मगाउँदै नगर परिक्रमा गर्दछ ।[५१] यस दिन पाटन शहरमा नसिंह जात्रा निकाली प्राचिन मल्लकालीन शहरको प्रमुख बाटोबाट शहर परिक्रम गर्ने परम्परा छ । यस जात्रामा नसिंह राजउपाध्याय (नेवार ब्रम्हण) लाई बनाइन्छ । यस शहर परिक्रममा यस अध्ययन क्षेत्रका गावहाल, चल्खु, पिम्वहाल, सुलिन्ह टोलको परिक्रमा गर्दछ ।

त्यस्तै गाइजात्राको दिन बौद्ध मागीहरू विहान ललिपुरका नगरको विहार चारदिशामा रहेका थुर (स्तुप) हरू र मध्यम स्तूप (पिम्वहाल स्तुप)को परिक्रमा गरी पूजा र देमा (दियो) बाल्ने गर्दछ ।[५२] यसलाई स्थानीय भाषामा सापारु जाने भनिन्छ । यस यात्रामा जाने मानिसले आफ्नो पछाडि भाडाकुडाहरु बाँधी स्वार आउने गरी गुडाएर लाउने चलन छ ।

### २.४.७ मत्या : वा नकुजात्रा

गाइजात्राको चौथौंदिन वा भाद्रकृष्ण द्वितीयाका दिन पाटन शहरमा मत्या वा नकुात्रा जात्रा पूजा मनाइन्छ । यस दिन ललितपुरका बौद्ध सम्प्रदायका दिवंगत भएका प्रत्येक

---

[४९] पौड्यल, रमा शर्मा, “ललितपुरकी चण्डेश्वरी - एक अध्ययन” श्री चण्डेश्वरी, वैशाख २०५०, पृ. २२ ।

[५०] ऐजन, जोशी, पृ. ८८ ।

[51] ऐजन, राजभण्डारी, पृ. ३० ।

[५२] उही, जोशी, पृ. ८९ ।

परिवारबाट र अन्य बौद्ध धर्मलम्बीहरू पूजामा सरिक हुन्छ । यस दिन विहानदेखि पाटन शहरका चार दिशामा रहका “थुर” (स्तुप) लाई किल्ला मानि त्यसका विचमा पर्ने सम्पूर्ण वहा, बही, चैत्य, स्तुप साथै बौद्ध सम्प्रदायमा एकएक देवदेवीहरूका मूर्ति र मन्दिरको परिक्रमा पूजा आजा गर्दछ ।[५३] नेपाल भाषामा मत्याको अर्थ “बत्ती बालेर हिँड्नु” हो । यस दिन स्थानीय ज्यापू जातिका युवाहरू हातमा बत्तिबालेर घुम्दछ । यस दिन बजाहरू बजाउँदै मल्लकालिन । शहरका प्रमुख भित्रीबाटो घुमी देवताको स्तुती गर्दछन् । यस दिन यस अध्ययन क्षेत्रका पिम्वहाल चैत्य र चन्देश्वरी मन्दिर अगाडि बाजा प्रदशन गर्ने र स्तुती गाउने चलन छ । यसलाई स्थानीय भाषामा नकुजात्रा भनिन्छ ।

### २.४.८ गणेश पूजा

प्रत्यक वर्ष भाद्र कृष्ण द्वितीयाको दिन ललितपुरका बौद्ध सम्प्रदायले मनाउने मत्याको भोलिपल्टका दिन मत्या सञ्चालन गर्ने स्थानबाट गणेश पूजाको पनि सञ्चालन गरिन्छ । यसदिन ललितपुर शहर भित्रका प्रत्यक गणेश मन्दिरहरूको र वहालहरूको परिक्रमा र पूजा गर्ने गर्दछ । यस जात्राले गर्दा नेवार सम्प्रदायमा बौद्ध धर्म र हिन्दू धर्ममा कुनै भेदभाव नरहेको र एकता रहेको देखिन्छ ।

### २.४.९ यल पञ्चदान (पंज्रा)

प्रत्यक वर्ष श्रावण, शुक्ल अष्टमिका दिन ललितपुरमा पञ्चदान (पंञ्जरा) मनाइन्छ । यो दिन ललितपुर शहर भित्रका प्रत्यक वहा, वही, चैत्य, स्तुपा, थुरहरुमा स्थानीय बौद्धमार्गिहरूबाट पाँच किसिमका अन्नहरू दान गरिन्छ ।[५४] यस दिन ललितपुर शहरका प्रत्यक वहाल र वहिलका दिक्षा लिएका बज्राचार्य युवाहरु (गुभाजु) शहरको परिक्रमा गरि दान दक्षिणा लिइ आशिवाद दिने चलन छ । यस दिनलाई दीपकंर बुद्धको पूजाको दिन मानिन्छ । यस दिन दिपकर बुद्धहरु अगाडि राखी पञ्चदान गर्ने चलन छ ।

स्थनीय जनश्रुती अनुसार भगवानबुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि प्रत्यक गृहस्थीको घरघरमा गएर दान लिने परम्पराको अनुसनमा पञ्चदानको थालनी भएको मानिन्छ । तर बौद्ध

---

[५३] ऐजन, जोशी, पृ. ८९।

[५४] ऐजन, राजभण्डारी, पृ. ३६ ।

साहित्य सर्वानन्दनृपति अवदान कथा अनुसार यो पर्व दीपंकर तथागतलाई पञ्दान गर्न गुइतःनकीले निम्याएको र ज्ञानकर नामक बाँदरले रुख कटहर दान दिएको प्रतिफलस्वरूप अर्को जन्ममा बोधित्वकारूपमा जन्म लिन पुगेको कथाको प्रसंगमा यो पर्वलाई जोडेर स्मरण गर्ने परम्परा छ । त्यसैले पञ्चदानको पर्वका दिन गुइतः बहिल र क्वावाहालमा प्रयुक्त गुईटःनकीको र बाँदरको मूर्तिहरु स्थापित छ ।

### **२.४.१० गणेश चौथौं (चथा)**

प्रत्येक वर्ष भाद्र शुक्ल चौथीका दिनलाई गणेश चौथी वा चथाः भनिन्छ । यस दिन नेवार समूदायहरु गणेशको मूर्तिलाई खतमा राखि टोलटोलमा घुमाउने प्रचलन छ । जुन हाल त्यति पाइदैन । नेवारीमा चथाः देवताको अर्थ चोरीको दोष लगाउने देवता बुझिन्छ । यस दिन साँझ हुन अगाडी नै प्रत्येक घरबाट गणेश र चन्द्रमाको पूजा गर्ने गर्दछ । साथै हलमली (भुटेका मकै, भटमास, गहुँ, बकुला) खाने चलन छ । नेवार समुदायमा यस दिन चन्द्रमाको किरणले देखे चोरीको आरोप लाग्दछ भनी नेवार समुदायहरू चन्द्रमा उडाउन अगावै चन्द्रदर्शन गर्न नपरोस् भनेर पर्दा झ्यालढोका लगाएर घरमा लुक्ने गर्दछ ।

### **२.४.११ बुद्ध जयन्ती वा वैशाख पूर्णिमा**

वैशाख शुक्ल पूर्णिमाका दिन भगवान बुद्धले जन्म, बोधिज्ञान प्राप्त र महापरिनिर्वाण प्राप्त गरेको दिन हो । धार्मिक कायक्रम सहित परिक्रमा गर्दछ । यस दिन विहानदेखि चैत्य, स्तुपा, थुर, विहार, वहालहरूमा बुद्धको पूजा गर्ने र घरघरमा पञ्चरङ्गका ध्वजा (झण्डा) फराउने गर्दछ ।[५५] यस दिन पिम्वहाल चैत्यमा विशेष पूजा र बति बाल्ने गर्दछ ।

### **२.४.१२ सिठी नखः वा कुमार षष्ठी** :

प्रत्यक वर्ष जेष्ठ शुक्ल षष्ठीका दिनलाई सिठी नखः वा कुमार षष्ठी भनिन्छ । यस दिन नेवार समुदाय (ज्यापूहरु) नुहाइ धुवाई गरी प्रत्यक टोल, वहालका इनार, जधुं, कुवा, पोखरी,

---

[५५] ऐजन, राजभण्डारी, पृ. ६ ।

आदि पानीका श्रोतहरूको सरसफाई गर्ने गर्दछ ।[५६] यसदिन पिठोको रोटी र बारा खाने चलन छ । यस दिनलाई पानीका देवता वा युद्धका देवता, सेनापति कुमार कार्तिकेयको जन्मदिनका रूपमा पनि मानिन्छ ।

### २.४.१३ घण्टाकर्ण वा गठेमङ्गल (गथामोः)

प्रत्यक वर्ष श्रावण कृष्ण चतुर्दशीका दिन दोबाटोमा त्रिखुट्टे निगालो उभ्याइ त्यसमा भैरव मुखाकृर्ति र पुरुष चिन्ह लगाई ठाइन्छ ।[५७] जसलाई गथामो, गठेमङ्गल वा घण्टाकर्ण भनिन्छ । यस दिन प्रत्यक ज्यापूहरूका घरबाट छ्वाली (गहुको मुथा) बालि घरलाई चोख्याई चौबाटामा (छ्वास्य)गथामोलाई ..... दिने चलन छ । साथै यस दिनदेखि खेतको काम थनकार बाजा निकाली नासद्यःको पूजा गरी बाजा सिकाइन्छ । यसदिन गठेमङ्गल कोटलाछि गणेश मन्दिर अगाडि उभ्याइन्छ ।

### २.४.१४ यःमरि पुन्हि (धाव्य पूर्णिमा)

प्रत्यक वर्षको मंसिर शुक्ल पूर्णिमा दिन सवभन्दा छोटो दिन हुने गर्दछ । यस दिन घरघरमा चामलको पिठोबाट यमरि बनाई पूजा गरिन्छ । यस दिन धान भित्याई भकारी भरी सँधै भरिभराउ होस् भनि लक्ष्मी, सरस्वती, बसुन्धरा र कुवेरको पूजा गरिन्छ । यस दिन नेवार केटाकेटीहरू टोलटोलमा साँझ "त्यः हि त्ययः"गीत गाउँदै माग्ने चलन छ ।[५८]

यःमरि पुन्हिका दिन यस क्षेत्रमा ज्यापू (महर्जन, डंगोल) जातिहरूका "द्यपूजा" (देवाली) मनाइन्छ । यस दिनटोलटोलका प्रत्यक गुथी सदस्यहरू सम्पूर्ण परिवार सहित खुल्ला चौरमा आफ्नो कुल देवता अगाडि बसेर पूजा र भोज खाने गर्दछ । यीनिरूले यःमरि पुन्हिलाई नयाँवर्षका रूपमा मनाइन्छ ।

### २.४.१५ घोडा जात्रा

---

[५६] ऐजन, राजभण्डारी, पृ. १० ।

[५७] ऐजन, राजभण्डारी, पृ. २० ।

[५८] ऐजन, राजभण्डारी, पृ. ८२-८४ ।

प्रत्यक वर्ष चैत्र शुक्ल प्रतिपदाका दिन पाटनको बालकुमारी मन्दिर परिशदमा एकअख अन्धो घोडा दौदाउने गर्दछ । यस दिन पाटनमा पिकनिक वा सस्पुजा (सरस्वतीको पूजा) गरी चौरमा बसी भोज खाने चलन छ । यस दिन जधु (जलदोण्री)को पूजा गरीन्छ । यस दिन प्रत्यक गुथीबाट जधुमा समयबजी चढाउने र जाँड (थ्वः) चढाई खाने परम्परा यस क्षेत्रमा पाइन्छ ।

# अध्याय तीन

## यलध्वाकाः (पाटनढोका) क्षेत्रका पुरातात्त्विक महत्त्वका स्थानहरू

### ३ कला तथा वास्तुकला

### ३.१ मन्दिरहरू

### ३.१.१ २१ वडाका गणेश मन्दिरहरू

हिन्दू देवगणहरूका पति अथवा "पूज्य" मानिएको हुनाले गणेशलाई "गणनायक" वा "गणपति" पनि भनिन्छ ।[५९] गणपतिलाई बुद्धिको देवताको रूपमा पुजिन्छ । गणपतिको अर्थ सम्बन्धमा "ग" को अर्थ बुद्धि, "ण" को अर्थ मोक्ष र "पति" को अर्थ "मालिक" हुन्छ ।[६०] जस कारण गणपतिको अर्थ बौद्धिक मोक्षका दाता हुन्छ । हिन्दू र बौद्ध मतहरूमा गणेशलाई शुभका प्रतिक मानि हरेक त्वाः (टोल), वहाः (वहाल) हरूमा गणेश मन्दिर स्थापना गर्ने प्रचलन पाइन्छ । नेवार समुदायहरूमा कुनै पनि शुभकार्य शुभारम्भ गर्नु अगाडि गणेशको पूजा आराधना गरिन्छ । त्यसपछि मात्र अन्य कार्यहरू गर्ने परम्परा रहको पाइन्छ । गणेश देवताका मूर्ति लिच्छवीकालदेखि टोल, चोक वा दोबाटोमा प्रतिस्थापना गर्ने चलन पाइन्छ ।

गणेश प्रतिमाहरू विशेषत बसेको (आसिन), उभिएको (स्थानक) र नाचेको (नृत्य) हुन्छन् । गणेश मुर्तिहरू विशेष गरी ढुङ्गा, काठ, धातुबाट बनाएका पाइन्छ । गणेश प्रतिमा सँगै गणेशका वहान तिच्छुं (छुचुन्द्रो) का पनि मुर्ति स्थापना गरेको हुन्छ । गणपति सम्प्रदायहरू मध्य एक तन्त्रवादी अन्तर्गतका अनुयायीहरूले मासु, रक्सीको सेवन गराउछ । यस्ता तान्त्रिक मुर्तिहरू मल्लकालमा धेरै प्रतिस्थापित गरिएको पाइन्छ । यस समयका गणेश मन्दिरहरूका पूजारी ज्यापू (महर्जन)हरू रहने चलन छ । गणेश मन्दिरलाई स्थानीय नेवार जातिहरुले त्वाः गणे द्य (स्थान गणेश) र कही कही जल द्यः (जलविनायक) पनि भनिन्छ ।[६१]

यल ध्वाकाः (पाटन ढोका) क्षेत्र अन्तर्गत पाइने स्वतन्त्र ठूला गणेश मन्दिरहरूमा कोतलाच्छि गणेश मन्दिर र नःटोल जल गणेश मन्दिरका साथै सिँवहाल गणेश मन्दिर पर्दछ ।

---

[५९] Sakya, Milan Ratna "Ganesa in Medieval Nepal (New Delhi: Rupa & Co. 2004) p. 21.

[६०] जोशी, हरिराम "प्राचिन नेपाल", काठमाडौं, पुरातत्व विभाग, संख्या ४०, श्रावण २०३४, पृ. २० ।

[६१] शाक्य, मिलन रत्न "**गणपति**" गोरखापत्र, काठमाडौं, असाढ ३१ सोमबार, २०५९ वि.सं., पृ. २ ।

त्यस्तै साना वा स्वतन्त्र नभएमा गणेश मन्दिरमा मिखावहाल गणेश, चण्डेश्वरी गणेश पर्दछ । साथै प्रत्यक बौद्ध विहारको ढोकामा पनि गणेशका मुर्तिहरू प्रतिस्थापीत गरिएको पाइन्छ ।

### ३.१.१.१ क्वतालाच्छी गणेद्यः (क्वतलाच्छी गणेश मन्दिर)

पाटनढोकाबाट मंगलबजार जाने बाटोमा रहेको दुई तल्ले प्यागोडा (तले) शैली मन्दिरलाई क्वतालाच्छी गणेश मन्दिर भनिन्छ । यस गणेश मन्दिरलाई पिग द्यः पनि भनिन्छ । दक्षिण दिशा फर्किएको यो गणेश मन्दिरको स्थापना कहिले कसले गर्‍यो भन्ने आधिकारीक प्रमाण भेटिएको छैन । यस स्थानबाट प्राप्त सबभन्दा पुरानो अभिलेख ने.सं. ८२२ ( वि.सं. १७५९) को अनुसार यस समयमा मन्दिर र पतिको जिर्णद्वार गरेको उल्लेख छ ।[६२]गणेश मन्दिरको दुबै तल्लाका छानाहरु सुनको मोलम्बा युक्त धातुका छन् । साथै दुबै तल्लामा तीनतीनवटा धातुका गजुरहरू छन् । {चि.फ.नं. १} मन्दिरमाथिल्लो गजुरहरूको दायाँ वायाँ धातुका नेपालका झण्डाहरू र छत्रबलि रहेको छ ।[६३] छाना अड्याउन राखिएका काठका त्वाना सिं (टुँडालहरू) ३२ वटामा आकृति युक्त टुँडालहरू १६ वटा छन् । यी टुँडालहरूमा अष्टमाट्रीका देवगणहरूका आकृतिहरू कुडिएका छन् । साथै मन्दिरका चार कुनामा रहेका चार वटा र त्यससँगै अर्को उस्तै टुँडालहरूमा दुईहात उठाएका कुँसल (शदुल) का आकृतिहरू कुँडिएका छन् । (हेर्नुस् चि.फ.नं. २.१)

स्थानीय बासिन्दाका अनुसार गणेश मन्दिर पहिले एक तल्ले ढुंगाको मूर्ति हो । जुन मन्दिरलाई १७ औं शताब्दीमा पागौडा शैलीको ठूला दुई तल्ले मन्दिर बनाएको देखिन्छ ।[६४] भित्रको सानो मन्दिरको दायाँवायाँ ढुङ्गाका जोडि सिंह र छुचुण्डोका मूर्तिहरू प्रतिस्थापित छ । मन्दिरको गर्भगृहमा ढुङ्गाको पूर्व दिशा फर्किएर बसेको गणेशको मूर्ति प्रतिस्थापित छ । यो गणेश मूर्ति दुई हाते साधारण मुकुट विहिन छ । {हेनुस् चि.फ.नं. २.४} यस शैलीका मूर्तिलाई बाल गणेश पनि भनिन्छ ।[६५] यस मूर्तिलाई डा. शाक्य[६६] का अनुसार ५ औं शताब्दी र जोशीका

---

[६२] कायस्थ, छत्रबहादुर (अप्रकाशीत), सम्बत् ८२२ को अभिलेख ।

[६३] नेपाल सम्पदा संघ "काठमाडौं उपत्यका : ललितपुर स्मारक तथा स्मारण स्थलका (काठमाडां, भाग २, आ. वि.सं. २०५२) पृ. । H.M.G. & UNESCO "Kathmandu Valley" (vienna, 1975), P. 149.

[६४] Dangal, Purusottam "Elements of Nepalese temple Archite ture" (New Delhi Adroit Publishers -2007 A.D.), P. 31.

[६५] शाक्य, मिलन, उहि पृ. २१ ।

अनुसार ९औं शताब्दीको मानिएको छ । स्थानीय बासिन्दाहरु यस गणेशलाई क्वय्ना गणेश ( जलविनायक) भनिन्छ । गणेश मूर्तिको पछाडि धातुको पातामा नौं वटा नागहरूले गणेशलाई अभिषेक गरेको मीर्तको दायाँवायाँ चन्द्र र सूर्यका आकृति छ । साथै गणेश मूर्तिको दायाँपति टाउको, हात, खुट्टा नभएको एउटा ढुङ्गाको खण्डीत मूर्ति छ । {हेनुस् चि.फ.नं. २.३} जुन स्थानक मुद्रामा रहेको बुद्धको मूर्ति हो । जुन मूर्ति ५ औं शताब्दीको देव पाटनको स्थानक बुद्ध मीर्त अनुरुप वा समकालिन देखिन्छ ।

गणेश मन्दिरको ढोकामा काठका तीनवटा प्रमुख तोरणहरू साथै दायातिर अन्य तोरणहरू अर्ध बृत्ताकार र अर्धचन्द्रमा आकृतिका छन् । गणेश मूर्तिको माथि धातुको तोरणमा चार हाते बसेको शिव मूर्तिको दायाँवायाँ गणेश र पार्वतीका आकृतिहरू कुँदिएको छ । जसको माथि नेपाली तोरणमा पाइने विशेषता स्वरूप छेपु, नागनागिनी र हितीमङ्ग (मकर) का आकृति कुँडिएका छन् । त्यस्तैमन्दिरको पश्चिम दिशाको काठको तोरणमा बीचमा महादेव र दायाँवायाँ शिवगणहरूका आकृतिहरू कुँडिएको छ ।

मन्दिर बाहिरको प्रमुख काठको तोरणमा हरिसिद्धी देवीहरू महालक्ष्मीको दायाँवायाँ महाकाली र महासरस्वतीका स्थानक मुद्रामा मूर्तिहरू कुडिएका छन् । यस अर्धवृत्ताकार तोरणमा पनि छेपु, नागनागीनी, मकरका आकृतिहरू पनि कुँडिएको छ । {हेनुस् चि.फ.नं. २.२} प्राप्त ताम्रपत्रका अनुसार वि.सं १९०२ मा धातुको शिवमूर्ति तोरण र वि.सं. १६६८ मा काठको हरिसिद्धी तोरणहरू चढाएको देखिन्छ ।[६७] गणेश मन्दिरको बाहिर ढुङ्गाका ठूला सिंहका मूर्तिहरू रहेको छ । त्यस्तै दायाँवायाँ धातुका गं (घण्टीहरू) छन् । प्रमुख ढोकाको दायाँवायाँका माथि ढोकाहरू माथि अर्धचन्द्राकार तोरणहरू छन । त्यस्तै मन्दिरको चारैतिर बत्तीवालनलाई धातुको ढेमा (देवा) राखिएको छ । जनश्रृती अनुसार यस मन्दिरलाई जलद्य भनिन्छ । जलद्यः को अर्थ 'जल विनायक' (क्वयना गणद्यः) र जलोको द्यः को अर्थ पाटन हरिसिद्धि गाउँको देवी ( हरिसिद्धि देवी) भन्ने हुन्छ ।[६८] जनश्रुती अनुसार "गय बाजे" ले हरिसिद्धि देवी स्थापनार्थ यो मन्दिर ठूलो बनाएको हो तर हरिसिद्धि देवी बाटोमा ल्याउँदाल्याउँदै चण्डेश्वरी मन्दिर भएको स्थानमा पुग्दा भाले बासेकोले हरिसिद्धि देवीलाई पनि चण्डेश्वरी मन्दिरमानै प्रतिस्थापना गरियो

---

[६६] जोशी, हरिराम "नेपालको प्राचिन अभिलेख" (काठमाडौं : ने.रा.प्र.प.वि.सं. २०३०) र जोशी, हरिराम, "गणेश", प्राचिन नेपाल, काठमाडौं, "संख्या ४०, श्रावण, २०३४, पृ. २० ।

[६७] H.M.G. & UNISCO (P.No. 149)

[६८] स्थानिय बुद्धिजीवी डा. लक्ष्मीलाल डंगोल (वर्ष ६७, मिखावहाल टोल) र पुजारीसँगको छलफल अनुसार ।

।[६९] यस मन्दिरमा स्थानीय सात परिवार “ज्यापू” (महर्जन) गुठीले पालोपालो पूजारी भई नित्य पूजा गरिन्छ । साथै यस मन्दिरमा दशैंका दिन र अन्य महत्वपूर्ण पर्वमा रक्सी र बली चढाइन्छ । यो मन्दिरलाई हिन्दू र बौद्ध धर्म सम्प्रदायहरूमा संयुक्त धार्मिक स्थलका रूपमा पुजिन्छ ।

**गणेश मन्दिर वरपरका अन्य स्मारक स्थलहरू**

मन्दिरको पछाडि इनार (तु), जलदोण्री (जरौं) र दायाँ तीन तल्लले पाति अगडी १ तल्ले पाति रहेको छ । त्यस्तै मन्दिर पछाडिमा अन्य स-साना हालसालै स्थापना गरिएका ढुङ्गा मूर्तिहरूमा सरस्वतती, बुद्ध, शिवलिङ्ग, चैत्य र विष्णुका मूर्तिहरू प्रतिस्थापित छन् ।

**ख. नःत्वा गणेद्य (नःटोल गणेश मन्दिर)**

पुल्चोकबाट गांवहालको बीचमा रहेको दुई तल्ले पागैडा शैलीको मन्दिरलाई नःटोल गणेश मन्दिर भनिन्छ । यो गणेश मन्दिर दक्षिण दिशा फर्किएको छ । जुन काठ, इट्टा, मातो र तायल हरूबाट बनाएको छ । यो मन्दिर पनि पहिला सानो ढुङ्गाको मन्दिरलाई पछि घेरि ठूलो बनाएको देखिन्छ । यो मन्दिरको दुबै तल्ला इट्टको छाना युक्त छ । मन्दिर माथि धातुको गजुर छ ।[७०] मन्दिरमा गजुरबाट तलसम्म आउने गरी धातु पाटाको पटका राखेको छ ।[७१] मन्दिरको चारैतिर काठका तुडालहरूमा दुईहात उठाएर उभिएका सादुलहरूको आकृतिहरु कुँडिएको छ ।[७२] {हेनुस् चि.फ.नं. ३.१}

मन्दिरको गर्भगृहमा सुनको मोलम्बा युक्त धातुको चार हात र मुकुत युक्त गणेशको मूर्ति छ । गणेश मूर्ति बायाँ खुट्टा आदि खुम्च्याएको र दायाँ खुट्टा पत्याएर आसनमा राखिएको छ । यो धातु मूर्तिलाई ढुङ्गको मूर्तिमाथि राखिएको देखिन्छ । गणेश मूर्ति धातुकै गणेशका वहान छुचुन्द्रको मूर्ति माथि बसेको छ । गणेश मूर्ति माथि ढुङ्गको अर्धचन्द्राकार तोरणमा छेपु, नागहरू, हितीमङ्ग, आकृति कुडिएको छ । जुन तोरण दायाँ वायाँ ढुङ्गमा सानो सिंह आकृति माथि खम्बा राखि अढाएको छ । {हेनुस् चि.फ.नं. ३.२}

गणेश मन्दिरको बाहिर दायाँवायाँ ढुङ्गाका सिंह मूर्तिहरू मन्दिरका सुरक्षार्थ द्वारपालका रूपमा राखिएका छन् । त्यस्तै मन्दिरका अगाडि र दायाँवायाँ चिकीभ्याहरू रहेको छ । दायाँ

---

[६९] पुजारी पूर्णलाल डंगोल (वर्ष ८२, मिखाबहाल टोल बासिन्दा) ।

[७०] Dr. Carl pruscha, "Kathmandu Valley-2, P. 145.

[७१] ऐजन, P. Dongal, P. 47.

[७२] ऐजन, P. Dongal, P. 60-65.

वायाँ चन्द्रसूर्य युक्त नेपालको झण्डा राखिएको छ । यो मन्दिर स्थानीय गणेद्यः र नास द्यः पनि हो । {हेनुस् चि.फ.नं. २.१}  गणेश मन्दिर प्रमुख काठको तोरणमा नास द्यः (नृत्यनाथ) को छ । आठ हात युक्त नास द्यः एक खुट्टा नन्दीमाथि उभेर टेकी अर्को खुट्टा उचाली नाचिरहेको मुद्रामा छ । नास द्यःको दायाँवायाँ उभिएर "खिइ" बाजा (स्थानिय ज्यापू बाजा) बजाइएका सिंघीनी व्याघिनी गणहरूका मूर्तिहरू कुँडिएका छन् । यो तोरण माथिबाट क्रमश छेपु, नागनागिनी, हितीमङ्गका साथै गणेश र कुमारका आकृतिहरू कुडिएका छन् ।[७३]{हेनुस् चि.फ.नं. २.३}

ने.सं. ८०३ (वि.सं. १७४०) शिलालेख अनुसार यस मन्दिरको पूर्णः निमार्णमा गरेको उल्लेख छ । यो शिलालेखको माथि रहेको देवीका आकृतिहरुमा बीचमा बच्चा समाति राखेको हारतीमां र गणेश र कुमार दायाँवायाँ बसेका आकृतिहरू कुडिएको छ । यो अभिलेख नेवारी लिपि र नेवारी भाषामा लेखिएको छ ।[७४] त्यस्तै वि.सं. १६८२ मा मन्दिरको पूर्ण जिर्णोद्वार गरिएको अभिलेख छ । यो मन्दिर हिन्दू र बौद्ध सम्प्रदायहरुले मानिने मन्दिर हो जसको पूजारी शाक्य छन् ।

स्थानीय जनताहरु यस मन्दिरलाई तयु गणेश (सेतो गणेश) र क्वय गणेश (तलो गणेश) पनि भनिन्छ । जनश्रृती अनुसार यहाँ प्रत्येक इन्द्रजात्राका दिन प्रतिस्थापित गर्ने गणेश मूर्ति सेतो चण्डन लेपन गरी सेतो बनाइएको मूर्ति भएकोले सेतो गणेश भनिएको हो । त्यस्तै क्वय गणेशको अर्थ सिवहाल गणेशलाई माथिलो र यसलाई तल (क्वय) भनिएको हो । साथै "क्यना वा जलविनायकका प्रतिक भएकोले भनिएको हो । मन्दिरको अगाडिको पाटीमा पहिला पहिला मच्छिन्द्रनाथको रथ यात्रा हुँदा क्वयनाद्यः" (जलविनायक)को ठूलो धातु मूर्ति प्रतिस्थापित गर्ने चलन थियो । जसका प्रतिक स्वरुप यस गणेलाई क्वयना गणेश भनिन्छ । त्यस्तै तोरण र अभिलेखमा रहेका मुर्तिका अनुसार यो मन्दिर नासद्यः (नृत्येश्वर) र हारतीमाताको मन्दिरका रुपमा पनि मानिन्छ भन्ने देखिन्छ ।

---

[७३] हेर्नुस् अभिलेख पृ.चि.फ.नं. ३ ।

[७४] ऐजन,  H.M.G. &. UNISCO, P. 145.

## ग. सिँवहा गणेद्य (सिँवहाल गणेश मन्दिर)

नटोलबाट गावहाल जाँदा बाटोमा रहेको सानो सिमेन्टले बनाइएको तीन तल्ले मन्दिरलाई सिँवहाल गणेश मन्दिर भनिन्छ। हाल यो सडकभन्दा तल खाल्डोमा परेको मन्दिरको जिर्णोद्वार वि.सं. २०१० मा गरेको उल्लेख छ। {हेनुस् चि.फ.नं. ६.३} मन्दिरको बाहिर ढुङ्गाका सानो जोडि सिंहहरू प्रतिस्थापित छ। यो दक्षिण भिमुख गणेश मन्दिरको गर्भगृहमा आकृति खिइसकेको ढुङ्गाको गणेशको मूर्ति प्रतिस्थापीत छ। यस मूर्तिमा गणेशका शुँडको र बसेको केहि आकृति मात्र प्रष्ट देख्न सकिन्छ। {हेनुस् चि.फ.नं. ६.४}

मूर्तिमाथिको अर्धचन्द्रकार ढुङ्गाको तोरणमा चार हाते गणेश बहान माथि आसन मूद्रामा रहेको छ। जसको दायाँवायाँ नागनागिनीका आकृति छ। त्यस्तै आकृतिमाथि छेपु, नागनागिनी, मकरका आकृति कुँडिएको छ जुन ढुङ्गाका तोरणलाई खम्बाहरुले अडाएको छ। जुन खम्बामा उभिएका शादुलका आकृति पनि देखिन्छ। {हेनुस् चि.फ.नं. ६.४} हाल यस मन्दिरमा अभिलेख देखिँदैन। यो मन्दिर श्रीवहाल विहार संघको स्थान गणेश हो। जसको नित्य पुजारी शाक्य जातिले गर्दछ।

जनश्रुति अनुसार यो गणेश मन्दिरको महत्त्व यो मन्दिरलाई चोय गणेश (माथिको गणेश) पनि भनिन्छ। मच्छिन्द्रनाथ रथ यात्रासँग छ। प्रत्येक १२ वर्षमा एकपल्टक मच्छिन्द्रनाथको रथ बुगमतिबाट तानि पाटन शहर परिक्रमा गर्दछ। त्यस रथ यात्रामा मिननाथ (चुकाद्यः) को रथ तगलबाट पुचो लाउँदा यस मन्दिर अगाडि १ महिना सम्म राखि मच्छिन्द्रनाथ पुल्चोक नपुगेसम्म राखिन्छ।[७५] यस १ महिना समयमा बस्नका लागि मन्दिर अगाडि र पछाडिका पाटिहरूको महत्त्व छ। तर हाल ती पाटीहरूको अस्तीत्व हराइसकेको छ। जसको पुनः निर्माण हुनु जरुरी छ। यस मन्दिरसँगै सिँवहालका नासद्यः मन्दिर पदमपानी लोकेश्वरको मूर्ति र बुद्धको मूर्ति रहेको छ।

## घ. छायवहा गणेद्य (छायवहा गणेश मन्दिर)

छायवहा गणेश मन्दिर पिम्बहाल चण्डेश्वरी मन्दिरमा अवस्थित छ। यो मन्दिर स्थानीय छायवहाल र पिम्वहालका "थान गणेश" हो। यस मन्दिरमा गणेशको आकृतियुक्त मूर्ति नभइ प्रतिकात्मक रूप ढुङ्गामात्र छ। जसको माथि धातुको अर्धचन्द्राकार तोरणलाई छ। जसलाई सिँह आकृति युक्त खम्बाद्वारा अडाएको छ। यस तोरणमा छेपु, नागनागिनी र मकरका

[७५] स्थानीय नाय (हर्ष बहादुर बज्राचार्य, वर्ष ९२, सिंवहाल)।

आकृतिहरू छ । {हेनुस् चि.फ.नं. ४.२} यस मूर्ति सिधा अगाडि ढुङ्गाको बसाहको मूर्ति रहेको छ । यो दक्षिण भिमुख गणेश मन्दिरमा गणेशको धातु मूर्ति हरेक वर्ष इन्द्र जात्राका दिन प्रतिस्थापित गरिन्छ ।

साथै यस अध्ययन क्षेत्रमा रहेका अन्य सानो प्रतिकात्मक गणेश मन्दिरहरू निम्न छन् :

- मिखाँवहाल गणेश मन्दिर

- पाटनढोकाको सूर्यविनायक मन्दिर

### ३.१.२ भिन्द्योः (भिमसेन) मन्दिर

नेपाल भाषामा "भिंद्यो" को अर्थ असल (राम्रो) द्योः अर्थात् देवता हुन्छ । भिमसेन हिन्दू राष्ट्रको दर्शन अन्तर्गत महाभारतका पाँच पाण्डवहरू मध्य एक अति महत्वपूर्ण देवता हो । भिमसेनलाई बलका देवताका रूपमा पूजिन्छ । नेवार समूदायहरु भिमसेनलाई आर्थिक समृद्धि ल्याउने, शत्रुनिवारण गर्ने र बैदेशिक व्यापारसँग सम्बन्धित देवताको रूपमा पूजा आजा गरिन्छ ।[७६] नेपालमा भिमसेनलाई व्यापारमा बृद्धि गराउने देवताको रूपमा व्यापारी वर्गहरुले अरु वर्गहरू भन्दा बढी पूजा उपासना गर्दछन् । मल्लकालमा सुरक्षाका कारण हरेक राज्यहरूका नाकाहरुमा भिमसेन मन्दिर स्थापना गरिएको पाइन्छ ।[७७] नेपालका कहिकहि भिमसेनलाई भैरवपनि भनिन्छ । शिवका आठरूप मध्य एक भिमसेन पनि हो ।[७८] भिमसेनका अधिकांश मन्दिरहरूमा ढुङ्गा, काठ र धातुका मुर्तिहरू प्रतिस्थापीत गरिएको पाइन्छ । तर छायवहाल भिमसेन मन्दिरमा भिमसेनको प्रतिमाको सत्ता सांकेतिक तीनवटा "प्वालहरू" छन् । जुन प्वालहरु गुप्तवासको समयमा लुकेर प्रतिरूप रहेको छ । जुन छायवहाल भिमसेन मन्दिर पाटनका ४ वटा महत्व भिमसेन स्थल मध्य एक हो ।[७९]

यस यल ध्वाका क्षेत्रमा रहेको अन्य भिमसेन वा भैरवका मूर्ति र मन्दिरहरू निम्न छन्

क. मिखावहाल भिमसेन : यो मिखावहालको लायबचा र मिखावहा ननी (पिङ्गल) को बीचमा ठूलो ढुंगोको रूप मात्र छ । यसको पूजारी डंगोल (ज्यापू) हो ।

---

[७६] बज्राचार्य, धनबज्र, "**मध्यकालका अभिलेख**" (कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६), पृ. नं.२०८ ।

[७७] शाक्य, मिलन, "**भिमसेन**" गोरखापत्र : काठमाडौं, माघ २७ गते सोमबार २०५९ वि.सं., पृ. २

[७८] ऐजन, पृ. २ ।

[७९] मंगलबजार भिमसेन मन्दिर (जुजु भिमद्यः), च्यासल भिमसेन मन्दिर (कुमाः भिमद्यः), छायवहाल भिमसेन (द्यः भिमद्यः) र सुनधारा भिमसेन (पुं भिमद्यः) ।

ख. पाटनढोका भिमसेन : यो पाटनढोकासँगै रहेको ढुंगाको प्रतिरूप मूर्ति हो । जसको पुजारी बज्राचार्य हो ।

ग. चल्खु भिमसेन : यो पिम्वहाल जमल पोखरीको र चल्खु टोलको बीचमा रहेको छ । जुन ढुङ्गको प्रतिरूप मूर्ति विधित मन्दिर हो ।

## (क) छायवहाः भिद्यः (छायवहाल भिमसेन मन्दिर)

छायवहाल भिमसेन मन्दिर छायवहाल ढोकासँगै रहेको एक तल्ले पागैडा शैली मन्दिर हो । पश्चिम दिशा फर्किएको यस मन्दिरको माथि धातुको गजुर छ । यस मन्दिरको उत्तर दक्षिण दिशामा चिकःभ्या (फर्जी ढोकाहरू) छन् । मन्दिरको प्रमुख काठको ढोकाको दायाँवायाँका ढोकाहरू चिकभ्याहरू छन् । मन्दिरको बाहिरी काठको तोरण छ । जसमा छेपु, नागनागिनी, मकर आकृतिहरुको विचमा भिमसेनले दुशासनको बध गरेको आकृति कुँडेको छ । जसको दायाँवायाँ र युदिष्टीरका आकृति छ । अर्जुन साथै दायाँ सिंह आकृति कुदिएको छ । यस मन्दिरमा रहेका काठका कलात्मक टुडालहरूमा अष्टमात्रिका देवदेवीका साथै आर्यतारा, गणेश, सरस्वती, लीकेश्वरका मूर्ति छन् ।[८०] यो मन्दिर १७ औं शताब्दी तिर निमार्ण भएको र हालसालै यसको पूणर्निमार्ण गरिएको हो । मन्दिरमा रहेका तोरण टुडालहरू र मन्दिरको भित्तामा महाभारत सम्मबन्धी कथाको मूर्तिफलकहरु सबै हालसालै स्थापना गरिएका छन् । स्थानीय बासिन्दाका अनुसार पुराना तोरण र टुँडालहरु छायवहाल गुठीमा सुरक्षित छ ।

छायबहाल भिमसेन मन्दिर ललितपुरका ४ प्रमुख भिमसेन मन्दिर मध्यको एक हो । यो मन्दिरमा देवताहरूको आकृति छैन । यहाँ ढुंगाका तिनवटा प्वालहरु सांकेतिक मूर्तिहरूका रुपमा रहेको छ । यस प्वालको माथि अर्थचन्द्रकार तोरण छ । जस्मा छेपु, नागहरू हितीमंङ्क रहेको छ । यस मन्दिरलाई भिमसेन गुप्त बास बसेको निराकार स्वरूप मानिन्छ ।[८१] स्थानीय भनाई अनुसार यी तीनवटा प्वालमा क्रमश भिमसेन, अर्जुण, युधिस्थीर मानिन्छ । ने.सं. ८८५ को शिलापत्र श्री श्री जययोग प्रकाश मल्लको पालामा बनाएको उल्लेख पाइन्छ । यस मन्दिरको पूर्ण निर्माणहरू वि.सं. १९२४ र २०६० सालमा गरेको पाइन्छ । यस मन्दिरमा पुजारी छायवहालका बजाचार्य परिवार हुन् तर यस मन्दिरको संरक्षण छायवाःहा सनागुर्थिले गर्दछ ।

---

८० Kathmandu valley-2, HMG & UNESCO; 1975.

८१ कायस्थ छत्रबहादुर, श्री ३ पटकोलाछि भिमसेन मन्दिर जिर्णोद्वार"ने.सं. ११२४ (वि.सं. २०६१) यल, पृष्ठ ६ । मानन्धर, जितबहादुर, श्री गणेशय नमः "श्रीमती तारादेवी मानन्धर, काठमाडौं २०५१, पृष्ठ ६८ ।

यो भिमसेनलाई द्यः भिधः र ध्वाखा भिद्यः पनि भनिन्छ । ध्वाखा भिद्यः यन्त्रको अर्थ छायवहाल ढोकामा अवस्थित भिमसेन भएका कारणले भनेको हुन सकिन्छ । त्यस्तै "द्यो भिद्यो" को अर्थ द्यः जुजु वा काय बाजेले स्थापना गरिएको कारण द्यः भिद्यः भनी पुजिन्छ । जनश्रुती अनुसार तान्त्रिक "गय बाजे" (द्यः भाजु) ले चण्डेश्वरी देवीको सुरक्षार्थ चार किल्लामा चार देवदेवी स्थापना गरिएको थियो । यो मन्दिर पश्चिमि दिशामा स्थापना गरिएको हो । नेवारी भाषामा "द्यो भाजु" के अर्थ "राजउपाध्याय" नेवार बाहुन जातीलाई "द्यो भाजु" भनिने हुनाले हो ।[८२]ने.सं. ७०९ को अभिलेखमा "द्यो भिद्यो" को उल्लेख पाएको छ ।[८३] यस्ता प्वाल रुपी देवतालाई नेवार समजमा "नासद्यः"को रूपमा पनि मानिन्छ । जनश्रृती अनुसार भिमसेन गुप्तवास बस्दा एउटा ठूलो समस्या आएछ । त्यसबाट बाँच्न उनले पर्खालमा तिनवटा प्वााल पारी लुकेर बस्छ । त्यसकारण यसको कुनै रुप हुन्दैन भनी नेवारहरूले मानिन्छ । नेवारहरुले मान्ने यही प्वाल नै नासद्यः हो ।[८४] त्यस्तै यस मन्दिरको पूर्वतिरको केही घरपर सिनास्वा ल्हः (ढुङ्गा) वा भिमसेन ढुंगा छ । जसलाई स्थानीय मानिसहरू भिमसेन गुप्तवास बसेको भनी मानिन्छ ।

### ३.१.३ शक्ति सम्प्रदायका मन्दिरहरू

शक्ति सम्प्रदाय अन्तर्गत एक देवि चण्डेश्वरी हुन । चण्डेश्वरी देवीको नाम दशमहाविद्या, नवदुर्गा, अष्टमातृका, सप्तमातृकाहरूको समूहमा पर्दैन । तर मल्लकाल तिर काठमाडौं उपत्यकाका तिनै शहरहरूमा चण्डश्वरी मन्दिर स्थापना गरी पूरा गर्ने प्रचलन पाइन्छ ।[८५] साथै यहाँ चण्डेश्वरीलाई कुमारीका रूपमा पुजिने प्रचलन पाइन्छ ।[८६] आख्यान अनुसार चण्डासुर दैत्यलाई वध गरेका हुनाले देवीलाई चण्डेश्वरीको नामले प्रख्यात भयो । चण्डेश्वरी देवीलाई चण्डिका महेश्वरी पनि भनिन्छ ।[८७]

---

[८२] कायस्थ, छत्रबहादुर पुर्वतत्, पृष्ठ ६ ।
[८३] कायस्थ, (अप्रकाशित) ।
[८४] महर्जन, विपेन्द्र "नास द्य : नेवा संस्कृतिया छपुलु" "लुमति-पौ", ने.सं. ११२० वटु, काठमाडौं, २०५६, पृष्ठ २१-२५ ।
[८५] पौड्याल, रमा शर्मा, "ललितपुरकी चण्डेश्वरी एक अध्ययन", "श्री चण्डेश्वरी", बनेपा न.पा. स्मारिका, २०५०, पृ. १९ ।
[८६]
[८७] जोशी, हरिराम, "चण्डेश्वरी" श्री चण्डेश्वरी, बनेपा नगरपालिका, स्मारिका, २०५० वि.सं., पृ. ७ ।

धर्मशास्त्र अनुसार चण्डेश्वरीको ध्यान एक बालिकाको रूपमा लालवर्णा, त्रिनेत्र, दुई हात भएकी, सिंहवाहन चढेकी देवीका रूपमा पुजिने चलन छ । साथै पूजामा "कालिका यन्त्र"वा सांकेतिक चिन्हको प्रयोग गरिएको हुन्छ । [८८]

### ३.१.४ चण्डेश्वरी द्यः (चण्डेश्वरी मन्दिर)

पिम्वहाल जमल पोखरीको उत्तर दिशामा अवस्थित तीनतल्ले पागैडा (तल्ले) शैलीको मन्दिरलाई चण्डेश्वरी मन्दिर भनिन्छ । यो दक्षिण भिमुख चण्डेश्वरी मन्दिरको माथिलो छाना सुनको मोलम्बा युक्त धातुको छ । साथै तल्लो दुईवटा छानाहरू झिगेतो (आप्पा) ले छाएको छ । मन्दिरको माथि छानामा सुनको मोलम्बा युक्त धातुको गजुर छत्र साथै चन्द्रसूर्ययुक्त नेपालको झण्डा छ । मन्दिरमा चारैतिर स-साना धातुका घण्टाहरू झुण्डाएको छ । मन्दिरको प्रत्येक तल्लाको १६ वटा काठमा तुडालहरूमा छन् । जसमा तान्त्रिक देवदेवीहरू भैरव-भैरवीका मुर्तिहरू कुँडिएको छ । त्यस्तै मन्दिरको चारै कुनाहरूमा दुई हात उठाएका कुसल (शादुल) का आकृति कुँडिएका तुडालहरू छन् । {हेनुस् चि.फ.नं. ४.१} मन्दिरका चारैतिर बति बालन धातुकोदियो बनाएको छ । यो मन्दिरको निर्माण काठ, इट्टा, माटो, ढुङ्गाले बनाएको छ । वि.सं. १९९० सालको महाभुकम्पमा काठमाण्डौ उपत्यकामा केहि नभएमा सिमित मन्दिरहरू मध्य एक हो ।[८९] यस मन्दिरको निमार्ण कसले कहिले गर्यो भन्ने प्रमाणित अभिलेख हालसम्म पाइएको छैन । यो मन्दिर बनेपाको चण्डेश्वरी मन्दिर तानि बनएको जनश्रृती पाएपनि, यस मन्दिरमा प्राप्त ने.सं. ७८३ (वि.सं. १७२०) अभिलेख (हेर्नुहोस् अ.फ.नं.५) बनेपामा प्राप्त अभिलेख भन्दा पुरानो देखिन्छ ।[९०]

चण्डेश्वरी मन्दिर अगाडी ढुङ्गाको चण्डेश्वर शिवलीङ्गहरु छन् । जसको अगाडि दायाँवायाँ ढुङ्गाको नन्दी (बसाहा) को मूर्ति छ । चण्डेश्वरी मन्दिर अगाडी एक तल्ले भजन पाटी छ । मन्दिरको पूर्वपट्टि राधाकृष्णको ढुङ्गाको मूर्ति छ । साथै वरपर हालसालै निर्मित देवदेवीका स-साना ढुङ्गाका मूर्ति युक्त मन्दिरहरू रहेक छन् । जसमा गणेश, (देगुद्यः) विष्णु, बुद्र आदिमा छन् । यस चण्डेश्वरी मन्दिरका पुजारी नेवार शर्मा (रामउपाध्याय) हो ।

## चण्डेश्वरी मन्दिरसम्बन्धी ऐतिहासिक श्रोतहरू

---

[८८] शर्मा, **पूर्वतत्**, पृ. २० ।

[८९] राणा, ब्रधशम्शेर "नेपालको भूकम्प -१९९०" (काठमाडौं, १९९१), पृ. १८२ ।

[९०] कायस्थ, छत्रबहादुर, "बनेपा र ललितपुर पिम्वहालस्थित चण्डेश्वरी सम्बन्धी केही कुरा" श्री चण्डेश्वरी, बनेपा न.पा. स्मारिका, २०५० वि.सं., पृ. ८४ ।

पौराणिक आख्यान अनुसार चण्डेश्वरी देवीको उत्पत्ति चण्डासुर दैत्यको अत्याचारबाट अशान्त देवताहरूले वनेपास्थित रन्तचन्द्रन वनमा चण्डिका माहेश्वरीलाई पुकारी ती देवीद्वारा चण्डासुर दैत्यको बघ गरेका कारण ती देवीलाई चण्डेश्वरी देवी भनी पुजिय भयो । फेरि देवीद्वारा चण्डासुरको वद्य गरिएपछि ति असुरको देहवात तेज निस्की चण्डेश्वर नामका महापुण्यशील लिङ्ग वा चण्डेश्वर शिवलीङ्ग बनी पुख्यात भयो ।[९१] जनश्रृति अनुसार सुलिम तोल निवासी "गयो बाजे" (द्य बाजे) एक ठूला तान्त्रीक थिए । जसले पाटन इखालाकु भन्ने स्थानमा हरिसिद्धिको नाच हेर्न आएका चण्डेश्वरी देवीलाई आफ्नो तन्त्र बलले समाती सर्पको रूपमा ७ दिन ७ रात सम्म अफ्नो बाहुमा थुनि राखे ।[९२] पछि ती देवीलाई मन्दिर बनाई स्थापना गरिराख्छु भनि फकार हरिसिद्धि देवीका लागि कोतलाछी गणेश मन्दिर र चण्डेश्वरी देवीलाई चण्डेश्वरी मन्दिरमा स्थापना गर्न मन्दिर बनाउन लगाए । ति देवीलाई तान्त्रिक बाजाले लिएर आउँदा पिम्वहाल पुग्दा बाटामै कुखुरा बासिएका कारण सदे देवीलाई चण्डेश्वरीमा नै प्रतिस्थापन गरे ।

प्राप्त अभिलेख अनुसार यस चण्डेश्वरी देवीलाई विभिन्न नामले सम्बन्धित गरेको पाइन्छ । सम्बत ७८३ को अभिलेखमा "ऊँ नमः भवाव्य ॥ शिवशक्ति स्वरूपाय ...॥" भनी देवीलाई भागवान शिवकी शक्तिस्वरूपिनीका रूपमा बताईएको छ । त्यस्तै सम्बत् ८८६ को अभिलेखमा "बन्देह कालिका देवी" भनी देवीलाईकालीकाको रूपमा दर्शाइएको छ ।[९३]

### ३.१.५ नास द्यः (नाटेश्वर)

कलाकारहरूको पुज्येय देवता नास द्यः नेवार समूदायहरूमा अति प्रचलित देवताका रूपमा लिइन्छ । नेपाल भाषामा "नास"को अर्थ सिद्धि, हिस्सी, कसैलाई मोहित पार्न वा आकर्षीत पार्न सक्ने क्षमता भएको भन्ने हुन्छ । साथै "द्यः" को अर्थ "देवता" हुन्छ ।[९४] त्यस्तै नास द्यःलाई कार्यसिद्धि र प्रतिमाका देवताका रूपमा पनि पूजिनुका साथै व्यक्तिमा रहेको आन्तरिक प्रतिमा वा उत्प्रेरणको श्रोतको रूपमा पनि लिइन्छ ।[९५] नासद्यःको मन्दिरमा तीनवटा प्वालहरूलाई देवताका प्रतिकरूपमा मानि पूजा आरधना गरिन्छ । नास द्यः लाई नाटेश्वर (

---

[९१] जोशी, हरिराम (सं.) "चण्डेश्वरी", वनेपा न.पा. स्मारिका, २०५०, पृष्ठ ६ ।

[९२] पौड्याल, पूर्ववत् ।

[९३] जोशी, पूर्ववत्, पृ. ८ ।

[९४] शाक्य, मिलन रत्न "नास द्यः" गोरखापत्र, काठमाडौं, फागुन ४ सोमबार २०५९ वि.सं., पृ. २ ।

[९५] प्रजापति, सुगाषराम "नास द्यः परम्परा र दर्शन", अनुसन्धान प्रबन्ध, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, कीर्तिपुर, वि.सं. २०६३) पृ. १० ।

नटराज) देवता पनि भनिन्छ । नृत्यमूद्राका नातेश्वर नटराज देवतालाई महादेवको रूप मानिन्छ । नास द्यःको मन्दिरमा आदिवासी नेवार जाति (ज्यापू) हरूले बाजा, संगित सिखन अगाडि पूजा गरिन्छ । साथै मन्दिरमाथि देवतालाई चढाउने जनावरको सिङ राख्ने चलन पाइन्छ । जुन ज्यापूहरूको विशेषता मानिन्छ । नास द्यःको देव आकृति प्वालहरूलाई सेतो कपडाले छोपिएको हुन्छ । जुन कपडामाथि नास द्यः का रूप, आकृतिहरू चित्रण गरिएको हुन्छ ।

**नास द्यः का मन्दिरहरू**

यल ध्वाका क्षेत्र अन्तर्गत सिवहाः नास द्यः र पिम्वहाल नास द्यः मन्दिरहरु छन् {हेनुस् चि.फ.नं. ५.४}। त्यस्तै नाटेश्वर देवमन्दिर स्वरूप मानिएर राखिएका तोरणमा नटोल गणेश र चण्डेश्वरी मन्दिर छन् ।

**३.१.५.१ सिवहा नास द्यः**

नटोलदेखि गवहाल जाने बाटाको बीचमा रहेको सिवहाल गणेश मन्दिर पछाडि सिवहा नासः द्यःको मन्दिर छ । जुन मन्दिर घरको भित्तामा टाँसेर बनाइएको छ । नास द्यःको मन्दिरमा ढुंगाका तीनवटा प्लाहरु रहेको प्रतिकात्मक मूर्ति छ (हेर्नुस् चि.फ.नं. ५.१) । यस मन्दिरमा दुईवटा काठका तोरणहरु थिए । तर हाल एउटा तोरणमात्र बाँकी छ । यो तोरणमा ६ वटा हात भएका एक खुट्टाले टेकि नाचिएको मुद्रामा रहेको नास द्यः (नाटेश्वर) को मूर्ति कुँडिएको छ । जुन मूर्तिको माथि नेपाली तोरणका विशेषताका रुपमा रहेका आकृतिहरु क्रमशः छेपु, नागनागिनी र मकरहरु कुँडिएको छ (हेर्नुस् चि.फ.नं. ५.२) ।[९८] तोरण अडाउन दायाँबायाँ काठका खम्बाहरु रहेको छ । जसलाई ढुंगाका स-साना सिंह मूर्तिहरुले अडाएको छ । मन्दिरको दायाँबायाँ नास द्यःलाई चढाएका जनावरहरुका सिंगहरु रहेको छ जसमा प्रमुखत राँगा, भेडा, चाङ्गका सिंगहरु पर्दछ ।

ठूला नास द्यः (नटराज) को तोरणमा ६ वटा हात युक्त, एक खुट्टाले नन्दीमाथि टेकि नाचिएको मुद्रामा रहेको नटराजको मूर्ति कुँडिएको छ । जुन नटराजको दायाँबायाँ धिमे (एक प्रकारको ज्यापूहरुले बजाउने बाजा) बाजा बनाइरहेका गणहरुको मूर्तिहरु कुँडिएको छ । जुन मूर्तिहरुको माथि चोरणहरुका विशेषताका रुपमा रहेका आकृतिहरुको आकृतिहरु पनि कुँडिएका छन् । त्यसमाथि छत्र र गजुर पनि रहेको छ ।

---

[९८] श्रीवहाल ढिंगीभित्र सुरक्षितका साथ राखिएको सिंवहाल नास द्यःको तोरणबाट लिएको ।

यस्ता नास द्यः (नाटेश्वर) को चोरणहरु नटोल गणेश मन्दिरको तोरण र चण्डेश्वरी मन्दिरको तोरण हो । चण्डेश्वरी मन्दिरको तोरण धातुको पाटाले मोडिएको छ ।

### ३.१.६ करुणामय मन्दिर (लोकेश्वर मन्दिर) सिवहा

सिवहाल गणेश मन्दिरको पछाडी पट्टी चोकमा बैद्ध सम्प्रदायमा अति कम पाउने शिखर शैलीको मन्दिर जुन शिखर शैलीको मन्दिरलाई करुणामय (लोकेश्वर) मन्दिर भनिन्छ जुन ढुङ्गैढुङ्गाले बनेको छ । यो मन्दिरलाई ललितपुर बुगमतीको करुणमय (महिन्द्रनाथ) मन्दिरको प्रतिरूप मानिन्छ । यो शिखर शैलीको मन्दिर ३ रथमा निर्मित छ । यस मन्दिरको गर्भगृह स्वरूप सानो वर्गाकार छ । मन्दिर भुइबाट एकतह माथि पेटि माथि बनाएको छ । जसको उचाइ १५ फिटको छ । यो उत्तर भिमूख मन्दिरको दायाँवायाँ कुनै वहान र द्वारपाल छैन । मन्दिरमा कुनै अभिलेख नभएको कारण मन्दिर कहिले, कसले बनाइएको प्रष्ट हुदैन । यो मन्दिरको जिर्णद्वार मिति ने.सं. ११२६ (वि.सं. २०६३) मा गरेको उल्लेख छ । यस मन्दिरमा पदमपानी लोकेश्वरको मूर्ति छ । जुन मूर्ति कालो ढुङ्गाको हावादारी स्वरूपले बनाएको छ ( हेर्नुस् चि.फ.नं. ६.२) । हाल मुख्य मूर्ति फुटेको कारण प्रति मूर्ति बनाएर अगाडि राखिएको छ । मन्दिरमा सानो फलामको खापा पनि बनाएको छ । मन्दिरको बाहिर अर्ध चन्द्राकार ढुङ्गाको तोरण छ । जुन तोरणमा पञ्च तथागत बुद्धका आकृति कुडिएको छ । मन्दिरको चारैतिर बत्ति बाल्नका लागि धातुका दिप बनाएको छ । मन्दिरको माथिलो तल्लाको चार दिशामा स-सानो खेपा बनाइ ढुंगाका ध्यानी बुद्ध मूर्ति राखिएको छ । मन्दिरको माथिल्लो भागमा गजुर राख्नुको सट्टा ढुंगाको स्वयम्भू चैत्य प्रतिस्थापना गरिराखेको छ । यस मन्दिरमा अभिलेख हराएको छ (हेर्नुस् चि.फ.नं. ६.१) । यदि अभिलेख प्राप्त भएको भए धेरै कुरा थाहा पाउन सकिन्थ्यो । यस मन्दिरका पूजारी बज्राचार्य हुनुहुन्छ ।

यस मन्दिरको पछाडि पट्टि पेगोडा शैलीको ३ तल्ले मन्दिर छ । जसको भितामा हरिहरिहरि वहान लोकेश्वरको भितेचित्र कोरिएको छ । जुन अति उत्कृष्ट देखिन्छ ।

### ३.१.७ शिव मन्दिर

#### ३.१.७.१ विश्वस्वर महादेव मन्दिर

पिम्वहाल अशोक चैत्य र जमल पोखरीको दक्षिणमा सानो गल्ली भित्र पर्ने काष्ठकलाले भरिपूर्ण चतुकोणकार भारती मठको बीचमा गुमवज्र शैलीमा निर्मित एक तल्ले शिव मन्दिरलाई

विश्वेस्वर महादेश मन्दिर भनिन्छ । यो दक्षिण भिमूख शिवमन्दिरको बाहिर अतिसुन्दर विदेशी टायल र सिमेन्टका मोज्याकंले भरिपूर्ण कलात्मक मन्दिर हो (हेर्नुस् चि.फ.नं. ६.१) । मन्दिरको गर्भगुहमा मोडिएको धातुद्वारा ढुङ्गाको शिवलीङ्ग छ । जसको माथि धातुको चक्रमुखी शीव आकृतिको मुकुट लगाएको छ । जसमा सद्योजात, बामदेव, अधोर, तत्पुरुषका आकृति कुडिएको छ । मन्दिरको बाहिर दक्षिण फर्किएको अधोर भैरवको ढुङ्गाको मुखकृति प्रतिस्थापित मूर्ति छ ( हेर्नुस् चि.फ.नं. ८.४) । त्यस्तै मन्दिरको माथि चारैतिर हनुमान लगाएत शैव सम्प्रदाय अन्तर्गतका देवताका मूर्तिहरू प्रतिस्थापित छ । मन्दिरको माथि भागमा कमल माथि सुनको मोलन्वा युक्त गजुर र त्रिशुल स्थापन गरेको छ । मन्दिरको उत्तरतिर जिर्णद्वार र स्थापनाक अभिलेख राखिएको छ । जहाँ वि.सं. १९६४ सालमा स्थानीय महन्थले जिर्णद्वार गरेको उल्लेख छ (हेर्नुस् अ.फ.नं. ) । मन्दिरको दक्षिणमा २ वटा घण्टा र पूर्वमा ठूलो १ घण्टा राखिएको छ । मन्दिर ४ खुट्टकिला सिडीमाथि अवस्थीत छ र चारैतिर डियो राखिएको छ । शिवमन्दिरको चारैतिर इट्टाले छाएको चोक छ । साथै ३ तल्ले काष्ठकलाका उत्कृष्ठ झ्यालहरू छन् (हेर्नुस् चि.फ.नं. ८.२) । जहाँ भारती महन्थहरू बस्दछ । यस मन्दिरका  पूजारी राजउपाध्या हुनुहुन्छ जले नित्य बिहान र सन्ध्यामा पूजा आरधना गरिन्छ । मन्दिरको प्रमुख ढोकाको दायाँवायाँ स साना ढुङ्गामा धातुले मोडिएको जोडिएको सिंहहरू राखिएको छ ।

### ३.१.७.२ पाटन ढोका शिव लिङ्ग

पाटनढोका बाहिर बसपार्कमा ढुङ्गाको चर्तमुखी शिवलीङ्ग प्रतिस्थापित छ । जसमा साधोजात, बामदेव, अधोर, तत्पुरुषका आकृतिहरू कुडिएको छ । तर हाल सबै आकृति खण्डित छ । जुन शिवलिङ्ग अगडी ढुङ्गा र धातुको छुट्टाछुट्टै बसाह रहेको छ । यस शिवलिङ्गलाई रेलिङ लगाई छानाले छोपिएको छ (हेर्नुस् चि.फ.नं. २३.३) । यो शिवलिङ्ग बाटोमा यि डबली उठाएर स्थापना गरिएको छ । यहाँ कुनै अभिलेख देखिदैन । जसले गर्दा यसबारे पूर्ण जानकारी मिल्न गाह्रो छ ।

### ३.१.७.३ चण्डेश्वर महादेव (शिवलिङ्ग)

चण्डेश्वर मन्दिर अगाडि ढुङ्गाको शिवलिङ्ग प्रतिस्थापित छ । जसको अगाडी ढुङ्गाको बसाइ प्रतिस्थापित छ (हेर्नुस् चि.फ.नं. २३.४) । शिवलिङ्गलाई चण्डेश्वर महादेव भनि आरधना गरिन्छ । यसमा पनि कुनै अभिलेख छैन । तर जनश्रृति अनुसार चण्डासुर राक्षेसले तपस्या गरी

चण्डेश्वर महादेव बनाइएको हो साथै चण्डेश्वरी शक्ति पिठसँगै महादव स्थापना हुने भएकोले चण्डेश्वर महादेव रहेको तर्क छ ।

### ३.१.८ कृष्ण मन्दिर

जःगमदु पुखु (जमल पोखरी) को बीचमा अवस्थित १६ खुट्टेपाटीको पूर्वपट्टीसँगै सानो मन्दिरलाई कृष्ण मन्दिर भनिन्छ । यो मन्दिर पश्चिमि भिमूख हो । मन्दिरको भित्र मूलदेवतामा ढुङ्गाको सानो मुरलीबजारमा कृष्ण र दायाँवायाँ रुकमणि, राधा छन् । मन्दिरमा सानो काठको ढोका पनि छ । यस मन्दिर हालसालै जिर्णद्वार भएको हो । यस मन्दिको प्रमुख मुर्ति पिम्वहालका गुठी घरका छन् । जुन हरेक वर्ष कृष्ण अष्टमीका दिन प्रतिष्ठापना गरिन्छ । यस मन्दिरको कृष्ण, राधा, रुकमणिका धातुको मूर्ति धातुको सिंहासनमा राखिएको छ ।

## ३.२ विहार बास्तुकला

विहारको अर्थ “आराम” वा विश्राम भवन हुन्छ । बौद्ध विहारहरूको निर्माण शैली विहार वास्तुकला अनुरूप बनेको पाइन्छ । नेपाली बौद्ध विहारहरूको निर्माण इट्टा, काठ, माटो, ढुङ्गाको बढी प्रयोग गरेको पाइन्छ । नेपालमा विहार निर्माण गर्दा सम्मान्यत भूकम्पहरूबाट सुरक्षित गर्ने तर्फ बढी ध्यान दिएरै निर्माण गरेको देखिन्छ ।[९७] नेपाल बौद्ध विहारहरू चतुष्कोणकार चोक र ती चोकहरूमा इट्टा (चिकंअपा) वा ढङ्गा विछाएको हुन्छ । विहार प्रवेश गर्ने मूलद्वार एउटामात्र हुन्छ । ढोकाको बाहिर दायाँवायाँ ढुङ्गाका सिंहहरू र ढोकाबाट पस्ने वित्तिकै दायाँवायाँ ढुङ्गाका गणेश, महाकाल हात्तिका मुर्तिहरू हुन्छ । [९८] ढोकाको दायाँवायाँ रहने काठका फल्चा (बस्नेठाउँ) रहेका हुन्छ । अधिकांश विहारमा मूल प्रवेश द्वारको ठिक सामुन्ने संघको क्वापाद्य (क्वाचपाल) वा मुलदेवताको मन्दिर रहेको हुन्छ । नेपालका विहारहरूका मूल देवता भूस्पर्श मुद्रामा बसेको शम्यमुनि बुद्ध हुन्छ । मूल देवताको ढोकाबाहिर काठको तोरण हुन्छ । जसको मुख्य भागमा गर्भगुहमा रहेको प्रमुख देवताको मूर्ति[९९] राखिएको हुन्छ भने माथि नेपाली तोरण शैलीका प्रमुख विशेषताका आकृतिहरू जस्तै क्षेपु, नागनागिनी, मकरका र छत्र आकृति रहेको हुन्छ । विहारको मन्दिर दुई तल्लाको हुन्छ । जसको माथि गजुरको सट्टा चैत्य हुन्छ ।[१००]

---

[९७] 'Tri-Budhi", ललितपुरका बौद्ध विहार तथा संघ संरचना, (कीर्तिपुर, बौद्ध केन्दिय विभागका विद्यार्थी वि.सं. २०६०/६३) पृ.९८ ।

[९८] भिक्षु सुदर्शन “नेपाली विहारका विशेषताहरू परिचयति” (ललितपुर, श्रद्धालुहरू, वि.सं.२०४१) पृ. ७ ।

[९९] ऐजन, पृ. ९ ।

[१००] ऐजन, पृ. ११ ।

विहारको मन्दिरको छाना त्यहाँ रहेका भवनको छानासँग जोडिएर बनाउने चलन छ । त्यस्तै विहारको दायाँवायाँ र पछाडी अन्य स-साना चोकहरू पनि बनेको हुन्छ ।

विहारभित्र इनार र पानीको निकासको उचित व्यावस्था गरेको हुन्छ । त्यस्तै विहारको विशेषताको रूपमा विहारभित्र चारैतर्फ बेदिका उठाई विचभागमा खुल्ला चोक हुन्छ र सो चोकको बीचमा श्री स्वयम्भूको प्रतिक चैत्य, धर्मधातु मण्डलहरू स्थापना गरेको पाइन्छ ।[१०१]

ललितपुरमा मूलबाहाहरू १८ वटा र मूल वहिल २५ वटा छन् । ती मध्ये श्री वत्स महाविकार (सिवहाल) पनि एक हो ।[१०२] त्यस्तै चुडाकर्म गरिने शाखाहरुका ९ वटा वहा मध्य मूवहा एक हो ।[१०३]

यस यल ध्वाका (पाटन ढोका) क्षेत्र अन्तर्गत ठूला साना गरि १० वटा बहालहरू छन् । ती निम्न छन्: ठूला वहालहरूमा श्रीवहार, छायवहाल, मिखाँवहाल, पिम्वहाल, मूवहा र साना वहालहरूमा छायवहाल “वहा-चा”, क्वाथ बाहा, माकः बाहा, थाक बाहा,सिजः बाहा, चुरखा बाहा (भगिननी) छन् ।[१०४]

## ३.२.१ छाय्वहाः (छायवहाल)

छाय्वहाल भिमसेन मन्दिर पछाडी सानो गल्ली भित्र रहेको सानो वहाललाई भनिन्छ । ने.सं. ७८५(१७२२ वि.सं.) को अभिलेख अनुसार यस वहाललाई “छवाच वहा” व “छायवहार” भनि सम्बोधन गरेको छ ।[१०५] छायवहालमा उत्तर दिशाफकिएको दुइतल्ले पागैडा शैलीको मन्दिरभित्र “क्वापा द्यः” रहेको छ । यहाँको “क्वापा द्यो” भूस्पस शाक्यमूनि बुद्ध वा अक्षेभ्य बुद्ध[१०६]को ढुङ्गाको मूर्ति प्रतिस्थापना गरिएको छ । साथै यस मूर्तिको दायाँतिर अर्को माटोको बुद्धको मूर्ति पनि छ । मन्दिरको अगाडी चोकमा ढुङ्गाका धर्मधातु मण्डल र शिखरकुट चैत्य प्रतिस्थापना गरिएको छ । विहारको दायाँवायाँ ढुङ्गाको गणेश र महाकालको मूर्ति रहेको छ । त्यस्तै पहिलो तल्लामा ४ वटा बुद्धसँग सम्बन्धी भितेचित्रहरू छन् (हेर्नुस् चि.फ.नं. १६.१) । मूल ढोकाको माथिको काठमाथि मोडिएको धातु तोरण छ । तोरणमा बुद्ध धर्म र संघका प्रतिक

---

[१०१] ऐजन, पृ. ९८ ।
[१०२] उहि, पृ. ९७ ।
[१०३] उहि, पृ. ९८ ।
[१०४] शाक्य, हेमराज “नेपाल बौद्ध विहार व ग्रन्थ सूचि”, (काठमाडौं, मंत्री धर्मोदय सभा ४ औं विश्व वैद सम्मेलन) पृ. १० ।
[१०५] बज्राचार्य, धनवज्र, “**मध्यकालका अभिलेख**” (कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६, पृ. ९५ ।
[१०६] Luck, Johan, K. "Buddhis Monasteries of Kathmdndu Valley" (Kathmandu, Sahayog Press) 1985, pp. 44.

भूस्पश ध्यानी बुद्ध, प्रज्ञापारमिता (धर्म) र षडक्षरी लोकेश्वर (संघ) का मूर्ति कुडिएको छ ।[१०७] जसको माथिलो भागमा छेफु, नागनागीनी र मकरका (हिटिमङ्ग) आकृति कुडिएका छन् (हेर्नुस् चि.फ.नं. १६.२) । यो वहाल बज्राचार्य सदस्य संघ परिवार हो । यो वहाल "मू क्वावहा ( हिरणवर्ण महाविहार)को कचवहा: (सहयक वहाल) हो । यहाँ विहान बेलुका नित्यपूजा आरधना हुन्छ ।

यस वहालको संस्कृत नाम "श्री रत्नमुनि संस्कारिक महाविहार" हो । यस वहालको "द्यः पाला" (पूजारी) बज्राचार्य हो । यस वहालका वार्षिक पर्व आश्विन पूर्णिमा पर्दछ ।[१०८] नेपाल भाषामा छायको अर्थ चढाएको र वहाको अर्थ वहाल हुन्छ । यो छायवहालको नामबाट टोलको नाम पनि छायवहाल रहन गएको हो ।

### ३.२.२ छायवहाल "वाहा चा"

छायवहालको पूर्वतर्फाको सानो चोकभित्र तिनतल्ले मन्दिर भएको वहाललाई "वाहा चा" भनिन्छ । यो "वाहा: चा" छायवहाल तोलको तुननीमा पर्दछ । ने.सं. ८४५ (१७८२ वि.सं.) र ने.सं. ८५७ ( १७९४ वि.सं.) को शिलालेख[१०९] अनुसार शाक्य परिवारले यो वहाल स्थापना गरेको उल्लेख पाइन्छ । जसकारण पनि वहालको संघपरिवार शाक्य परिवार हो । जसले यस मन्दिरको नित्यपूजा विहान बेलुका गर्दछ । पूर्व दिशाफर्किएको यस वहालको "क्वापा द्य" ढुङ्गाको भूस्पर्श ध्यानी बुद्ध वा अक्षेभ्यबुद्ध[११०] हो । मन्दिरको मूलढोका दायाँवायाँ काठका शलिपुत्र र मोदगल्पानीका मूर्ति रहेको छ । त्यस्तै गणेश र महाकालका ढुङ्गाका मूर्तिहरू र ख्या (ख्याक) र कवं (कंकाल)का काठका मूर्तिहरु पनि रहेको छ । मूलढोका माथि धातुका माणेहरू रहेको छ भने ५ झ्याले सानो कलात्मक टिकी झ्याल पनि रहेको छ (हेर्नुस् चि.फ.नं. १६.३) । मूल ढोका मानिने काठको तोरणमा बुद्ध, धर्म, संघका प्रतिक भूस्पर्श ध्यानी बुद्ध, प्रज्ञापारमिता र अभलोकेश्वरका मूर्तिहरूका साथै माथि बज्रस्तुवैमा मूर्ति पनि कुडिएको छ । त्यस्तै क्षेपु, नागनागीनी, मकरका मूर्तिहरू पनि कुडिएको छ (हेर्नुस् चि.फ.नं. १६.४) । यस वहालको बीचमा एउटा भोतिम ढुङ्गाको चैत्य प्रतिस्थापना गरिएको छ । यस विहारको वार्षिक पर्व

---

[१०७] उहि, Luck, P. 44
[१०८] उहि, Luck, P. 44
[१०९] पूर्ववत्, Luck, पृष्ठ ४४ ।
[११०] पूर्ववत्, Buck,

भाद्रको पूर्णिमा पर्दछ । यस वहालको स्थापना १३ औं शताब्दीतिर भएको मानिन्छ ।[१११] यो वहाल पनि मु: क्वाहाको सहायक वहा हो ।

### मूवहाः

पिम्वहाल अशोक चैत्यपछाडीको चतुकोणकार वहाललाई मू:वहा भनिन्छ । यस वहालमा ने.सं. ५६७ (१५०४ वि.सं.) को जिर्ण अभिलेख छ । पूर्व दिशा फर्किएको मू:वहालको मन्दिर तीनतल्ले साधारण छ । दुवै तल्लामा तीनमूखे काठकाभ्र्यालहरू र छाना झिगेटी छाएको छ । मन्दिरको गर्भगृहमा रहेको "क्वापा द्य" ढुङ्गाको भूस्पर्श ध्यानी बुद्ध वा अक्षेभ्य बुद्ध[११२]को मूर्ति छ । विहारको चोकमा दुईवटा ढुङ्गाका धर्मधातु चैत्य प्रतिस्थापीत छ । हाल यस विहारमा तोरण छैन । मन्दिरको दक्षिणमा काठको कलात्मक ढोका भएको ३ तल्ले दिगो छ । यस विहार संघ शाक्य परिवारद्वारा प्रतिस्थापीत छ । यो दिगो वा आगंछेमा शाक्य परिवारद्वारा नित्यपूजा आजा हुन्छ । ने.सं. ५६७ (वि.सं. १५०४) को अभिलेख अनुसार यस विहारलाई गवर्भपिन्थ महाविहार भनि सम्बोधन गरेको पाइन्छ । त्यस्तै यो विहार पिम्वहाल चैत्यको नित्यपूजा गर्न र संरक्षणगर्न निर्माण भएको कारण यसलाई "चैतावर्ण महाविहार" वा मूल श्रीः विहार (मूवहा) पनि भनि सम्बोधन गरिन्छ ।[११३] यस वहालको महत्व इल्हने सम्यक् (प्रत्येक ४ वर्षमा हुने ललितपुर नागवहाल सम्यक) मा यहाँका थकालि अशोक चैत्यका प्रतिनिधि भइ प्रमुख देवता लग्ने र भूमिरोधन गर्नु पर्ने चलन छ ।[११४] सम्यक दान अगाडि आदेशना गर्ने वहाः भएको कारण यस वहाललाई मू:वहा पनि भनिन्छ । यो वहाल क्वाः वहा (हिरणवर्ण महविहार) को सहायक वहाल हो ।

## ३.२.३ श्री वहाः (सिँवाहा)

सिवहाल गणेश मन्दिरको भित्रपट्टि अशोक स्तुपाको अगाडी जोडि ढुङ्गाका सिंहहरू भएको विहारलाई सिँवहा (श्री वहाल) भनिन्छ । ने.सं. ५०९ (वि.सं. १४४६) को "पञ्चरक्षासुत्र"[११५] ग्रन्थाभिलेख नै यस श्रीवहाको आधिकारिक प्रमाण हो । यस ग्रन्थमा यस वहाको नाम "श्री वच्छ विहार" नाम उल्लेख गरेको छ । त्यस्तै ने.सं. ७१५ (१६५२ वि.सं.) र

---

१११ पूर्ववत्, Buck,

११२ बज्राचार्य, हेराकाजी "यलया बौद्ध विहार" (पाटनः बौद्ध विहार संघ, २०५७ वि.सं.) पृ. १६३ ।

११३ शाक्य, आशरत्न (सं.) "मतया, स्मारिका" आशरत्त शाक्य, ललितपुर, वि.सं. २०, पृ. ५३ ।

११४ पूर्ववत्, बज्राचार्य, पृ. १६४ ।

११५ (क्याम्ब्रीज युनिभर्सिटि, लाइवरीमा सुरक्षीत) बज्राचार्य, हेराकाजी, "यलया बौद्ध विहार" (ललितपुर, वि.सं.२०५७) पृ. ९७-९८ ।

ने.सं. ७५० (१६७७ वि.सं.) का ताम्रपत्र अभिलेखले पनि श्रीवच्छ विहारको उल्लेख गरेको पाइन्छ। यस चतुक्रोणकार विहारमा पूर्व दिशा फर्किएको “क्वापा द्य” को तीन तल्ले मन्दिर छ। जुन मन्दिर पागैडा शैलीबाट निर्मित छ। जसमा विभिन्न बैद्ध दैवदैवीका आकृति कुडिएका काठका तुडालहरुले सजिएको छ। जुन मन्दिरको माथिल्लो तल्ला धातुको मोल्मवा युक्त छाना, धातुका तीनवटा चैत्य गजुर र धातुकै झण्डा, छत्र छन्। मन्दिरको दायाँ दुई तल्ले आगं छे (डिगः) रहेको छ। जसके छेडिमा बसुन्धरा, नामसगीति, प्रज्ञापाखमेत, पद्मपाणि लेकेखर, महकालका ढुङ्गाका मूर्तिहरू प्रतिस्थापीत गरिएको छ। त्यस्तै आगंछेमा चक्रसंवर व वज्रवाराही, साथै काठको क्वापा द्य छ। यो क्वापा द्यः शाकयमूनिको मूर्ति मन्दिरको प्रमुख देवता मूर्ति हो। हाल यस मन्दिरमा ढुङ्गामाथि धातु मोडिएको ठूलो “क्वापा द्यः” को मूर्ति रहेको छ।

नेपाल भाषामा सिँवहालको अर्थ “काठको वहाल हुन्छ। जसले गर्दा यो विहारमा काठको “क्वापा द्य” भएको कारण यस वाहालको नाम सिँवहाबाट अपभ्रंश भई श्री वहाल हुन गएको हो वा काठैकाठले बनाएको वहाल भएकोले सिवहाल भनेको हो भन्ने अनुमान गर्ने गरेको छ। जनश्रुतीअनुसार सिम्रोणगडबाट ल्याई त्यही काठको देवता (ल्याइ) प्रतिस्थापीत गरिएको उल्लेख छ। साथै एउटै वनको काठले बनाएका वहाल भएमा कारण सिँवहा हुन गएको उल्लेख पाइन्छ। क्वापा द्यको मन्दिरको धातुको तोरणमा बुद्ध, धर्म र संघका प्रतिक भुस्पर्श ध्यानी बुद्ध, प्रज्ञापारमिता र सदकेश्वरी लोकेश्वरका मूर्तिहरू कुडिएको छ।[११६] तोरणमाथि क्षेपु नागनागीनी, मकरका आकृतिहरू पनि कुँडिएको छ (हेर्नुस् चि.फ.नं. १५.२)। विहारको प्रमुख देवता धातुको स्थानक वैदिसत्वको मूर्ति छ (हेर्नुस् चि.फ.नं. १५.३)। जुन बुद्धको मूर्तिलाई रत्न पानी बौधिसत्व पनि भनिन्छ। यस मूर्तिको मुद्रा एकहात मूद्रामा र अर्को भविष्य व्याकरण वरद मूद्रा रहेको छ। क्वापद्य (रत्नपानी वोधिसत्व)ले घाँटी देखि खुट्टासम्म चिवर धारण गरी शिरमा मुकुट लगाएको छ। यो मूर्ति ढुङ्गाको माथि धातुबाट बनेको छ। यस मूर्तिसँगै स्वयम्भू चैत्यका मूर्तिहरु प्रतिस्थापित छ। मन्दिरको दायाँबायाँ जोडि शलिपुर र मोदगल्पानीयका साथै धातुका सिंह मूर्तिहरू रहेको छ। श्रीवहाल चोकमा ढुङ्गाका दुई वटा धर्मधातु मण्डल र भोतिक चैत्य रहेको छ। वहालको दायाँवायाँ गणेश र महाकारका ढुङ्गाका मूर्तिहरू प्रतिस्थापना गरिएको छ (हेर्नुस् चि.फ.नं. १५.१)। सिवहाल अगछेको काठको तोरणमा बीचको प्रमुख तान्त्रीक देवीमा बज्र छुमाकर मूद्रामा उभिएको र दायाँवायाँ गणेश र कुमार

---

[११६] उहि, Luck, p. 172.

रहेको छ (हेर्नुस् चि.फ.नं. १५.४) ।[117] यहाँ हरेक नित्य पूजाआजा भैरहेको छ । यहाँको संघ परिवार शाक्य परिवार हो भने यस सिवहालका संरक्षक दाता प्याङ्गथाका प्रधान खलक हुन् । यस श्रीवच्छ महाविहार भित्र सम्वत् ७१५ (वि.सं. १६२२), ने.सं. ७५० (वि.सं. १६८७), ने.सं. ७८५ (वि.सं. १७२३), नेसं. ७९८ (वि.सं. १७६५) का ताम्रापत्र र ने.सं. ८१३ (वि.सं. १७५०) जय योगनरेन्द्र मल्लको महत्वपूर्ण शिलालेख रहेको छ । ने.सं. ८१३ (वि.सं. १७५९) सम्मका ताम्रपत्र र शिलापत्रमा यस विहारका म्वापा द्य लाई "शक्यसिंह" भनि सम्वोधन गरेको पाइन्छ भने पहिलोका अभिलेखहरूमा रत्नपानी वोधिसत्व, भेत्री वोधिसत्व, श्री ३ भगवान आदि शब्दको उल्लेख पाइन्छ ।[118] हाल यस क्वा पाद्यलाई रत्नपानी वोधिसत्व भनि सम्वोधन गरिन्छ । ललितपुरका प्रमुख १८ मूलवाहा (महाविहार)हरूमा श्री वरस महाविहार सिवहाल पनि एक हो ।[119] जसमा कचा वहा, (सहायक वहालहरु) ६ वटा रहेका छन् । ती निम्न छन्:- पाँहा बाहा, म्वायबाहा, माकः बाहा, याकः बाहा, दुनै बाहा : चा, दुने नक बाहा आदि ।[120]

### ३.२.४ क्वाथ वाहा :

श्री वत्समहाविहारका कचा वहाः (सहायक वहाल)मध्यको एउटा महात्वपूर्ण वहाल "क्वाय वाहा हो । यस वहाललाई संस्कृतमा "क्वत्त विहार" पनि भनिन्छ । यो वहा कहिले कसले स्थापना गरेको उल्लेख गर्ने कुनै अभिलेख छैन । यहाँ रहेको एउटा अभिलेख जिर्ण छ । यो वहा शाक्य संघ परिवारद्वारा नित्यपूजाआजा गर्दै आएको छ । यस वहालको मन्दिर दुई तल्ले पागैडा शैली साना उत्तर भिमुख क्वापा द्यः को मूर्ति छ । सानो वहालको चोकको बीचमा एउटा ढुङ्गाको शिखरकृत चैत्य छ । यस वहालको "क्वापा द्य" (प्रमुख देवता) ढुङ्गाको भुस्पर्श ध्यानी बुद्ध मूर्ति हो । मन्दिरको दायावायाँ ढुङ्गाका गणेश र महाकालका सानो मूतिहरू पनि प्रतिस्थापीत गरिएको छ । मन्दिरमा काठका एउटा ढोका र झ्यालहरु रहेको छ । यहाँको गुजर चैत्य आकृति कै छ । मन्दिरमा तोरण छैन (हेर्नुस् चि.फ.नं. १९.३) । यो क्वाथ वाहाः श्री वच्छ महाविहारका महत्वपूर्ण सहयक वहाल हो ।

### ३.२.५ माकः वाहा

[117] उहि, Luck, p. 172.

[118] शाक्य, मोटी राम "स्वाय-पुण्ही-लुमन्ति पौ" (यलः श्रीवहाल, वि.सं. २०४८) पृ. ८७ ।

[119] बज्राचार्य, हेराकाजी, "त्रि-बुद्ध" (कीर्तिपुरः बुदिष्ट केन्द्रीय विभाग, Vol. 5, वि.सं. २०६२/६३) पृ. ९७ ।

[120] उहि, बज्रचार्य, हेराकाजी "यलथा बैद्ध विहार", पृ. १०० ।

माक बाहाः श्री वच्छ महाविहारका कचवहा (सहायक वाहाल) मध्यका सबभन्दा महत्वपूर्ण र कलात्मक वहा हो । शाक्य संघ परिवारका माकःखलहरूका सहायक वाह माकवहा सिवहाल अशोक चैत्यको पछाडी पट्टि छ । पश्चिम दिशा फर्किएको यस वहाको “क्वापा द्यः” को मन्दिर तीनतल्ले पागैडा शैलिमा निर्मित छ । अभिलेख १६७६ अनुसार यस मन्दिरमा जिर्णद्वार भएको उल्लेख पाइन्छ ।[१२१] यस मन्दिरको क्वापा द्यः ढुङ्गाको भूस्पस ध्यानी बुद्ध हो ( हेर्नुस् चि.फ.नं. १६.२) । यसको सँगै धातुको स्वयम्भू चैत्य पनि रहेको छ । हाल यहाँको अभिलेख अप्रस्ट भएका कारणले गर्दा अरु कुराहरु प्रष्ट छैन । यस मन्दिरको दायाँवायाँ गणेश, महाकालका ढुङ्गाका मूर्ति स्थापना गरिएका छन् । बिहारको बीचमा एउटा शिखकृत चैत्य रहेको छ । जसका माथि सानो काठका तोरण पनि रहेको छ । जुन अरु स्थानहरुमा पाइदैन । मन्दिरका तोरण छैन तर काठको ढोका माथि बुद्ध धर्मसंघको प्रतिक भूस्पस ध्यानी बुद्ध, प्रज्ञापामिता र लोकेश्वरका साना मूर्ति कुडिएको छ (हेर्नुस् चि.फ.नं. १७.१) । साथै शाक्य मूनि, र रत्नपनी बोधिसत्वका आकृति पनि कुडिएको छ । हाल यस वहालमा शाक्य संघ परिवारका पुजारीले नित्यपूजा गर्ने गर्दछ ।

[१२१] काठमाण्डौ उपत्यक २-ललितपुर-नेपाल सम्पदा संघ, २०५२ ।

### ३.२.६ याकः वाहा

सिवहाल गणेश मन्दिरको पूर्व पट्टिको सानो वहाललाई "याक वाहा" भनिन्छ । यो वहाको मन्दिर सानो दुई तल्ले पागौडा शैलीको छ । जुन हाल अति जिर्ण छ । यस वहालको क्वापा द्यः चोरी भइसकेको रहेछ । पहिला यहाँको क्वापा द्यः ढुङ्गाको भूस्पस ध्यानी बुद्ध र अक्षेवभ थियो । जुन पश्चिीम दिशा फर्किएको थियो ।[१२२] यस वहालमा तोरण छैन । मन्दिरको दायाँवायाँ ढुङ्गाका महाकाल र प्रतिक मूर्तिहरू छ । यो वहाको निर्माण १७ औं शताब्दीतिर शाक्यमूनि परिवारबाट भएको मानिन्छ ।[१२३] वहालको विचमा ढुङ्गाका सानो बज्रधातु चैत्य पदमोपरि जिलालकट चैत्य र धमधातु मण्डल रहेको छ (हेर्नुस् चि.फ.नं. १७.३) । यस विहारका पुजारी बज्राचार्य परिवार हो । यस वहालको संस्कृत नाम "धर्मकृति" विहार हो ।[१२४] जुन विहार बुवहाल संघ परिवारका (सहायक वहाल) हो ।[१२५] तर हाल यो विहार श्री वच्छ महाविहार अन्तर्गतका सहायक वहालमा पर्दछ । यस वालको बाहिर पूर्व दिशा फर्किएको खण्डीत भूस्पश ध्यानीबुद्धको मूर्ति भएको सानो ढुङ्गाको मन्दिर छ (हेर्नुस् चि.फ.नं. १७.४) । जसको पछाडी पदमपानी लेकेश्वरको स्थापना ढुङ्गामूर्ति प्रतिस्थापना गरिएको छ (हेर्नुस् चि.फ.नं. २२.३) । यस वहालमा ने.सं. ९८० (वि.सं. १९१७) उल्लेखित जिर्ण अभिलेख छ ।

### ३.२.७ सिजः वाहा

सिज वहा गवहालबाट उत्तर दिशाको प्यङ्ग थांसगैंको वहालाई भनिन्छ । वहालको निर्माण कहिले भयो भने यकिन नभएपनि १६ औं शताब्दितिरबाट अस्तित्वमा रहेको देखिन्छ । ने.सं. ८३५ (१७७२ वि.सं.) र ने.सं. ८३९ (१७७६ वि.सं.) को भूमि सम्बन्धी तमसुकमा यस वहाको नाम "सिज वहार" र "सिज्र वाहार" भनि सम्बोधन गरिएको छ । सिजवहा भित्रको बीचमा इट्टाको ठूलो बज्रधातु चैत्य प्रति स्थापित छ (हेर्नुस् चि.फ.नं. १४.३) । यो चैत्य एकदम दुर्लभ मध्येको एटा हो । यस वहालको बाहिर ढुङ्गामा सिंहहरु र तोरण छैन । जनश्रृतिअनुसार यो वहाल पूर्ण नभएको कारण वहालको नाम "सिज्र" अर्थ "नसकिएको" वा पूर्ण नभएको वहा

[१२२] उहि, Luck, p. 172.
[१२३] Kathmandu valley–2, H.M.G. & UNFSCO, 1975, p. 228.
[१२४] उहि, Luck, p. 172.
[१२५] पूर्ववत् ।

भनेको पाइन्छ । त्यस्तै प्यङ्ग थाका प्रधान (श्रेष्ठ) परिवारले निर्माण गरेको हो ।[१२६] यस विहारका पूजारी बज्राचार्य संघ परिवारका छन् ।[१२७] यस वहालको आयस्थाका रूपमा १ रोपनी जग्गा राखिएको छ । यो सिज वहा वुवहाल यशोधर महाविहार अन्तर्गत प्रमुख सहायक वहाल हो । जसको संस्कृत नाम श्री वत्स दुन्दुभि विहार भनिन्छ ।

## ३.२.९ मिखा वहाः

मिखा वहाः कोटलाछी गणेश मन्दिरबाट पिम्वहाल जाने बीचको बहाल हो । मिखावहाल बाहिर इनार, चैत्य, गणेश मन्दिर, धर्मधातु मण्डला र पाटी छ । तर यस वहाल बाहिर ढोकामा सिंहहरु र काठका तोरण छैन । तर कलात्मक काठको ढोका छ । मिखावहालको "क्वापा द्यः" को मन्दिर पूर्व भिमुख दुई तल्ले झिगेटीले छाएको छाने शैलीको मन्दिर हो । मन्दिरको मूल देवता (क्वापा द्य) भूस्पस ध्यानीबुद्ध (शक्यमूति बुद्ध)को ढुङ्गाको मूर्ति छ । "क्वापा द्य"को ढोका कलात्मक हुनुका साथै काठको तोरण राखिएको छ । तोरणमा पञ्चध्यानी बुद्धहरूका मूर्ति कुडिएको छ जसको माथि बज्र र चैत्य आकृति छन् । यो तोरण नयाँ हो । पुरानो तोरणमा बुद्ध, धर्म, संघ का प्रतिक भूस्पश बुद्ध, प्रज्ञापारमीता, लोकेश्वरका मूर्तिहरू कुँडिएको थियो ।[१२८] जुन चोरी भइसकेको छ । यस "म्यापा द्य" को मन्दिरमौ दायाँवायाँ वस्न हुनेगरी पाटी बनाएको छ जहाँ नियमित भजनकितिन हुने गर्दछ । मन्दिरको माथि चैत्य आकृतिको गजुर छ । मन्दिरको अगाडि दायाँवायाँ हाता माथि बसेका सिंहका ढुङ्गो मूर्तिहरू राखिएको छ । त्यस्तै वहालको चोकमा घण्टी, दुइवटा धर्मधातु मण्डला, दुईवटा चैत्यहरू प्रतिस्थापना गरिएको छ (हेर्नुस् चि.फ.नं. १८.२) । यस मन्दिरको निर्माण पूर्ण निर्माण बारे कुनै अभिलेख यहाँ छैन । नेपाल भाषामा मिखाको अर्थ आँखा हुन्छ जुन पाटन छिर्दाको पहिलो वाल भएको कारण यसको नाम मिखावहाल भएको हो भन्ने जनश्रृती छ । यस वहालमा नौं वटा चोक र नौं वटा इनार रहेको छ । जुन पूर्ण रूपमा वहाल वास्तुकलामा निर्मित वहाल हो । यो वाल "ज्यापू" ( डंगोल/महर्जन) परिवारहरूको बसोवास भएको स्थान हो । यस मन्दिरका पूजारी बज्राचार्य छन् ।[१२९] यस वहाललाई संस्कृतमा सुप्रक्षण विहर भनिन्छ । यो वहाल क्वावाहा (हिरणवर्ण

---

[१२६] पूर्ववत्, शाक्य ।
[१२७] शाक्य, बज्रराम, "छगु अध्ययन" (यलः थशेघर महाविहार संघ बुद्ध जयन्ती, २०५० वि.सं., पृ. ११७-११८ ।
[१२८] उहि, Luck, पृ. ५६ ।
[१२९] उहि, Luck, पृ. ५६ ।

महाविहारको) सहायक वहाल हो । यो वहामा धातुको दिपकर बैदिसत्व थियो जुन पूजारीकै घरमा छ ।[130]

## ३.२.१० चुरखा वहा भगिंननी

पिम्वहाल चैत्यको र मिखावहाको बीचको ठूलो चोक भएको वहालाई चुरखावहा, (भगिनी) भनिन्छ । यस वहालको चोक लामो आकारको छ । तीन तल्ले पूर्वभिमुख पागौडा शैलीको मन्दिर छ । वाहालमा एउटा इनार छ । चुरखा वहाको मन्दिर छ । जुन मन्दिरमा कलात्मक काठका झ्याल ढोकाहरू छन् । ने.सं. ७६६ (१७०३ वि.सं.) एउटा जिर्णअभिलेख यहाँ रहेको छ । जस अभिलेख यस मन्दिरको जिर्णद्वार गर्दाको हुनु पर्छ । यस वहाको संघ परिवार देखिन्दैन । हाल यसको संरक्षण र पूजा स्थानीय (महर्जन) परिवारले गर्दै आएको छ । यस वहाको "क्वापा द्य" ढुङ्गाको भूस्पश शम्पमूनि बुद्धको ढुङ्गाको मूर्ति छ । मन्दिरको तोरण चोरी भइसकेको छ । पहिला काठको तोरण, बुद्ध, धर्म, संघका प्रतिक भूस्पश बुद्ध, प्रज्ञापारमिता र लोकेश्वरका मूर्ति कुडिएको थियो ।[131]यस वहामा दुईवटा ढुङ्गाका धर्मधातु मण्डल र एउटा धर्मधातु चैत्य प्रतिस्थापन गरेको छ (हेर्नुस् चि.फ.नं. १८.१) । यो वहा व्यक्तिगत वहा हो जुन क्वावहा (हिरावर्ण महाविहारको) साहायक वहालमा दर्ता छ । तर गुजीवहा संघ परिवारका सदस्यले पहिला यस वहामा नियमित पूजाआजा संस्कार गर्नेगर्दथियो ।[132] यस चुखावाहालाई दुरुननी वहा पनि भनिन्छ ।[133]

## ३.२.११ पिम्वहाल

पिम्वहाल हाल बालकका रुपमा अस्तित्वमा छैन । तर जनश्रुति अनुसार पिम्वहाल चैत्यसँगै उत्तरमा पिम्वहाल थियो भन्ने भनाई पाइन्छ । यहाँ हाल वहालमा अवशेषका रुपमा बहालपछि हुने इनार र ढुङ्गाका सिंह मूर्तिहरुका अवशेष बाँकि छ । ऐतिहासिक पिम्वहाल के कस्तो स्वरुपमा थियो भन्ने अध्ययनको विषय भएको छ । जसको पूर्ण अध्ययन हुनु जरुरी छ ।

---

[130] उहि, Luck, पृ. ५६ ।
[131] उहि, Luck, पृ. १२८ ।
[132] उहि, Luck, पृ. १२८ ।
[133] उहि, Luck, पृ. १२८ ।

## ३.३ पिम्वहाल

पिम्वहालको जगमदु पुखु: (जमल पोखरी)को अगाडि ठूलो बज्रधातु चैत्य र चारै दिशामा रहेका चारवटा बज्रधातु चैत्यलाई पिम्वहाल चैत्य भनिन्छ । जनश्रुति अनुसार यस पिम्वहाल चैत्यलाई अशोक चैत्य पनि भनिन्छ ।[१३४] जनश्रृती अनुसार भारती सम्रात अशोक बौद्ध तीर्थस्थलहरूको दर्शन गर्न क्रममा उपत्यकामा आउदा ललितपुरको चार दिशामा चारवटा "थुर" वा "थुव" र बीचमा "मध्यम थुर" बनाएको चर्चा पाइन्छ । बौद्ध वंशावली र ग्रन्थमा अशोकले यी "थुर" हरुको निर्माण चार युगमा प्रतिक बनाए हो भन्ने उल्लेख पाइन्छ ।[१३५]

स्थानीय भाषामा यस चैत्यलाई "चिलंद्य:" पनि भनिन्छ । जसको अर्थ "चैत्यलङ देवता" हुन्छ ।[१३६] पिम्वहाल चैत्यको स्वरुप शैली "स्वयम्भू महाचैत्य" अनुरूप बनेको देखिन्छ । पिम्वहाल चैत्यको निर्माण इट्टा, ढुङ्गा बज्रको साथै काठ र धातुको प्रयोग गरी सेतो रङ्ग रोहन गरिएको छ । यो चैत्य जमिनी सतह भन्दा ५ फित माथि उठाई चारकुने पेट्टि बनाएको छ । जहाँ ढुङ्गाको खुट्टा किलो बनाई दायाँवायाँ ढुङ्गाका सिंह मूर्तिहरू प्रतिस्थापना गरिएको छ (हेर्नुस् चि.फ.नं. ९.१) । यो चैत्यको चारैदिशामा गोभाक्षी बनाई त्यसभित्र ढुङ्गाका ध्यानी बुद्ध प्रतिस्थापित गरिएको छ । जसलाई बाहिरबाट सानो दुई तहको छाने शैलेको मन्दिर बनाइएको देखिन्छ । यी ध्यानी बुद्धहरूमा क्रमश पूर्व दिशामा अक्षेभ्य, दक्षिण दिशामा रत्नसंभव, पश्चिम दिशामा अमिताभ र उत्तर दिशा अमोद्य सिद्धि मुर्तिहरू प्रतिस्थापित छ (हेनुस् चि.फ नं. १०) । पूर्वदिशा फर्किएको अक्षोभ्यसँगैको मन्दिर सँगै रहेको वैशीचलन मन्दिरको बाहिर ढुङ्गाको तोरङ्गमा पञ्चध्यानी बुद्धका मुर्तिहरूका साथै छपु र नागका आकृतिहरू पनि कुडिएको छ । जुन तोरङ्ग दायाँवायाँ ढुङ्गाका सिंह आकृतिमाथि खम्बामा अडिएको छ (हेनुस् चि.फ.नं. ११.३) यसको सँगै धातुको ठूलो घण्टा रहेको छ । चार दिशाका ध्यानीबुद्धका मूर्तिका सुरक्षार्थ रंलिङ्ग लगाएको छ । पिम्वहाल चैत्यको गुम्भज माथिको चार दिशामा चारवटा ढुङ्गाका दुईहातमा फुलका मालालिएका गन्धव आकृतिहरू पनि प्रतिस्थापित छ । गुम्बज माथि काठमाथि धातुको पाटा मोडिएको हमिका छ । जुन हमिकामा बुद्धका आर्धउल्मन आँखाहरू कोरिएको छ । हमिका माथि नेपाली मन्दिर चैत्यको विशेषताको रूपमा रहेको चारै दिशामा तोरण धातुको छ । जुन तोरङमा

---

१३४ Regmi, D.R. **Medieval Nepal (Volume I), (**New Delhi, Rupa, co. 1965) p. 564.

१३५ डा. क्षेत्री, डिलबहादुर **प्राचिन तथा पूर्व मध्यकालिन नेपाल**, (काठमाडौं, निरन्तर प्रकाशन, २०६२ वि.सं.) पृ. ६८ ।

१३६ शाक्य, लोक रत्न , *"न: बही इलामया सक्षिप्त परिचय"*, **मटया स्मारिका**, (ललितपुर, मट्या संचालन, मूल समिति, वि.सं. २०६१) पृ. ५२ ।

पञ्च ध्यानी बुद्धका आकृतिहरू कुडिएका छन् । हमिका माथि क्रमश काठमाथि धातु पाटा मादिएको १३ भूवन, छत्रवली छ । जसमाथि सुनको मोलम्बायुत धातुको गजुर छ । (हेनुस् चि.फ.नं. ९.१) यस चैत्यको पूर्व दिशातिरको भित्तामा ७ वटा अभिलेख रहेका छन् (हेर्नुस् चि.फ.नं. १/२) जसमा दुईवटा खण्डीत छ । यस चैत्यको तल फेडिमा पूर्व दिशा फकिएको टाउको खण्डीत ढुङ्गाको भुस्पश मुद्राको ध्यानी बुद्धको मूर्ति प्रतिस्थापीत छ (हेर्नुस् चि.फ.नं. ११.१) । अरु मूर्तिकोपूर्ण विवरण मूर्तिकला पृ.नं. ....... । यसको अगाडि ढुङ्गाको सिंह स्तम्भ छ । यो कछुवा आकृति माथि राखिएको स्तम्भ वि.सं. १९८३ मा स्थानीय बासिन्दाले राखिएको हो । यससँगै ठूलो आकारमा ढुङ्गाको धर्मधातु मण्डल रहेको छ । यसमा कुडिएको अभिलेख अनुसार यो ने.सं. ८७० (वि.सं. १८०७) मा प्रतिस्थापना गरेको देखिन्छ ।

यस पिम्वहाल मुल चैत्यको चारैतिरको चार दिशामा रहेका चारवटा उस्तै स्वरूपका साना चैत्यहरू बनेको छ । जुन चैत्यहरूमा पूर्वदिशामा मात्र गभाछी बनाई त्यस भित्र ढुङ्गाको भूस्पश मुद्राको बुद्ध प्रतिमा प्रतिस्थापित छ । यो चैत्यमा गुम्बज, हमिका, १३ भूवन, छत्र, गजुर सबै इट्टामा बज लेपन गरी बनाइ सेतो रगं रोहन गरिएको छ । यी ४ वटा चैत्यलाई क्रमश : स्वयम्भू, बौद्ध (खस्ती), नमोबुद्ध (नमरा) र बाढे गाउँ (बढेग) का प्रतिक मानिन्छि ।[१३७] (हेर्नुस् चि.फ.नं. ९.१) पिम्वहाल चैत्यको विभिन्न समयमा निर्माण, पूर्ण निर्माण, जिर्णद्वर आदि भएको अभिलेखहरूबाट प्रष्ट हुन्छ । यस चैत्यमा रहेको अभिलेखमा सबभन्दा पुरानो अभिलेख ने.सं. ४७७ (वि.सं. १४१४)[१३८] को ढुङ्गाको अभिलेखा हो । (हेर्नुस् चि.फ.नं. १ मा)

यो अभिलेखमा महापात्र वा प्रधानमन्त्री मेघपाल वर्मले महापिथवहारको पूर्ण जीर्णद्वार गरेको चर्चा छ ।[१३९] ने.सं. ४७० (वि.सं. १४०६) मार्ग शुक्ल नवमीका दिन वंगलका सुल्तान शमसुदीन आएर ७ दिन सम्म भक्तपुर पशुपति स्वयम्भू, पिम्वहाल चैत्य लगाएत सारा नेपाल शहर ध्वस्त पाऱ्यो ।[१४०] त्यही बेला यो पिम्वहाल चैत्य पनि ध्वस्त भएको देखेर महापात्र मेघपाल वर्मले बुद्ध भगवानको चैत्य र मूर्तिको प्रंतिस्थापना वा जिर्णद्वार गर्नु भयो ।[१४१]यस हमलाले क्षेत्रविक्षेत चैत्य र मन्दिरहरूको जीर्णद्वार वा पूर्ण निर्माणहरू हमला भएको क्रमश ७

---

१३७ उहि, पृ. ५२ ।

१३८ योगी नरहरिनाथ, **संस्कृत सन्देश**, काठमाडौं : वर्ष १-१०-१२ संयुक्ताङ, पृ. १२-१२ ।

१३९ हरिराम जोशी, *मध्यकालीन भिलेख,* **प्राचिन नेपाल**, काठमाडौं, संख्या ५३-५६, भाद्र-चैत्र, २०३६, पृ. ३६-३७ ।

१४० **गोपाल राज वंशी**, २८ पत्र र ५२ पत्रबाट, वा उहि, D.R. Regmi, p. 314.

१४१ बज्राचार्य, धनबज्र "शमसुद्दीनको आक्रमण", **पूर्णिमा** सशोधन, मण्डलद्वारा, ८ पूर्णाङ्क, वर्ष २, अङ्क ४, वि.सं. २०२२ माघ, पृ. ८-९ ।

वर्ष

(वि.सं. १४१४( महापात्र मेघपाल वर्म्मले पिम्वहाल चैत्य, ११ वर्षमा वि.सं. (१४१७) महामन्त्रि जयसिंह रामवद्धर्धले पशुपतिको मन्दिर, २३ वर्षमा (वि.सं १४२९) मा महापात्र शजहर्ष मल्लोकले गरे ।[१४२] यस हमला र जिर्णद्वारका प्रमाणको स्वरूपमा हाल चैत्यको भुइमा रहेको जिउमा टाउका नमिल्दो वा टाउको काटिएको भुस्पश मुद्राको बुद्धको ढुङ्गा मूर्ति देखिन्छ । (हेर्नुस् चि.फ.नं. ११.१) । त्यस्तै ने.सं. ७६४ (वि.सं. १७००) फाल्गुणमा स्थानीय (चोखाछे) का भारो दाजुभाइहरुले आफ्ना पत्नी र छोरीहरूको नाममा चारैतिर चारवटा स्तुपको निमार्ण र श्री ३ शाक्यमूनि भट्टारकमको (पिथवहाल चैत्यको) जीर्णद्वार गरेको देखिन्छ ।[१४३]

### ३.३.१ चैत्य वा स्तुप

बौद्ध धर्ममा चैत्य पूजालाई बुद्ध : पूजाका रूपमा पूजने चलन पाइन्छ । चैत्य वा स्तुपालाई नेपाल भाषामा "थुर" भनिन्छ । "थुर" शब्द पाली भाषाको "थूप" शब्दबाट आएको हो ।[१४४] पाटनका प्राचिन चार दिशाका चार थुर (थुप) र बीचमा मध्यथुरका रूपमा पिम्वहाल थुर बनाएको हुनसक्ने उल्लेख पाइन्छ ।[१४५]

चैत्य स्तुपलाई बौद्ध धर्म दर्शनमा एक महत्वपूर्ण मानिन्छ । चैत्यलाई नेवारी भाषमा "चीभा"पालि भाषामा "चेतिया" र सस्कृति भाषामा चैत्य भनिन्छ ।[१४६] चैत्य सम्बन्धी धेरै प्रकारका मतहरू भएपनि महत्वपूर्ण अर्थहरूमा "चितलाई सधै धर्ममा जागरुख राख्ने" अर्थका लिइन्छ । चैतन्य[१४७] वा बुद्धको चिता विशेष अर्थात् उनको शरीरका हाड, खरानी र वस्त्रलाई लिएर बनाएकोलाई भनिन्छ ।[१४८] त्यस्तै अग्निपीठ, पूजास्थान, बुद्धको चिता विशेष पनि लिइन्छ ।[१४९] वास्तुकलाका आधारमा चैत्य वा स्तुपलाई शारीरिक, परिभोगिक र उद्देश्यिक चैत्यमा

---

१४२ बज्राचार्य, धनबज्र (सं.), **इतिहास संशोधनको प्रमाण प्रमेय (पहिलो भाग)**, (ललितपुर, जगदम्वा प्रकाशन, वि.सं. २०१९ मंसीर) पृ. ९२ ।

१४३ बज्राचार्य, धनबज्र, **मध्यकालका अभिलेख** , (कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५६) पृ. ९१ ।

१४४ भिक्षु, सुदर्शन, "चैत्य पूजा", (ललितपुर, नेपाल बौद्ध वरिपरि समिति, २०५६ वि.सं.) पृ. २ ।

१४५ उहि, पृ. ३ ।

१४६ उहि, पृ. ३ ।

१४७ प्रधान, भूवनलाल, "स्वयम्भू", (काठमाडौं, स्वयम्भू विकास मण्डल, २०३२ वि.सं.),पृ. ९५ ।

१४८ शाक्य, मिलन, नेपालमा चैत्य परम्परा, "विश्व शान्ति", ललितपुर, वर्ष ४, अङ्क ४, वि.सं., २०५४, पृ. ९५ ।

१४९ उहि, शाक्य, पृ. ९५ ।

वर्गीकरण गरेको पाइन्छ । उपर्युक्त स्वरूपमा चैत्यहरूमा पाटनका चारदिशाका “थुर” स्तुपहरू कुन वर्गमा पर्दछ स्पष्ट भएको पाइदैन ।[१५०]

चैत्यहरू विभिन्न आकारप्रकार र स्वरूपमा बनेका पाइन्छ । चैत्यहरू एउटै वा टुक्राटुक्रा ढुङ्गामा बनेका चैत्य, धर्म चैत्य अथवा भोतिक खालका बनेका देखिन्छ[१५१] । यस अध्ययन क्षेत्र भित्र ढुङ्गका लिच्छविकालीन अशोक चैत्य, शिखरकुट चैत्य, बज्रधातु चैत्य, अष्टकोणकृत चैत्य, पदमापरि जिनालंकृत चैत्य का साथै इट्टा बज्रका बज्रधातु चैत्य पाइन्छ । त्यस्तै बौद्ध धर्मसँग पुज्ने ढुङ्गाका धर्मधातु मण्डल पनि प्रतिस्थापित छ । यी चैत्य स्तुपहरू विहार (चोकका विचमा र प्रमुख बाटोमा प्रतिस्थापीत छ । यस क्षेत्रमा भएका चैत्यहरूका विवरण स्वरूप निम्न छन् ।

### ३.३.२ सिंवहाल लिच्छवी चैत्य (अशोक चैत्य)

लिच्छवीकालिनमा एउटै ढुङ्गामा (मोनोलिपिक) शैलीमा चैत्यहरुको निर्माण भएको देखिन्छ । यी शैलिमा चैत्यहरू उपत्यका भित्र छरिएर रहेको पाइन्छ । यस्ता चैत्यहरूमा बुद्धका आकृति हुदैन । यस चैत्यमा गेभाछेहरु खाली बनाएको हुन्छ । सम्भवत यो बुद्ध प्रतिमा बन्नु अगाडि बनेको हुनुपर्छ । यस्तै चैत्यहरूमा चारदिशामा चार गभाछे र १२ वटा गमाछे रहेको हुन्छ । त्यस्तै चैत्यहरुमा लिच्छवीकालिन लोह लेप लगाएको हुन्छ । लिच्छवीकालीन चैत्यहरुमा एकदम भिन्न अतिकमात्रामा भएको ढुङ्गाको चैत्य सिँवहालको अगाडि छायवहाल जानेबाटामा प्रतिस्थापीत छ । यस चैत्यमा चतुकोणात्मक पेति माथि चारै दिशामा तीनतीनवटा गेभाक्षहरू छन् । ती गेभाछेहरूमा बसेको बुद्ध, प्रज्ञापारमिता, सदकेस्वरी लोकेश्वरका मर्तिहरू राखिएको छ । यी मुर्तिहरू गभाछेहरूमा केही वर्ष अघिको कालमा राखेको देखिन्छ । यो गभाछेमाथि सानो ढुङ्गाको तोरणहरू कुडिएका छन् ।[१५२] जसमा साधारण बुट्टामात्र छ । यसमाथि गोलो घेरा, गुम्भुज, तोरङ्ग सहितको १३ भूवन रहेको छ (हेनुस् चि.फ.नं. १२.२) । यो चैत्य ०.९७ Ò०.९९ Ò०.८८ मिटर आकारको छ ।[१५३] यस चैत्यको पूर्वतिर पुरिएको अवस्थाको २९ से.मी. केयैडाका सानो शिलालेख छ ।[१५४] जुन पढ्न सकिने अवस्थामा छैन । जसका कारण यसको निर्माण समय

---

[१५०] उहि, पृ. ९८ ।
[१५१] उहि, पृ. ९८-९९ ।
[१५२] Gutschow, Niels, **The Nepalese Caitya**, (London : Axelmenges, 1997A.D.) p. 141.
[१५३] यल देया चैत्य व धर्मधातु विवरण, (यल, लोटस रिसर्च सेन्टर, अप्रकाशित) ।
[१५४] उहि, पृ. १४१ ।

प्रष्ट छैन । यस्ता चैत्य अन्यत्र पाइदैन । जसकारण यो अति महत्त्वपूर्ण लिच्छवी कालिन चैत्य हो ।

### ३.३.३. शिखरकुट चैत्य

शिखरकुट चैत्य शैलीका चैत्यहरू पूर्णरूपमा टुक्रा टुक्रा ढुङ्गाहरूद्वारा बनाएको हुन्छ । यो शैलीको विकास कहिलेदेखि भयो प्रष्ट नभएपनि यो मध्यकालमा अति प्रचलित भएको देखिन्छ । यस चैत्यको पेटि चार कुनै पेटि उठाएर हुन्छ । जुन चैत्य तल चतभूजाकार भई माथि शिख शैली जस्तो चुच्चो भएर गएको हुन्छ । यस चैत्यको चार दिशामा स्थानक बैधिसत्वहरूमा मूर्ति कुडिएको हुन्छ । यस माथिको ढुङ्गाको फलकमा मूर्तिबाहिर तोरणहरूमा छेपु, नाग र मकर युक्त भई गवार्क्ष बनाइएको हुन्छ । यस माथि केही छाना निकालेको हुन्छ । यसको माथि ४ दिशामा गोवाक्ष भित्र ध्यानीबुद्धहरू रहेको हुन्छ । यसका माथि दोहरी कमलासन माथि चैत्य गर्भ, हर्मिका, त्रयेदश भूवन, गजुर हुन्छ । यी सम्पूर्ण ढुङ्गा टुक्राहरू जोडिएर बनाएका हुन्छ (हेर्नुस् चि.फ.नं. १२.१) ।

शिखरकुट चैत्यहरू विभिन्न समयका विभिन्न स्वरुप र आकारका पाइन्छ । यस अध्ययन क्षेत्रभित्र निम्न ठाउँमा यी चैत्यहरु छन् :-

(क) सिँवहाल टोलको श्री वच्छ महाविहार (श्रीवहाल) को अगाडि सानो चोकमा शिखर कुट चैत्य प्रतिस्थापित छ (हेर्नुस् चि.फ.नं. १२.१) । यस चैत्यको आकार (लम्बाई र चौडाई) ०.२८ × १.२४ मिटर छ । अभिलेख अनुसार यो चत्य ने.सं. १८३१ (वि.सं. १७६८) मा प्रजापति र भाव गुठीले स्थापना गरेको देखिन्छ[१५५] ।

(ख) श्रीवहालको क्वाथ वाहामा रहेको शिखरकुट चैत्यको आकार १.७०×१.२३ मीटर छ । यहाँ कुनै अभिलेख छैन । हाल यसमाथि पाताको छाना लगाएको छ ।

(ग) कुच्छेननी टोलमा रहेको शिखरकुट चैत्यको आकार १.८४×१.८४ मीटरको छ । यहाँ कुनै अभिलेख छैन । हाल यस चैत्य बाहिर फलाम बार लगाइ चैत्यमाथि धातु पाटको इलाममा बीचमा वैरोचन बुद्ध र चार कुनामा चतुरमाहाराजका आकृतिहरु कुँदिएको छ (हेर्नुस् चि.फ.नं. १३.३) ।

---

[१५५] उहि, पृ. ३८० ।

(घ) श्रीवहालको माक: वाहामा रहेको शिखरकुट चैत्यको आकार १.०८×०.४८ मीटरको छ । यहाँ कुनै अभिलेख छैन । हाल चैत्यको माथि धातु पाताको इलाममा बीचमा वैरोचन बुद्धको मूर्ति र चार दिशाका कुनामा चुतरमहाराजहरुको मूर्ति कुँदिएको छ । यस चैत्यको चारैतिर बत्ति बाल्न दिगो राखिएको छ (हेर्नुस् चि.फ.नं. १७.१) ।

(ङ) छाय्वहाल टोल छायवहाल र छायवहाल "वाहाञ्चा:" मा रहेको शिखरकुट चैत्यको आकार १.०४×१.४९ मीटर छ (हेर्नुस् चि.फ.नं. १६.१) । यहाँ कुनै अभिलेख छैन । हाल यसको स्वरुप केही फरक देखिन्छ (हेर्नुस् चि.फ.नं. १६.३) ।

(च) गावहाल नरम्यव स्थित शिखरकुट चैत्यको आकार १.१४×१.६० मीटर छ । यस चैत्यमा सप्तकमल पत्र रहेको छ । साथै यहाँ कुनै अभिलेख छैन (हेर्नुस् चि.फ.नं. १२.४) ।

## ३.३.४. ठूलो बज्रधातु चैत्य

ठूलो बज्रधातु चैत्य शैलीका चैत्यहरू इट्टा, माटो र बज्रद्वारा बनएको हुन्छ । यस्तो चैत्यको चार दिशामा पञ्चध्यानी बुद्धका ढुङ्गाका मूर्ति राखिएको हुन्छ । ठूलो बज्रधातु चैत्यको तल्लो बेदिका चारकुने हुन्छ । यस चैत्यमा ३ रथ रहेको हुन्छ । यसको माथिलो भागमा गुम्वज गर्भ माथि हर्मिका, त्रयेदश भूवन, गजुर (उणीष चूडामाणि) हुन्छ । यस्तो बज्रधातु चैत्य कहिले देखि निर्माण हुन थालेको भन्ने प्रमाणित आधार छैन तर प्राप्त केहि अभिलेख अनुसार मल्लकाल तिर यसको अत्याधिक रुपमा बनेको देखिन्छ । यस्ता चैत्यहरू प्रमुख बाटो र चोकका बीचमा ठूलो ठाउँ लिएर बनाएका हुन्छ । यस चैत्यमा बनाउने दाता वा यससँग सम्बन्धित शिलापत्र राखिएको हुन्छ ।

यस अध्ययन क्षेत्रभित्र रहेका ठूलो बज्रधातु चैत्यहरू निम्न छन्:-

### ३.३.४.१ पाटनढोका बज्रधातु चैत्य

पाटनढोका र कोतलाछि गणेश स्थानको बीचमा इट्टा र बज्रद्वारा बनाई सेतो रंग लगाएको बज्रधातु चैत्य छ ।यो बज्रधातु चैत्य स्वरुपमा बनेको छ । साथै यस चैत्यको उत्तर दिशामा ढुङ्गाको स्थानक पदमपानी लोकेश्वरको मूर्ति स्थापना गरिएको छ । त्यस्तै पश्चिम दिशामा ढुङ्गाको सुखाबति लोकेश्वरको मूर्ति रहेको छ । ने.सं. ८२४ वैशाखको अनुसार शिलापत्रमा मिखावहालका शिवराम माहान भावले स्थापना गरि गुठी राखिएको उल्लेख छ । त्यस्तै यस सँगैको धर्मशाला ने.सं. ८३२ मा निर्माण गरि गुठी बनाएको छ । जसमा

मिखावहारका सिंह भावो(महर्जन) र धंगुन भावो (डंगोल)हरू दाता हुन । यस चैत्यको प्रमुख विशेषतामा यसको पुजारी बज्राचार्य नभएर श्री सेनजु उपाध्याय रहेको अभिलेखमा उल्लेख छ ।[१५६] यस चैत्यको पूर्व तिर ढुङ्गाको धर्मधातु मण्डला माथि धातुको बज्र स्थापना गरिएको छ ।

## ३.३.४.२ मिखावहाल बज्रधातु चैत्य

मिखावहाल भित्र जाने बाटोमा इट्टा र बज्रद्वार निमित चैत्य हो । यस बज्रधातु चैत्यमा चार दिशामा गवाक्षहरूमा पञ्चध्यानी बुद्ध नभइ पूर्व दिशामा मात्र मूर्ति छ । यस चैत्यको पूर्व दिशामा भूस्पस ध्यानी बुद्धको ढुङ्गाको मूर्ति छ । जसको फेडिमा नेवारी लिपिमा अभिलेख ने.सं. ८४० कुडिएको छ । यसको बज्रधातुको समर्क्षक चित्रकार (पु.) थरका छन् । यस चैत्यको अगाडि ढुङ्गाको बज्रधातु मण्डल पनि छ (हेर्नुस् चि.फ.नं. १३.१) ।

## ३.३.४.३ पिम्वहाल बज्रधातु चैत्य

पिम्वहाल चैत्य र चैत्यको ४ दिशामा रहेका चारवटा चैत्यहरू बज्रधातु चैत्यहरू छन् । यो चैत्यहरु इट्टा, माटो र बज्रद्वारा निर्मित छ । चार दिशामा रहेका चारवटा चैत्यहरुको पूर्व दिशामा मात्र ग्वाक्ष भित्र भूस्पश ध्यानी बुद्धको ढुङ्गाको मूर्ति प्रतिस्थापना गरिएको छ । यो चैत्यहरू स्वयम्भू, नमुरा, वाडेगाउँ, वैद्यनाथ प्रतिक बनाएका छन् । जसका संस्थापक र समक्षक स्थानीय भावो भारो, श्रेष्ठहरु हुन् ।[१५७] यो चैत्यहरू इट्टाको पेटी एक फिट पेटि उठाएर स्थापन गरेर जसमाथि सेतो रंग पोटिएका छ (हेर्नुस् चि.फ.नं. ९.१/९.२) ।

## ३.३.४.३ छायवहाल बज्रधातु चैत्य

छावहाल ढोकासँगै छायवहाल बज्रधातु चैत्य स्थापना गरिएको छ । यो चैत्य इट्टा, माटो र बज्रद्वारा निर्मित छ । यस चैत्यमा ४ दिशामा पञ्चध्यानी बुद्धका ढुङ्गाका मूर्तिहरू स्थापना गरिएको छ । जुन मूर्तिहरु हाल खण्डित छ । यो चैत्य मिखावहालका भाव (महर्जन/डंगोल) हरूले स्थापना गरेको हो ।[१५८] यहाँ रहेको शिलालेख अक्षरहरु केही मात्र प्रष्ट भएको र सम्बत् प्रष्ट देखिदैन (हेर्नुस् चि.फ.नं. १४.२) ।

## ३.३.४.५ नटोल बज्रधातु चैत्य

---

[१५६] Shakya, Hemaraj, "Medieval Nepal" (Kathmandu: Colophons and Inscription, T.R. Vaidaya, 1970) P. 202–205.

[१५७] पूर्ववत् ललितपुर चैत्य नं. ०१०२-१०५/अप्रकाशित ।

[१५८] पृ चैत्य नं. ००९८

नटोल बज्रधातु चैत्य नटोल गणेश स्थानको नजिकै पूर्व दिशामा रहेको छ । यो चैत्य इट्टाको फेदिमाथि इट्टा, माटो र बज्रद्वारा बनाएको छ । यस चैत्यको ४ दिशामा पञ्चध्यानी बुद्धका ढुङ्गाका मूर्तिहरू स्थापना गरिएको  छ । यो चैत्य बाटो सम्ममूख रहेको छ । हाल यस चैत्यको मूर्तिको अवस्था जीर्ण छ (हेर्नुस् चि.फ.नं. १४.१) । यस चैत्यको निर्माण नटोलका शाक्यहरूद्वारा गरिएको हो । यस चैत्यमा कुनै अभिलेख देखिदैन ।

## ३.३.४.६ सिजःवहा बज्रधातु चैत्य

सिजः वहा चैत्य गवहालको प्यङ्गथाको नजिकै रहेको चोकको इट्टाहरूद्वारा मात्र निर्माण गरिएको चैत्य हो । यसमा कहि बज्रको प्रयोग गरिएको छैन (हेर्नुस् चि.फ.नं. १४.३) । यस चैत्यको चारदिशामा ढुङ्गाका पञ्चध्यानी बुद्धका मूर्ति स्थापना गरिएको छ । स्थानीय वासीका अनुसार यस चैत्यको निर्माण यहाँको प्रधान खलकद्वारा र समर्क्षक यहाँकै चित्रकार (पू.) द्वारा गरि राखेको छ ।[१५९] यस चैत्यको पश्चिममा क्वापाःद्यो (अभिताभ बुद्ध) र ढुङ्गाको धर्मधातु मण्डल रहेको छ । अभिलेख अनुसार यसको निर्माण १३ औं शताब्दि तिर भएको देखिन्छ ।[१६०] यो बज्रधातु चैत्य एकदम राम्रो कलात्मक चैत्य हो । जुन अति दुर्लभ मान्दछ ।

## ३.३.४.७ बज्रधातु चैत्य

बज्रधातु चैत्यहरू निर्माण शैली पूर्ण रुपमा ढुङ्गाहरू प्रयोग गरि निर्माण गरेको हुन्छ । यस चैत्यको सबभन्दा तल पनि ढुङ्गाको पेटी बनाएको हुन्छ । जसको माथि ढुङ्गाको नागबन्ध र चार दिशाको गवाक्ष भित्र पञ्चध्यानी बुद्धका मूर्तिहरु बनाएको हुन्छ । यस माथि छाना निकालेको हुन्छ । यस माथि क्रमश कमलआसन (पद्मपत्र) र माथि ढुङ्गाको चैत्य गर्भ, हर्मिका, दृष्टि त्रयोदश भुवनको प्रतिक १३ वटा छवावली र त्यसमाथि चुडामणि राखिएको हुन्छ (हेर्नुस् चि.फ.नं. १८.१) । हाल कहिकहि मर्मतका लागि सिमेन्तको पनि प्रयोग भएको देखिन्छ । यस अध्ययन क्षेत्रमा भएका बज्रधातु चैत्यहरू निम्न छन् :

(क) मिखावहाल चोकभित्र बज्रधातु चैत्य रहेको छ । हाल यो चैत्य इट्टाको पेटीमा बौद्ध धर्मसँग सम्बन्धित मूर्तिफलकहरु चारै दिशामा राखिएको छ । यहाँ कुनै अभिलेख देखिँदैन । यसको आकार १.३०×१.८० मीटर छ ।

---

[१५९] डा.शाक्य, वज्रराम, “यशेघर महाविहार संघ” (यल बवहाल, २०५० वि.सं.) पृष्ठ ११७ ।
[१६०] उहि, Luck, पृ. १६१ ।

(ख) पिम्वहाल चैत्य पछाडिको मूवहाको चोकमा दुई वटा बज्रधातु चैत्य स्थापित छ । हाल यी दुवै चैत्यको स्वरुप परिवर्तन भएको देखिन्छ । यो चैत्यमा सिमेन्टको प्रयोग गरीएको कारण स्वरुप फरक देखिन्छ । यी चैत्यको आकार १.७०×१.८५ मीटर र अगाडिको १.४०×१६३ मीटर छ । यहाँ कुनै अभिलेख देखिँदैन ।

(ग) श्रीवहाल भित्रको चोकमा अवस्थित गोलो सिमेन्टको पेटि युक्त बज्रधातु चैत्य छ । यस चैत्यमा दोहोरो कमलपत्र र ग्वाक्षभित्र पञ्चध्यानी बुद्धको मूर्ति प्रतिस्थापित छ । जुन अन्य बज्रधातु चैत्यभन्दा फरक छ । यस चैत्यको आकार १.२८×१.४० मीटर छ । यहाँ रहेको अभिलेख खण्डित र अप्रष्ट छ ।

(घ) छायवहाल "वाहाचा" को चोकमा बज्रधातु चैत्यको हालको अवस्थित ६ कुना पेटि भएको छ । यसमा कुनै अभिलेख छैन । यसको आकार १.२२×१.३५ मीटर छ ।

(ङ) भगिननी टोलको बहालको चोकमा पूर्ण ढुंगाको बज्रधातु चैत्य स्थापित छ । यसको अगाडि पछाडि धर्मधातु मण्डल छ । यस बज्रधातु चैत्यको आकार १.८०×१.१६ मीटर छ । यहाँ कुनै पनि अभिलेख देखिँदैन ।

### ३.३.६ पद्मकूट चैत्य

अष्टकोणात्मक पद्मकूट चैत्यको निमार्ण पूर्ण रूपमा ढुङ्गाहरूबाट गरिएको हुन्छ । यस चैत्यको तल्लो पेटी अष्टकोण आकारको हुन्छ । जसको आठवटा गवाक्ष भित्र अष्टवोधिसत्वहरूका मूर्तिहरू कुँडिएको हुन्छ । जसको माथि वेदिका र सप्तपदम रहेको हुन्छ । यसको माथि गवज्ञभित्र ४ दिशामा पञ्चध्यानी बुद्धका मूर्तिहरू कुडिएको हुन्छ । जसको माथि क्रमश गर्भ, हर्मिका, त्रयोदशभूवन, अम्वास, उष्णीष चुडामणी रहेको हुन्छ । यस्तो चैत्यको प्रमुख विशेषता पेटी अष्टकोण रूपी भएको पाइन्छ (हेर्नुस् चि.फ.नं. १२.३) । यस्तो चैत्यको निर्माण मल्लकालतिरबाट बनेको प्रष्ट देखिन्छ ।

यस अध्ययन क्षेत्रमा भएका प्रमुख पद्मकूट चैत्यहरूमा चल्खुको अष्टकोणकृत पद्मकूट चैत्य पर्दछ ।

यो गावहाल प्याङ्गथा र जग्गमदु पुखुःको बीचको चल्खु भित्रको चोकमा स्थापना गरिएको छ । यस चैत्यको संरक्षक र हेरचाह स्थानीय महर्जन परिवारले गर्दछ । यो चैत्य

पद्मचैत्य पनि रहेको छ । यो धर्मधातु चैत्य पनि पूर्ण ढुङ्गाद्वारा निर्मित छ (हेर्नुस् चि.फ.नं. १२.३) । यहाँ कुनै अभिलेख देखिँदैन ।

### ३.३.७ पदमोपरि जिनालंकृत चैत्य

पदमोपरि जिनालंकृट चैत्यको निर्माण शैलीको विकास अन्य चैत्यहरु भन्दा पछिल्लो देखिन्छ । यस प्रकारका चैत्यहरुको निर्माण लगभग १००/१५० वर्षको आसपासमा मात्र भएको अभिलेखबाट प्रष्टिन्छ । यस शैलीका चैत्यहरु पनि सम्पूर्ण रुपमा ढुंगाहरुद्वारा बनेको हुन्छ । चतुकोणाकारको र फेदिमा नागबन्द गरी पीठ उठाइएको हुन्छ । यस पधपीठ माथि चतुबोधिसत्व स्थानक मुद्रामा रहेका हुन्छ । साथै माथि चतुकोणको कुनामा सिंह आकृति कुँदिएको हुन्छ । यसमाथि पद्म (कमल) फुलेको प्रतिकदेखाएको हुन्छ । यसका चारदिशामा बसेका पञ्चध्यानी बुद्धहरुको मूर्तिहरु कुँदिएका छन् । अन्य चैत्यहरुमा जस्तै यस चैत्यमा पनि वैरोचन बुद्धको आकृति नभई प्रतिकात्मक रुपमा हर्मिकामा आँखाहरु मात्र हुन्छ । पञ्चध्यानी बुद्धका माथि दोहोरो पद्म र त्यसमाथि क्रमशः आदिबुद्धका मूर्ति (पञ्चध्यानी बुद्धका मूर्ति), गर्भको चार दिशामा रहेको हुन्छ । यसमाथि क्रमशः हर्मिका, टोरंग, त्रयोदश भुवन, अम्वास र चूडामणी रहेको हुन्छ । यो चैत्य अन्य चैत्यहरुको समिश्रणको विकसित रुप भएको देखिन्छ । साथै कतै कतै यस चैत्यमा “ॐ मा ने प द मे हु” र अभिलेखपनि पेटिमा कुँदिएको हुन्छ ( हेर्नुस् चि.फ.नं. १७.३) ।

यस यलध्वाका क्षेत्रभित्र प्रमुख ६ वटा पदमोपरि जिनालंकृत चैत्यहरु छन् । ती निम्न छन् :

(अ) मिखवहाल चोकमा रहेको चैत्य ने.सं. ११०३ (वि.सं. २०४०) मा बज्राचार्य परिवारले स्थापना गरिएको हो । यसको आकार १.२०×१.६६ मिटर छ । यस चैत्यमा चारैतिर फलामको खम्बा राखी माथि जस्ताको छानामा धातुको इलाम बनाएको छ । जसको केन्द्रमा वैरोचन बुद्ध बीचमा राखी चारकुनामा चतुरमहाराजहरुका आकृति कुँदिएको छ ।

(आ) मिखावहाल ननी भित्र चोकमा अभिलेख नभएको चैत्य स्थापना गरिएको छ । यो स्थानीय वासीले बनाइएको चैत्यको आकार १.२०×१.६६ मिटर छ ।

(इ) क्वाटलाछी गणेश मन्दिर पछाडि अवस्थित यो चैत्यमा पनि अभिलेख देखिँदैन । यो चैत्यको आकार १.२२×१.६६ मिटर छ ।

(ई) पिम्बहाल चैत्यको पछाडि रहेको चैत्य ने.सं. ११०८ (वि.सं. २०४५) मा चित्रकार परिवारले स्थापना गरिएको हो । यस चैत्यको आकार १.१३×१.२० मिटर छ ।

(उ) छायवहाल टोलको ल्वफट भन्ने स्थानमा इनाससँगै भएको चैत्य ने.सं. ११०२ (वि.सं. २०३४) मा मह खल (महर्जन) परिवारले स्थापना गरिएको हो । यस चैत्यमा "ॐ मा ने प द हु" पनि कुँदिएको छ । साथै चैत्यको चारतिर फलामको खम्बा राखी माथि धातुको पाटाको इलाम बनाइएको छ । जसको केन्द्रमा वैरोचन बुद्ध मूर्ति कुँदि चार कुनामा चतुरमहाराजहरुमा आकृति पनि कुँदिएको छ । यस चैत्यको आकार १.३१×१.६५ मिटर छ ।

(ऊ) याकावहाको चोकमा रहेको चैत्य ने.सं. ११०६ (वि.सं. २०४३) मा स्थापना गरिएको हो । यस चैत्यको आकार १.५०×१.६० मीटर छ । यसमा कुनै अभिलेख छैन ।

### ३.३.८ धर्मधातु मण्डला

धर्मधातु मण्डल ढुङ्गाहरूद्वारा निर्माण गरिएको मण्डल हो । यस मण्डलको फेदि अष्ठकोणकार हुन्छ । जसको ग्वाभाहेमा उभिएको वोधिसत्व बुद्धहरूका मूर्तिहरू कुडिएको हुन्छ । यस भन्द माथि नागधन र दोहोरो पद्ममत्र हुन्छ । यस पद्ममत्र माथि सम्म ठाउँमा मण्डला आकृति कुडिएका हुन्छ । बौद्ध दर्शनमा मण्डललाई पृथ्वीको प्रतिकको रुपमा लिइन्छ । यस मण्डला आकृति भित्र क्रमश अग्नी ज्वाला, पानी, बज्र, फलभित्र चार ग्वाक्ष भित्र गोलो आकृतिमा कुँडिएको हुन्छ । बीचमा मूलध्यानी बुद्ध देवता बैरोचन वा उनको प्रतिकका रुपमा बज्र आकृति कुँडिएको हुन्छ । जुन मण्डला गोलो आकृतिको हुन्छ । यसभित्र विन्दु, धूपुर, त्रिकोण र वृत्ताकारका अवस्थाद्वारा भित्ताको प्रमुख देवीदेवताका चिन्हहरुले यथोचित रुपमा मण्डलको शोभा बढाएको हुन्छ । मण्डलभित्र प्रमुखवृत्तमा केन्द्रलाई मूलदेवस्थानका रुपमा पूजा गर्ने परम्परा छ (हेर्नुस् चि.फ.नं. १३.४) । धर्मधातु मण्डलहरु बुद्ध धर्मको मूल स्वरुपका चैत्यहरु आकारमा मूल गन्धकूटीको अगाडि प्रतिस्थापना गरेको हुन्छ । यो धर्मधातु मण्डल निर्माण कहिलेदेखि भयो प्रष्ट देखिँदैन । तर मल्लकालमा अत्याधिक रुपमा विकास भएको

देखिन्छ । सबभन्दा पुरानो अभिलेख अनुसार पिम्वहाल चैत्य अगाडिको ठूलो धर्मधातु मण्डलाको अभिलेख ने.सं. ८७० (वि.सं. १८०७) हो (हेर्नुस् चि.फ.नं. ११.४) । नेवार बौद्ध वास्तुकलाको प्रमुख विशेषताका रुपमा धर्मधातु बागेश्वर मण्डल रहेको हुन्छ ।

यस अध्ययन क्षेत्र वरिपरिका १४ वटा धर्मधातुमण्डलहरू निम्न छन् :

(१) पाटनढोकाको धर्मधातु मण्डला

(२) क्वटालाच्छी गणेश मन्दिरको धर्मधातु मण्डल

(३) मिखावहाल भित्रको धर्मधातु मण्डलहरू

(४) मिखावहाल ननीभिको धर्मधातु मण्डल

(५) मिखावहाल बाहिरको धर्मधातु मण्डल

(६) भैननी भित्रको धर्मधातु मण्डलहरू

(७) पिम्वहाल अशोक चैत्य अगाडीको धर्मधातु मण्डल

(८) पिम्वहाल चैत्य पछाडीको धर्मधातु मण्डल

(९) छायवहाल चोक भित्र धर्मधातु मण्डल

(१०) छायवहाल ल्वफ धर्मधातु मण्डल

(११) छायवहाल ल्वफा धर्मधातु मण्डल

(१२) श्रीवहाल भित्रको धर्मधातु मण्डल

(१३) याकवहा भित्रको धर्मधातु मण्डल

(१४) सिंजवहा भित्रको धर्मधातु मण्डल

# अध्याय चार

## ४.१ यल ध्वाकाः (पाटन ढोका)

यल (पाटन) शहर प्रवेश गर्ने प्रमुख तथा महत्वपूर्ण ढोकाका रूपमा बढी आवटजावत गर्ने द्वार यल ध्वाका (पाटनढोका) हो । पाटनढोका काठमाडौं शहरबाट कुपन्डोल हुँदै पाटन शहरको केन्द्र मंगलबजार जाने बीचबाढोमा रहेको छ । यो ढोका इट्टा बज्रद्वारा निर्माण गरी सेतो रंगद्वारा रंगाएको छ जुन वि.सं. १९९१ मा पूर्ण निर्माण गरिएको राणा बास्तुकला शैलीको पूर्व पश्चिमी फर्किएको ढोका हो । यस ढोकामा विचमा ठूलो खापा रहित गडिहरु आवत जावत गर्ने ढोका छ । यो ढोकाको दायाँ वायाँ मानिसहरू हिँड्नलाई बनाइएका खापा रहित साना ढोकाहरू छन् । यस ढोकाको खम्बाको मोटाइ १६ फिट छ भने बीचको ठूलो ढोकाको उचाइ २२ फिट छ । यो ढोका राणाकालको सबभन्दा ठूलो ढोकाको रूपमा बनाउनुका कारण राणहरू आफ्नो बगि र गडिहरूको आवट जावत गर्ने बनाएको हो । पाटन प्रवेश गर्ने यो ढोकाको प्रयोजन राजा, महाराजाहरूका साथै धार्मिक तथा संस्कृतिक महत्वपूर्ण कार्यहरू गर्ने, स्वागत सत्कार गर्ने प्रमुख ढोका हो । जसका कारण यो ढोका पाटनका अन्य ढोकाहरु भन्दा ठूलो र महत्वपूर्ण बनेको हो । यस ढोकासँगै राण मदन शम्शेरको ठूलो दरबार थियो ।

पाटन ढोकामा हरेक वर्षको नेपाल सम्बतमा रंगरोहन गर्ने गर्दछ । यस ढोकामा नेपाल भाषा (नेवारी भाषा), राष्ट्र्य भाषा र अन्तराष्ट्र्य भाषाका लिपिहरू र भाषाबाट सुस्वभित बनाइन्छ । (हेर्नुस फोटो नं. ) ती भाषाका लिपिबाट स्वागतम शुभकामना र वर्षका अंक लेखिन्छ । जुन समावेशी सिद्धान्तमा आधारीत भएको देखिन्छ । लिपिहरूमा सबभन्दा बढी प्रयोग हुने लिपी रन्जना लिपी हो जु नेवारी भाषामा लेखिएको छ । पाटन ढोकाको चारैतिर स्वागत र प्रतिक स्वरुप अष्टमंगल युक्त गग्री (घअ), सुग र अर्थ उल्मन्न आँखा (बुद्धको आँखाका प्रतिक) चित्रण गरिएको छ । ढोकाको अगाडि पछाडि गणेश, कुमार र लेकेखरका मूर्तिहरु प्रतिस्थापित गरिएको छ । यहाँ कुनै आधिकारिक अभिलेख छैन ।

पाटनढोका माथि दायाँबायाँ सिमेन्टबाट बनाइएका चार हात युक्त सुखासन मुद्रामा कमलमाथि आसिन गणेश र कुमारका मूर्तिहरु छ । सेतो वर्णको गणेशको हातहरुमा क्रमशः मक्षयमाला, बञ्चरो, मुला र लड्डु लिएको छ । त्यस्तै रातो वर्णको कुमारको हातहरुमा पनि

क्रमशः अक्षयमाला, पात, कमन्दलो लिएको र वरद मुद्रामा बसेको छ । ढोकाको माथि बीचमा ढुंगाको सानो आकारको सेतो मछिन्द्रनाथ (पदमपानी लोकेश्वर) र रातो मछिन्द्रनाथ (पदमपानी लोकेश्वर) को मूर्तिहरु पूर्व पश्चिम दिशामा राखिएको छ । यी मूर्तिहरु एकहात वरद मुद्रामा र अर्को हात पूर्ण फुलिएको कमलको ढाड समातेर उभिएको छ । ढोकामाथि गजुरको सत्तामा भकुण्डो आकारको गोलो बनाई राखेको छ । जसमा रञ्जना लिपिमा "तिसा" (तिसा साहित्य भनेको नेपाल भाषा सम्बन्धी भाषागत संस्थान) लेखिएको छ ।

### किल्ला र पाटनढोका सम्बन्धी ऐतिहासिक तथ्यहरु

साहित्यक श्रोतहरुका अनुसार वैदिक कालदेखि राज्य र शहरहरुको निर्माण किल्ला बन्द सुरक्षित पर्खाल, खाई र ढोकाहरुको निर्माण गरेको हुनुपर्छ ।[१६१] मध्यकालमा उपत्यकाको शहरहरुको निर्माण गर्दा शहरको चारैतिर खाई बनाई वरिपरि अग्ला अग्ला इट्टाका पर्खाल बनाइ ठाउँ ठाउँमा ढोकाहरु बनाइएका थिए ।[१६२] त्यस्तै लिच्छवीकालका अभिलेखहरुमा पनि किल्लाको चर्चा पाइन्छ ।[१६३] मल्लकालमा उपत्यका तीन अलग अलग राज्य भएपछि आफ्नो राज्यको सुरक्षार्थ किल्ला बन्द गर्नु अति आवश्यक भएको थियो । ने.सं. ८७१ (पिव.सं. १८०८) को राजा राज्यप्रकाश मल्लाकालको "थ्यासपु"का अनुसार यल (पाटन) शहरलाई किल्ला बन्द गरी १८ वटा ढोका रहेको चर्चा पाइन्छ ।[१६४] यस "थ्यासफु" मा पाटनढोकालाई "त्र ध्वाका" भनी सम्बोधन गरिएको छ । 'त्र' को अर्थ कम्मर हो । जुन शरीरको प्रमुख भाग (अंग) भएको अर्थमा शहरको प्रमुख ठाउँको ढोका भएका कारण पाटन (यल) ढोका भनिएको हो । नत्रभने अरु ढोकालाई पनि पाटन ढोका भन्नु पर्ने थियो । मल्लकालमा ढोकाहरु उज्यालो नभइ नखोल्ने र अँध्यारो हुना साथ बन्द गर्ने चलन थियो । अन्य ठाउँका मानिसहरु शहर प्रवेश गर्न १ दामको कर तिर्नु पर्दथ्यो । साथै ढोकाका सुरक्षार्थ तल्लो जातिकालाई पाले राखिएको हुन्छ ।[१६५] भने ध्वाका नाथ (क्वाथानायक) को रुपमा "पारो[१६६]" वा 'थाव' हरुलाई हुन्छ । पाटनका अन्य

[१६१] शर्मा, डिल्लीराज, "नेपालको किल्ला वास्तुकला" (कीर्तिपुरः नेपाल एशियाली अध्ययन केन्द्र, वि.स्रं. २०५५) पृष्ठ १-१८
[१६२] ऐजन, शर्मा, पृष्ठ ७९ ।
[१६३] बज्राचार्य, जनबम्र "लिच्छवी अभिलेख" (कीर्तिपुरः सिनास) पृष्ठ २३३-२३५ ।
[१६४] कार्यस्थ, छेत्रबहादुर, "नेपाल संस्कृति" (यल, वर्ष ७ अंक ८, वि.सं. २०५३) पृष्ठ १९ ...सम्वत् ८७१... जम ध्वाका/कल्यब्रम्हा ध्वाका/तेता ध्वाका/सचो ध्वाका/चोर ध्वाका/च्यासर ध्वाका/परं ध्वाका/पो ध्वाका/आरक्व ध्वाका/त्र ध्वाका/छाय्वहा ध्वाका/चागल ध्वाका/तओ ध्वाका/चा ध्वाका/थवु ध्वाका/किर ध्वाका/लक्षद ध्वाका/द ध्वाका ।
[१६५] बासुपासा "ललितपुर" (काठमाडौं, पासा प्रकाशन, २०५४ वि.सं.) पृष्ठ ४ ।
[१६६] डा. क्षेत्री, दलबहादुर, "प्राचीन तथा पूर्वः मध्यकालीन नेपाल" (काठमाडौं: निरन्तर प्रकाशन, वि.सं. २०६) पृष्ठ ३५५ ।

ढोकाहरुमा ति तल्ला जातिका नेवारहरुको र बस्ती राखिए पनि पाटनढोका र छायवहाल ढोकाबाट राजामहाराजाहरुको सवारीमा साथै प्रमुख धार्मिक सांस्कृतिक कार्यहरु गर्नुपर्ने भएका कारण देखिन्छ । यी ढोकाका नाय (सुरक्षाकर्मी) का रुपमा भाव (ज्यापू) जाति रहेको पाइन्छ ।

मल्लकालका ढोकाहरु काठ, इट्टा, माटोको प्रयोग गरी छाना शैलीमा काठका ठूल्ठूला खापाहरु राखेको हुनुपर्छ । यहाँ यसको कुनै अवशेष पाइदैन । ९० साल अगाडिको पाटनढोकाको स्वरुपमा काठका ठूला बन्द र खोल्न मिल्ने खापाहरु छ । जसको छाना धातुको पाटको पागोडा शैलीमा बनेको छ । जसमा तीनवटा भ्यालहरु बनाइएका छन् । जसमाथि गजुरमा सट्टा रोमन शैलीको ठूलो इट्टा र बज्रको कलश छ । यसको दायाँबायाँ मोलम्बा युक्त धातुको जोडि नागहरुको अभिशेक गरेका मूर्तिहरु छन् । यसको दायाँबायाँ ढोकाको माथि मुगल शैलीमा गुम्बज आकृतिमा बुजाहरु रहेको छ । ढोकाको चखालको चौडाई मोटो देखिन्छ ।[१६७] साथै ढोकाको दायाँबायाँ रुखहरु देखिन्छ । त्यस्तै प्रतापमल्लसंग लडाइपछि सम्झौता हुँदा प्रतापमल्लले पाटनको लागि काठमाडौंदेखि पाटनसम्म बाटो बनाइदिएको पाइन्छ । यी सबै कारणहरुले गर्दा पाटनढोका पाटन शहरको प्रमुख ढोका हुनुपर्छ । साथै यो ढोकाको रुप पनि त्यसै समयकाल अकरुपको ढोका वास्तुकला हुनुपर्छ । यस ढोकाको पर्खाल परिवर्तन भएको देखिँदैन ।

**पाटनढोका वरपरका ऐतिहासिक तथा पुरातात्विक स्थलहरु**

पाटनढोका संगै सूर्यविनायकको प्रतिकात्मक ढुङ्गे छ । यस संगै भिमसेनको प्रतिकात्मक ढुंगा मूर्ति छ । भिमसेन मन्दिर अगाडि पछाडि पाटिहरु थियो । तर हाल अगाडिको पाटीको स्वरुप परिवर्तन भइसकेको र पछाडिको पाटी हराइसकेको छ । ढोका बाहिर पिपल रुख युक्त डबली छ । त्यस्तै पाटनढोका बसपार्क संगै डबलीमा वहान सहित ढुंगाको शिवलिङ्ग प्रतिस्थापित छ । जुन शिवलिङ्ग अगाडि पछाडि पोखरीहरु र ढुंगेधारा पहिला थियो । तर हाल उक्त स्थानहरुमा श्री शान्ति नि.मा.वि. र सार्वजनिक शौचालय[१६८] बनेको छ । “चपुखु” अर्थात् खुल्ला पोखरीमा विद्यालय र मदन शमशेरको दरबार बनेको छ ।

यी स्थानहरुको ऐतिहासिक र सांस्कृतिक महत्वहरु धेरै भएका कारण ती ठाउँ स्थानको उत्खनन् र पुननिर्माण हुनु अति महत्वपूर्ण छ ।

[१६७] हेर्नुस् फोटो नं. १ (पुरानो पाटनढोका) ।
[१६८] हेर्नुस् फोटो नं.  ।

**छायवहाल ढोका (छायवहा: ध्वाका)**

पाटनढोका नटोल बीचको अवस्थित छायवहा: चपा छेसंग बनेको नयाँ ढोकालाई छायवहाल ढोका भनिन्छ । यो ढोका मल्लकालीन स्वरुपमा वि.सं. २०५८ (ने.सं. ११२१) सालमा निर्माण भएको हो । यो नेपाली बुट्टादार इट्टाले भरिपूर्ण ढोका हाते शैलीमा निर्मित छ । यस छानाको माथि तीनवटा धातुका गजुरहरु छन् (हेर्नुस् फोटो नं. १४ (II))। झिंगेते छाना अडाउन चारैतिर काठका टुँडालहरु राखिएको छ । ती टुँडालहरुमा अष्टमात्रिका गणहरु र सादुलका आकृतिहरु कुँदिएका छन् । ढोका पूर्वपश्चिम फर्किएको ढोकामाथि गणेश र कुमारका तेराकोटा मूर्तिहरु राखिएको छ । यी चार हातमा विभिन्न अयुदलिएर सुखासन मुद्रामा आसिन मूर्तिहरु ढोकाको अगाडि पछाडि छ । त्यस्तै ढोकाको खम्बाहरुमा नागनागिनी आकृतिहरु र शिलालेख राखिएको छ । यो खापा नभएको खुल्ला ढोकाको शिलालेख अनुसार यसको निर्माण छायवहा: गुठीयारहरुले ने.सं. ११२२ मा सम्पन्न गरेको उल्लेख पाइन्छ ।

मल्लकालमा लेखिएको “थ्यासपु” का अनुसार पाटनका महत्वपूर्ण १८ वटा ढोकाहरु मध्ये छायवहाल ढोकाको नाम पनि उल्लेख छ ।[१६९] तर यो ढोका हालको ढोका रहेको स्थानभन्दा पश्चिम पट्टि रहेको थियो । जुन ढोकाको अवस्थाका रुपमा हाल ढोकामा रहने ढुंगाको आँखा छायवहा चपा छें मा सुरक्षित छ (हेर्नुस् फोटो नं. १४.२) । यस ढोकाको दायाँबायाँ पोखरी र पाटी थियो । जसको हाल अस्तित्व देखिँदैन । छायवहा कमल पुखु ( कमलपोखरी) मा हाल महिला तालिम केन्द्रको भवन रहेको छ ।[१७०] जसको पुननिर्माणले प्राचीन सुन्दर नगर वस्तुकलाको परिचय दिन सकिन्छ । जसले गर्दा ती स्थानहरु ढोका, पोखरी र पाटीको निर्माण उत्खनन् हुनु अति आवश्यक छ ।

### ४.२.४ चपा र ढिगी.छे. (चपाट वा गुथी घर)

चपा भन्नाले नेपाल भाषी ज्यापू (महर्जन, डंगोल) जातिहरूको खलक, फुकिहरूको सामूहिक गुथी छे (घर) हो । जुन घर कुनै व्यक्तिको नभएर सामूहिक, गुठि घर हो । यो घरमा नेवारहरूको नियमीत, मासिक, वार्षिक, सामूहिक तथा व्यक्तिगत कार्यक्रमहरू गर्ने गर्दछ । नेवारहरूको वर्षेनी कुनै न कुनै विशेष चाडपर्व, भोजभटेर हुन्छ । यस दिन ठूलो संख्यामा मानिसहरुलाई एकै चोटी लामबद्ध राखी भोज खुवाउने चलन छ । यो भोज गर्नलाई ठूलो

[१६९] ऐजन, कार्यस्थ, पृष्ठ १९ ।
[१७०] हेर्नुस् फोटो नं. १४ (II) ।

ठाउँको आवश्यकता भएका कारण चपाछे र ढिगी छे (घर) को विकास भएको हो । यस्ता घरहरूको रेखदेख सबै सदस्यहरुले पालोपाले गर्ने गर्दछ । यस्ता घरको संचालन र रेखदेखका लागि सामुहिक गुठी बनाई जग्गा छुट्टाएको हुन्छ । यस्ता घरहरू भोजभटेरका लागि चाहिने सबै सरसामानहरु हुन्छ । यो सरसमान चलाउन खर्च लाग्दैन । जस्ले गर्दा व्यक्तिलाई राहत हुन्छ । यस्ता घरहरू व्यक्तिगत घरभन्दा ठूलो हुन्छ । जहाँ चुलो, ढल, पानी, भाडाकुडाहरुको बन्दोवस्ती भएको हुन्छ । जुन घर घाम पानीबाट अति सुरक्षित बनाइएका हुन्छ ।

चपा छे भन्नाले विशेष गरी ज्यापू (महर्जन, डंगोल, सिंह) हरूको सामूहिक सामाजिक तथा सांस्कृतिक थलो अथवा घर (गुठि छे) भन्ने हुन्छ । ढिगी छे भन्नाले नेवार बौद्ध सम्प्रदायका शाक्य, बज्राचार्यहरू व्यक्तिहरूको धार्मिक अभिप्रायले बनाइएको अध्ययन, भोजभटेर र धार्मिक क्रियाकर्म गर्ने घर हो । यो घरमा पनि चपा छेंमा जस्तै सुविधा हुन्छ ।

यस अध्ययन क्षेत्र अन्तर्गत पर्ने प्रमुख चपा/ढिगो छैं (घर)हरू निम्न छन् ।

(क) मिखावहा चपा छैं

कोटलाछी गणेश मन्दिर र मिखावहालको बीचमा रहेको पाँच तल्ले ढलान गरेको घर मिखावहा चपा छैं हो । जुन घरमा चुलो भुईतल्लामा र भोजभतेरका लागि चाहिने सरसामान राख्ने ठाउँ पहिले तल्लामा छ । त्यस्तै भोज खाल तेश्रो र चौथो तल्ला छ । जहाँ एकै चोटी धेरै मानिस बसेर खानसक्ने ठाउँ छ । यस गुठि छे मा मर्दापर्दालाई चाहिने सम्पूर्ण सरसामानहरू राखिराखेको हुन्छ । यस चपालाई चाहिने पानीका लागि अगाडी इनार बनाएको छ । यो चपा छैं अदिवासी ज्यापू (महर्जन, डंगोल) कृषक जातीको घर हो । (हेर्नुस् चि.फ.नं..............) ।

(ख) छायवहा चपा छैँ

छायवहाल ढोकासँगै रहेको पाँच तल्ले ढलान गरेको परम्परागत घर छायवहा चपा छैँ हो । यस घरको चुलो (भूतू) माथिल्लो तल्लामा छ । जहाँ भोजखाने ठाउँ ३ र ४ तल्लामा रहेको छ । यस घरमा मर्दापर्दा चाहिने सम्पूर्ण सरसामानहरूको बन्दोवस्ती छेलीको कोठामा गरेको भोजका लागि चाहिने पानीका अगाडीको छायवहाल हिति(ढुङ्गेधारा) प्रयोग गर्दछ । यो चपाछैँ छायवहा टोलका ज्यापू (महर्जन, डंगोल) मंका गुठी घर हो । (हेर्नुस् चि.फ.नं. .....................)

(ग) सिंवहा ढिगी छैँ

श्रीवहाल चोकमा रहेको प्रमुख देवताको मन्दिरसँगै जोडेको दक्षिण तर्फको घरलाई सिंवहा ढिगी छैँ भनिन्छ । जुन ३ तल्ले पागैडा (छाने) शैलीको परम्परागत घर हो । यस ढिगी छे को चुलो चोकको दक्षिणतिर भूइतल्लामा रहेको छ । यहाँका लागि अति आवश्यक पानीका लागि इनार बनाएको छ । यो ढिगी छे शाक्य जातिहरूको व्यक्तिगत, धार्मिक सामूहिक कार्यक्रमहरू गर्ने घर हो । जहाँ जेष्ठ सदस्यहरूबाट क्रमश अन्य सदस्यहरू क्रमबद्ध रूपमा बसेर भोजखान्छ । यो ढिगी छे मानै आग (गोप्य कोठा) रहेको हुन्छ । जुन ठाउँमा दिक्षालिएका व्यक्तिहरु मात्र पूजा पाठ गर्ने गर्दछ । (हेर्नुस् चि.फ.नं. .....................)

(घ) मूवहा ढिगी छे

पिम्वहाल चैत्य पछाडी मूवहा चोकभित्र दक्षिण तर्फको परम्परागत तीन तल्ले घरलाई मूवहा ढिगो छैँ भनिन्छ । जुन घर मल्लकालीन परम्परागत ढाँचामा बनेको छ । जहाँ अति कलात्मक बुट्टादार झ्याल र ढोका युक्त रहेको छ । जहाँ नित्यपूजादेखि व्यक्तिगत, सामूहिक, धार्मिक कार्यक्रमहरू हुने गर्दछ । यो नेवार बौद्ध जाति (शाक्य) हरुको सामूहिक घर हो । यहाँ पानीका लाीग इनार बनाइएको छ । (हेर्नुस् चि.फ.नं. ...........)

(ङ) पिम्वाह चपा छैँ

पिम्वहाल चैत्यको उत्तरपट्टि रहेको पाँच तल्ले आधुनिक ढलान घरलाई पिम्वाह चपा छैँ भनिन्छ । जुन श्रेष्ठ (लाखे) जातीको चपा छैँ हो । यहाँ भोजका लागि तेश्रो तल्ला प्रयोग गरिएको छ । यहाँ पानीको लागि चपाको पश्चिमपट्टि इनारको व्यवस्था गरेको छ । (हेर्नुस् चि.फ.नं. .....................)

### ४.३.१ पुखु (पोखरी)

#### ४.३.१.१ जगमदु पुखु  (जमल पोखरी)

पाटन पिम्वहाल चैत्यको अगाडी पूर्व दिशामा रहेको चारकुने ठूलो पोखरीलाई जमल पोखरी वा पिम्वहाल पोखरी भनिन्छ । स्थानीय भाषमा यस पोखरीलाई "जगमदुपुखुः" भनिन्छ । नेपाल भाषामा "जगमदु" को अर्थ "नहालेको" र 'पुखु' को अर्थ "पोखरी"  हुन्छ । यो पोखरीको चारैतिर पर्खाल लगाई पश्चिम दिशामा ढोका बनाएको छ । जहाँबाट पोखरीको बीचमा रहेको १६ खुट्टेपाटी सम्म पुग्ने बाटो छ । यो पोखरी ७ रोपनी क्षेत्रफलमा अवस्थित छ । यो जमीन सतहभन्दा ५ फिट तल बनेको पोखरी हो (हेर्नुस् चि.फ.नं. २४) । कालक्रम र धर्मसम्प्रदाय अनुसार यस पोखरीको नाम पनि फरक भएको पाइन्छ । ने.सं. ८१८ (१७५५ वि.सं.) बौद्ध सम्प्रदायहरुको एक ताडपत्रमा यसलाई "जलमण्डप" भनि सम्बोधन गरेको छ । यस जलमण्डप शब्दबाट अप्रभंशबाट "जमल" हुन गएको देखिन्छ । यो पोखरीको निर्माण कहिले कसरी भयो भन्ने सप्रस्थ प्रमाण छैन । एक किवंदन्ती अनुसार लाखे, ख्याकहरूले  यो पोखरी एकरातमा बनाएको हो । बिहान सवेर कुखुरा बास्दा यी ख्याक, लाखेहरू पोखरीमा उत्तरतिर ढुङ्गा बनि सिद्धी भएको भनि भनिन्छ । ती ढुङ्गा हालसम्मपनि देख्न पाइन्छ । ती ढुङ्गाहरु अरु ढुंगाहरु भन्दा एकदम अलगै खालको देखिन्छ । जसको अध्ययन अति जरुरी छ ।[१७१] यस पोखरीमा राख्ने पानी र ढुङ्गहरू टीका भैरवबाट वगाएर ल्याएको उल्लेख पाइन्छ ।[१७२] चण्डेश्वरी मन्दिर अगाडि रहेको चण्डेश्वर शिवलीङ्गको नामबाट वा शिवलाई जमल भनि सम्बोधन गर्ने भएका कारण जमल पोखरी भनेको हो । साथै जमल भन्नुको अर्थ भगवान शिवलाई पनि बुझाइन्छ । शिवका गणमा लाखे, ख्याक, भूत पनि पर्ने र तीद्वारा निर्माण गरिएको कारण जमल पोखरी भनिएको उल्लेख पाइन्छ ।[१७३] जनश्रुती अनुसार लाखेहरुद्वारा निर्माण गरेका कारण यस पोखरीलाई "लाखे पुखु" पोखरी पनि भनिन्छ । यस पोखरीको बीचमा १६ खुट्टेपाटी र सँगै कृष्ण मन्दिर रहेको छ । १६ खुट्टेपाटी एकतल्ले पगेडा शैलीको छ । यस पोखरीको पश्चिमी कुन्नामा अति सुन्दर मल्लकालीन दुई तल्ले पागैडा शैलीको पाटी छ । यहाँ पहिला वर्षेनी इन्द्रजात्राका दिन इन्द्रको धातु मूर्ति प्रतिस्थापना गरी भजन किर्तन गरी प्रसाद बाँड्ने कार्यक्रम हुन्थ्यो । त्यस्तै इन्द्रजत्राको बेला यस पोखरीमा पहिला जसि (ठूलो धातुको खाना पकाउने भाडो) दूईवटा

---

[१७१] जोशी, हरिरम, महापिन्योवहार "अप्रकाशित" पृ. २ ।

[१७२] शाक्य, आशारत्न, "मट्या स्मारिका" (ललितपुरः यशोधर महाविहार मट्या स्मारिका, वि.सं. २०६१) पृ. ५१ ।

[१७३] उहि, पृ. ३ ।

जोडि डुङ्गा जस्तो माथि डबली बनाई भजन किर्तन गर्ने कार्य गरिन्थ्यो । हाल यो चलन लोप भइसकेको छ ।

यस पोखरीको पानीबाट यस क्षेत्रको चारैतिरका इनारमा पानीको आपूर्ति हुने गर्दछ । जसमा मिखावहाल, पिम्वहाल, भगीननी, कोटलाछि गणेश मन्दिर, सुलिम, छायवहाल आदि ठाउँका इनारहरुमा पानी जमिनको मार्गबाट जाने गर्दछ । हाल यस पोखरीको चारैतिर ४ फिटको ढुङ्गा पर्खालले घेरिएको छ । पहिला यो पोखरीको पानी सरसफाइ र विभिन्न कार्यकालागि प्रयोग गर्ने गर्द थियो । मल्लकालमा यस पोखरीमा पानी जमाउन टिकभैरवबाट राजकुलोको माध्यमबाट पानी पुल्चोक र पुर्णचन्दीको पोखरीमा राखि ती ठाउँबाट कुलोबनाई ल्याइएको हो । जुन पानी क्रमश पश्चिम कुनामा र पूर्व कुनामा ढुङ्गधार बनाएर खसालिन्थ्यो । जसले गर्दा पोखरीको पानी जहिले पनि सफा र निर्मल हुने गर्दथ्यो । पहिला यस पाखरीको चारै दिशातिर पोखरीमा जाने भयाङ्गको व्यवस्था भएको थियो । जुन अवशेषको रूपमा ४, ५ वर्ष अगाडि सम्म पनि पश्चिम कुनामा भंयाङ्ग र ढुङ्गाधार थियो । तर हालसालै पोखरीमा पर्खाल बनाउदा यो हटाएको हो । त्यस्तै पहिला उत्तर पूर्व कुनामा पनि पाटी थियो । हाल यो पनि छैन । जनश्रुती अनुसार यस पोखरीको पानी सुकि “लाखेल्वह” (लाखो ढङ्गा) दखियो भने पानी पर्दछ र पूर्ण पोखरी भर्छ । यस पोखरीले गर्दा यहाँको वातावरण र शोभा बढेको छ । जनश्रुति अनुसार यो जमल पोखरी हेरि प्रतापमल्लले काठमाडौंको जमल पोखरी (रानीपोखरी) बनाएको चर्चा पाइन्छ । पाटनका अति महत्वपूर्ण पोखरीहरू मध्यको हाल यो एउटा मात्र जीवित पोखरी हो जसको व्यवस्थीत संरक्षण गर्नु अति आवश्यक छ ।

## ४.३.२ ल्ह हिति (ढुङ्गे धारा )

पोखरीको पानी वा जमिन भित्रको पानीलाई नेपाली परम्परागत तरिकाबाट जमिनको भित्रीबाटोबाट पानी ल्याई ढुङ्गाको कलात्मक धाराबाट आउने पानीलाई ढुङ्गेधारा भनिन्छ । स्थानीय नेवारी भाषामा यसलाई “ल्ह हिति” भनिन्छ जहाँ ‘ल्ह’ को अर्थ ढुंगा हुन्छ । ढुङ्गेधाराबाट हरेक दिन निरन्तर स्वच्छ पानी बगिरहेको हुन्छ । यस ढुङ्गेधाराहरू जमिनको केही सतह तल्लो वा जमिनसतह भन्दा तल खाल्डो बनाई निर्माण गरेको हुन्छ । जुन विभिन्न आकार प्रकारका हुन्छ । विशेषत ढुङ्गेधाराहरु चतुष्कोणकार स्वरूपमा निर्माण गरेको हुन्छ । ढुङ्गेधारामा जलचरहरूका आकृति कुडिएको हुन्छ । प्रमुख जलचर गोही(मगर)को मुखबाट पानी वगाएको हुन्छ । ढुङ्गेधारको मुनि ढुंगाको भगिरथको मूर्ति कुँडिएको हुन्छ भने माथि पानीका

आरध्यदेव व जलदेवदेवीका प्रतिमा प्रतिस्थापना गरिएको हुन्छ (हेर्नुस् चि.फ. नं. २५) । ढुङ्गेधारा परिषद्भित्र एउटा देखि तीनवटा सम्मका ढुंङ्गेधाराहरु बनाइएका हुन्छन् । जसमा प्रमुख एउटा र अर्को दायाँबायाँ सहायक हुन्छ । ढुङ्गेधाराहरूको निर्माण र विकास कहिलेदेखि भएको भने आधिकारीक प्रमाण पाउन गाह्रो छ । तर नेपालमा प्राप्त अभिलेखहरुका अनुसार लिच्छवीकाल देखि ढुङ्गेधाराको अस्तित्व भएको अभिलेख पाइन्छ ।[१७४] त्यस्तै मल्लकालीन अभिलेखहरुका अनुसार ढुङ्गेधाराको मर्मत र सुरक्षाकालागि कर्मचारी नियुक्त गरेको पाइन्छ ।[१७५] ढुङ्गेधारको योजना स्वरूप सबै क्षेत्रमा ढुङ्गाका पर्खाल र पेति बनाएको हुन्छ । मल्लकाल तिरबाट सुरु भएको मान्न सकिने ढुङ्गेधाराको सरसफाइ कुमार षष्ठीका दिन "सिठी नखः" पर्वमा गर्दछ । जुन नेवार समूदायको विशेष पर्वकारुपमा मानि ज्यापूहरुले सरसफाइ गर्ने चलन चलि आएको पाइन्छ ।[१७६] ढुङ्गेधाराको पानीहरूको महत्व मानव जिवनमा अति पाइन्छ । त्यसमा पनि विशेष पिउन, पूजापाठ र औषधिको रूपमा विशेष प्रयोग गरिएको पाइन्छ ।

यस अध्ययन क्षेत्र अर्न्तगत पर्ने प्रमुख ढुङ्गेधाराहरू निम्न छन् :

### (क) छायवहा ढुङ्गेधारा

छायवहा ढुङ्गेधारा छायवहाल ढोकासँगै जमिन सतहभन्दा दुई तह तलअवस्थीत छ । यो ढुङ्गे धारा पश्चिम दिशा फर्किएको छ । यस धारामा एक प्रमुख ठूलो ढुंगेधारा र दायाँ वायाँ अन्य स-साना धाराहरू छन् (हेर्नुस् चि.फ. नं. २५.३) । यहाँ २ वटा शिलालेखहरू रहेको छ । शिलालेख अनुसार ने.सं. ९९२ ( वि.सं. १९२९) मा यस धाराको जिर्णद्वार गरेको उल्लेख छ । यो धारा मल्लकालमा पाटन शहर प्रवेश गर्न मानिसहरुका साथै स्थानीय जनताको लागि पानी खान बनाएको हो । यस ढुङ्गेधाराको माथि ढुङ्गाको देवी गंगाको मूर्ति ढुंगाको मन्दिर बनाई प्रतिस्थापना गरेको छ । यसको बायापट्टिको धारा माथि ढुङ्गाको गरुड आसन विष्णु मूीर्त छ । त्यस्तै दायाँको मूर्ति चोरि भइ हाल खालि रहेको छ । यस धारासँगै एउटा जलद्रंुणी छ । यस धारामा हालसम्म पनि पानी निरन्तर आउँछ । जनविश्वास अनुसार यस धाराको पानीको श्रोत सिँवहालबाट क्रमशः छायवहा पुखु हुँदै आएको मानिन्छ ।

### (ख) नतोल ढुङ्गेधारा

---

[१७४] सम्वत् ४७२ को हाडीगाँउ अभिलेख र सं. ४९२ को पाटन मंगल बजार अभिलेख, ।

[१७५] "ललितपुर तथा भक्तपुर जिल्लास्थित ढुङ्गेधाराहरूको अभिलेख प्रस्ताव" इन्फ्रास्ट्रक्चर इनिजियरिङ्ग रिसोर्स कन्सल्न प्र.लि., २०६४ काठमाडौं, पृ.३३ ।

[१७६] उहि, पृ. ३३ ।

नतोल ढुङ्गेधारा नतोल गणेश स्थानसँगै बाटोमा अवस्थीत छ । यो दक्षिण दिशा फर्किएको ढुङ्गेधारा जमिन सतहबाट दई तह तल बनाइएको छ। यो ढुंगेधाराको बीचमा ढुंगाका महादेवपार्वतीको मूर्ति प्रतिस्थापना गरेको छ (हेर्नुस् चि.फ. नं. २५.२) । त्यस्तै सानो ढुङ्गेधारामाथि ढुंगेकै पदमपानी लोकेश्वरको मूर्ति प्रतिस्थापना गरेको छ । यहाँ रहेको अभिलेखका अनुसार यो धारा वि.सं. २००७ मा जिर्णद्वार गरेको देखिन्छ। जुन महाभूकम्पमा परी लुप्त भएको थियो र पछि वि.सं. २००३ वैशाखमा श्री ३ वडामहारानी पदमकुमारी देवीले जीर्णद्वार गरेको अभिलेख छ। यो ढुङ्गेधारा जात्रामा आउने र स्थानीय जनताहरुले प्रयोग गर्न बनाएको हो । पहिला यस धाराको निकास राम्रो थियो तर केहि वर्षदेखि निकास राम्रो नभएर पानी जम्ने गरेको छ । जनविश्वास अनुसार यस ढुङ्गेधाराको मुहानपनि सिवहाल नै भएको आधार छ।

## ४.३.४.जः धुं (जलद्रोणि)

पानीलाई नियमित बग्न नदिइ समयमा बन्द गर्ने र खोल्न हुने गरी ढुंगा खोपेर बनाइएको परम्परागत तरिकाले बनाइएको धारालाई जलद्रोणी भनिन्छ। यस धारालाई नेवारीमा जःधुं भनिन्छ भने संस्कृतमा जलद्रोणि भनिन्छ । जुन धाराको पानी आउने स्वरुप आइमाइको पोका आकारको हुन्छ । जनश्रुती अनुसार यसबाट बग्ने पानी पिउँदा आमाको दुध खाए बराबरको तृप्ती मिल्छ भन्ने विश्वास छ । जलद्रोणिमा पानी भरि राख्न ठूलो ढुङ्गाको बीचमा खाल्डो बनाएको हुन्छ जुन ट्याकी जस्तो बनाइएको हुन्छ। जसको बाहिरी भागमा पानी किाल्न सानो प्वाल बनाइएको हुन्छ । जुन प्वाललाई खोल्न र बन्द गर्न मिल्ने व्यवस्था गरेको हुन्छ । जसमा सानो मंकर आकृतिको धातुको धारा राखिएको हुन्छ। यस जःधुंमा हरेक दिन बिहान र साँझ पानी भरिन्छ। जःधु विशेषत बाटोमा हिँड्ने बटुवाहरु र स्थानीय जनतालाई पानी खान स्थापना गरेको हो । जःधुं जमिन सतहमाथि ढुंगाको पेटी उठाइ त्यसमाथी राखिएको हुन्छ । जःधुंको तल ढुङ्गाको भगिरथको मूर्ति प्रतिस्थापन गरिराखेको हुन्छ (हेर्नुस् चि.फ. नं. २५.१) । त्यस्तै जःधुंको पानीलाई छोप्न माथि ट्यालको छाना बनाई त्यसमाथि गजुर बनाएको हुन्छ । जःधुंमा नाग नागिनी, गंगा जमूना र जलचरहरूका आकृतिहरु चित्रण गर्ने वा कुडिएर कलात्मक बनाएको हुन्छ (हेर्नुस् चि.फ. नं. २१.३) । जःधुंको निर्माण कहिले देखि भयो भन्ने प्रमाण आधार नपाएपनि मल्लकालमा यसको अत्याधीक विकास भएको पाइन्छ । नेवार समूदायमा परपरादेखि यस जःधुंको साथै पानीको हरेक मूहानको सरसफाइ र रेखदेख गर्न गुठी बनाएको हुन्छ । त्यस्तै रहेक वर्ष कुमार षष्ठी (सिठी नखः) पर्वका दिन विशेषत सरसफाइ र

पूजापाठ गर्ने चलन चलिआएको पाइन्छ । यस दिन जःधुंबाट जाड, रक्सीको धारा बगाइ पुरादवादी पूजा गरिन्छ ।

यस अध्ययन क्षेत्रका प्रमुख जःधुं (जलद्रोणि) हरू निम्न प्रकारका छन् :

**(अ) कोटलाछि गणेश मन्दिरको जःधुं**

यस जःधुं ढुङ्गाको ५फिट लामो आकारको ढुङ्गको जःधुं हो । यो पाटन कोटलाछि गणेश मन्दिरको पछाडी बनाइएको छ । यस जःधुंको बीचमा धातुको कलात्मक गोही आकृतिको टुकी छ । जुन जःधुं हाल प्रयोगमा छैन । हाल त्यस जःधुं माथि सिमेन्टको ट्यांकि बनाई पानी वितरण गरी राखेको छ । त्यस्तै यस जःधुंको बायाँपट्टि अर्को २ फिट लामो आकारको ढुङ्गाको जःधुं छ । जसको माथि ढूंगाको गजुर छ । जसको साधारण टुकी छ । हाल यसको प्रयोग पनि भएको छैन ।

**(आ) चण्डेश्वर मन्दिरको जःधुं**

यो जःधुं ढुङ्गाको २ फिट लामो आकारको जःधुं हो । यो चण्डेश्वरी मन्दिरको बायाँतिर बनाइएको छ । हाल यस जःधुंमाथि चारैदिशामा देवदेवीका मूर्तिहरू प्रतिस्थापना गरेको छ । जसका कारण हाल यसको प्रयोग छैन ।

**(इ) छायवहालको जःधुं**

छायबहाल जमल पोखरीको पश्चिम छेउमा २ फिट लम्बाइ आकारको ढुङ्गाको साधारण जःधुं बनाइएको छ । जुन जःधुं हाल भग्नअवशेषमा रही अवशेषका रूपमा मात्र रहेको छ ।

**(ई) नटोल गणेश मन्दिरसँगैको जःधुं**

नटोल गणेश मन्दिरको पूर्वदिशा तर्फ ढुङ्गाहरूद्वारा बनाएको कलात्मक जःधुं छ । जुन जःधुंको लम्बाई ५ फिट र उचाई २ फिट छ । यो जःधुं ढुङ्गाको पर्खाल माथि बनाइएको छ । जःधुंको तल बीचमा ४ हाते युक्त स्थानक भगिरथको कलात्मक मूर्ति प्रतिस्थापित छ । जःधुंको माथि ट्यालको छाना बनाइ छोपेको छ । त्यस्तै जःधुंमा पानी राख्न दायाँतिर ढुङ्गाको भाडो बनाएको छ । जःधुंको बीचमा मकर आकृतिको धातुको धारा राखिएको छ (हेर्नुस् चि.फ. नं. २५.१) ।

**(उ) अन्य**

-	छायवहाल ढुङ्गेधाराको जःधुंः- यो छायबहाल ढुङ्गेधारा परिषद्मा रहेको सानो ढुङ्गाको जःधुं हो । जुन हाल उपयोगमा देखिँदैन ।

-	नटोल ढुङ्गेधाराको जःधुंः- नटोल ढुङ्गेधारा परिषद्मा रहेको सानो ढुङ्गाको जःधुंलाई भनिन्छ । जुन हाल प्रयोगमा देखिँदैन ।

## ४.३.५ तुँ (इनार)

आदिमकालमा मानिसले पानीको बन्दोवस्तीको लागि आफ्नो बुद्धि र विवेकले निर्माण गरेको प्राचिन प्रविधि इनार हो । इनारमा पानीको आपुर्ति जमिन मूनि संचीत भईरहेको पानीबाट हुन्छ । जुन पानी वर्षादको समयमा जमिनमा वा पोखरीमा संचीत हुन्छ । जुन पानी जमिनबाट रसिएर इनारमा आउँछ । इनारको निर्माण जमिन सतहभन्दा धेरै तल गोलाकार खाल्डो बनाएको हुन्छ । जसको चारैतिर इट्टाको पर्खाल हुन्छ । जमिन सतह माथि इनारमा ढुङ्गाको गोलो रिङ्ग बनाएको हुन्छ (हेर्नुस् चि.फ. नं. २५.४) । इनारमा वर्षादमा धेरै पानी हुन्छ भने अरु समयमा पानी केही मात्रामा भइरहेको हुन्छ । इनारको पानी बालटीको सहायताले निकालीन्छ । इनारको प्राचिनताको अध्ययन गर्दा सिन्धुघाटी सभ्यता भन्दा पहिले यसको विकास भएको मानिन्छ । भारतको सिन्धुघाटी, र हरप्पाको उत्खन्नमा इनारका अवशेष पाइएको छ । जहाँ इट्टाको प्रयोग भएको देखिन्छ । त्यस्तै नेपालको कपिलवस्तु र हाडीगाउँको उत्खनमा पनि इनारको चक्काका अवशेषहरू प्राप्त भएको छ । जसले गर्दा नेपालमा लिच्छवीकाल भन्दा अगाडीनै इनारको विकास भइसकेको देखिन्छ ।

नेवार समाजभित्रका ज्यापू जातिमा इनारहरुको सरसफाइ र संरक्षण गर्न गुठीको व्यवस्था गरेको हुन्छ । यस समूदायले हरेक वर्ष “सिठी नखः” पर्वमा इनारको सरसफाइ गर्ने गर्दछ । इनारभित्रको पानीको तापक्रम बाहिरी वातावरण भन्दा उल्टो हुन्छ । इनारको पानी जमिन मूनिबाट आउने हुनाले मिठो र स्वादिलो हुन्छ ।

पाटनढोका अध्ययन क्षेत्रमा पर्ने प्रमुख इनारहरू निम्न प्रकारका छन :

(अ)	**कोटलाछी गणेश मन्दिको इनार**

हाल यो इनार प्रत्यक्ष प्रयोगमा गरेको देखिदैन । हाल इनारको पानी मिसिनको सहायताले सिमेन्तको ट्यांकीमा भरि वितरण गरी राखेको छ । यो इनारको पानीले गणेश मन्दिरको नित्य पूजा गरिन्छ ।

### (आ) मिखावहालको इनार

मिखावहालको इनार परमपरागत स्वरुपमा छ । यस इनारको पानी खान र मिखा बहालभित्रको बुद्धको नित्य पूजा गर्न प्रयोग गरिन्छ । यस इनारको प्रयोग हालसम्म भइरहेको छ । यो इनारको पानी अति स्वादिलो छ ।

### (इ) भैननीको इनार

भैननीको इनार परम्परागत स्वरुपमा छ । यो इनारको पानीले भैननी बहालभित्रको देवताको नित्य पूजा गर्ने प्रयोग गर्नुका साथै स्थानीय मानिसहरुले दैनिक प्रयोग गरिन्छ ।

### (ई) सोलिन्हको इनार

सोलिन्हको इनार परम्परागत स्वरुपमा छ । यो इनारको पानीले सोलिन्ह महादेव मन्दिर, हनुमान र चण्डेश्वरी देवी लगायतका देवताको नित्य पूजा गर्न प्रयोग गरिन्छ । साथै स्थानीय मानिसले दैनिक प्रयोग गरिरहेको छ ।

### (उ) पिम्वहालको इनारः

पिम्बहाल चोकभित्र रहेको इनारको पानीले पिम्वहाल चैत्य र मूबहालको दैनिक पूजा गरिन्छ । यो इनार परम्परागत स्वरुपमा नै रहेको छ ।

### (ऊ) छायवहालको इनारः

छायवहालको इनार परम्परागत स्वरुपमा छ । यो इनारको पानीले छायवहाल चैत्य र छायबहालभित्रका देवदेवीको दैनिक पूजाको लागि प्रयोग गरिन्छ । यो इनार स्थानीय बासिन्दाले अति प्रयोग गरिन्छ ।

(ए) **सिवहाको इनार :**

सिवहालको इनार परम्परागत स्वरुपमा निर्मित छ । यो इनारको पानीले सिँवहा चैत्य र सिँबहाल भित्रका नित्य पूजाको लागि प्रयोग गरिन्छ । साथै स्थानीय जनताको प्रयोगका लागि पनि यो इनार प्रयोग गरिने छ ।

(ऐ) **नतोलको इनार :**

नटोलको चोकभित्र रहेको इनारको पानीले नटोल चैत्य र गणेश मन्दिरको नित्य पूजामा प्रयोग गरिन्छ । यो इनार यस क्षेत्रकै सबभन्दा ठूलो आकारको इनार पनि हो ।

## ४.३.६ फल्चा (पाटीहरू)

मध्यकालमा बाटामा हिड्दा-हिड्दै गलेपछि वा लामो बाटो भारी बोकी थाकेपछि एकछिन विश्राम गर्न बनाएको स्थललाई “पाटी” भनिन्छ । पाटी घाम पानीबाट बच्न बनाएको हुन्छ । जसलाई नेवारी भाषामा “फल्चा” भनिन्छ । पाटीहरूको निर्माण विश्राम गर्ने र धार्मिक कार्य गर्न प्रयोग गरिन्छ । मध्यकालमा पाटीहरूको निर्माण पानीको व्यवस्थापन भएको स्थान नजिक, मन्दिरको नजिक, ढोकाको नजिक र धार्मिक स्थानहरूको नजिक बनाएको हुन्छ । पाटीको बास्तुकला कलात्मक रूपमा इट्टा र काठहरूको प्रयोग गरि बनाएको हुन्छ । पाटी जमिनसतह भन्दा माथि एक तह पेटी उठाइ मण्डप वा मञ्च बनाइएको हुन्छ । जुन एकातिर वा तीनतिर खुल्ला रुपमा रहेको हुन्छ । पाटीमा कलात्मक काठका स्तम्भको आधारमा छाना छाएको हुन्छ । यसको छाना झिंगटेको हुन्छ । छाना अड्याउन आ-आफ्नो धर्म सम्प्रदाय अनुसारका देवदेवीहरू वा जनावरका आकृति कुँडिएका काठका टुंडालहरूको प्रयोग गरेको हुन्छ । पाटीहरू अधिकांश एकतल्ले बनेको पाइन्छ (हेर्नुस् चि.फ. नं. २६) । पाटीको निर्माण कहिलेदेखि भएको हो भन्ने प्रमाणित आधार नभएपनि प्राचिनकालदेखि कीर्ति कमाउन वा धर्मका उद्देश्यले आ-आफ्नो इष्ट देवदेवीका नाममा पाटी बनाउने चलन पाइन्छ । पाटीहरूको स्थापना गर्न व्यक्ति वा गुठिले आफ्ना कुलदेवदेवीका मूर्ति र शिलालेखहरू राखिएको पाइन्छ । जुन सामूहिक रूपमा संरक्षण, सम्बर्द्धन गर्ने गरेको पाइन्छ । प्रायः जसो पटीको छानाहरू एक पाखे नै भएको पाइन्छ । तर कहिँ कहिँ खुल्ला ठाउँमा मण्डप शैलीका खुल्ला पाटीहरू चारै तिर खुल्ला गरी छाना र गजुर राखी बनाइएको हुन्छ ।

यस अध्ययन क्षेत्र अन्तर्गत पर्ने प्रमखु पाटीहरू निम्न प्रकारका छन :

**(१) पाटनढोकाको भिमसेन पाटी**

पाटनढोका भिमसेन पाटी ढोकाको पूर्वपट्टि भिमसेन मन्दिर र ढोकाको सुरक्षाका लागि बनाएको पाटी हो । यो मल्लकालमा निर्माण भएको पाटी हो । हाल यो २ तल्ले पाटीको स्वरुप घर जस्तो जस्ताको छाना छाएको छ जुन पाटी व्यक्तिले अतिक्रमण गरेको छ ।

(२) कोटलाछि गणेश पाटी

यो पाटी कोटलाछि गणेश मन्दिर अगाडिको एक तल्ले र एकतर्फ मात्र खुल्ला भएको पाटी हो । यो मल्लकालको उत्कृष्ट पाटीमा काठका कलात्मक बुट्टादार खम्बाहरु छन् । जसमा जनावरका आकृति कुँडिएका टुँडालहरु पनि छ । यो पाटिमा ढुङ्गाको महामन्जुश्रीको मूर्ति प्रतिस्थापना गरिएको छ । अभिलेख अनुसार यो पाटीको निर्माण मिखावहालका डंगोल परिवारले स्थपना गरेको हो ।

**(३) कोटलाछी चैत्यसंगैको पाटी**

पाटनढोका र कोटलाछी गणेश मन्दिरको बीचको चैत्य सँगै रहेको परम्परागत स्वरुपको पाटिलाई कोटलाछी चैत्य पाटी भनिन्छ । यो पाटि अंग्रेजी "L" आकारमा बनाइएको छ । यो पाटी काठमा कलात्मक टुँडाल र बुटादार खम्बा युक्त छ । जसमा सिंह र सादुलका मुखाकृत खम्बाहरु छन् । यो पाटीमा ढुङ्गाको पदमपानी लोकेश्वर मुर्ति प्रतिस्थापन गरिएको छ । अभिलेख अनुसार यो मिखावहालका डंगोल (ज्यापू) परिवारले स्थापना गरेको हो । यो पाटी एक तल्लो झिङ्गतो छाना युक्त छ ।

**(४) मिखावहाल पाटी**

मिखाबहाल भित्र जान अगाडि बायाँ रहेको आधुनिक पाटीलाई मिखाबहाल पाटी भनिन्छ, दुई तर्फ खुल्ला छ । यो पाटी स्थानीय मिखावहालका ज्यापू गुठीले स्थापना गरेको हो । जहाँ गुठीले दैनिक भजन किर्टन गर्ने गर्दछ ।

### (५) चण्डेश्वरी मन्दिरको पाटिहरू

यो पाटी चण्डेश्वरी मन्दिर अगाडि एकतल्ले भजनक्रितन गर्न पाटि हो । यो एकतर्फ खुल्ला आधुनिक पाटी हो । जसमा काठको बुटादार खम्बा माथि जस्ताको छाना छाएको छ । यो पिम्वहाल स्थानीय गुठीले स्थापना गरेको हो ।

त्यस्तै चण्डिश्वरी मन्दिरको बायाँ पट्टि अर्को पाटी छ । जुन एकतर्फ खुल्ला पाटी छ । यो पाटीमा बुटादार खम्बाहरु रहेको छ । तर हाल यस पाटी व्यक्तिद्वारा अतिक्रमित भएको छ ।

### (६) पिम्वहाल चैत्यको पाटी

पिम्बहाल चैत्य परिषदभित्र एकतल्ले चारैतिर खुल्ला पाटी छ । जसलाई पिम्वहाल पाटी भनिन्छ । यो पाटिमा काठका खम्बा र झिंगतेको छाना छाएको छ । जुन पाटी बौद्ध सम्प्रदायले भजन क्रितन गर्न प्रयोग गरिन्छ ।

### (७) १६ खुट्टे पाटी

जमल पोखरीको बीचमा रहेको पाटीलाई १६ खुट्टे पाटि भनिन्छ । यो पाटीमा १६ वटा कलात्मक काठका खम्बा भएको चारैतिर खुल्ला पाटी हो । जुन जमल पोखरी बीचमा अवस्थीत छ । यो पाटी जमिन सतह भन्दा केहि माथि पेटी उठाइ काठको फलाक विछ्याएको छ । यो पाटीमा झिगेटीको छाना छाएको छ । जसमाथि धातुको गजुर छ । यो पाटी हालसालै निर्माण गरिएको हो । पहिला यसको स्वरुप आधुनिक रुपमा थियो । तर पुरानो फोटोको आधारमा हाल यसको पूर्ण जिर्णद्धार गरिएको हो ।  यहाँ धार्मिक पर्वहरुमा भजनक्रितन गर्ने साथै सामाजिक क्रियाकलाप गर्ने गर्दछ (हेर्नुस् चि.फ. नं. २६.३) ।

### (८) इन्द्र पाटी

इन्द्र पाटि जमल पोखरीको बाहिर पश्चिम दिशामा अवस्थित छ । यो पाटी ४ वटा कलात्मक बुट्टेदार काठका खम्बायुक्त छ । जुन मल्लकालीन दुई तल्ले पाटी हो । पहिला पहिला इन्द्रजात्राको दिन यस पाटीमा इन्द्र देवताको धातुको मूर्ति प्रतिस्थापित गरी पूजाआजा गर्ने र समयवजी वितरण गरी भजनक्रितन गर्ने गरिन्छ । जसकारण यसलाई इन्द्र पाटी भनिन्छ । यस पाटीका खम्बाहरू र तुडालहरू अति कलात्मक छ । जसको स्वरुप मल्लकालकै देखिन्छ । यो पाटी चारैतिर खुल्ला छ । यो पाटीको निर्माण पिम्वहाल लाखे(श्रेष्ठ) परिवारले गरेका हुने भने संरक्षक छायवहाल गुठिले गर्दछ (हेर्नुस् चि.फ. नं. २६.२) ।

### (९) छायवहाल ल्वहफको पाटी

छायवहाल पाटी र एकातिर खुल्ला एक तल्लेपाटी हो । जहाँ छायबहाल भजन खल गुठीले नियमित भजन क्रितन गर्ने गर्दछ । यो पाटीमा काठका खम्बामात्र पुरानो छ बाँकी सबै नयाँ भइसकेको छ । यो छायवहाल गुठी परिवार अन्तर्गतको पाटी हो ।

### (१०) छायबहाल भिमसेन पाटी

छायवहाल भिमसेन मन्दिरसँगै रहेको २ तल्ले आधुनिक ढलानयुक्त पाटीलाई छायवहाल भिमसेन पाटी भनिन्छ । जुन पाटी पहिला छायबहाल मंका खलले नियमित भजनक्रितन गर्ने कार्य गर्दछ । हाल यो आधुनिक पाटिको संरक्षक छायवहाल मंका गुठीले गर्दछ ।

### (११) सिवहाल गणेश पाटी

यो पाटी सिवहाल गणेश मन्दिर पछाडीको पाटि हो । यो पाटि हाल अतिक्रमित भइ आधुनिक व्यक्तिगत घर भएको छ । जहाँ पहिला भजन किर्टन हुने गर्दथ्यो ।

### (१२) चल्खु भिमसेन पछाडीको पाटी

चल्खु भिमसेन पाटीको हाल अस्तित्व नष्ट भई सकेको छ । यस ठाउँमा आधुनिक ढलान गरी कुनै व्यक्तिले आफ्नो घर बनाइसकेको छ ।

### (१३) प्याङ्ग था पाटि

प्याङ्ग था पाटी पाटनको एक महत्वपूर्ण ऐतिहासिक पाटी हो । यो पाटीमा ४ वटा कलात्मक काठका थाम "खम्बा" छ । जसको माथि काठको चार मुख आकृति कुँदी बनाएको पाटी भएको कारण प्यङ्ग था भनिन्छ । नेपाल भाषामा "प्यङ्ग था" को अर्थ चारवटा खम्बा भन्ने हुन्छ । यो पाटीमा कलात्मक काठमा खम्बाहरु र सिंह र सादुलका ख्वा (मुखाकृत) कुँदि दलीन बनाइएको छ । यो दुई तर्फ खुल्ला पाटी हो (हेर्नुस् चि.फ. नं. २६.१) । यो मच्छिन्द्रनाथको गवहाल  जात्रा (भुज्या) को दिन यस पाटिमा बसि समयबजी खाने र भजनक्रितन गर्ने चलन थियो । हाल यो प्रचलन लोप भइसकेको छ भने पाटी आधुनिक घरमा परिणत भइसकेको छ ।

### (१४) सुलिम्ह पाटी

सुलिम्ह पाटी तिनतर्फ खुल्ला एक तल्ले सानो सुन्दर पाटी हो । पहिला यो मल्लकालीन पाटीमा इन्द्रजात्राका दिन समयबजी दिने चलन थियो । हाल यो प्रथा लोप भइसकेको छ । यो पाटिको संरक्षक मिखावहाल गुठी परिवारहरुले गर्ने गर्दछ ।

## ४.३.७ मठ (धर्मशाला) एवं चपा (सत्तल)

पौराणिक कालदेखि कीर्ति कमाउन वा धर्म आर्जन गर्ने उद्देश्यले बनाएको घरलाई धर्मशाला (मठ) एव चपा, सतल भनिन्छ । धर्मशालाहरू मठमन्दिर नजिक बनाएको हुन्छ । जुन दानदातत्याका निमित आवसिय घरहरू जस्तै धार्मिक व्यक्तिहरूको शरण स्थलका रूपमा बनाइएको हुन्छ । धर्मशाला एवं सतहहरू पाटीहरू भन्द फरक हुन्छ । धर्मशालाहरु चारैतिरबाट पर्खाल लगाई ढोका राखी बनाइएको कोठा आकारको हुन्छ । जहाँ दिन राति बास बस्न मिल्ने हुन्छ ।[१७७] धर्मशालालाई "मण्डप" पनि भनिन्छ । धर्मशालाहरूको निर्माण कहिलेदेखि सुरु भयो भन्ने प्रमाणित आधार नभए पनि नेपालमा लिच्छवीकाल देखि धर्मशालाहरुको उल्लेख भएको पाइन्छ ।[१७८] धर्मशालाहरु झिंगेटी छाना युक्त भइ काठका खम्बा र झ्यालढोकाहरूमा कलात्मक कालिगढ युक्त हुन्छ । मन्दिरयुक्त धर्मशालाहरूमा धातुका गजुर हुनुका साथै धार्मिक आस्थाका देवदेवीका कलात्मक तोरङ र टुँडालहरु पनि भएको हुन्छ (हेर्नुस् चि.फ. नं. ८.१) । धर्मशालालाई नेपाल भाषामा "चपाट्" वा "चपा" पनि भनिन्छ । जसको स्वरूप गुठि छे (घर) हो । जुन आवसीय घर जस्तो तर अकारको लम्बाइमा लामो हुन्छ । जुन सामूहिक, व्यक्तिगत तथा धार्मिक शुभ कार्यक्रम गर्ने, भोज भतेर गर्न प्रयोग गरिन्छ । जहाँ धार्मिक तथा असहायहरुलाई बस्नको पनि व्यवस्था हुन्छ ।

यस अध्ययन क्षेत्र अन्तर्गत पर्ने प्रमखु धर्मशाला एवं सत्तहहरू निम्न प्रकारका छन :

### (अ) विशेश्वर महादेव मठ्ठ (भारती मठ्ठ)

जमल पोखरीको पश्चिम छायवहाल टोलमा अवस्थित महाजनहरु बस्ने मल्लकालीन परम्परागत मठलाई विशेश्वर महादेव मठ भनिन्छ ।

---

[१७७] ....लसर, उहि, पृ. १४५-१४७ ।

[१७८] अंशुवर्मा र शिवदेवको सम्वत् ५२१ लेलेको अभिलेखमा "सिंह मण्डप" को उल्लेख गरिएको छ । (बज्राचार्य, उहि, पृ. २८३ ।

यो मठ मल्लकालमा शैव सम्प्रदाय नेपाल भाषी भारतीहरू बस्ने मठ हो । मल्लकालमा शैव सम्प्रदायमा महन्थ, पुरी, भारती एकैपरिवार हुन् । यो मठ शैव सम्प्रदायका कैलमार्गहरुका लागि बनाएको मल्लकालिन मठ हो । यस मठलाई स्थानीय व्यक्तिहरु भारती मठ पनि भनिन्छ । यो मठ विशेश्वर महादेवको मन्दिरको छ । जसलाई बीचमा राखी चारैतिर ३ तल्ले धर्मशाला (मठ) हो । यो मठमा काठका कलात्मक भ्याल, ढोकाहरुका साथै ठाम (खम्बाहरु) बनाइएको छ । जुन मल्लकालीन मठ वास्तुकलाको एक उत्कृष्ट नमूना मान्न सकिन्छ (हेर्नुस् चि.फ. नं. ८) । यो मठ हाल गुठी संस्थान अन्तर्गत रहि भारती परिवारले चलाइएको छ । यहाँ पहिला हरेक वर्ष शिवरात्रीका दिनमा आउने शैव मार्गिहरूलाई स्थानीय व्यक्तिहरुले खाना, बासस्थान, लताकपडा वितरण गर्ने गर्दथियो । हाल यो चलन लोप भइसकेको छ ।

## ४.३.८ चित्रकला

### ४.३.८.१ भित्तेचित्र

#### ४.३.८.१.१ स्वयम्भू महाचैत्य

यो भित्तेचित्र भगिननी टोलमा रहेको व्यक्तिगत घरको भित्तामा छ । यो भित्तेचित्रको बनोवट परम्परागत स्वरुपमा छ । नेपाली परम्परागत भित्तेचित्र बनाउँदा पहिले इट्टाको भित्तामा माटो, भुस र गोबर मिश्रित लेउनको लेप लगाई त्यसमाथि सेतो चुन लगाई चिप्लो पारिन्छ । जसमाथि प्राकृतिक रंगले चित्र कोरिएको हुन्छ । यस चित्रको आकारः १०×२० से.मी. छ । यस चित्रको विषय प्रमुख रूपमा स्वयम्भू महाचैत्यको दृष्यचित्र हो । चित्रको बीचमा स्वयम्भू चैत्य र दायाँवायाँ अन्नतपुर र प्रतावपुरको मन्दिर सेतो रंगमा चित्रण गरेको छ । चैत्यको वरिपरि परम्परागत स्वरुपको भिगेटीको छाना छाएका दुई तल्ले घरहरू छन् ।

साथै यसको वरिपरि हरियो रङ्गका रुखैरुखहरू बनाएको छ । साथै हरियो रंगका पहाड र निलो आकाश देखाएका छ । यो चित्रको शैलीगत अध्ययन गर्दा २० औं शताब्दि तिर बनाएको अनुमान गर्न सकिन्छ । (हेर्नुस् चि.फ.नं. २०.१)

यस्तै शैलि स्वरुप र विषयका भित्तेचित्र मिखावहाल बाहिरको व्यक्तिगत घरको भित्तामा पनि रहेको छ ।

#### ४.३.८.१.२ सरस्वती देवी

सरस्वतीको भित्तेचित्र मिखावहाल टोलको बाहिर रहेको व्यक्तिगत बाटोको घरको भित्तामा बनाएका छ । यो घरमा रहेका चार ओटा भित्तेचित्रहरूमध्ये एक अति सुन्दर हरित ताराको भित्ते चित्र हो । यस चित्रको बनावट परम्परागत नेपाली शैलीमा बनाइएको छ । यो भित्तेचित्रको आकार २०×३० से.मि. छ । यो चित्रको मुख्य विषयमा  हरियो वर्णकी सरस्वती देवी छिन् । देवी सेतो कमलको फुलमाथि एकखुट्टा पलेटीमारी बसेकी छिन् । देवीले पहेलो र रातो बस्त लगाएकी छिन् । देवीको टाउकामा सुनका मुकुट, बालाहरु लगाएको छ । देवीले पारदशीलुगमाथि छडके रातो पटुका बाँधेकी छिन् । चार हात युक्त देवीको एक छेउमा कमलको फुल समातेकि छिन् । देवीको पछाडी रातोरंगको छ । देवीको पछाडी प्रभामण्डल नीलो रंगको आकाश र हरियो रङ्गको पहाड छ । आकाश प्रष्ट रूपमा देखिन्छ । भित्तेचित्रको पृष्ठभूमी मण्डला स्वरूपमा देखिन्छ । यो भित्तेचित्रको शैलीगत अध्ययनको आधारमा २० औं शताब्दि तिर निर्माण गरिएको मान्न सकिन्छ । (हेर्नुस् चि.फ.नं. २०.२)

### ४.३.८.१.३ हरिहरिहरिवहान लोकेश्वर

हरिहरिहरिवहान लोकेश्वरको सिवहाल करुणमय मन्दिरको पछाडीको व्यक्तिगत घरको भित्तामा र मिखावहाल बाहिरको व्यक्तिगत घरको भित्तामा बनाइएको छ । यी भित्तेचित्रको आकार २०×३० से.मि. छ । यो भित्तेचित्रको निर्माण प्रविधि परम्परागत शैलीमा माटो, गोवर र भूसको मिश्रित लेउन लगाएर त्यसमाथि प्राकृतिक रंगद्वारा चित्र कोरिएको छ ।  यस चित्रको प्रमुख स्वरूप बौद्ध दर्शनमा आधारीत भएर बनाएको देखिन्छ । यस चित्रमा कमलको फुलमाथि उभिएको सेतो सिंह माथि हरियो रङ्गको नागराज विराजमान छ । जसमाथि खैरो रंगको गरुद नमस्का गरेको मुद्रामा पखेता फिजाइ नागराजलाई च्यापिरहेको छ । गरुडमाथि हरियो रंगको विष्णु अर्धवस्त्र लगाई पद्मासन विराजमान छ । शंक, चक्र, गडा, पदम लिईएको विष्णुमाथि आठहात युक्त लोकेश्वर विराजमान छ । सेतो वर्णकी अर्धनग्न लोकेश्वर (करुणामय) गुलावी रंगको धोति लगाइएको छ । लोकेश्वरले विराजमान भई आफ्नो भक्त नागराजलाई गरुदबाट बचाइ विष्णु र नारदलाई संबोधन गरेको देखिन्छ । लोकेश्वरका पछाडि हरियो प्रभामण्डल छ । चित्रमा निलो आकाश, सेतो हिमाल र हरियो पहाड पृष्ठ भूमिका रहेको देखिन्छ । यो भित्तेचित्रको शैलीगत अध्ययन गर्दा २० औं शताब्दितिर बनाएको मान्न सकिन्छ । (हेर्नुस् चि.फ.नं. २०.३) ।

यो हरिहरिहरि बाहान लोकेश्वर चित्र बौद्ध प्रतिमा विज्ञान अनुरूप मिलेको देखिदैन । प्रतिमा विज्ञान अनुसार गरुदमाथि सिंह हुनुपर्ने उल्लेख छ ।

### ४.३.८.१.४ मायादेवी

मायादेवीको भित्तेचित्र छायवहाल टोल भित्रको क्वापा द्यः को भित्तामा रहेको चारओटा भित्ते चित्रहरूमध्ये दायाँबायाँ रहेको दुई ओटा भित्तेचित्र हो । यो विषय र स्वरुपका भित्तेचित्रहरू मिखावहाल बाहिर र सिवहाल भित्र पनि छ । यो भित्तेचित्रको आकार : १५×२० से.मि. छ । यस चित्रको निर्माण शैली परम्परागत शैली अनुरुप माटो, गोबर र भूस मिश्रित लेउन लगाईएको पृष्ठभूमी माथि प्राकृतिक रङ्गद्वारा चित्र कोरिएको छ । यस चित्रको विशेष बौद्ध दर्शनमा आधारीत बुद्ध जन्म सम्बन्धित हो । यस चित्रको केन्द्र तलाउ वा पोखरीको बीचबाट निस्केको कमलको फुलमाथि त्रि-भङ्ग् मूद्रामा रुखको हाङ्ग समाति उभिएको मायादेवी छ । यो चित्रमा बुद्ध (सिद्धार्थ गौतम) जन्मनुभन्दा अगाडी ब्रम्हा, विष्णु, इन्द्र, आई मायादेवी र भगवान बुद्धलाई स्वागत र अभिवादन गर्न आएको देखिन्छ । यो चित्र पछाडीको पृष्ठभूमिमा निलो आकाश, सेतो हिमाल, हरियोपहाड प्रष्ट देखिन्छ । पहेलो वर्णका मायादेवीको शीरको पछाडी निलो प्रभामण्डल र हरियो ठूलो रुख छ । अर्ध चेहराका मायादेवी, साडी, चोलो र बुटादार खास्टो लगाई एकहात बरद मूडामा र अर्को हातले रुखको हांगा समाटेर नृत्य मुद्रामा उभिएको छ । ब्रम्हा, विष्णु, इन्द्रलाई मायादेवीले हेरिरहेको अवस्थामा चित्र कोरिएको देखिन्छ । यो भित्तेचित्रको शैलीगत अध्ययन गर्दा २० औं शताब्दी तिर बनाएको देखिन्छ । (हेर्नुस चि.फ.नं. २०.४) । यो चित्र अन्य बुद्ध जन्म सम्बन्धित मूर्ति र चित्रभन्दा फरक छ ।

### ४.३.८.१.५ नास द्यः

सिवहाल गणेश मन्दिर पछाडिको नास द्यः मन्दिरमा नास द्यःको पौवा चित्र छ । यो चित्रको आकार १५×३० से.मि. छ । यो चित्र सेतो कपडामा एक्रलिक रंगहरूद्वारा बनाएको प्रतिकात्मक चित्रकला हो । नास द्यः का चित्रहरू नास द्यः मन्दिरको बाहिर रहेको हुन्छ । यो विषयका चित्र पिम्वहाल भित्र चोकको नास द्यः मन्दिरमा पनि छ । यो चित्र बनाउन सेतो सुति कपडामा परम्परागत शैलीमा प्राकृतिक रङ्गहरूद्वारा बनाएको छ । यो चित्रको प्रमुख विषय डरलाग्दाठूल ठूला उग्ररूपका भैरवका त्रिनेत्र बनाएको छ । त्रिनेत्रको माथि दायाँवायाँ सेतो रङ्गको चन्द्र र रातो रङ्गको सूर्य छ । जुन दिन र रातका प्रतिक रुपमा देखाएको छ । त्रिनेत्रका आँखाका नानीहरू रातोको बीचमा कालो रङ्गका कारण उग्ररूप देखिएको हो । यो महादेवको

उग्ररूप भैरवको रुपमा मानिन्छ । चित्रको बीचमा महादेवको प्रतिक सुनको त्रिशुल चित्रण गरिएको छ । जसमा रंगीन कपडाहरु बाधिएको छ । कपडाहरूमा हरियो, रातो, निलो रंगको देखिन्छ । त्रिशुलको दायाँबायाँ रहेका हातहरुमा दायाँ हातले भाडा समातेको र वाँया हात अभय मुद्रामा छ । त्रिशुलका तल पहेंलो भाडामा रंगिचंङ्गि झण्डाहरूको चित्रण गरिएको छ । जसको दायाँवायाँका सलिचा (माटोको भाँडा) मा धुप बालिएको र अर्को धातुको खोल्चामा समयबजी (प्रसाद) चडाएको देखिएको छ । यो चित्र २०६० वि.सं.मा सिवहाल गुठी चढाइएको हो । (हेर्नुस् चि.फ.नं. २१.२) ।

यस्तै अन्य कुनै कुनै नास द्यःको चित्रमा बीचमा निलो रङ्गको खड्ग पनि बनाएको हुन्छ । जसको दायाँवायाँ सेता रङ्गको कव (कङ्काल) र निलो रङ्गको ख्या (ख्याक) हरु नाचिरहेको देखाइन्छ । यो दुबै शिवगणका सदस्यहरू छन् ।

**४.३.८.१.६ हनुमान**

सुलिम टोलको पश्चिमको सानोचोकमा हनुमान मन्दिरमाथि छोपिएको हनुमानको चित्र छ । यो चित्रको सेतो कपडामा एक्रलिक रंगहरूको प्रयोगले कोरिएको छ । यस चित्रको आकार २०×३० से.मि. छ । यो चित्रमा हिन्दू धर्मशास्त्र अनुरुप वायुपुत्र रामभक्त हनुमानले एकखुट्ट तेकेर अर्को भूइमा तेसे बसेको छ । हनुमान बाँदर मुखाकृति भई मानव पृष्ठ शरिर छ । हनुमानको बायाँ हातमा सुनौलो रङ्गको गडा र दायाँ हात अभय मुद्रामा छ । हनुमानको दायाँवायाँ भूइमा फलफुल र धुपको भाडा राखि भक्ति देखाएको छ । हनुमानको शरीरमा माला, जीउमा कटु, पटुका साथै टाउकामा मुकुट रहेको छ । यो चित्र २०६३ वि.सं.मा स्थानीय बासिन्दाले राखिएको हो ।

# मूर्तिकला

यस पाटनढोका वरपरमा अध्ययन क्षेत्र भित्र माटो, ढुंगा, धातुका मूर्तिहरु प्रतिस्थापित छन् । जुन निम्न प्रकारका देवदेवीका मूर्तिहरु छन् ।

## (क) माटोको मूर्ति

छायवहालको मन्दिरभित्र भूस्पश मुद्रामा बसेको ध्यानीबुद्ध (शाक्यमूनि बुद्ध) को माटोको मूर्ति छ । यो मूर्तिको आकार २० से.मी. छ । यो मूर्ति कमजोर माध्यमबाट बनेको कारण हाल खण्डीत र जिर्ण अवस्थामा छ । यो बुद्ध मूर्ति चारैतिरबाट हेर्न हुने गरी बनाएको छ । मूर्तिमा

घुमाउरो केशविन्यास, गोलो आकृति, थेप्चो नाक र लामो कान देखिन्छ । यसमा बुद्धले पारदर्शी चिवर धारण गरी दोहोरो पदमाशनमाथि बसेको छ । मूर्तिको घाँटी काटिएका कारण सिमेन्ट राखि जोडिएको छ । हाल यो मूर्ति मन्दिरभित्र दायाँ कुनामा पश्चिमदिशा फर्काएर राखिएको छ । सम्भवतः यो मन्दिरको पहिला प्रमुख मूर्ति हुनुपर्दछ । तर समय परिस्थिति वा खण्डीत भएका कारण बीचबाट हटाएर हालको स्थानमा राखिएको हुनुपर्छ । यो मूर्तिको अध्ययन गर्दा यो मूर्ति १७ औं शताब्दीतिरको मान्न सकिन्छ ।

## धातुमा मूर्ति

### (क) नतोल गणेश मूर्ति

नटोल गणेश मन्दिर भित्र धातुको गणेशको मूर्ति प्रतिस्थापित छ । यो मूर्तिको आकार १५ से.मी. छ । यो मूर्ति तामामा सुनको मोलाम्बा गरिन्छ । यो मूर्तिको निर्माण पद्धति परम्परागत नेपाली शैली अनुरुप थ्वाज्या (धातुको पाट पिटेर) बाट बनाएको हो । नटोल गणेश मूर्तिको आकार १ फिट छ । यो गणेशको मूर्ति एकपत्र तह फूलमाथि एक खुट्टा पलेटिमारी अर्को खुट्टा आधा खुम्चाएर टेकेर बसेको छ । गणेश बहान मुसामाथि अर्धनग्न मुद्रामा बसेको छ । गणेश हात्तीको टाउकोमा मुकुट र जीउमा सर्पको माला लगाएको छ । गणेशका चारवटा हातहरुमा क्रमशः अक्षय माला, पाश, मूला र लड्डु लिएको अवस्थामा छ । गणेशको हातखुट्टाहरुमा नागका बाला, कंगन लगाएको छ । गणेशको यो मूर्ति प्रतिमाविज्ञान अनुरुप बनेको देखिन्छ । यो मूर्तिको बनावट अनुसार १९ औं शताब्दीमा बनाइएको देखिन्छ । (हेर्नुस् चि.फ. नं. ३)

### (ख) रत्नपाणी बोधिसत्व

श्रीवच्छ महाविहार (सिँवहाल) भित्र मन्दिरको गर्भगृहमा प्रतिस्थापित धातुको स्थानक मूर्तिलाई रत्नपाणी बोधिसत्वको भनिन्छ । यो मूर्तिको आकार ३ फिटको छ । यो मूर्ति पितलमा सुनको मोलम्बा गरिएको छ । मूर्तिको निर्माण थ्वाज्या (धातुको पाटा पिटेर) परम्परागत नेपाली प्रविधिबाट बनाएको हो । रत्नपाणी बोधिसत्वको मूर्ति एकपत्र कमलपत्र माथि उभिएको छ । बोधिसत्वको अनुहार लाम्चो छ जसको अर्धउल्मीन आँखा, चुच्चो नाक, सानो चिउँडो र सानो ओठ देखिन्छ । मूर्तिको टाउको माथि अमूल्य पथरहरु जडिट मुकुट छ । बोधिसत्वको टाउकोको पछाडि प्रभावमण्डल र मूर्ति पछाडी ज्वालाबली छ । त्यस्तै शारीरिक संरचना ह्रष्टपुष्ट देखिन्छ । जसको कानमा कुण्डल, गलामा हार, पाखुरामा केथुर र नाडीमा बाला लगाइएको छ । शरीर

पूर्ण ढाँक्ने चिवर धारण गरेको बोधिसत्वको एक हात वरदमुद्रा र अर्को हात धर्मचक्र प्रवधक मुद्रामा छ (हेर्नुस् चि.फ. नं. १५.१) । तामापत्र अनुसार ने.सं. ७५० (वि.सं. १६८७) मा रत्नपाणी बोधिसत्वको धातु मूर्ति प्रतिष्ठान गरेको देखिन्छ ।

# ढुङ्गेमूर्तिकला

### (अ) भूस्पश शाक्यमूनि बुद्ध

भूस्पश मुद्राको बुद्धको ढुंगाको मूर्ति पिम्बहाल चैत्य पेटिमा प्रतिस्थापित छ । यो मूर्ति पूर्व दिशा फर्किएको छ । यो मूर्तिको आकार ४० से.मी. छ । जुन कालो ढुंगामा उच्च उद्धित प्रतिमा कुँडिएको छ । बौद्ध दर्शन अनुसार यो मूर्ति शाक्यमूनि बुद्धले ज्ञान प्राप्त गर्दा भूमिलाई साक्षि राखिएको विषयलाई लिएर बनाएको हो । यो बुद्ध मूर्ति दोहोर कमल पत्रमाथि पदमाशनमा बसेर दाहिने हात भूस्पश मुद्रामा र देब्रेहात काखमाथि राखिएको छ । हाल यस मूर्तिको टाउको खण्डित भएको कारण अहिले नयाँ जुन शरीरको अनुपातसंग मेल खाँदैन टाउको जोडिएको छ । (हेर्नुस् चि.फ.नं. ११ (I)) । घुमाउरो कपाल, लामो कानहरु, चुच्चो नाक, अर्धउल्मन आँखा छ । बुद्धले पारदर्शी चिवर धारण गरिएको र चिबरमा मुजाहरु खुट्टाहरुको बीचमा देखिन्छ । त्यस्तै घाँटीमा दुईवटा धर्काहरु र ढुंगामा लहलेप पनि देखिन्छ । जसका कारण यो मूर्ति लिच्छवीकालको मान्न सकिन्छ (हेर्नुस् चि.फ. नं. १० र ११) । यो मूर्तिको स्वरुप चैत्यमा रहेका अन्य चार दिशामा बुद्ध मूर्तिका स्वरुप मिल्ने भएका कारण सम्भवतः यो मूर्ति पहिला चेत्यको पूर्व दिशाको गवाक्षभित्रको हुनुपर्छ । यो मूर्ति विशेषकारणले गर्दा खण्डित भएको र शास्त्रअनुसार खण्डित मूर्तिलाई अशुभ मानी अर्को मूर्ति प्रतिस्थापन गरी यो मूर्ति तल सारिएको भन्ने देखिन्छ ।

संस्कृतविद् हेमराज शाक्यले यो मूर्तिलाई ५/६ औं शताब्दीको मानिएको छ ।[१७९] यस मूर्तिको पारदर्शि चिबर, “ल्हलेप” शारीरिक संरचना, घाँटीका धर्काहरुका आकारमा यो मूर्तिलाई ६ औं शताब्दी तिरको मान्न सकिन्छ ।

यल ध्वाका (पाटनढोका) क्षेत्रभित्र रहेका अन्य ढुंगाका भूस्पश मुद्रामा बुद्धको मूर्तिहरु निम्न स्थानमा छन्:- मिखाबहाल, भगिननी मूबहाल, छायबहाल, छायबहाल वहाया याक वहा, माकवहा, सिँवहाल आदि स्थानको प्रमुख मन्दिरको गर्भगृहमा प्रतिस्थापित छ । जुन मूर्तिहरु

---

[१७९] शाक्य, हेमराज, उदि पृ.

निर्माण समयका एक रुपता देखिंदैन । यो समपूर्ण मूर्तिहरु मध्यकाल र मल्लकालमा निर्माण गरी प्रतिस्थापन गरिएको छ ।

(ख) **कोटलाछि गणेश**

कोटलाछी गणेश मन्दिरको गर्भगृहमा ढुङ्गाको गणेशको मूर्ति प्रतिस्थापित छ । यो गणेशमूर्ति दक्षिण दिशा फर्किएको छ । यस मूर्तिको आकार २५ से.मी. छ । यो मूर्ति काला ढुंगामा उच्च उद्धित पद्धतिमा कुँदिएको छ । यो हात्तीको टाउको युक्त ठूलो भूँडी भएको साधारण दुई हात भएको उत्कृष्ट गणेश मूर्ति हो । यो मूर्तिमा बायाँ खुट्टा पत्याएर जाघमाथि राखेको र दायाँखुट्टा पत्याएर आसनमा राखिएको छ । छातीमा बायाँबाट दायाँ सर्पको माला लगएको देखिन्छ । गणेशको दायाँबाट बायाँ फर्किएको लामो सूँढले बायाँ हातमा रहेको लड्डु समातेको र दायाँहात खुट्टामाथि राखिएको छ । जुन खण्डित छ । यस मूर्तिमा पदपीठ साधारण छ । मूर्तिमा गणेशका वाहान छुचुन्द्रोको आकृति देखिँदैन । तर मूर्ति अगाडि पछिल्लो कालमा स्थापित दायाँबायाँ दुईवटा ढुङ्गाका छुचुन्द्रो छ । यो मूर्ति ज्यादै खिइसकेको छ । तर मूर्तिको भित्रपट्टि केही केही स्थानमा “ल्हलेप” देखिन्छ । (हेर्नुस् चि.फ.नं. २.४)

गणेशको टाउकोमा मुकुट नभएको र “ल्वहलेप” भएका आधारमा यो लिच्छवीकालको पाँचौं शताब्दीमा निर्मित मूर्ति हो । यो मूर्तिलाई धेरै विद्वानहरुले आ-आफ्नो तरिकाले समय निर्धारण गरेको छ । डा. मिलन शाक्यका अनुसार ५ औं शताब्दी, हरिराम जोशीका अनुसार ९ औं शताब्दीका मानिन्छ । त्यस्तै हेमराज शाक्यले १० औं शताब्दीको मानिन्छ ।

मूर्तिमा भएको “ल्हलेप” र मुकुटविहीन साधारण मूर्तिलाई प्रारम्भिक लिच्छवी कालका मूर्तिको क्रममा राखिएको छ । जुन लिच्छवीकालका उत्कृष्ट नमूना मान्नु पर्दछ ।

(ग) **कोटलाछि बुद्ध**

कोटलाछि गणेश मन्दिरभित्र गर्भगृहमा गणेश मूर्ति संगै दायाँपट्टि कम्मरभन्दा तल खुट्टासम्म भएको ढुंगाको खण्डित मूर्ति छ । यो मूर्तिको स्वरुप र बनावट अनुसार यो स्थानक बुद्ध मूर्ति हो । हाल यो मूर्तिको टाउको हात, खुट्टा र जिउ काटिएको छ । हाल बाँकी रहेको कालो ढुंगाको मूर्तिमा “ल्हलेप” र पारदर्शि चिवर धारण गरेको देखिन्छ (हेर्नुस चि.फ.नं. २.३) । यो मूर्ति पाटन, काठमाडौं र देवपाटनमा रहेका लिच्छवीकालमा स्थानक बुद्ध मूर्तिसंग मिल्दो छ । यो मूर्ति देवपाटनको ५ औं शताब्दीको मूर्ति अनुरुप देखिन्छ । यो मूर्ति कहिले, कसरी यहाँ आयो र क्षतिग्रस्त भयो प्रष्ट देखिँदैन ।

यो स्थानक बुद्धमूर्तिलाई विद्वान प्रतापदत्य पालले छैठौं शताब्दी डा. शक्यले पाँचौ शताब्दी र वाङ्देलले पाँचौ शताब्दी भनि उल्लेख गरिएको छ । यस बुद्ध मूर्तिको ढुङ्गा स्वरुप “ल्हलेप” चिवरका कारण यस मूर्तिलाई पाँचौं शताब्दीको मान्न सकिन्छ ।

**(घ) गरुड आशन विष्णु**

गरुड आशन विष्णु मूर्ति फलक छायवहाल ढुंगेधारामा प्रतिस्थापित छ । यो मूर्तिको आकार ३० से.मी. छ । मूर्ति निलो रंगको ढुंगामा उच्च उद्धित माध्यममा कुँदिएको छ । यस विष्णुका वा नारायणका मूर्तिहरु ढुंगेधाराहरुमा जलाशयनारायणका प्रतिकका रुपमा राखिने चलन पाइन्छ । यो मूर्ति कमलको फूल आकृतिमाथि दुई हात भएको मानव आकृतिको गरुड माथि चारहात युक्त विष्णु आशन (कुर्सिमाथि बसेजस्तो) मा बसेको छ । यो मूर्ति बायाँपट्टिको माथिल्लो भाग खण्डित छ । गरुडको आकृतिमा चुच्चो गरुड नारद देखिँदैन । खुट्टा चराको शैलीको छ । जसको प्वाँख, घुमिएको कपाल छ । गरुडको कानमा कुण्डल, खुट्टामा पाउजु लगाएको मुकुट लगाएको विष्णुका दायाँहरुमा क्रमश पदम र शंख छ । त्यस्तै कानमा कुण्डल, घाँटीमा कण्डहाड, हातमा बाला, केथुर र पाउजु छ । साथै घाँटीदेखि खुट्टासम्म आउने फूलको माला छ । विष्णुको कम्मर तलमात्र लुगा देखिन्छ (हेर्नुस् चि.फ.नं. २२.१) । गरुड आशन विष्णु मूर्तिको अध्ययन गर्दा १९ औं शताब्दीतिर निर्माण गरेको हुनु पर्दछ ।

**(ङ) सुखाबति लोकेश्वर**

पटनढोका कोटलाछिमा रहेको ठूलो धर्मधातु चैत्यको पश्चिम दिशामा प्रतिस्थापना गरेको ढुंगाको मूर्तिलाई सुखाबति लोकेश्वर भनिन्छ । यो मूर्ति पश्चिम दिशा फर्किएको छ जसको आकार १५ से.मी. छ । यो हरियो कालो रंङ्गको ढुंगामा कुँदिएको त्रिआयामिक मूर्ति हो । स्थानीय बासिन्दाका अनुसार यो मूर्ति बागमती खोलामा भेट्टाइएको थियो । बौद्ध दर्शनको प्रतिमाविज्ञानका आधारमा यो मूर्ति बनेको देखिन्छ । यो मूर्तिमा आठ हात र तीनवटा टाउको भएको लोकेश्वरले आफ्नो शक्ति (तारा) लाई सुख वा आनन्दपूर्वक काखमा राखी अंकमाल गरी रहेको छ । लोकेश्वर र शक्ति (देवी) दुईवटा कमलपत्रमाथि ललिटाशन मुद्रामा बसेको छ । लोकेश्वरको दायाँ हातहरुमा क्रमशः त्रिशुल, बाण, अक्षमाला र वरदमुद्रामा छ भने बायाँहातहरुमा क्रमशः धनु, पाश, कमलको फुल र एकहातले शक्ति (तारा) को कमरमा समातिएको छ । लोकेश्वर र तारका टाउकाहरुमा मुकुट, कानमा कुण्डल, गलामा हार, केथुर, बाला र खुट्टामा पाउजु छ । देवदेवीका अनुहारमा मन्दमुस्कान छ । देवी दुई हातहरुमा एक हात

वरद र अर्को हात अभय मुद्रामा छ । देवीका शरीरमा पृष्ठ वृक्ष प्रष्ट देखिन्छ । लोकेश्वर र तारा दुवैका कम्मरतलमात्र लुगाहरु लगाएको छ भने घाँटीदेखि खुट्टासम्म आउने फूलमालाहरु लगाएको छ । दुवैका एकएक खुट्टा कमलमाथि राखिएको छ । देवदेवीका टाउको पछाडिको चुच्चे विन्दु ज्वाला बलि युक्त प्रभामण्डलहरु छ । देवताहरुका मूर्तिमाथि आफ्ना देवता कुल वा पिता अमिताभ बुद्धको मूर्ति कुँदिएको छ । कमलमाथि बसेको सम्पूर्ण मूर्तिको पृष्ठभाग विन्दु र ज्वालाबलि युक्त घेराले युक्त चोसो परेको प्रष्ट छ । यो मूर्ति कलामा पालकला शैलीको प्रभाव देखिन्छ । यो मूर्तिको शैली र बनावटका आधारमा र मूर्तिमा देवताहरुले लगाएको लामो मालाका कारण यो मूर्ति १६ औं शताब्दीतिर बनेको मान्न सकिन्छ ।

## (च) गंगा

छायवहाल ढुंगेधाराको प्रमुख धाराको माथि ढुंगाको पागेडा शैलीका मन्दिरभित्र प्रतिस्थापित देवी गंगाको मूर्ति छ । यो मूर्तिको आकार १२ से.मी छ । यो मूर्ति हरियो निलो रंगको ढुंगामा त्रिआयामिक प्रविधिमा निर्माण छ । देवी एकपत्र कमल आशन माथि अर्धपलंग आशनमा बसेको छ । देवीको हँसिलो मुखाकृतमा सानो ओठ, लाम्चे नाक, खुलेको आँखा छ । जसको टाउकोमा मुकुट, कानमा ठूलो कुण्डल, हातमा बाला, केथुर लगाएको छ । चारहात युक्त देवीका हातहरुमा क्रमशः पूर्ण कलश लिएको र वरदमुद्रामा रहेको हात प्रष्ट छ भने बाँकी दुईवटा हातहरु खण्डित छ । पृष्ठ छाती भएकी देवीको नाइटो मुनिमात्र जामा वा साडी लगाएको देखिन्छ । देवीले घाँटीदेखि खुट्टासम्म पुग्ने फूलमाला लगाएको छ । देवीको प्रभावमण्डल ज्वालाबली युक्त छ । मूर्तिको फलक ज्वालाबलि युक्त चुच्चो आकारको छ । ( हेर्नुस् फोटो नं. २३.२) । गंगालाई जलदेवीको प्रतिक मानि ढुंगाधाराहरु माथि प्रतिस्थापित गरिएको हुन्छ । गंगादेवीको मूर्तिहरु ढुंगाधाराहरुमा एकदम कम मात्रामा पाइन्छ । यो मूर्तिको स्वरुप, बनावटका र यहाँ भएको शिलालेखका आधारमा १७ औं शताब्दीतिर निर्माण भएको मान्न सकिन्छ ।

## (छ) पदमापाणी लोकेश्वर

सिँवहाल गणेश मन्दिर पूर्व दिशाको भित्तामा पदमपाणी लोकेश्वरको मूर्ति छ । यो मूर्तिको आकार ९ से.मी. छ । यो त्रिआयामिक मूर्ति निलोकालो ढुंगामा मध्यम उद्धित प्रविधिमा कुँदिएको छ । लोकेश्वर समभंग मुद्रामा उभिएको छ । लोकेश्वरको एकहात वरदमुद्रामा र अर्को पूर्ण फुलेको कमलको डाँट समातेको छ । कमलपत्रमाथि उभिएको लोकेश्वरको दायाँ बायाँ पूर्ण

फूलेको डाँठ सहितको कमलको फूल छ । लोकेश्वरको शिरमा मुकुट, कानमा कुण्डल, गलामा हार, हातमा केथुर र बालाहरु देखिन्छ । मूर्तिका कम्मरभन्दा तल भाग लुगा लगाएको देखिन्छ जसमा दायाँबाट बायाँ फर्किएको लुगाको चोला र कम्मरपेटी देखिन्छ । मूर्तिको पृष्ठभूमि र प्रभावमण्डल चुच्चो अण्डाकार ज्वालाबलि युक्त छ जुन मूर्तिको बाहिरीपत्र खिइएर मुख, हातखुट्टाहरु पनि जिर्ण भैसकेको छ । (हेर्नुस् चि.फ.नं. २२.३) । लोकेश्वरका यो मूर्ति बौद्ध प्रतिमाविज्ञान अनुरुप बनेको देखिन्छ ।

लोकेश्वर मूर्तिमा देखिने “ल्हँलेप” र स्वरुप बनावटको आधारमा यो मूर्तिलाई ८/९ औं शताब्दीको मान्न सकिन्छ ।

यस अध्ययन क्षेत्रभित्र पदमपाणी लोकेश्वरका अन्य मूर्तिहरु पाइन्छ । पाटनढोका, चैत्यको उत्तरतर्फ र संगैको पाटीमा रहेका ढुङ्गाका मूर्तिहरु छन् ।

## (ज) भगिरथको मूर्ति

नटोल गणेश मन्दिरको पूर्वतर्फको जःधु (जलद्रोणी) को पेटीमा भगिरथको मूर्ति छ । यो मूर्तिको आकार १५ से.मी. छ । जुन पहँलो खैरो रंगको ढुंगामा उच्च उद्धित प्रविधिमा कुँदिएको छ । हिन्दू धर्मशास्त्र अनुसार भगिरथले अति कठीन तपस्या र मेहनत गरी स्वर्गबाट पानीका देवी गंगालाई धर्तीमा लिएर आएका थिए । जसका कारण भगिरथका मूर्तिपानीका मुहानहरुलाई ढुङ्गेधारा र जलद्रोणी ताल प्रतिस्थापना गरेको हुन्छ ।

भगिरथको मूर्ति चारहात युक्त छ । जसको मुखकृत खण्डित छ । कमलमाथि उभिएको भगिरथको माथिल्लो दुई हातले जःधुलाई उचालेको छ भने तल्लो दुई हात नमस्कार मुद्रामा छ । भगिरथको टाउकोमा घुमिएको लामा कपाल, कानमा कुण्डल, घाँटीमा हाड, हातमा केथुर र बाला लगाएको छ । भगिरथका जिउमा कवच र कम्मर तल धोति लगाएको देखिन्छ । मूर्तिका दायाँ बायाँतिर लुगाका शलहरु र कम्मरतल ‘गाचा’ (शल) लटिएको छ (हेर्नुस् चि.फ.नं. २२.२) । यो भगिरथको एकदम कम पाइने मूर्ति हो । यो मूर्तिको स्वरुप बनावटका आधारमा १८ औं शताब्दीको अन्तरित बनेको मान्न सकिन्छ ।

## (झ) शिवपार्वती

नटोलको ढुंगेधारा परिषदको उत्तर दिशामा प्रमुख धाराको माथि शिवपार्वतीको मूर्ति प्रतिस्थापित छ । यो मूर्तिको आकार ९ से.मी. छ । यो मूर्ति कालो ढुंगामा मध्यम उद्धित

प्रविधिमा कुँदिएको छ । शास्त्रअनुसार शिवलाई पानीका देवताका रुपमा मानि ढुंगेधाराहरुमा प्रतिस्थापित गरिएका हुन्छ । यस मूर्ति शिवपार्वती दुवै ललिताआशनमा बसी शिवले पार्वतीलाई अंकमाल गरिएको छ । शिवपार्वती मन्दमुस्कान मुद्रामा एक अर्कालाई हेरि रहेको छ । जसका खुट्टाहरुमा आ-आफ्ना बहानहरु नन्दि र सिँहका आकृति छ । चारहात युक्त शिवका हातहरु क्रमशः अक्षमाला, त्रिशुल, वरदमुद्रा र पार्वतीलाई अंकमाल गरेको छ । त्यस्तै पार्वतीले पनि एकहातले शिवलाई अंकमाल गरी अर्को हात आफ्नो खुट्टामाथि राखिएको छ । शिवपार्वतीको टाउकोमा मुकुट, कानमा कुण्डल, घाँटीमा हाड, हातमा केथुर र खुट्टामा बाला रहेको छ । साथै दुवैले घाँटीदेखि खुट्टासम्म आउने लामो फूलमाला लगाएको छ । यस्ता प्रकारका शिवपार्वती मूर्ति फलकको चर्चा कृष्णदेवले पनि गरेको पाइन्छ । मूर्तिको तल कमलको फूल र चारैतिर फूल युक्त पातहरुद्वारा बुट्टादार बनाएको छ (हेर्नुस् चि.फ.नं. २२.४) । यो शिवपावतीका सुन्दरमूर्तिको स्वरुप र बनावटका आधारमा यो मूर्तिको निर्माण र स्थापना १८ औं शताब्दीतिर भएको मान्न सकिन्छ ।

### (ञ) राधाकृष्ण

पिम्बहाल चण्डेश्वरी मन्दिरको पूर्वपट्टि जलद्रोणीको भित्तामा रहेको राधाकृष्णको मूर्ति आकार १२ से.मी. छ । यो मूर्ति कालो ढुंगामा मध्यम उद्धित प्रविधिमा बनाइएको छ । यस मूर्तिको प्रमुख बीचमा त्रिभंग नृत्यमुद्रामा रहेका श्रीकृष्ण छ । श्री कृष्ण बाँसुरी बजाउँदै एक खुट्टामा अर्को अडाएर नृत्यमुद्रामा उभिएको छ । श्री कृष्णले कम्मर मुनिमात्र धोति लगाएको छ । श्री कृष्णका दायाँबायाँ राधा र रुकमणिहरु पनि त्रिभंगमुद्रामा नाचिरहेको अवस्थामा छ । यी राधा र रुकमणिले धोती र शल लगाई दुईहात उठाएर नाचिरहेको छ । यो मूर्तिहरुमा घाँटीमा हाड, हातमा बाला, कानमा कुण्डल लगाएको साथै मुखाकृतहरु प्रफुल्लित मुद्रामा रहेको देखिन्छ । मूर्तिफलकमा दोहोरो कमलपत्र माथि चारैतिर लहरा युक्त फूलबुट्टाहरुको आकृति कुँदिएको छ (हेर्नुस् चि.फ.नं. १९.२) । यो मूर्तिको स्वरुप बनावटको अध्ययन गर्दा २० औं शताब्दीतिर प्रतिस्थापन गरेको देखिन्छ ।

यस्तो स्वरुपका राधाकृष्णको मूर्तिफलक पिम्बहाल जगमदु पुखु: बीचको राधाकृष्ण मन्दिरभित्र पनि प्रतिस्थापित छ ।

### (ट) शिवलिङ्ग

पाटनढोका बाहिर बसपार्कसंगै डबलीमाथि अवस्थित ढुङ्गाको शिवलिङ्ग मूर्तिलाई पाटनढोका शिवलिङ्ग मूर्ति वा मन्दिर भनिन्छ । यो मूर्तिको आकार १५ से.मी. छ । यो मूर्ति कालो ढुङ्गामा चारैतिरबाट हेर्न हुनेगरी वा घुमेर हेर्न हुने गरी बनाइएको छ । यो शिवलिङ्गको रुद्र भागका चार दिशामा चारवटा मुखाकृत कुँदिएको छ । जुन हाल खण्डित अवस्थामा छ । जसको टाउको तलका दुई हातहरु प्रष्ट छ । जुन हातहरुले समातोका वस्तुहरु पूर्वबाट क्रमशः हातहरुमा अक्षमाला, कमण्डलु, दण्ड, विमिरो, चर्म, त्रिशुल, दर्पण, फूल लिएको देखिन्छ । चार दिशाका शिव मृखाकृतहरुमा क्रमश सद्योजात, बामदेव, अघोर, तत्पुरुष छन् । सबै मुखाकृतहरु जटादार केशविन्यास युक्त छ । जुन केशमा अक्षमालाहरुले बाँधेको देखिन्छ । त्यस्तै प्रत्येक कानहरुमा बेग्लाबेग्लै स्वरुपमा कुण्डल लगाएको छ । शिवलिङ्गको विष्णु भाग गोलाकार छ । जुन चिप्लो बनाइएको छ । त्यस्तै ब्रम्हाभाग देखिँदैन । शिवलिङ्गका जलहरी उत्तर फर्किएको साधारण नागका घेरा देखिन्छ (हेर्नुस् चि.फ.नं. २३.३) । यो शिवलिङ्ग प्रमिाविज्ञान अनुरुप बनेको देखिन्छ । यो शिवलिङ्गको स्वरुप र बनावटका अध्ययन अनुसार मल्लकालका अन्ततिर वा १९ औं शताब्दीतिर बनाएको मान्न सकिन्छ । यस शिवलिङ्ग अगाडि बसेका धातु र पूर्वतिर ढुङ्गाको साँढे (नन्दि) का आकृति छ । त्यस्तै यस अध्ययन क्षेत्रभित्रका अन्य साधारण शिवलिङ्गहरुमा चण्डेश्वरी मन्दिर अगाडीको शिवलिङ्ग र भारती मठको शिवलिङ्ग छन् ।

# अध्याय पाँच

## यल ध्वाकाः (पाटन ढोका) सेरोफेरोमा पुरातात्त्विक महत्त्वपूर्ण स्थान तथा अवशेषहरू

### ५.१ क्वाथ (गढ, किल्ला र खाई)

प्रमाणित श्रोतहरुका अनुसार ललितपुर मल्लकालमा एक स्वायत राज्य थियो । मल्लकालमा उपत्यकाका राज्यहरु वास्तुशास्त्र अनुसार शहर वा राज्यलाई आन्तरिक एवं बाह्य सुरक्षाका खातिर शहरको चारैतिर पर्खाल उठाई किल्ला बन्द गरेको देखिन्छ । जसको बीचबीचमा काठका ढोकाहरू राखिएको हुन्छ । जुन ढोकाबाट मानिसहरू आवट जावत गरिन्छ । मल्लकालमा ढुंगा, इट्टा र माटोको पर्खालबाट बनेका किल्लालाई नै कोट वा क्वाथ, गढ र ढुर्ग भनिन्छ ।[१८०] नेपाल भाषामा किल्लालाई "क्वाथ" भनिन्छ । ने.सं. ४४८ ( वि.सं.१३८३) मा खसराजा आदित्य मल्लले ललितपुरलाई २२ दिनसम्म घेराहाल्दा पनि किल्ला फुटाउन नसकेको उल्लेख पाइन्छ) ।[१८१] त्यस्तै ने.सं. ८७१ (वि.सं. १८०८) का राजा राज्यप्रकाश मल्ल पालाको "थ्यासफु" मा ललितपुरका १८ वटा ढोकाहरूको उल्लेख पाइएको छ ।[१८२] जसले गर्दा त्यसबेला ललितपुर (पाटन) चारैतिर गढ, क्वा, कोट निर्माण भएको देखिन्छ । त्यस्तै १८ औं शताब्दिका राजा श्रीनिवासमल्लका पालामा लेखिएको "कीर्तिपताका" थ्यासफुमा ललितपुरको किल्ला, खाई, पखाल र ढोकाहरूको चर्चा गरेको पाइन्छ ।[१८३]

त्यस समय यस खाइहरूमा अग्ला अग्ला झारपात र रुखहरू उम्रिएको जहाँ डरलाग्दा जनावरहरूका बास भइसकेको थियो ।[१८४] यस किल्लाका पर्खालहरूको बीचबीचमा बुर्जा युक्त काठका ढोकाहरू पनि थियो ।[१८५] जुन ढोकाहरूमा कलात्मक बुटायुक्त खापासहितका थिए ।[१८६] हाल ललितपुरशहरमा पर्खाल, खाई, गढ, ढोकाहरूको अवशेष प्रष्ट पाइदैन । तर कहिकहि अवशेषका रुपमा मल्लकालका इट्टाका खम्बाहरूमात्र देखिन्छ । जस्तै पाटन शंखमूलमा जाने

---

[१८०] ग.कि.क्षेत्री, डिलबहादुर, **प्राचीन तथा पूर्व-मध्यकालिन नेपाल**, काठमाडौं, २०६२, निरन्टर प्रकाशन, पृष्ठ ३५९ ।

[१८१] वंशावली, गोपाल राज/बज्राचार्य, धनबज्र र मल्ल १९८२, पृष्ठ १०२ ।

[१८२] कायस्थ, छेत्रबहादुर, **नेपाल संस्कृति** वर्ष ७, अङ्क ८ ललितपुर, वि.सं. २०५३, पृष्ठ १८ ।

[१८३] योगी, नरहरिनाथ, **श्री कुनुशर्माको कीर्तिपताका** जगदम्बा प्रकाशन, ललितपुर, वि.सं. २०१८, पृष्ठ २-३ ।

[१८४] पूर्ववत्, यागि, पृष्ठ २ ।

[१८५] पूर्ववत्, यागि, पृष्ठ ३ ।

[१८६] पूर्ववत्, यागि, पृष्ठ ८ ।

बाटोको दायाँबायाँ रहेका इट्टाका खम्बाहरु । स्वरुप र आकार हाल पाटनढोकाको खम्बाको आकार उस्तै भएको कारण पाटनढोकाको जिर्णद्वार मात्र गरेको हुन सकिन्छ । यल ध्वाका (पाटन ढोका) मा मल्लकाल र अन्य विभिन्न समयमा प्राकृतिक विपती र अतिक्रमण कारण भत्की त्यसको पूर्णनिर्माण गरेको देखिन्छ । हाल अस्तित्वमा रहेको पाटन ढोका १९९० वि.सं. को भूकम्प पछि निर्माण गरी बनेको रथ हो । यस भन्दा अगाडिको अस्तित्वमा रहेको ढोका राणाकालमा निमार्ण गरेको हो । (हेर्नुस् फोटो नं. ४) ।[१८७]

हाल पाटनको चारैतिरका साथै यस अध्ययन क्षेत्रमा पर्ने स्थानहरु पनि पुरातात्वीक महत्वका गड, किल्ला, खारको कुनै अवशेष पाइदैन । छायवहाल ढोकामा रहेका ढुङ्गाका केही अवशेषहरुका रूपमा हाल छायवहा चपा छेंमा सुरक्षित छ । पाटन ढोकादेखि छायवहाल ढोका, तओ ढोका बीचमा रहने पर्खाल, गढहरु रहेका स्थानको पहिचान गरी पुरातात्वीक उत्खनन् हुनु अति आवश्यक छ । यी गढ, किल्ला, ढोका, खाई आदिको पुरातात्विक महत्व अति नै छ । जसको अध्ययन अनुसन्धानबाट ललितपुर स्वतन्त्र राज्य रुपमा रहेको र मल्लकालिन शहर वास्तुकलाको अध्ययन गरी प्रमाणित गर्न सजिलो पर्दछ । यी खाई, पर्खाल, ढोकाहरू यस पाटनढोका क्षेत्रको उत्तर, पश्चिम र दक्षिण दिशासम्ममा पाइन्छ ।

## ५.२ ल्हिटि (ढुङ्गेधार)

लिच्छवी र मल्लकालका नगर निर्माण कला अन्तर्गत शहरहरुमा खानेपानीको व्यवस्थाका निम्ति ल्ह हिति (ढुङ्गेधारा) बनाइएको हुन्छ । प्रत्येक नेपाल भाषामा ढुङ्गेधारालाई “ल्ह हिटि” भनिन्छ । “ल्ह” को अर्थ “ढुङ्गा” र “हिटि” को अर्थ धारा हुन्छ । पोखरी वा अन्य श्रोतको पानीलाई एकिकृत गर्दे विशेष प्रकारले नियमीत पानी आउने गरी बनाएको ढुङ्गाको धारालाई ढुङ्गेधारा भनिन्छ । जुन जमिन सतहबाट तल खाल्डो बनाएर बनाइएको हुन्छ । जुन ढुङ्गाका चतुकोणाकार वा वृत्ताकार आकारका हुन्छ । यस अध्ययन क्षेत्र भित्र दुईवटा महत्वपूर्ण ढुङ्गेधाराहरु हाल अस्तित्वमा छ । यो नटोल र छायवहाल ढुङ्गेधाराहरूको समयसमयमा जिर्णद्वार र उत्खनन् गरेको पाइन्छ ।[१८८] साहित्यिक स्रोतका अनुसार मल्लकालमा शहर भित्र छिर्ने अगाडि सरसफाई गर्नु र चोखाइनु पर्ने कारण त्यस समय ढोका नजिकै ढुङ्गेधारा वा पोखरी

---

[१८७] फोटो

[१८८] अभिलेखहरू (तायवहाल ने.सं. ९९२/नटोल ने.सं. ..... ।

रहेको हुन्छ । जसमा तिर्खा मेटाउन ढुङ्गेधारा पानी प्रयोग गरिन्छ र सरसफाइ गर्न पोखरीको पानी प्रयोग गरिन्छ । पहिला पाटनढोका बाहिर हाल सावजनिक शैचालय रहेको ठाउँ मूनि ढुङ्गेधारा, पोखरी रहेके थियो । जुन ठाउँमा नतोल, छायावहाल ढुङ्गेधाराका पानीको निकास भई पोखरी भई पोखरीम पानी जम्मा बनाएको हुन्छ । जहाँ सानो ढुङ्गेधारा रहेको र चारैतिर ढुङ्गाले छायको पोखरी थियो ।[१८९] यो ढुङ्गेधारा २०४५ वि.सं. सम्म पनि अस्तित्वमा रहेको थियो । स्थानीय कथन अनुसार एक समय यस पोखरीमा जङ्गबहादुर राणा प्रधानमन्त्री हुनु अगाडि पाटनमा जुवा खल्न आउदाँ समातेर यस पोखरीमा थुनेको थियो ।[१९०] यो ढुङ्गेधारा र पोखरी यस अध्ययन क्षेत्रको सबभन्दा महत्वपूर्ण पुरातात्विक क्षेत्र हो । जुन पुरातात्वीक उत्खनन् गरी पूर्ण निर्माण गरिनु अति आवश्यक छ ।

छायवहा ननी र मिखावहा ननीको पिग्गलमार्ग ज्याखः (श्रेष्ठ) परिवारको चोक “हिटि गह” नामले परिचित छ । स्थानीय प्रतिनिधिका अनुसार पहिला यहाँ सानो ढुङ्गेधारा थियो । जहाँको पानी नुहाउने र खानका लागि प्रयोग गर्दथ्यो । हाल यस स्थानलाई पुरी इट्टाको चोक बनाएको छ । हाल ढुङ्गेधाराका बाहिर केही देखिँदैन । जसको पुरातात्वीक उत्खनन् गरी अध्ययन अनुसन्धान गर्नु अति जरुरी छ । जसले जिर्णद्वारले पानीको समस्यालाई हल गर्नुका साथै शहरको प्राचिनतालाई अझ प्रष्ट पार्न सकिन्छ । यस स्थानलाई हालपनि स्थानीय बुढापाकाहरू “हितिगाह” (खाल्टोको धारा)भनिन्छ ।

## ५.३ पुखु (पोखरी)

लिच्छवीकाल र मल्लकालतिर ललितपुर शहरको चारैतिर र बीचबीचमा पुखु (पोखरी) हरू थिए । नेपाल भाषामा “पुखु” को अर्थ पोखरी हुन्छ । यहाँ कुलो, नहरको प्रयोग गरी पानी जम्मा पारि बनाएका ठूलाठूला पोखरीहरू थिए । साथै प्राकृतिक रूपमा बनेका पोखरीहरू पनि थिए । उदाहरणका लागि जगमदुः पुखुलाई लिन सकिन्छ । मल्लकालमा पुजाका लागि अति महत्वपूर्ण कमल फूलको लागि पनि कमलपोखरीहरूको निर्माण भएको पाइन्छ । यस अध्ययन क्षेत्रमा रहेका प्रमुख पुरातात्वीक पोखरीहरू निम्न ठाउँ स्थानमा पर्दछ ।

### पाटनढोका पुखु

---

[१८९] उत्तम ठंगोल आफैले देखे, खेलेको ठाउँ ।

[१९०] मदन मोहन मिश्रका भनाई अनुसार ।

(क) हाल पाटनढोका बाहिर सार्वजनिक शौचालय रहेको ठाउँमा पहिला नटोल र छायवहालका ढुङ्गेधाराहरुबाट आउने पानी जम्मा पारी पोखरी बनाएको थियो । जसको चारैतिर ढुङ्गा छाएको थियो ।[१९१] जुन बाटोबाट १० खुडकिल्लाहरू तल अवस्थीत थियो । जहाँ मानिसहरु बाहिरबाट शहरमा पस्न अगाडी हात, खुट्टा धुने गर्दछ ।

(ख) "चपुखु" अर्थात (चकंगु पुखु) को अर्थ खुल्ला वा ठूलो पोखरी हुन्छ । जुन पाटनढोका बसपार्कसँगै रहेको श्री शान्ति नि.मा.वि. रहेको ठाउँमा रहेको छ । यो पोखरीको अवशेषका रूपमा वि.सं. २०२२ सम्म थियो । राणा प्रधानमन्त्री चन्द्रशम्शेरले श्री दरवार बनाउँदा चपुखु (पोखरी) लाई पुरी दरबार बनाउन लगाएको थियो । यस समयमा एउटा ठूलो नगले दरबारको ढोकामा पसेर रिस देखाएका कारण त्यसनाग बस्नका लागि अवशेषका रूपमा सानो चपुखु ( नागपुखु) बाँकी राखि अरु पोखरी छोपिएको थियो ।[१९२]डा. लक्ष्मीलाल डंगोलका अनुसार २०२५ वि.सं. तिर मात्र चपुखुलाई छोपि स्कुल स्थापना गरिएको हो । यो पोखरीको पुरातात्वीक महत्व अभि महत्वपूर्ण छ । यस पोखरीमा नागराजको ढुंगाको मूर्ति थियो । जुन हाल पाटन पुरातत्व विभागमा सुरक्षित रहेको छ ।

(ग) छायवहा पुखु (पोखरी) (छाय्वहाल पोखरी)

यो पोखरीलार्य पलस्वा पुखु (कमल पोखरी) साथै लाल पुखु पनि भनिन्छ । जुन हाल छायवहाल ढोका अगाडि महिला तालिमकेन्द्र रहेको स्थानको तल रहेको थियो ।[१९३] राणा प्रधान मन्त्रीले श्री दरबार बनाउदा यो पोखीलाई पनि प्रभाव पर्‍यो । यस काल खण्डमा यो पोखरीमा केटाहरूको शैचालयका रूपमा पनि प्रयोग भएको थियो । जुन हालको तालिमकेन्द्र बनाउनु अगाडिसम्म सार्वजनिक शैचालय बनाएको ठाउँ हो । यो पोखरी छायवाल ढोकासँगै रहेको थियो । जसको दक्षिण तिर पाटीपनि थियो । यी ढोका, पाटी किल्ला, खाई, पर्खाल, पोखरी सबै हाल पुरिएको वा हराएको छ । यस पुरातात्वीक महत्वपूर्ण सम्प्रदायहरूको पूर्ण उत्खनन् गरी समर्क्षण गर्नु अति जरुरी रहेको छ । जसको महत्वनेपाल इतिहास साँस्कृतिक प्रमुख महत्व राख्छ ।

---

[१९१] शोधकर्ता आफैले देखेको र खेलेको स्थान भएको ।
[१९२] मदन मोहन मिश्र र जन प्रतिनिधिहरूबाट ।
[१९३] पूर्ववत् मिश्र र स्थानीय प्रतिनिधि नारायण महर्जन ।

(घ) छायवहा खाः पुखु (छायवहाल खाः पोखरी)

नटोल ढुङ्गेधाराको उत्तर तिर हाल बुद्धको मूर्ति साथै अन्य स-साना मन्दिरहरू प्रतिस्थापीत ठाउँमा खाःपुखु (पोखरी) थियो । जुन पोखरी राणकाल तिर महिलाहरूको शैचालयको रूपमा प्रयोग गर्न गरेका पनि थिए । हाल यो लुप्ट भएको छ ।

(ङ) सिँवहा पुखुः (श्रीवहाल पोखरी)

हाल श्रीवच्छ महाविहार, सिवहाल रहेको स्थनमा पहिला बिहार स्थापना हुनु अगाडि ठूलो पोखरी थियो । जहाँ सिम्रोनगदबाट ल्याइएको रत्नपाणि बोधिसत्व मूर्ति स्थापना गी विहार बनाउन अगाडि दह व.पोखरी थियो । जसलाई पुरी विहार स्थापना गर्न आचार्यहरूद्वारा सल्लाह दिएर विहार स्थापना गरे ।[१९४] जुन पोखरीको पानीबाट नटोल र छायवहालको ढुङ्गेधारामा पानी आपुर्ति हाल सम्मपनि भएको मानिन्छ । हाल यो पोखरी नाममात्रको छ ।

## ५.४ अन्य

खाई, गडहरू जुन यसक्षेत्र अन्तर्गत पाटनढोकादेखि पश्चिमतर्फ छायवहाल हुदै नटोलसम्मको गड, पर्खालहरू र खाईहरू थिए जुन मल्लकालको किर्तीपदकमा उल्लेख गरिएको साथै मल्लकालमा शहरको वास्तुकला अन्तर्गत पर्ने शहरको चारैतिर घोरिएका पर्खाल, गड, खाईहरू हाल लुप्ठ भएको छ । साथै छायवहाल ढोका पनि जसको महत्व मल्लकालमा र लिच्छविकाल महत्वपूर्ण क्षेत्रहरू पुरातात्वीक रूपमा मानि अध्ययन अनुसन्धान गर्न उत्खनन् गरी प्रकाश पार्नुपर्ने देखिन आउँछ । जसले मल्लकाल र त्यस भन्दा अगाडिका साहित्यिक श्रोतको अभिव्यक्तिलाई प्रष्टाउन मद्दत गर्दछ ।

त्यस्तै यस क्षेत्र अन्तर्गतका महत्वपूर्ण पाटीहरू जुन हाल लुप्ट भइसकेका छन् । जुन पीमा स्थानहरूमा व्यक्तिगत घरहरू अर्थात त्यस स्थान खाली बनाएको पाइन्छ ।

१. जमल पोखरीको उत्तर पूर्व कुनाको ४ कुने पाटी ।

२. जमल पोखरीको पश्चिम पट्टिको पाटी हाल व्यक्तिगत घर भएको ।

३. प्याङ्ग वा पाटी जुन हाल अवशेषका रुपमा खम्बाहरु देखिन्छ । व्यक्तिगत घर ।

४. नटोल ढुङ्गेधाराको पश्चिम पट्टिको पाटी हला व्यक्तिगत घर बनाएको ।

---

१९४ बज्राचार्य, हेराकाजी, **यलया बौद्ध विहार,** बौद्ध विहार संघ, ललितपुर, वि.सं. २०५७, पृष्ठ ९५ ।

५. नटोल जरै(जलदोणी)सँगैको पाटी, हाल व्यक्तिगत घर बनाएको ।

६. सिवहाल गणेश मन्दिरको पछाडिको पाी हाल व्यक्तिगत घर बनाएको ।

७. छायवहालढुङ्गेधाराको पश्चिमको पाी हाल मदन स्मारक स्कुलको पर्खालले घेर्दा खाली छोडिएको ठाउँ ।

८. छायवहाल भिमशेन मन्दिरसँगैको पाटी हाल गुठीले संचालीत घर भएको ।

९. पाटन ढोकाको पूर्वपट्टि पाटी हाल व्यक्तिगत प्रयोग गरेको घर ।

१०. पाटन ढोका बाहिरको पाटी हाल व्यक्तिगत प्रयोग गरेको घर ।

११. सुल्मको पाटी हाल खाली ठाउँमात्र बाँकि रहेको

१२. गवहाल चोकको पाटी हाल व्यक्तिगत घर बनाउको ।

यी सबै जनप्रतिनिधिका व्यक्तिहरूको व्यक्तिगत अन्तर्वाताहरूबा प्राप्त जानकारीहरूबाट र केही फोटोबाट ।

# अध्याय छ

## ६.१ उपसंहार

यल (पाटन) शहरको सांस्कृतिक महत्व प्राचीनकाल देखि मानिएको छ । परम्परा विकसित भएर हालको अवस्थामा आएको मानिन्छ । हालको स्वरुप, मध्यकालदेखिको वास्तुकलासँग मिल्दोजुल्दो छ । परम्परा अनुसार ललितपुर (पाटन) शहरका चारदिशामा रहेका चारवटा थुरहरु (स्तूपहरु) र बीचमा "मध्यम स्तुप" बनाएका थिए । यो "मध्यम स्तूप" हाल ललितपुर उपमहानगरपालिका वडा नं २१ को पिम्बहालमा रहेको चैत्य सँग तुलना गरिएको छ । वास्तवमा अशोक कालीन स्थूप जस्तै थिए । कालान्तरमा अशोकले ललितपुर शहरको चार दिशामा चारवटा र मध्यम स्तुप (यसै वडा नं. २१) पिम्वहालमा गर्नाले यो स्थान त्यससमयदेखि केन्द्र रहेको भान हुन्छ । पछि मध्यकालमा ने.सं. ४७७ (वि.सं. १४१४) तिर बंगालका सुल्तान समशुद्दिनले नेपाल उपत्यकाका महतवपूर्ण प्रमुख स्थानहरु भक्तपुर, पशुपति, स्वयम्भू र यस पिम्बहालमा आक्रमण गरी क्षतिग्रस्त बनाइएको कुरा अभिलेखमा पाइन्छ । यी क्षेत्रिग्रष्ट स्थानहरु मध्ये सबभन्दा पहिला किराँत वा ई.पू. तेश्रो शताब्दीका मौर्य सम्राट अशोकको पालामा महापात्र मेघपाल वर्म्मले गरिएको अभिलेख छ (हेर्नुस् अभिलेख फ. नं. १) जसको १०-१५ वर्षपछि मात्र क्रमशः अन्य स्थानहरुको मर्मत भएको उल्लेख अभिलेखहरुमा पाइन्छ । यो कारणले गर्द कुनै पनि महत्वपूर्ण स्थानहरुमा मात्र विदेश शत्रुहरुको आक्रमण हुन्छ । बंगालका सुल्तानले लुटपातको क्रममा गरेका ऐतिहासिक स्थलहरु मध्ये ललितपुरको अतिमहत्वपूर्ण स्थानहरु मध्येका पिम्वहाल पनि एक हो । मध्यकाल तथा वर्तमानमा ललितपुरको केन्द्र मानिएका मंगलबजारमा त्यस समय (मल्लकालीन दरबार) हमला गरेको प्रमाण नभेटिएपनि पिम्बहाल चैत्यलाई ध्वस्त गरेको प्रमाणमा पाइएका हुनाले पनि यो क्षेत्र त्यसबेला निकै महत्वपूर्ण रहेका अनुमान हुन्छ । मुस्लिमहरुका त्यतिबेला महत्वपूर्ण धार्मिक स्थल वा आर्थिक केन्द्रहरुमा आक्रमण गर्ने चलन थियो । धार्मिक तथा सांस्कृतिक महत्वपूर्ण स्थान रहेको प्रमाणित हुन्छ । त्यस्तै समशुद्दिनले हमला गरी क्षतिग्रष्ट भएको शहरको पुनर्निर्माण गर्दा सबभन्दा पहिला व्यक्ति महापात्र सम्भवत् प्रथम प्रधानमन्त्री मेघपाल वर्म्म थियो । यी महापात्रले अन्य महत्वपूर्ण स्थानलाई भन्दा पहिला यसै स्थानलाइ महत्व दिनुको पछाडि यस स्थानको महत्वनै हो भन्ने आधार हुन आउँछ । त्यस्तै यस चैत्यमा रहेका पछिल्लो

लिच्छवीकालीन (९-१० औं शताब्दीका) पञ्चबुद्धका ढुंगाका मूर्तिले पनि यो स्थानको महत्व अझ पुष्ट्याउँछ । त्यस्तै प्राचीन कालदेखि रहेको ठूलो पोखरी (जगमदु पुखु) को पूर्वदिशामा चैत्य बनाइएको छ । बौद्ध दर्शन चैत्य बनाउने आधार अनुसार बनाइएको छ । प्राचीनकाल देखि खानेपानीको मुहानसंगै मानिसको बस्ती रहने गरेको हुन्छ भन्ने प्रमाणित आधारले अझ यस स्थानको ऐतिहासिक पुरातात्विक महत्व बढाइएको छ । त्यस्तै यस चैत्यमा रहेको खण्डित (८ से.मी. × २३ से.मी.) (हेर्नुस् चि.फ.नं. ११.२) अनुसार यो मेघपाल वर्म्माको अभिलेख भन्दा पुरानो भएकोले यो चैत्यमा यसभन्दा अगाडि पनि जिर्णद्वार भएको भान हुन्छ ।

त्यस्तै यस क्षेत्र अन्तर्गत पिम्बहाल भन्दा १०० मिटर दक्षिणको सिंवहालमा रहेको ढुंगाको लिच्छवी चैत्य प्रतिस्थापित छ । यो स्वरुपको लिच्छवी चैत्य सम्भवत् हालसम्मकै एउटा मात्र हो । यस चैत्यको चारैतिर तीन, तीनवटा खाली गवाक्ष छ । सम्भवत् अहिले सम्म पाइएका लिच्छवी चैत्यमा यस्तो स्वरुपको पाइँदैन । सिंबहालको यो एउटा मात्र रहेको अति महतवपूर्ण लिच्छवी चैत्यको महत्वपूर्ण स्थान ऐतिहासिक, पुरातात्विक रुपमा रहेको छ । जसको अझ व्यापक पुरातात्विक अध्ययन अनुसन्धान हुनु अझ जरुरी छ ।

नेपालका मल्लकालीन शहरहरु वास्तुकला अनुसार चारैतिर इट्टाका ठूलठूला पर्खाल उठाई बीच बीचमा ढोकाहरु बनाई सुरक्षित बनाइएको इतिहास पाइन्छ । प्रमाणित स्रोत अनुसार ललितपुर शहरका चारैतरि इट्टाको ठूला पर्खाल बनाईएका चर्चा त्यसै कालका "थ्यापु"हरुमा पाइन्छ । जसका बीच बीचमा मानिस आवत जावतका लागि १८ वटा ढोकाहरु बनाइएको थियो । हाल विद्यमान रहेको पाटनढोकाको स्वरुप र बनावट समय परिस्थितिले केही परिवर्तन भएपनि यसको आधारको स्वरुप मल्लकालीन किल्ला स्वरुपमा छ । त्यस्तै छायवहाल ढोकाको अवशेषका रुपमा रहेका ढुंगाका "आँखाहरु" (हेर्नुस् चि.फ.नं. ७.४) र अन्य सरसामान रहेको छ । छायबहाल र पाटनढोकाहरु बीचमा ठूला पर्खालहरु रहेको ऐतिहासिक प्रमाण छ । यी ढोकाहरुका वरिपरि ढुङ्गेधारा, पाटी र पोखरीहरुरहेको कारण पनि मल्लकालीन शहरी वस्तुकला अनुरुप यो प्रमुख ढोकाहरु नै हो भन्ने प्रमाणित हुन्छ । त्यस्तै मध्यकाल तिर शहरका महतवपूर्ण स्थान, चोक र ढोकाहरुका अगाडि ठूलो बज्रधातु चैत्यहरुको निर्माण भएको देखिन्छ । ललितपुर शहर मध्यकालका बौद्ध धर्मले बाहुल्यता लिएको स्थान भएका कारण यो चैत्यहरु बनेका देखिन्छ । यस अध्ययन क्षेत्र अन्तर्गत पाटनढोका, छायवहाल ढोका र नटोलमा रहेका चैत्यले गर्दा यी स्थानहरुमा ढोकाहरु रहेको प्रमाणित गर्दछ (हेर्नुस् चि.फ.नं. १४.१/१४.२) । मल्लकालीन "थ्यासापु मा यस ढोकाको नाम "ञ ध्वका" भनिएको छ । नेवारी भाषामा "ञ"

को अर्थ "प्रमुख" ढोका हुन्छ । पाटनढोका मल्लकालदेखि हालसम्म पनि काठमाडौं जाने प्रमुख ढोका मार्ग हो । राणाकालमा पाटन शहर पस्न राणाहरुले आफू "बग्गि" र गाडीमा आउन ढोकालाई ठूलो बनाइएको देखिन्छ । साथै वि.सं. १९९० सालको महाभूकम्पले क्षतिग्रस्त भएको ढोकाको पूर्ण निर्माण राणा शैलीमा नै गरेको छ । ढोका बाहिरका पोखरी, गडलाई राणा मन्त्री मदनशमशेरले बनाइएको श्री दरबार थियो । यो इट्टामा भएको मिति वि.सं. १९३० चन्द्रशमशेरले लेखिएको छ (हेर्नुस् चि.फ.नं. २८) । यस समय छायबहाल ढोका र पोखरीलाई पुरी आफ्नो दरबार क्षेत्रमा पर्खाल लगायो । तर हाल अस्तित्वमा रहेको प्रमाणका आधारहरुमा पाटन ढोकानै पुरानो ढोका हो । तर मल्लकाल अगाडि लिच्छवीकालतिर पाटनको कीर्तिपुर र कान्तिपुरसँग सम्बन्धका प्रमुख बाटोमा छायबहाल छदै हासपोता गणेश, झम्सिखेलबाट सिधा बाटो पर्दछ । जनश्रुति अनुसार र हासपोता गणेशमा रहेको लिच्छवी चैत्यका (हेर्नुस् चि.फ.नं. २७) प्रमाणित आधारमा यो नै प्राचीन बाटो हो जुन बाटो हुँदै मानिसहरु कीर्तिपुर र कान्तिपुरबाट ललितपुर हुँदै पूर्वदिशा भक्तपुरतिरको सिधा बाटो हो । हालसम्म पनि यो बाटो एकदम सिधा छ । यस क्षेत्रको पुरातात्विक उत्खनन् गरे अझ धेरै प्रमाणहरु मिल्ने छ । जसले गर्दा छायबहाल ढोका पाटन ढोकाभन्दा महत्वपूर्ण र पूरानो ढोका हो भन्ने आधार मिल्छ । यस क्षेत्रका स्थानीय बासिन्दाका घरहरु वा मठमन्दिरहरुमा हालपनि यी ढोका र पर्खालमा प्रयोग भएका इट्टाका टुक्राहरुको प्रयोग भएको पाइन्छ । यो पाटनढोका र छायबहाल क्षेत्रहरु ललितपुरबाट कान्तिपुर र कीर्तिपुर वा पूर्वदिशातिर जाने प्रमुख मार्ग हो । यस क्षेत्रमा रहेका पोखरी, ढुङ्गेधाराहरु र खाईहरुले पनि यो क्षेत्रमा मल्लकालीन किल्ला र ढोकाहरु रहेको पुष्टि हुन्छ । यो किल्लाहरु मल्लकालमा मात्र बनाइएका हुन् वा त्यसभन्दा अगाडि लिच्छवी र किराँतकालमा नै थियो थिएन भन्ने प्रमाणित आधारहरुका लागि यस क्षेत्रको पुरातात्विक अनुसन्धान हुनु अति जरुरी देखिन्छ । जसले गर्दा यो क्षेत्रको स्वरुप र महत्वका बारे अझ प्रष्ट हुन्छ ।

यस अध्ययन क्षेत्रका स्थान र टोलहरुका नामाकरण स्थानीय नेपाल भाषाद्वारा गरेको छ । जसको अर्थ ऐतिहासिक, धार्मिक, पुरातात्विक रुपमा रहेको पनि देखिन्छ । यो क्षेत्रमा आदिवासी जाति ज्यापू (डंगोल र महर्जन) देखि मल्लकालका अन्तिम समयमा आइएका नेपाल भाषी शुक्ल, भारती, पुरीहरुका बसोबास छ । यहाँ हिन्दु र बौद्ध सम्प्रदायका जातीहरु एक आपसमा मिलेर बसेका छन् । साथै हिन्दू धर्मका चारवर्ण अनुरुपका माथिल्लो वर्णका ब्राम्हण (शर्मा, राजउपाध्याय, शुक्ल) देखि तल्लो वर्णका जाती कुशले, कपाली, दर्शनधारी सम्मका

घरहरु छन् । यो क्षेत्रमा मनाइने प्रमुख जात्राहरुमा जस्तैः चण्डेश्वरी जात्रा, कृष्ण पूजा, मछिन्द्रनाथ जात्रा, भिमसेन जात्रा, नरसिंह जात्रा आदिमा चारवर्णकै सबै जातिको सहभागिता महतवपूर्ण हुनु भएका कारण पनि यी सबै मिलेर बसेको पाइन्छ । यो क्षेत्रमा मल्लकालीन प्रमुख बाटो पर्ने भएकाले ललितपुरका सबै जस्तो जात्राहरु यो क्षेत्रमा आउँछ । जसकारण यो क्षेत्र मल्लकालको अन्तसम्म पनि महत्वपूर्ण रहेको देखिन्छ ।

यस क्षेत्रमा बौद्ध सम्प्रदायका प्रमुख बहाल, चैत्यहरु पनि छन् । पिम्बहाल चैत्य र सिंबहा, मिखाबहा, मूवहा, छायबहा यस क्षेत्रका महत्वपूर्ण स्थानहरु हुन् । त्यस्तै बौद्ध सम्प्रदायका लिच्छवीकालीन चैत्य स्वरुपदेखि हालसाल सम्मका विभिन्न स्वरुप, आकार, शैलीका चैत्यहरु पाइन्छ । यस क्षेत्रमा अति महत्वपूर्ण मानिने चैत्यहरुमा पिम्बहाल चैत्य, सिंबहाल, लिच्छवी चैत्य र सिंबहालका इट्टाले मात्र बनाइएको अति महतवपूर्ण चैत्यहरु छन् । त्यस्तै मिखाबहाल र सिंबहालहरुको स्वरुप र बनावट विहार वास्तुकला अनुरुप बनाइएको छ । सिंवहाल, मूवहाल, छायवहाल लगायत अन्य बहालहरु अति कलात्मक, धार्मिक, सांस्कृतिक सम्पन्न छ । सिंबहाल ललितपुरमा महत्वपूर्ण १८ वटा बहाल मध्ये एक हो । जसका सहायक वहालहरु पनि रहेको छ । सिंवहालमा ढुंगाबाट निर्मित शिखर शैलीको करुणामयको मन्दिर छ । जुन मन्दिर मल्लकालमा निर्माण बुंगमतिको करुणमय (मच्छिन्द्रनाथ) को मन्दिरको प्रतिलिपीमा बनाइएको मानिन्छ । जुन सम्भवत् एउटामात्र ढुङ्गाको शिखर शैलीमा निर्मित करुणामय ( लोकेश्वरको) मन्दिर हो (हेर्नुस् चि.फ.नं. ६.१) । बौद्ध पुरातात्विक र सांस्कृतिक क्षेत्रका रुपमा अति महत्वपूर्ण यस क्षेत्रको संरक्षण र सम्बर्द्धन हुनु अति आवश्यक छ ।

यस क्षेत्रको अर्को महत्वपूर्ण स्थल शैव भारती मठ हो । यो मठ मल्लकालीन वास्तुकला र राणाकालीन (मोज्याक) वस्तुकला मिश्रणले गर्दा अति कलात्मक छ (हेर्नुस् चि.फ.नं. ८.१) । यहाँ काठको अति राम्रो झ्याल ढोकाहरु बनेको छ । ललितपुरमा रहेको प्राचीन शैव मठ “अग्गनी मठ” को सहायक रुपमा भारती, पुरी, गिरीका लागि यस क्षेत्रमा भारती मठ र प्याङ्गथा मठ बनेको छ । आजसम्म पनि यहाँ जोगीहरुलाई दान दक्षिणा दिने चलन छ ।

यस अध्ययन क्षेत्रमा लिच्छवीकालीन थुर र चैत्य जस्तै लिच्छवीकालीन मूर्तिकलाहरु पनि पाइन्छ । कोटलाछी गणेश मन्दिरमा रहेको गणेशको ढुंगाको मूर्ति सम्भवत् लिच्छवीकालीन प्रथम शैलीका गणेश मूर्ति हो । यो मुकुट र आलोकित शैली विहान गणेश मूर्तिमा लिच्छवीकालीन मूर्तिकलामा देखिने “ल्ह लेप” छ (हेर्नुस् चि.फ.नं. २.४) । यो दक्षिणाभिमुख गणेशलाई “क्यना गणेश” (चोभार गणेश) का रुप मानिन्छ । त्यस्तै यो मन्दिर पहिला ढुंगाको

एकतल्ले “थान” गणेशलाई मल्लकालतिर दुइतल्ले पागोडा शैलीको मन्दिरका रुपमा निर्माण गरिएको हो । यो मन्दिरमा गणपति, शक्ट, शैव, वैष्णव र बौद्ध सम्प्रदायका विभिन्न देवदेवीका प्रतिक संयुक्त स्थान हो । जसकारण यो अति महत्वपूर्ण मन्दिरमा पर्दछ । त्यस्तै गणेश मूर्ति संगै खण्डित स्थानक बुद्ध मूर्ति छ । जुन शैली र बनावट ५ औं शताब्दीको देवपाटनको स्थानक बुद्ध मूर्ति स्वरुपमा छ (हेर्नुस् चि.फ.नं. २.३) । यो मूर्तिमा पनि “ल्ह लेप” बाँकी छ । यो मूर्ति नेपालमा धार्मिक लडाई हुँदा काटिएर फालिएको हुनु पर्दछ । पिम्बहाल चैत्यमा रहेका पञ्चबुद्धका ढुंगाका मूर्तिहरु लिच्छवीकालीन हो । यो मूर्तिको साधारण पारदर्शी लुगा र ‘ल्ह लेप” का कारण मूर्ति लिच्छवी कालमा प्रतिस्थापन भएको मान्न सकिन्छ । यी लिच्छवीकालिन मूर्तिहरुका कारण यो क्षेत्र लिच्छवीकालको महत्वपूर्ण क्षेत्र हुनुपर्दछ ।

मल्लकालीन स्वरुपमा नै रहेको चण्डेश्वरी मन्दिरलाई वि.सं. १९९० को महाभूकम्पले पनि क्षति बनाउन सकेन । यो मन्दिर बनेपाको चण्डेश्वरी देवी र पाटनको हरिसिद्धि देवीहरुका लागि बनाइएको संयुक्त मन्दिर हो । त्यस्तै यहाँ गणेश, हनुमान, नासद्य मूर्ति पनि प्रतिस्थापित छ । यो संयुक्त चण्डेश्वरी मन्दिर मल्लकालीन पागैडा शैलीको मन्दिर उत्कृष्ट हो । यो पाटनमा एउटा मात्र रहेको देवीको मन्दिर यस क्षेत्रमा निर्माण हुनु पनि यस क्षेत्रको महत्व पुष्टि गर्दछ ।

यो वडा नं. २१ क्षेत्र प्राचीनकालदेखि धार्मिक र सांस्कृतिक रुपले सम्पन्न क्षेत्र हुनुका पछाडि यस क्षेत्रमा मानिसका लागि अति आवश्यक र धार्मिक क्षेत्रमा हुनुपर्ने पोखरी, इनार, ढुङ्गेधारा, जलद्रोणहरुका साथै पर्याप्त र व्यवस्थित पाटी, धर्मशाला, चपा छ । यस क्षेत्रमा प्राचीन पोखरी जगमदु पुखुका साथै इनारहरु र छायबहाल र नटोल ढुंगेधाराहरु अस्तित्वमा रहेको छ । मानिसलाई अति आवश्यक र देवतालाई जल चढाउन इनारका पानीहरु पनि हालसम्म पनि सफा र निर्मल देखिन्छ । धार्मिक पर्वहरु, जात्राहरु आउने आगन्तुकहरुलाई बस्न धार्मिक क्षेत्रका वरिपरि हालसम्म पनि पाटीहरु अस्तित्वमा रहेको छ । प्राचीन समयदेखि मानिसहरु पानीको मुहान संगै बस्दै आएको हुन्छ । पानीको लागि पोखरीहरु वर्षादको पानी वा नदिबाट कुलो बनाइ ल्याइएको पानीको सहायताले पोखरी भरिन्छ । जगमदु पुखु प्राचीन कालमा नखु खोलाले कटान गरी बनाइएको पोखरी हो । जुन पोखरीमा पानी नियमित भरिभराउ बनाउन लिच्छवी र मल्लकाल तिर टिकाभैरवको खोलाबाट नहर (राजकुलो) बनाई पानी भरिन्छ हुन्थ्यो । लिच्छवीकालीन अंशुवर्माको सुन्धाराको अभिलेखमा नहरको जीर्णद्वार गर्न प्रबन्ध मिलाइएको कारणले पनि यसको पुष्टि हुन्छ । सामूहिक तथा व्यक्तिगत अतिक्रमणका कारण यस क्षेत्रमा रहेको सिंबहाल पुखु, छायवहाल कमल पुखुः, पाटनढोकाका चपुखु आदि

पुरातात्विक पोखरीहरु पुरिएको अवस्थामा छ । त्यस्तै पाटनढोका बाहिर हाल सार्वजनिक शौचालय रहेको स्थानमा भएको पुरातात्विक ढुंगेधारा र पोखरी पनि पुरिएको छ । लिच्छवी र मल्लकालतिर पोखरीको पानी जमिन सहतबाट इनार र ढुंगोधारामा पानी मानिसलाई अति आवश्यक पानीको आपूर्ति गर्न काम गर्दछ । जसले गर्दा मानिसहरु पानीका लागि खोला वा नदि जानु पर्दैन । यो जगमदुपुखु, इनार, ढुङ्गेधाराहरुका कारण पनि यो क्षेत्र प्राचीन क्षेत्रका रुपमा रहेको प्रष्ट गर्न सकिन्छ । मल्लकालतिर धार्मिक क्षेत्रहरुमा बटुवाहरु पानी खान सजिलो होस् भनी जधु (जलद्रोणी) को निर्माण गरिएको हुन्छ । जुन जधुको पानी ढुंगाको टुंयाकीबाट आउने भएका कारण अति स्वादिलो हुन्छ ।

लिच्छवी तथा मल्लकालका नेवारहरु धार्मिक, सांस्कृतिक तथा कलाको प्रति धेरै नै लगनशीलता र मेहेनती देखिन्छ । यी भाषीहरुले हरेक वस्तुहरुमा कलात्मकता देखाउने गरिन्छ । यिनीहरुका सामूहिक तथा व्यक्तिगत घर, मठ, मन्दिरहरुका झ्याल, ढोका कलात्मक छन् । साथै भित्ताहरुमा परम्परागत शैलीका भित्ते चित्रहरु बनाइएको हुन्छ । यस्ता कलात्मक झ्याल, ढोकाहरु र भित्तेचित्रहरु महत्वपूर्ण घर, मन्दिरमा बनाउने गर्दछ । यस अध्ययन क्षेत्रका मठ मन्दिर र सामुहिक घरहरुमा काठका झ्याल ढोकाहरु छन् । त्यस्तै यहाँका मिखावहाल, छायवहाल, श्रीवहाल, पिम्वहाल, क्षेत्रहरुका घर तथा मन्दिरहरुमा अति सुन्दर भित्तेचित्रहरु रहेका छन् । जुन कलाको अध्ययनले त्यस समयको समाज र रहन सहन ुभन्न सकिन्छ । विश्व कला इतिहासमा नेपाल चिनाउने लिच्छवी र मल्लकालीन कला र वास्तुकलाहरुको पूर्ण जिर्णद्वार र संरक्षण गरिनु पर्दछ । साथै यसको वैज्ञानिक र धार्मिक पक्षहरुको अध्ययन र अनुसन्धान गरी संसारमा प्रचार प्रसार गरी सामयिक तथा आर्थिक लाभ लिनु पर्दछ ।

यो अभिलेखले इतिहासमा भएका दुर्घटना तथा संरक्षणका घटनाहरुका बारे बुझ्न सकिन्छ । त्यस्तै इतिहासका शक्तिशाली पद र व्यक्तिको इतिहास र कामको बारे प्रष्ट भएको छ । पिम्बहाल चैत्यमा मात्र विभिन्न समयका ९ वटा अभिलेख छ । जसकारण यो कति महत्वपूर्ण चैत्य हो भन्ने थाहा पाउन सकिन्छ । पिम्वहाल चण्डेश्वरी मन्दिरमा रहेको अभिलेखले यो मन्दिर बनेपा चण्डेश्वरी मन्दिरमा भएको अभिलेखभन्दा पुरानो अभिलेख भएको मानिन्छ । महत्वपूर्ण मन्दिरहरुको सम्पन्नता र सम्बन्धनका कारण विभिन्न समयमा स्वरुप परिवर्तन हुने गरेको पाइन्छ । सानो मन्दिरलाई ठूलो २ तल्ले पागोडा शैलीमा साथै धातुको छाना छाउनजे चलन छ । साथै गर्भगृहमा भएका देवदेवीका प्रतिमाहरुलाई पनि क्रमिक रुपमा सुन्दर र आकर्षण बनाइएको पाइन्छ । सिँबहालको मन्दिरको गर्भगृहमा रहेको वैदिसत्वको

मूर्तिहरु समय समयमा क्रमिक रुपमा परिवर्तन भएको देखिन्छ । पहिला सिँ (काठ) का देवता भएका बहालमा पछि ढुंगाको मूर्ति प्रतिस्थापना गरी काठको मूर्ति मूल मन्दिरको सुरक्षित ठाउँमा सारिएको छ । त्यस्तै पछि समाजको सम्पन्नताले गर्दा त्यस ढुंगाको मूर्तिमाथि धातुको पाटा माथि सुनको मोलम्बा युक्र बोदिसत्व प्रतिस्थापना गरी पूजा गरिएको छ । त्यस्तै यस क्षेत्रका गणेश र चण्डेश्वरी मन्दिरका गर्भगृहका प्रमुख देवदेवीका धातुका मूर्ति फलकहरु प्रमुख जात्रा, पर्वमा राख्ने चलन अझै छ । अन्य समयमा यस्ता मुकुटहरु आफ्नो कुलका "द्यछे" मा राख्ने गर्दछ । जनश्रुती अनुसार देवदेवीका यस्ता मुकुट वा आकृति राख्दा दैवीशक्ति आउने विश्वासका साथ जात्राका दिन धुमधामका साथ देवदेवीका पूजाआजा गरी प्रसाद लिने चलन छ । जसका कारण सिंवहाल, कोटलाछी गणेश, चण्डेश्वरी मन्दिर र नटोल र सिंवहाल गणेश मन्दिरमा भएका मूर्तिहरु महत्वपूर्ण रहेको देखिन्छ । जात्रामा देवदेवीमा मुकुटहरु महत्वपूर्ण मन्दिरमा मात्र रहने भएका कारण यो क्षेत्र अति महत्वपूर्ण देखिन्छ ।

## ६.२ सुझाव

(क) यल ध्वाका (पाटन ढोका) र छाय्वहाल ढोका हालको स्वरुपलाई मल्लकालीन परम्परागत छानेशैलीमा पूर्ण निर्माण गरिनु पर्दछ । जसले मल्लकालीन किल्ला ढोका वस्तुकलाहरुको आफ्नै मौलिक पहिचान दर्साउन सकियोस् ।

(ख) ढोकाहरु संगै हुने पर्खाल, किल्ला र खाईहरुको पुरातात्विक उत्खनन् गरी केही स्थानमा यसको संरक्षण नमुनाका रुपमा राख्न सके पर्यटक, कला तथा संस्कृत विषयमा अध्ययन, अनुसन्धान गर्न उपयुक्त हुनेछ ।

(ग) पाटनढोका बाहिरको स्थानमा उत्खनन् गरी प्राचीन स्वरुपमा रहेको ढुंगेधारा र पोखरीलाई खुल्ला राख्नु पर्दछ । जसले गर्दा ललितपुर प्रवेश गर्ने पर्यटक तथा कला तथा संस्कृतका विद्यार्थीहरुलाई मल्लकालीन शहरी वास्तुकला स्वरुप बुझाउन सकिन्छ । त्यस्तै छायवहाल ढोका र छायवहालमा पुरिएको पोखरीको पुनःनिर्माण गरी हाल देखिएको पानीको समस्या र वातावरण स्वच्छ राख्न अति मद्दत मिल्दछ । साथै ती पोखरीहरुमा माछापालन वा कमलको फूल रोपी आर्थिक लाभ लिन सकिन्छ ।

(घ) ललितपुर शहरमा हालसम्म अवशेषका रुपमा रहेको एउटामात्र प्राचीन पोखरी जगमदुपुखु: वा यस पोखरीलाई परम्परागत शैलीमा जस्तैः पोखरीको चारैतिर पहिला ढुंगाको मात्र पर्खाल थियो । त्यस्तै पोखरी सफा सुन्दर आर्थिक लाभ लिनका लागि

पोखरीमा माछापालन गराउने । जसले गर्दा आन्तरिक तथा बाह्य पर्यटनको मन बहलाउन र आर्थिक लाभ लिन सकिन्छ । साथै पोखरीको बीचमा बस्नका लागि काठका कुर्सीहरु बनाउने र चारैतिर बत्तिहरु राख्नु पर्दछ ।

(ङ) प्राकृतिक प्रकोप र चोरीका कारण दयनीय बनेका परम्परागत बौद्ध विहारहरु जस्तैः- भगिननि, याकवहा, छायवहा, मुवहा, माकवहाहरुको पूर्ण निर्माण र संरक्षण सम्बन्धन गर्न अति आवश्यक छ ।

(च) लिच्छवीकालको अति महत्वपूर्ण सिवहालको लिच्छवीचैत्य हाल बाटोमा असुरक्षित अवस्थामा रहेकोले त्यस चैत्यलाई जमिनभन्दा माथि उठाइ प्रतिस्थापन गर्नु पर्दछ । साथै चैत्यको गेभाक्षहरुमा पछि थपिएमा स-साना मूर्तिहरुलाई हटाउनु पर्दछ ।

(छ) पिम्वहाल चैत्यको हमिका, त्रियदशभूवतको अवस्था दयनीय भएकोले यो वस्नको पूर्ण निर्माण गरिनु पर्दछ । साथै चैत्यको भूमिमा तल रहेको भूस्पश बुद्ध मूर्ति र मेघपाल वर्म्माका अभिलेखहरुमा बाहिरी अतिक्रमण भएको कारण ती वस्तुहरुको संरक्षण सम्बर्द्धन गर्नु बार लगाउनु पर्दछ ।

(ज) कोटलाछी गणेश मन्दिरको केहीतल्लो टुँडालहरु चोरी भइसकेको कारण ती टुँडालहरुको पुनः निर्माण गरी राख्ने । साथै मन्दिर भित्रको भित्तामा रहेको “लाखे” र “क्वका” भित्तेचित्र माथि रहेको टायल निकाली पुनः त्यस्ता भित्तेचित्रहरु निर्माण गर्नुपर्ने साथै मन्दिरको जीर्णद्वार गरी संरक्षण गर्न ।

(झ) वि.सं. १९९० सालको महाभूकम्पले केही नभएको चण्डेश्वरी मन्दिर हाल पानी र किराहरुले गर्दा भित्रबाट जीर्ण भएको कारण मन्दिरको जीर्णद्वार गर्नु अति आवश्यक देखिन्छ ।

(ञ) सिवहालमा रहेको सिवहाल गणेश मन्दिर र नास द्यः मन्दिरको अवस्था बाह्य अतिक्रमणका कारण अति जीर्ण भईसकेको छ । यस कारण यी मन्दिरको पुनः निर्माण परम्परागत स्वरुपमा गर्नुपर्दछ । साथै गणेशको मूर्ति पनि नयाँ प्रतिस्थापन गर्नुपर्दछ ।

(ट) ऐतिहासिक र सांस्कृतिक महत्व यसको प्यङ्ग थाः पाटी र अन्य पाटीहरुको पुनः निर्माण गरी संरक्षण गर्नु पर्दछ । अति महत्वपूर्ण प्यङ्गथा पाटीमा हाल व्यक्तिगत अतिक्रमण भइरहेको कारण यो पाटीलाई परम्परागत स्वरुप अनुरुप खुल्ला राख्नु पर्दछ ।

(ठ) सांस्कृतिक तथा सामाजिक महत्वका जलद्राणीहरु हाल बाह्य अतिक्रमण र प्रयोग नगरेका कारण भग्न भइ सकेकोले ती जलद्रोणीहरु पूर्ण निर्माण गरिनु पर्दछ ।

(ड) ललितपुरको प्रवेश द्वार पाटनढोकाबाट मंगलबजारसम्म हाल कालोपत्र सडक भएको स्थानमा परम्परागत शैलीमा ढुंगा बिछ्याउनु पर्दछ । त्यस्तै पाटनढोका गणेश मन्दिरदेखि सुलिम्हे, पिम्वहाल, छायवहाल, सिवहाल, चल्खु, गवहाल क्षेत्रको बाटोमा इट्टा वा ढुङ्गा बिछ्याउनु पर्दछ । त्यस्तै सरकारले ललितपुर प्रवेश गर्न पर्यटकलाई यी क्षेत्रहरुलाई पैदल घुमाउने पर्यटक मार्ग निर्धारण गरिनु पर्दछ ।

(ढ) छायवहाल र नटोलका ढुंगेधाराहरुको निकास हाल बन्द भइरहने भएको कारण यी ढुंगेधाराहरु क्षेत्रको मर्मत र जीर्णद्वार गरी निरन्तर सफा पानी आउने र सफा बनाउनु पर्दछ ।

(ण) पाटनढोकाबाट मिखावहाल, पिम्वहाल, छायवहाल, सिवहाल, गंवहालका बाटोमा बनेका अव्यवस्थित घरहरुको निर्माणलाई रोकी परम्परागत स्वरुपको छानेशैलीबाट बनेका घरहरुको निर्माण गर्न प्रोत्साहन गर्न राज्यद्वारा अनुदान प्रदान गर्न । ति घरहरुमा काठका बुट्टादार झ्यालढोकाहरु, टुँडालहरु र भित्ता र प्रमुख ढोकामाथि आ-आफ्ना इष्ट देवदेवीका चित्रहरु बनाउन प्रोत्साहन गर्ने गर्नु पर्दछ ।

(त) प्राचीन पुरातात्विक बस्तुहरु जस्तै ढुंगेधारा, पोखरी, किल्ला, खाईहरुको उत्खनन् गरी अध्ययन गरी र संरक्षण गर्नु पर्दछ ।

(थ) प्राचीन महत्वका रुपमा रहेको पिम्वहाल चैत्यको महत्व र प्राचीनतालाई अझ प्रमाणित गर्न त्यस स्थानको पुरातात्विक उत्खनन् गरिनु अति आवश्यक छ ।

(द) पिम्बहाल क्षेत्र (२१ वडा क्षेत्र) मा प्राचीन र महत्वपूर्ण धार्मिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रहरु रहेको कारण यस क्षेत्रलाई विश्व सम्पदा सूचीमा तत्काल सूचीकृत गर्नु पर्दछ ।

## ६.२ सुझाव

(क) यल ध्वाका (पाटन ढोका) र छाय्वहाल ढोका हालको स्वरुपलाई मल्लकालीन परम्परागत छानेशैलीमा पूर्ण निर्माण गरिनु पर्दछ । जसले मल्लकालीन किल्ला ढोका वस्तुकलाहरुको आफ्नै मौलिक पहिचान दर्साउन सकियोस् ।

(ख) ढोकाहरु संगै हुने पर्खाल, किल्ला र खाईहरुको पुरातात्विक उत्खनन् गरी केही स्थानमा यसको संरक्षण नमुनाका रुपमा राख्न सके पर्यटक, कला तथा संस्कृत विषयमा अध्ययन, अनुसन्धान गर्न उपयुक्त हुनेछ ।

(ग) पाटनढोका बाहिरको स्थानमा उत्खनन् गरी प्राचीन स्वरुपमा रहेको ढुंगेधारा र पोखरीलाई खुल्ला राख्नु पर्दछ । जसले गर्दा ललितपुर प्रवेश गर्ने पर्यटक तथा कला तथा संस्कृतका विद्यार्थीहरुलाई मल्लकालीन शहरी वास्तुकला स्वरुप बुझाउन सकिन्छ । त्यस्तै छायवहाल ढोका र छायवहालमा पुरिएको पोखरीको पुनःनिर्माण गरी हाल देखिएको पानीको समस्या र वातावरण स्वच्छ राख्न अति मद्दत मिल्दछ । साथै ती पोखरीहरुमा माछापालन वा कमलको फूल रोपी आर्थिक लाभ लिन सकिन्छ ।

(घ) ललितपुर शहरमा हालसम्म अवशेषका रुपमा रहेको एउटामात्र प्राचीन पोखरी जगमदुपुखः वा यस पोखरीलाई परम्परागत शैलीमा जस्तैः पोखरीको चारैतिर पहिला ढुंगाको मात्र पर्खाल थियो । त्यस्तै पोखरी सफा सुन्दर आर्थिक लाभ लिनका लागि पोखरीमा माछापालन गराउने । जसले गर्दा आन्तरिक तथा बाह्य पर्यटनको मन बहलाउन र आर्थिक लाभ लिन सकिन्छ । साथै पोखरीको बीचमा बस्नका लागि काठका कुर्सीहरु बनाउने र चारैतिर बत्तिहरु राख्नु पर्दछ ।

(ङ) प्राकृतिक प्रकोप र चोरीका कारण दयनीय बनेका परम्परागत बौद्ध विहारहरु जस्तैः- भगिननि, याकवहा, छायवहा, मुवहा, माकवहाहरुको पूर्ण निर्माण र संरक्षण सम्बन्धन गर्न अति आवश्यक छ ।

(च) लिच्छवीकालको अति महत्वपूर्ण सिवहालको लिच्छवीचैत्य हाल बाटोमा असुरक्षित अवस्थामा रहेकोले त्यस चैत्यलाई जमिनभन्दा माथि उठाइ प्रतिस्थापन गर्नु पर्दछ । साथै चैत्यको गेभाक्षहरुमा पछि थपिएमा स-साना मूर्तिहरुलाई हटाउनु पर्दछ ।

(छ) पिम्वहाल चैत्यको हमिका, त्रियदशभूवतको अवस्था दयनीय भएकोले यो वस्नको पूर्ण निर्माण गरिनु पर्दछ । साथै चैत्यको भूमिमा तल रहेको भूस्पश बुद्ध मूर्ति र मेघपाल

वर्म्माका अभिलेखहरुमा बाहिरी अतिक्रमण भएको कारण ती वस्तुहरुको संरक्षण सम्बर्द्धन गर्नु बार लगाउनु पर्दछ ।

(ज) कोटलाछी गणेश मन्दिरको केहीतल्लो टुँडालहरु चोरी भइसकेको कारण ती टुँडालहरुको पुनः निर्माण गरी राख्ने । साथै मन्दिर भित्रको भित्तामा रहेको “लाखे” र “क्वका” भित्तेचित्र माथि रहेको टायल निकाली पुनः त्यस्ता भित्तेचित्रहरु निर्माण गर्नुपर्ने साथै मन्दिरको जीर्णद्वार गरी संरक्षण गर्न ।

(झ) वि.सं. १९९० सालको महाभूकम्पले केही नभउको चण्डेश्वरी मन्दिर हाल पानी र किराहरुले गर्दा भित्रबाट जीर्ण भएको कारण मन्दिरको जीर्णद्वार गर्नु अति आवश्यक देखिन्छ ।

(ञ) सिवहालमा रहेको सिवहाल गणेश मन्दिर र नास द्यः मन्दिरको अवस्था बाह्य अतिक्रमणका कारण अति जीर्ण भईसकेको छ । यस कारण यी मन्दिरको पुनः निर्माण परम्परागत स्वरुपमा गर्नुपर्दछ । साथै गणेशको मूर्ति पनि नयाँ प्रतिस्थापन गर्नुपर्दछ ।

(ट) ऐतिहासिक र सांस्कृतिक महत्व यसको प्यङ्ग थाः पाटी र अन्य पाटीहरुको पुनः निर्माण गरी संरक्षण गर्नु पर्दछ । प्यङ्गथा पाटी हाल व्यक्तिगत अतिक्रमण भएका कारण ती पाटीलाई परम्परागत रुपमा खुल्ला राख्नु पर्दछ ।

(ठ) सांस्कृतिक तथा सामाजिक महत्वका जलद्राणीहरु हाल बाह्य अतिक्रमण र प्रयोग नगरेका कारण भग्न भइ सकेकोले ती जलद्रोणीहरु पूर्ण निर्माण गरिनु पर्दछ ।

(ड) ललितपुरको प्रवेश द्वार पाटनढोकाबाट मंगलबजारसम्म हाल कालोपत्र सडक भएको स्थानमा परम्परागत शैलीमा ढुंगा बिछाउनु पर्दछ । जसले गर्दा पर्यटकहरु हिँडेर भ्रमण गर्न सकियोस् । त्यस्तै पाटनढोका गणेश मन्दिरदेखि सुलिम्ह, पिम्वहाल, छायवहाल, सिवहाल, चल्खु, गवहाल क्षेत्रको बाटोमा परम्परागत शैलीमा इट्टा र ढुङ्गा बिछाई सरसफाइ गरिनु पर्दछ । त्यस्तै सरकारले ललितपुर प्रवेश गर्न पर्यटकलाई यी क्षेत्रहरुमा पैदल घुमाई मंगलबजार सम्म जाने पर्यटक बाटो निर्धारण गरिनु पर्दछ ।

(ढ) छायवहाल र नटोलका ढुंगेधाराहरुको निकास हाल बन्द भइरहने जसका कारण क्षेत्रमा फोहर भइरहने भएको कारण यी ढुंगेधाराहरु क्षेत्रमा जीर्णद्वार गरी निरन्तर सफा पानी आउने वातावरण बनाउनु पर्दछ ।

(ण) पाटनढोकाबाट मिखावहाल, पिम्वहाल, छायवहाल, सिवहाल, गंवहालका बाटोका घरहरु अव्यवस्थित, अस्वनीय तरिकाले कंक्रिटका ठूला भवन बनेकाकारण ती निर्माणलाई

रोकी परम्परागत मल्लकालीन वास्तुकलाका स्वरुपका छानेशैलीका घरहरुको निर्माण गर्न प्रोत्साहन गर्न राज्यद्वारा अनुदान प्रदान गर्न । ति घरहरुमा काठका बुट्टादार झ्यालढोकाहरु, छाना अडाउने टुँडालहरु र भित्ता र प्रमुख ढोकामाथि आ-आफ्ना इष्ट देवदेवीका चित्रहरु बनाउन प्रोत्साहन गर्ने गर्नु पर्दछ ।

(त) प्राचीन पुरातात्विक बस्तुहरु जस्तै ढुंगेधारा, पोखरी, किल्ला, खाईहरुको उत्खनन् गरी अध्ययन र संरक्षण गर्नु पर्दछ । साथै प्राचीन महत्वका रुपमा रहेको पिम्वहाल चैत्यको प्राचीनता प्रमाणित गर्न त्यस स्थानको पुरातात्विक उत्खनन् गरिनु अति आवश्यक छ ।

# सन्दर्भ ग्रन्थ सूची


शाक्य, हेमराज. "श्री स्वयम्भू महाचैत्य (येंः स्वयम्भू विकास मण्डल" काठमाडौं), ने.सं. १०९८ (वि.सं. २०३५)।

__________."नेपाल बौद्ध विहार व ग्रन्थ सूचि" (येंः धमोदय सभा, काठमाडौं) नेसं. १०७६ ( वि.सं. २०१३) ।

बज्राचार्य, मनबज्र. "नेपालको मध्यकालीन कला" (काठमाडौंः सूचना विभाग) ।

जोशी, हरिराम. "नेपालका चाडपर्व" (काठमाडौंः नेपाल राष्ट्रिय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०१९) ।

"मची देखि महाकाली, भाग २" (काठमाडौंः सूचना विभाग, वि.सं. २०३१) ।

बज्राचार्य, धनबज्र. गोपाल राजवंशावली (काठमाडौंः नेपाल रिसर्च सेन्टर, १९८५) ।

मानन्धर, जितबहादुर. "श्री गणेशाय नमः" (काठमाडौंः श्रीमती तारादेवी मानन्धर, २०५१ वि.सं.) ।

प्रा. भण्डारी, ढुण्डिराज. "नेपालको आलोचनात्मक इतिहास" (वाराणसी, भारतः बाबु साप शर्म, २०२७ वि.सं.) ।

लेभि, शिल्भाँ. "नेपाल भाग २" (पाटन ढोकाः हिमाल किताब, इ.सं. २००५) ।

शर्मा, कुनु. "किर्तीपत्राका" (ललितपुरः मदन पुस्तकालय, २०१८ वि.सं.) ।

"ललितपुर चैत्य व धर्मधातुमण्ला-विवरण अध्ययन", लोटस रिसर्च सेन्टर, ललितपुर, अप्रकाशित, वि.सं. २०५८ ।

बज्राचार्य, धनबज्र. "मध्यकालका अभिलेख", (कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र २०५६ साल ।

_____________. लिच्छविकालीन अभिलेख (काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र २०३० साल) ।

तण्डन, गोविन्द. "काठमाडौं अधित्यकामा गणेश मूर्तिहरू" (कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४६) ।

बासुपासा. "ललितपुर-इतिहास संगालो" (काठमाडौंः पासा प्रकाशन, २०५४ वि.सं.) ।

"भाषा वंशावली-भाग २" (काठमाडौंः श्री ५ को सरकार पुरातत्व विभाग, २०२३ वि.सं.) ।

कायस्थ, छत्रबहादुर, "श्री ३ पटकोलाछि भिमसेन मन्दिर जिर्णद्वार समिति (ललितपुरः मगलबजार, ने.सं.११२४ ।

योगी, नरहरीनाथ. "देवमाला वंशावली" (काठमाडौंः मृगस्थली, २०१३ वि.सं.) ।

नेपाल, ज्ञणमनि. "नेपालको पूर्व मध्यकालीन इतिहास" (भक्तपुरः लिला ब्रद्धस, २०२२ वि.सं.) ।

डा. क्षेत्री, दिलबहादुर. "प्राचीन तथा पूर्व मध्यकालीन नेपाल" (काठमाडौंः निरन्तर प्रकाशन, २०६२ वि.सं.) ।

शर्मा, नुतन. "ललितपुरका एक तान्त्रिकका अनेक किम्बदन्ती" (काठमाडौंः जेम्स प्रकाशन, वि.सं. २०५८) ।

"काठमाडौं उपत्यका (भाग आ-२) ललितपुर स्मारक तथा स्मारक स्थलहरू" (काठमाडौंः नेपाल सम्प्रदा संघ, वि.सं. २०५२) ।

डा. पौड्याल, विणा "काठमाडौं उपत्यकाका विष्णु विभव मूर्ति र चित्रहरु" (कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र, २०३३ वि.सं.) ।

बज्राचार्य, गौतमबज्र "हनुमानढोका राजदरबार" (कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र, २०५६ वि.सं.) ।

प्रधान, भूवनलाल. "नेपालमा बौद्ध धर्म" (काठमाडौं, वि.सं. २०४५) ।

__________. “स्वयम्भू” (काठमाडौं : स्वयम्भू विकास मण्डल, वि.सं. २०३२) ।

ज्ञावाली, सुर्यविक्रम.“नेपाल उपत्यकाको मध्यकाली इतिहास” (काठमाडौंः रोयल नेपाल एकेडमी २०१९ वि.सं.) ।

“ललितपुर तथा भक्तपुर जिल्ला स्थित ढुङ्गेधारहरूको उल्लेख प्रस्ताव”, इन्फास्र्न्चर इन्जिनियरिङ्ग रिस्रोस कन्सल प्रा.लि. २०६३/०६४ वि.सं., अप्रकाशित ।

बज्राचार्य, सुमति “स्तुप र चैत्य” (काठमाडौंः अखिल नेपाल महायन बौद्ध समाज, ने.सं. ११२७, (वि.सं. २०५४) ।

राणा, ब्रध शम्शेर. “नेपालको भूकम्प १९९०” (काठमाडौं : वि.सं. १९९१ ) ।

राजभण्डारी, विनोदमान, “सालाना मनाउँदै आइरहेको चाडपर्व” (येः गीता राजभण्डारी, वि.सं. २०६४) ।

रेग्मी, जगदीशचन्द्र “लिच्छवी संस्कृति” (काठमाडौं, वि.सं. २०२६) ।

**नेवारी**

कार्यस्थ, छत्रबहादुर (स.). “नेपाल संस्कृति”, द ७ ल्या : ८ (ने.सं. १११७ चिला, यल, (वि.सं. २०५३ फागुण)।

सुदर्शन भिक्षु, “चैत्य पूजा” नेपाल बौद्ध वरिपरि समिति यल, २०५६ ।

श्रेष्ठ, रेवती रमणनन्द्र. (यलः नेवाःसाहित्यिक मुलुखा, ने.सं. ११२१) ।

शाक्य, रवि. “यलया महापात्र जुजुपिनि इतिहास” (काठमाडौं : ने.सं. ११२८ (वि.सं. २०६४)

महर्जन, रामकाजी. “लुमति-पौ यें दे नास द्यः पूजा” ल्यायम्ह धिमेपुचः बटु, ये(काठमाडौं) ने.सं. १११५ ।

जोशी, हरिराम. “नेपालको प्राचीन अभिलेख” ( काठमाडौं : नेपाल राष्ट्रय प्रक्षाप्रतिठान, २०३० वि.सं.)

शाक्य, हेमराज. "यलया बिहर, चैत्य व धर्मधातु आदिया सङ्क्षिप्ट विवरण-सूची" (यल, बाबुकाजि शाक्य, २०४७ वि.सं.)

भित्रु सुदर्शन, "नेपाली विहारका विशेषताहरू" (ललितपुर : श्रद्धालुहरू, २०४१ वि.सं )

__________. "चैत्य पूजा" (ललितपु : नेपाल बौद्ध परिचटि समिक्ति २०५६ वि.सं.)

राजवंशी, शंकरमान. "भूमि सम्बन्धी तमसुक ताडपत्र" (काठमाडौं : राष्ट्रिय अभिलेखालय, २०४४ वि.सं )

डा. शाक्य, बज्रराज. "यशोधर महाविहार संघ (छगु अध्ययन)", (यल : २५३७ औं बुद्ध जयन्ती समारोह समिति, २०५० वि.सं. (१११३ ने.सं.)) ।

डा. क्षेत्री, दिलबहादुर. "प्राचीन तथा पूर्व मध्यकालिन नेपाल" (काठमाडौं : निरन्तर प्रकाशन, २०६२ वि.सं.) ।

**पत्रपत्रिका**

धनबज्र, बज्राचार्य (स.), "पूर्णीमा" वर्ष १, अङ्क ३, काठमाडौं, महाबौद्ध, वि.सं. २०२१ ।

ज्यापू "पञ्च", नेपाल ऋतुयौ" वर्ष ५० पूर्णाङ्क ९३, वि.सं. २०५९)

"पाटन बुलेटिन" पाटन संरक्षण तथा विकास कार्यक्रमको "मुखपत्र", ललितपुर उपमहानगरपालिका, वि.सं. २०५४ आषाढ ।

जोशी, हरिराम (सं.). "श्री चण्डेश्वरी" बनेपा नगरपालिका समारिका", (बनेपाः बनेपा नगरपालिका, वि.सं. २०५०) ।

बज्राचार्य, धनबज्र (सं.). "इतिहास संशोधनको प्रमाण प्रमेय (पहिलो भाग)" (ललितपुर, जगदम्बा प्रकाशन, २०१९ वि.सं.)

डा. शाक्य, बज्रराज "यशोधर महाविहार संघ (छगु अध्ययन) (यलः २५३७ औं बुद्ध जयन्ती समारोह समिति, ने.सं. १११३ (२०५० वि.सं.) ।

शाक्य, मोतिराम. “स्वाँया पून्ही-लुमन्ति पौ” (यल: श्रीबहाल, बु.सं. २५३५, (वि.सं. २०४८)।

**अङ्ग्रेजी**

Banerjee, N.R. "Nepalese Architecture" (Delhi, India: Agan Prasad, 1980 A.D.).

Bangdel, Lain S. "Stolen Images of Nepal" (Kathmandu: Royal Nepal Academy, 1989 A.D.).

Bottachayge, B. (Calcutta: The Indian Buddhist Icongraph, 1968 A.D.).

Dongol, Purusottam. "Elements of Nepalese Temple Architecture" (New Delhi: Adroit Publishers, 2007 A.D.).

Deva, Krishna. "Images of Nepal" (New Delhi: Archaeological survey of India", 1984 A.D.).

Dr. Pruscha, Carl (Ed.). "Kathmandu valley -2" (Vienna: H.M.G. & UNESCO, 1975 A.D.).

Gutschow, Niels. "The Nepalese Caitya" (London: 1997A.D.).

Joshi, Hari Ram (Ed.). "Rolamba" (Lalitpur: Joshi Research Institute).

Lock, John K. "Buddhist Monasteries of Nepal" (Kathmandu: Sahayogi Press Pvt., 1985 A.D.).

"Nepal Mandala-Volume -II" (Kathmandu: Mandal Books point).

Pal, Prata Padityari. "The Arts of Nepal" Part - I & II (Netherland, E.J. Brill, 1978 A.D.).

Perceval London. "Nepal-Bibliotheca Himalayica" Vol. I (Kathmandu: Ratna Pustak Bhandar, 1976 A.D.).

Regmi, D.R. "Medieval Nepal, Part 1-2" (Calcatta: K.b. Mukhopadhyag, 1961 A.D.).

Regmi, Deepak Aryal. "Nepal District Profile" (Kathmandu: National Research Association, 1982 A.D.).

Shaka, Milan R., Ganes's in Medieval Nepal, (New Delhi : Rupa & Company, 2004 A.D)

Shakya, Hemraj (E.). "Medieval Nepal" Colophans and Inscriptons. (Kathmandu: 1970).

Shakya, Min Bahadur. "Iconography of Nepalese Buddhist" (Kathmandu: Handicraft Association of Nepal, 1994 A.D.).

__________."Sacred art of Nepal" (Kathmandu: Handicraft Association of Nepal, 2000 A.D.).

"Tri-Budhi - 2062-63" (T.U., Central Department of Buddhist Study, 2033 B.S., Vol. 5).

Wezler, Albrecht. "The Gopalara Javamsavali" (Kathmandu: Nepal Research Center, 1985 A.D., No. 9).


Wright, Daniel. "History of Nepal" (Kathmandu: Nepal Antiquated Books P.b).

**अभिलेख**

(ऊँ नमो) बुद्धाय ॥ नेपालऽतीतसंख्ये मुनिनगजकधौ वत्सरे चेत्रमासे
(पक्ष शु) क्दात्तरस्य प्रवरगुरुदिने पुष्य ऋक्षे नवम्यां यागे शूलाग्रसं(ज्ञे)
... तिगदिनते बालवे चाधिकरर्ण तस्मिन् श्री चैत्यमूर्तिसकल जिनतनू येन (स)
(म्यक्) प्रतिष्ठ : श्रीषतू षर्जे यने न्यसुगतसुतसमं धर्मशास्त्रे तवत्ते : ।
...ध्यानचन्द्रत् समधिगतवर जातिकात् लक्षयज्ञे सोयं श्री मेघपालको भव
ति हि विजयी सर्वशत्रुनिहन्ता यज्ञे धर्मेषु नित्यं लघुतनय इव सर्व्व भावे
(प्र) वर्त : ॥ श्रुतानसामसक्षिनो यवना धिरोज : नेपालसव्वंनगर भश्मीक(रो)
ति । तस्मिन् क्षणे पतितचैत्यसिद व दृष्ट्वा जीर्ण्ण करोति नचकं वरपा
हः । ऊँ स्वस्ति : ॥ नेपालिकसंवत्सरे ४७७ चैत्रशुक्लवपुष्यन
(क्ष) त्रे घृतियोगे वृहस्पतिवासरे । श्री श्री ललिवतु मार्या श्रीमाणिगल
(व) र महापिंश्रवहारे श्री श्री रङ भट्टारकस्य त्तरच्छादिध्वंसित
तत्रैव जीर्ण्णाधारणं प्रतिपादितं । केनत्रिभसकुलीक्ष्यम छापान्न श्री
मेघबर्म्मणा श्रीसम्यक्सम्बुद्ध प्रतिलमहेतुना प्रतिष्ठापितम् । इहा
... श्री श्री चैत्यरंगभट्टाग्काय वरसि गण्डिपूजनार्थ नवदंम
(शि) वकादमत्रय कर्षाङ्ककर्षत्रयंमूर्त्यगमहापात्र श्रीमेघपाल
(व) र्म्मणा संप्रढोकितं स्यात् । शुभमम्तु : ॥ छत्रप्रदाता प्रति
वर्षकस्य वाचस्प तितुल्यजगत्पति स्यात् । श्रीमघपालस्य प्रति
धानमन्त्रिरकास्ति नीया खलु चैत्यभूयात् । शुभमस्तु सर्व जगताम् ॥
: ॥ श्रेयोऽस्तु ॥ संवत् ४७९ अश्विनिशुल्कत्रयोदश्यां शौरघालरे
श्रीभट्टारकस्य वर्त्रग्रतिक ठिनछत्रावरोहन प्रदत्तनिमित्तेन
अमात्य मन्त्रि चूडामणि जगत्पतिनाम्नस्य नवदम्मशिक्का
त्रयाङ्कप्त ३ भूय अग्निप्रज्वलितनिमित्तार्थ नवदम्मशिवका त्रयाङ्क
प्त ३ इति ॥ क्षित्यग्निजलवायुश्रन्द्राक्र्का वहन्ति मेदिनी मन्तमे या
वज्व कोलकालान्तरं गच्छेत्स्वच्छो भवति सर्व्वदा लोपालोपं यद्दान
स्याच्छ्रीमद्भट्टारकाय नित्यं तर्हि नलापनीयं स्युर्भवन्तु जथ
युक्तिमानता :


NEPAL ERA
1128
HAPPY NEW YEAR


























mounds of plain unadorned brick. And
CENTRAL ASOKA STUPA, PATAN













































| | |
|---|---|
|  |  |
|  |  |




















































PYANGATHAN STATIONERY & CARD CENTRE


















































## परिशिष्ट (क)

## अभिलेख

पिम्बहाल चैत्यको मेघपाल वर्म्मको अभिलेख
पिम्बहाल चैत्यको अभिलेख
नटोल गणेश मन्दिरको अभिलेख
पाटनढोका पाटिमा रहेको अभिलेख
पिम्बहाल विश्वेश्वर मठ (भारती मठ) को अभिलेख
छायवहाल भिमसेन मन्दिरको अभिलेख
चण्डेश्वरी मन्दिरको अभिलेख

## यल ध्वकाः (पाटन ढोका)

१.१ हालको यल ध्वाका (पाटन ढोका)
१.२ वि.सं. १९९० सालको भूकम्प अगाडिको पाटन ढोका
२.१ कोटलाछी गणेश मन्दिर
२.२ मन्दिर बाहिरको प्रमुख काठको तोरण
२.३ गणेश मूर्तिसँगै रहेको ढुङ्गाको स्थनम बुद्ध मूर्ति
२.४ ढुङ्गाको गणेश मूर्ति

## नटोल गणेश मन्दिर

३.१ गणेश मन्दिर
३.२ धातुको गणेश मूर्ति
३.३ काठको नित्यनाथको तोरण

## चण्डेश्वरी मन्दिर

४.१ चण्डेश्वरी मन्दिर
४.२ चण्डेश्वरी भित्रको ढुङ्गाको गणेश मूर्ति
४.३ धातुको चण्डेश्वरी मूर्ति
४.४ धातुको नित्यनाथको तोरण

## नास द्यः (नित्यनाथको मन्दिर)

५.१ सिंवहाल नास द्यः मन्दिर
५.२ नास द्यःको काठको तोरण
५.३ नटोल गणेश मन्दिरको काठको तोरण
५.४ पिम्बहाल नास द्यः मन्दिर
६.१ करुणामय (लोकेश्वर) को मन्दिर
६.२ करुणामयको मूर्ति र तोरण
६.३ सिंवहाल गणेश मन्दिर
६.४ सिंवहाल गणेश मूर्ति

## छायवहाल भिमसेन मन्दिर

७.१ छायवहाल भिमसेन मन्दिर
७.२ भिमसेन मन्दिरको तोरण
७.३ भिमसेनको प्रतिकात्मक मूर्ति
७.४ छायवहाल ढोकाको आँखा

## विश्वेश्वर शिव मन्दिर

८.१ पिम्बहाल विश्वेश्वर शिव मन्दिर
८.२ पिम्बहाल विश्वेश्वर मठ
८.३ विश्वेश्वर मन्दिरको भैरव मूर्ति

## पिम्बहाल चैत्य

९.१ पिम्बहाल चैत्य
९.२ पुरानो पिम्बहाल चैत्य

## पिम्बहाल चैत्य भित्रका पञ्चबुद्धका मूर्तिहरु

१०.१ चैत्यको पश्चिम दिशाको अमिताभ
१०.२ चैत्यको उत्तर दिशाको अमोधसिद्धि
१०.३ चैत्यको पूर्व दिशाको अदोभ्य
१०.४ चैत्यको दक्षिण दिशाको रत्न संभ्भव

## पिम्बहाल चैत्य

११.१ पूर्व दिशाको भूस्पश अक्षोभ्य बुद्ध
११.२ खण्डीत अभिलेख
११.३ पूर्व दिशाको वैरोचन बुद्ध र तोरण
११.४ ढुङ्गाको धर्मधातु मण्डल
१२.१ सिंवहाल शिखरकृत चैत्य
१२.२ सिंवहाल लिच्छवी चैत्य
१२.३ चल्खु
१२.४ नरकेव
१३.१ मिखावहाल ठूलो बज्रधातु चैत्य
१३.२ पिम्बहाल ठूलो बज्रधातु चैत्य (पश्चिमी मोहदा)
१३.३ कुछेननी धर्मधातु चैत्य
१३.४ ढुङ्गाको धर्मधातु मण्डल
१४.१ नटोल ठूलो बज्रधातु चैत्य
१४.२ छायवहाल ठूलो बज्रधातु चैत्य
१४.३ सीपवहा इट्टाको बज्रधातु चैत्य
१४.४ चल्खु बज्रधातु चैत्य

## श्रीवच्छ महाविहार (सिंवहाल)

१५.१ श्री वच्छ महाविहार “सिं वहा”
१५.२ सिंवहाको धातुको तोरण
१५.३ सिंवहालको धातुको “क्वापा द्यः”
१५.४ सिंवहाल आगछेको काठको तोरण
१६.१ छायवहाल
१६.२ छायवहालको धातुको तोरण
१६.३ छायवहाल “वाहा-चा”
१६.४ छायवहाल “वहा-चा” को काठको तोरण
१७.१ माकः वाहा
१७.२ माक वाहाको “क्वापा द्यः”
१७.३ याक वाहा
१७.४ याक वाहा बाहिरको सानो बुद्धको मूर्ति

१८.१ भगिननि (चुरखा वहाल)
१८.२ मिखावहाल
१९.१ पिम्वहालको राधा कृष्ण मन्दिर
१९.२ पिम्वहालको राधाकृष्ण मूर्ति
१९.३ सिंवहाल (क्वाथ वहा)
१९.४ सिंजवहाल र इट्टाको चैत्य

## भित्तेचित्र

२०.१ स्वयम्भूको भित्तेचित्र
२०.२ सरस्वतीको भित्तेचित्र
२०.३ हरिहरिहरिवहाल लोकेश्वरको भित्तेचित्र
२०.४ बुद्ध जन्म भित्तेचित्र

## ढुङ्गाको मूर्ति

२२.१ गरुड आशन विष्णु मूर्ति
२२.२ भगिरथको मूर्ति
२२.३ पदमपणि लोकेश्वरको मूर्ति
२२.४ उमामहेश्वरको मूर्ति

## ढुङ्गाको मूर्ति

२३.१ सुखावति लोकेश्वरको मूर्ति
२३.२ गंग देवीको मूर्ति
२३.३ चतुमुख शिवलिङ्ग मूर्ति
२३.४ शिवलिङ्ग

## चित्रकला

२१.१ हनुमानको चित्र
२१.२ नास द्यःको चित्र
२१.३ जलद्रोणेको चित्र
२५.१ नटोल जलद्रोणे (जधुः)
२५.२ नटोल ढुङ्गेधारा
२५.३ छायवहाल ढुङ्गेधारा
२५.४ इनार
२४.१ पिम्बहाल चैत्य, जगमदु पुखुः
२४.२ पुरानो जगमदु पुखु र पिम्बहाल चैत्य

## पाटी

२६.१ प्यङ्ग थाः पाटी
२६.२ पिम्वहाल इन्द्रपाटी
२६.३ १६ खुट्टेपाटी

## पुरातात्विक क्षेत्र

२७.१ पाटनढोका बाहिरको सार्वजनिक शौचालय
२७.२ पाटनढोका बाहिरको “चपुखु” (स्कूल)
२७.३ छायवहालको महिला तालिम केन्द्र
२७.४ छायवहालको बुद्ध मन्दिर
२८.१ हँसपात गणेश मन्दिरमा रहेको ढुङ्गाको चैत्य

२८.२ ढोका र किल्लाका इट्टा
२८.३ वि.सं. १९३० को पाटनढोकामा रहेको इट्टा